राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः। gorkhapatraonline.com




राष्ट्रिय संस्करण | विचार | बिमा उत्थानका उपाय | प्रशासनिक व्यवस्थापनले बजेट ल्याउन सहज १९

वर्ष १२६ | अङ्क ६४ | २०८३ साल असार २५ गते बिहीबार | आषाढ कृष्ण नवमी | नेपाल संवत् ११४६ तछलागा ९ | 2026 July 9 Thursday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

### मन्त्रीपरिषद् निर्णय

## मुख्य सचिवमा कार्की

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

नेपाल सरकारको मुख्य सचिवमा गोविन्दबहादुर कार्की नियुक्त हुनुभएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्री कार्यालयका सचिव कार्कीलाई मुख्य सचिव नियुक्त गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो।

मुख्य सचिव सुमनराज अर्याल यही असार २६ गते अनिवार्य अवकाशमा जान लाग्नुभएकाले कार्कीलाई मुख्य सचिव नियुक्त गरिएको हो। विसं २०२७ पुस २५ गते भोजपुर जिल्लामा जन्मिनुभएका कार्की २०८५ सालमा अनिवार्य अवकासमा जानुहुने छ। विसं २०४६ मा खरिदार पदबाट निजामती सेवामा प्रवेश गर्नुभएका उहाँ २०५३ मा शाखा अधिकृत, २०६२ मा उपसचिव, २०७० मा सहसचिव हुँदै


गोविन्दबहादुर कार्की

२०८१ मा सचिवमा बढुवा हुनुभएको थियो। वाणिज्य, जनप्रशासन र मानविकी तथा समाजशास्त्र गरी तीन विषयमा उहाँले स्नातकोत्तर गर्नुभएको छ।

### उपत्यका विकास प्राधिकरणमा शाक्य

मन्त्रीपरिषद्ले काठमाडौँ उपत्यका विकास प्राधिकरणको विकास आयुक्तमा काठमाडौँका सुरज शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री पोखरेलले जानकारी दिनुभयो । यस्तै कैलालीको गेटा अस्पताललाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको जानकारी उहाँले दिनुभयो।

कारागार नियमावली, २०८३ स्वीकृत गर्ने, विदेशी शैक्षिक कार्यक्रम सञ्चालन र नियमन नियमावली, २०८३ स्वीकृत गर्ने, शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन र व्यवस्थापन नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय मन्त्रीपरिषद् बैठकले गरेको छ । मानव अधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने र भ्रष्टाचारविरुद्धको दोस्रो रणनीतिक योजना स्वीकृत गर्ने निर्णय भएको मन्त्री पोखरेलले बताउनुभयो।

### प्रधानमन्त्रीद्वारा उद्योग व्यवसायीसँग छलफल

# निजी क्षेत्र उत्साहित



- प्रधानमन्त्रीद्वारा मुलुकको आर्थिक गतिविधि चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा विस्तृत छलफल ।
- निजी क्षेत्रका लागि नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्ने विषयमा छलफल केन्द्रित ।
- निजी क्षेत्रका समस्या समाधानकेन्द्रित हुने गरी भएको छलफलले उद्यमी व्यवसायीलाई उत्प्रेरित गर्नुको साथै व्यावसायिक वातावरण निर्माण हुनेमा विश्वास जागृत ।

**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, असार २४ गते*

व्यावसायिक मनोबलको खोजीमा रहेको नेपालको निजी क्षेत्र बुधबार प्रधानमन्त्री बालेन्द्र शाहलाई भेटेपछि उत्साही बनेको छ। भेटमा प्रधानमन्त्री शाहले सरकार व्यावसायिक वातावरण निर्माणमा प्रतिबद्ध रहेको जनाएपछि निजी क्षेत्र उत्साही बनेको हो।

निजी क्षेत्रका प्रतिनिधिमूलक प्रमुख संस्थाका प्रमुख पदाधिकारीहरूलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा आमन्त्रण गरी अन्तर्क्रिया गर्दै प्रधानमन्त्री शाहले नेपालको निजी क्षेत्र मुलुकको अर्थतन्त्रलाई गति दिन नेतृत्वदायी भूमिका (ड्राइभिङ सिट) मै रहने बताउनुभयो।

सरकार गठनपश्चात् पहिलो पटक भएको यो तहको छलफलमा प्रधानमन्त्री शाहको अभिव्यक्तिले आफूहरूमा थप उत्साह र सकारात्मक ऊर्जा थपेको सहभागी नेतृत्वले प्रतिक्रिया दिएका छन् । सरकार गठनपश्चात्का प्रारम्भिक दिनमा सुशासनका गतिविधिमा केन्द्रित रहँदै आउनुभएका प्रधानमन्त्री शाहले समृद्धिकेन्द्रित गतिविधि बढाउने उद्देश्यका साथ बुधबार निजी क्षेत्रका प्रमुख छाता सङ्गठनका पदाधिकारीसँग छलफल गर्नुभएको हो।

प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा प्रधानमन्त्री शाहले मुलुकको आर्थिक गतिविधिलाई चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा विस्तृत छलफल गर्नुभएको थियो। यी विषयमा निजी क्षेत्र सरकारको महत्त्वपूर्ण साझेदार रहेको प्रधानमन्त्री शाहको भनाइ थियो। यसबाहेक निजी क्षेत्रका लागि नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्ने विषयमा प्रधानमन्त्रीले विस्तृत छलफल गर्नुभएको सचिवालयले जनाएको छ।

"प्रधानमन्त्री शाहले देशको आर्थिक विकास, लगानी विस्तार, रोजगारी सिर्जना र उत्पादन वृद्धिमा निजी क्षेत्र सरकारको महत्त्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीले भोगिरहेका व्यावहारिक समस्या समाधान गर्न सरकार तयार रहेको बताउनुभयो," सचिवालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

नेपालको निजी क्षेत्र र अर्थतन्त्रले कोरोना महामारीपश्चात् करिब छ वर्षदेखि क्रमिक रूपमा शिथिलता भोग्दै आएको हो। सुस्त आर्थिक वृद्धिदर, बजारमागमा कमी, नयाँ लगानी अभाव हुँदै अन्ततः खस्केको मनोबल बोक्दै आएको समीक्षा हुने गरेको छ। बैङ्क तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य पुँजी र ऋणको ब्याजदर ऐतिहासिक रूपमै न्यून रहँदा पनि ठुला तथा नयाँ लगानी सिर्जना हुन सकेको छैन। जेनजी आन्दोलनका क्रममा भएको क्षतिपश्चात् निजी क्षेत्रले आफ्नो मनोबल खस्केको अभिव्यक्ति दिँदै आएका छन् । यो परिस्थितिलाई चिर्ने मनसायसहित प्रधानमन्त्री स्वयम्ले निजी क्षेत्रसँग संवादमा सरिक हुँदा निजी क्षेत्रले उत्साहको अनुभव गरेको हो।

"सरकार गठन भएको लामो समयपछि प्रधानमन्त्रीज्यूसँग धेरै राम्रो छलफल भयो," नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्नुभयो, "हामीले भोग्दै आएका समस्या र समाधानका विषयका छलफलका अतिरिक्त निजी क्षेत्र अर्थतन्त्रमा ड्राइभिङ रोलमै रहन्छ भन्नेलगायत प्रधानमन्त्रीका विचारले नयाँ उत्साह थपेको छ।"

अग्रवालका अनुसार प्रधानमन्त्री शाहले निजी क्षेत्रमाथि धरपकड गर्ने सरकारको कुनै नीति नरहेको स्पस्ट पार्नुभएको थियो। छलफलमा सहभागी उद्यमी व्यवसायीहरूले आर्थिक अपराधका मुद्दामा अग्रिम जमानतको कानुनी व्यवस्था, प्रक्रियागत जटिलता हटाउने गरी फास्ट ट्र्याकमा कानुन संशोधन, समस्या समाधानमुखी सनसेट ल (आवधिक कानुन) लगायत आवश्यकताबारे प्रधानमन्त्री शाहलाई जानकारी गराएका थिए।

बाँकी पष्ठ २ मा

# अध्यादेश जोगाउन समयको दबाब

**इश्वरचन्द्र झा**
*काठमाडौँ, असार २४ गते*

राष्ट्रिय सभाले प्रतिवेदनसहितको विधेयक निर्णयार्थ पेस गरी पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने तथा प्रतिनिधि सभाले समेत सो विषयलाई स्वीकार वा अस्वीकार गरेपछि सभामुखले प्रमाणित गरेर बिहीबार नै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ ।

अध्यादेशको निरन्तरता कायम राख्न राष्ट्रपतिबाट प्रमाणीकरण हुनुपर्ने अन्तिम दिन राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले अध्यादेश प्रतिस्थापन गर्ने चार वटा विधेयकमाथि छलफल गर्दै छ । समयका दबाबबिच विधायन व्यवस्थापन समितिले एकै दिन चार वटा विधेयकमाथि छलफल टुङ्ग्याएर प्रतिवेदन तयार गरेर सभामा प्रस्तुत गर्नुपर्ने छ।

सभाले प्रतिवेदनसहितको विधेयक निर्णयार्थ पेस गरी पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने तथा प्रतिनिधि सभाले समेत सो विषयलाई स्वीकार वा अस्वीकार गरेपछि सभामुखले प्रमाणित गरेर बिहीबार नै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ।




राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलले राष्ट्रिय सभाको असार २५ गते बिहीबारको बैठकले चार वटै विधेयक पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाउने जानकारी दिनुभयो। सरकारले प्रतिनिधि सभामा वैशाख २५ गते र राष्ट्रिय सभामा वैशाख २८ गते आठ वटा अध्यादेश पेस गऱ्यो । तीमध्ये प्रतिनिधि सभाले चार वटा अध्यादेश प्रतिस्थापन विधेयक असार १८ गते पारित गरेर राष्ट्रिय सभामा पठायो।

राष्ट्रिय सभाका सचिव कँडेलले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ राष्ट्रिय सभामा असार १९ गते टेबुल गर्नुभयो । सभाको मङ्गलबारको बैठकले सैद्धान्तिक छलफलपछि सम्बन्धित मन्त्रीको प्रस्तावमा चार वटै विधेयक विधायन व्यवस्थापन समितिमा पठाउने प्रस्ताव स्वीकृत गऱ्यो । प्रतिनिधि सभाले समेत चार वटै विधेयकमा संशोधन गरेको छ।

राष्ट्रिय सभामा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रतिनिधित्व छैन । ठुलो दल नेपाली कांग्रेस हो । दोस्रो ठुलो दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) हो । यसअघि नेपाली कांग्रेस र नेकपाको समर्थनमा राष्ट्रिय सभाबाट सत्तारूढ दल रास्वपाले विधेयक, सरकारको नीति तथा कार्यक्रम र विनियोजन विधेयकहरू पारित गराउन सफल भएकोमा अध्यादेश प्रतिस्थापन विधेयकमा प्रमुख दुई दलले संशोधनलाई स्वीकार गर्नुपर्ने अडान राखेपछि समितिमा पठाउनु परेको हो।

विधायन व्यवस्थापन समितिको पहिलो बैठक बिहीबार बिहान ८ बजे बस्ने छ। जसमा सम्पत्ति शुद्धीकरण निवारण विधेयकमाथि परेको संशोधनबारे छलफल हुने छ। दोस्रो बैठक बिहान १० बजेर ३० मिनेटमा राखिएको छ। सो बैठकमा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक, २०८३ माथि छलफल हुने छ। दिउँसो १ बजेर ४० मिनेटमा बस्ने बैठकले सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३ र अपराह्न ५ बजेका लागि निर्धारित बैठकले सहकारी (पहिलो संशोधन) विधेयक, २०८३ माथि छलफल गर्ने छ।

सङ्घीय संसद् सचिवालयले भने असार २५ गते मध्याह्न १२ बजेर १५ मिनेटमा बस्ने बैठकमा चार वटै विधेयकसँग सम्बन्धित समितिको प्रतिवेदनहरू सभासमक्ष पेस गरिने कार्यसूची तय गरेको छ । विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया हुनुहुन्छ । समितिका सचिव झलक शर्मा सापकोटाले चार वटै विधेयक सम्बन्धमा आन्तरिक तयारीका लागि बुधबारसमेत छलफल भएको र बिहीबार संशोधनको

बाँकी पष्ठ २ मा

# इरानसँगको युद्धविराम समाप्त भएको घोषणा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग भएको युद्धविराम अब समाप्त भएको घोषणा गर्दै तेहरानसँग थप कुनै सम्झौता गर्ने इच्छा नरहेको बताउनुभएको छ। अमेरिकी सेनाले इरानमा मङ्गलबार राति आक्रमण गरेपछि र त्यसको जवाफमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारलाई लक्षित गरी आक्रमण गरेको दाबी सार्वजनिक भएका बेला ट्रम्पको यो अभिव्यक्ति आएको हो।

टर्किएको राजधानी अङ्कारामा जारी नेटो शिखर सम्मेलनका क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानसँगको युद्धविराम अब आफ्नो दृष्टिमा समाप्त भइसकेको स्पष्ट पार्नुभयो । उहाँले इरानी नेतृत्वमाथि कडा टिप्पणी गर्दै तेहरानसँग अब वार्ताको कुनै औचित्य नरहेको धारणा व्यक्त गर्नुभएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

ट्रम्पले इरानसँग थप सम्झौता गर्ने चाहना नरहेको बताउँदै तेहरानले आणविक हतियार प्राप्त गरे त्यसको प्रयोग गर्न पछि नपर्ने आरोप पनि लगाउनुभयो। उहाँले इरानी नेतृत्वलाई अविश्वसनीय र हिंसात्मक प्रवृत्तिको भएको आरोप लगाउँदै आफू अब उनीहरूसँगको वार्तालाई समयको बर्बादी ठान्ने बताउनुभयो। उहाँले आफ्ना विशेष दूत स्टिभ विटकफ र ज्वाइँ जारेड कुसनर इरानसँग सम्पर्कमा रहे पनि वार्ता पुनः सुरु गर्ने कि नगर्ने निर्णय अब तेहरानकै हातमा रहेको उल्लेख गर्नुभयो।

ट्रम्पले गत जुन १७ मा वासिङ्टन र तेहरानबिच भएको युद्धविरामसम्बन्धी सहमतिलाई इरानले पटक पटक गलत रूपमा प्रस्तुत गरेको आरोपसमेत लगाउनुभयो। उहाँका अनुसार दुवै पक्षबिच इरानले आणविक हतियार विकास नगर्ने विषयमा सहमति भए पनि इरानले त्यसलाई सार्वजनिक रूपमा अस्वीकार गर्दै आएको छ। राष्ट्रपति ट्रम्पको युद्धविराम समाप्त



अन्तर्राष्ट्रिय

भएको घोषणापछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले बढेको छ।

### इरानमाथि हवाई आक्रमण

स्ट्रेट अफ हर्मुजमा तीन वटा व्यापारिक जहाजमाथि भएको आक्रमणपछि अमेरिकाले बुधबार बिहान इरानका सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ । यससँगै इरानले बहराइन र कुवेतलाई लक्षित गरी क्षेप्यास्त्र प्रहार गरेको छ।

अमेरिकी सेनाले तेहरानले अन्तर्राष्ट्रिय जलमार्गमा सञ्चालित तीन व्यापारिक जहाजलाई लक्ष बनाएपछि जवाफी कारबाही गरिएको जनाएको छ । आक्रमणसँगै वासिङ्टनले अन्तरिम सम्झौता अन्तर्गत इरानलाई खुला रूपमा कच्चा तेल बिक्री गर्न दिइएको अनुमति पनि रद्द गरेको छ । इरानले भने अमेरिकाको कदमको कडा विरोध गर्दै आफूले आवश्यक ठानेका सबै उपाय अपनाउने चेतावनी दिएको छ।

बाँकी पष्ठ २ मा

# भनसुनले अब हुँदैन सरुवा

डिजिटल सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै भनसुन र पहुँचका भरमा हुँदै आएको कर्मचारी सरुवा प्रणालीको अहिले अन्त्य भएको हो ।

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, असार २४ गते*

कर्मचारी सरुवामा भनसुन र पहुँचका भरमा आफू अनुकूलको कार्यालयमा सरुवा हुने परम्परा अब अन्त्य भएको छ। लामो समयदेखि झाँगिँदै आएको सरुवाको बेथिति नियन्त्रण गर्न सरकारले सरुवा प्रक्रियालाई पूर्ण रूपमा प्रविधिमैत्री बनाएसँगै पहुँचका भरमा हुने कर्मचारी सरुवाको परम्परा अन्त्य भएको हो।

निश्चित अवधि पुगेपछि अनलाइन प्रणालीले नै कर्मचारीको सरुवा गर्नेबारे अवगत गराउने गर्छ, जसले गर्दा दबाब र प्रभावका आधारमा अवधि नपुग्दै कर्मचारी सरुवा गर्ने अभ्यास अहिले पूर्णत बन्द भएको छ। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत सातादेखि कार्यान्वयनमा ल्याएको डिजिटल सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै अहिले भनसुन र पहुँचका भरमा हुँदै आएको कर्मचारी सरुवा प्रणालीको अन्त्य भएको हो।

सरकारले कार्यान्वयनमा ल्याएको शासकीय सुधार अन्तर्गत एक सय कार्यसूचीमा कर्मचारी सरुवा प्रणालीलाई प्रविधिमैत्री बनाउने उल्लेख भए अनुसार मन्त्रालयले कर्मचारी सरुवा प्रणालीलाई सफ्टवेयरको माध्यमबाट अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा ल्याएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका सहसचिव धोलकराज ढकालले भन्नुभयो, "अहिले कर्मचारी सरुवामा कुनै भनसुन र पहुँच चल्दैन। आफूले जान चाहेको सम्भावित कार्यालय रोजेपछि उक्त कार्यालयमा दरबन्दी



भएमा स्वतः सरुवा हुने सफ्टवेयर प्रणालीको व्यवस्था गरिएको छ।"

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले यसअघिदेखि नै कर्मचारी प्रशासनलाई पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बनाउने सरकारको नीति अनुसार डिजिटल सरुवा प्रणालीलाई प्राथमिकताका साथ अगाडि बढाउने बताउँदै आउनुभएको थियो। सहसचिव ढकालका अनुसार अहिले कर्मचारी सरुवाका लागि मन्त्रालयमा कुनै भिडभाड छैन । रोजेको र खोजेको कार्यालयमा दरबन्दी रिक्त भए प्रणालीले नै स्वतः सरुवा गर्छ। यसअघि कर्मचारी एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा हुन दुर्गम जिल्लाका कार्यालयबाट काठमाडौँ आई महिनौँसम्म होटलमा बसेर सरुवा हुन शक्तिकेन्द्र धाउनुपर्ने बाध्यता थियो।

ढकालले थप्नुभयो, "अहिले अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै सरुवा प्रणालीमा हुँदै आएको प्रक्रियागत ढिलाइ घटेको छ। सरुवामा पारदर्शिता अभिवृद्धि भएको छ। सरुवा प्रणालीप्रति कर्मचारीको विश्वास बढेको छ।" प्रणाली कार्यान्वयनमा आएको यस अवधिमा २७ जना कर्मचारीको अनलाइन प्रणालीबाटै सरुवा भइसकेको मन्त्रालयले जनाएको छ। नौ सय जना कर्मचारीले अनलाइन प्रणालीबाटै सरुवाका लागि निवेदन दिएको उहाँले स्पष्ट पार्नुभयो।

### कर्मचारीको डिजिटल प्रोफाइल

अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै कर्मचारीको डिजिटल प्रोफाइल तयार भएको छ । कर्मचारीका व्यक्तिगत तथा सेवासम्बन्धी विवरण सम्बन्धित प्रणालीसँग प्रत्यक्ष वा एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपिआई)

बाँकी पष्ठ २ मा

### कर्मचारी आचारसंहिता सार्वजनिक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

कर्मचारीले सेवा प्रवाह गर्ने क्रममा सेवाग्राहीलाई अनावश्यक प्रक्रियागत ढिलाइ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने गरी कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता सार्वजनिक गरिएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस्तो आचारसंहिता सार्वजनिक गरेको हो। कार्यालय समयमा बाहिर जानुपर्दा सुपरिवेक्षकको अनुमति लिई लग बुक भरेर मात्र जाने र त्यसरी बाहिर जाँदा आफू अन्तर्गतका शाखा, महाशाखा र कर्मचारीलाई जानकारी गराई सेवाको निरन्तरता सुनिश्चित हुनुपर्ने आचारसंहितामा उल्लेख गरिएको छ।

कर्मचारीले कार्यसम्पादन गर्ने क्रममा कुनै समस्या देखिएमा समाधानका लागि अधिकतम प्रयास गर्नुपर्ने छ । कर्मचारीले कुनै पनि प्रकारको अनुचित दबाब, प्रभाव र प्रलोभनबाट मुक्त भई निष्पक्ष रूपमा कार्य गर्नुपर्ने पनि आचारसंहिता बनाइएको छ।

आफ्नो नाममा रहेको बेरुजु समयमा नै फर्स्योट गर्नुपर्ने, सेवाग्राही तथा सम्बन्धित सरोकारवालालाई कामको सिलसिलामा कार्यस्थलभन्दा बाहिर भेटघाट गर्न नहुने, प्रत्यक्ष रूपमा निजी स्वार्थ जोडिने गरी निर्णय गर्न नहुने, सरकारी सम्पत्तिको प्रयोग सरकारी कामबाहेक अन्य काममा प्रयोग गर्न नहुने गरी सरकारले कर्मचारीका लागि आचारसंहिता बनाइएको मन्त्रालयले जनाएको छ।



तस्बिर : सुजन गुरुङ

चितवनको पर्यटकीय क्षेत्र सौराहामा पर्यटकको चहलपहल ।

# गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउन निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले बुधबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित 'हेलो सरकार' शाखाको अवलोकन तथा निरीक्षण गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मन्त्रीपरिषद्को बैठकपछि प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहसँगै बुधबार मन्त्रीद्वय श्रेष्ठ र पौडेलले 'हेलो सरकार' शाखाको अवलोकन गर्दै गुनासो व्यवस्थापन प्रणाली, सेवा प्रवाह र गुनासो फर्स्योटको अवस्थाबारे जानकारी लिनुभएको हो।

अवलोकनका क्रममा दुवै मन्त्रीले हेलो सरकारमा आउने नागरिकका गुनासाबारे चासो व्यक्त गर्दै सम्बन्धित मन्त्रालयले गुनासा समयमै सम्बोधन गर्न तत्पर रहेको बताउनुभयो। उहाँहरूले नागरिकका प्रत्येक गुनासाप्रति गम्भीर हुन र प्रभावकारी समन्वयका साथ काम गर्न कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँहरूले गुनासोको सङ्ख्या बढ्दै जानुले वर्तमान सरकारप्रति नागरिकको विश्वास बढेको उल्लेख गर्दै प्राप्त गुनासा समयमै फर्स्योट गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो।

मन्त्रालयसँग सम्बन्धित गुनासा छिटो सम्बोधनका लागि समन्वय संयन्त्रलाई थप प्रभावकारी बनाइने मन्त्रीद्वय श्रेष्ठ र पौडेलको भनाइ थियो । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित 'हेलो सरकार' पछिल्लो समय सरकारी निकाय र नागरिकबिच संवादको प्रभावकारी केन्द्रीय प्लेटफर्मका रूपमा विकसित हुँदै गएको छ।



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल बुधबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयअन्तर्गत सञ्चालित 'हेलो सरकार' शाखाको अवलोकन गर्नुहुँदै ।

सरकारको शासकीय सुधारसम्बन्धी सयदिने कार्यसूची अनुसार हेलो सरकारलाई चौबिसै घण्टा सञ्चालनमा ल्याइएको छ । बहुच्यानल प्रणाली, आधुनिक प्रविधि तथा सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय हुने एकीकृत प्रणालीमार्फत गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउने काम अघि बढिरहेको छ।

आगामी दिनमा कृत्रिम बौद्धिकता (एआई) मा आधारित प्रणालीमार्फत गुनासो दर्ता, सम्बन्धित निकायमा स्वचालित पठाउने तथा प्रगति अवस्थाबारे सेवाग्राहीलाई नियमित जानकारी दिने व्यवस्था लागु गर्ने तयारीसमेत भइरहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका अनुसार यही असार २४ गतेसम्म हेलो सरकार प्रणालीमा कुल एक लाख ३१ हजार ८७५ गुनासा तथा उजुरी प्राप्त भएका छन् । तीमध्ये करिब ७० प्रतिशत गुनासा फर्स्योट भइसकेका छन्।

प्रधानमन्त्री कार्यालयका अनुसार वर्तमान सरकार गठन भएको गत चैत १३ गतेयता हेलो सरकारमा दर्ता हुने गुनासा तथा उजुरी ८३८ प्रतिशतले वृद्धि भएको छ । गत चैत १३ देखि असार २४ सम्म यी गुनासा र उजुरी फर्स्योट ९७५ प्रतिशतले वृद्धि भएको छ। गुनासो व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको यसबाट प्रस्ट हुन्छ।

# सिंहदरबारभित्र ह्विलचेयर र सहजकर्ताको व्यवस्था

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

सिंहदरबारभित्रका सरकारी कार्यालयमा अशक्त, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका सेवाग्राही र सरकारी कर्मचारी दुवैको सहज आवागमनका लागि ह्विलचेयर र सहजकर्ताको व्यवस्था सुरु गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट मुख्यसचिव सुमनराज अर्यालले बुधबार यो व्यवस्थाको शुभारम्भ गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन र स्थापित कानुनले निर्दिष्ट गरेको नागरिक तथा श्रमिक अधिकारको अक्षरशः पालना गर्दै सरकारले आफ्नो कानुनी एवं नैतिक दायित्वलाई उच्च प्राथमिकताका साथ यो व्यवस्था सुरु गरेको हो।

सेवाको उद्घाटन गर्दै मुख्यसचिव अर्यालले अब सार्वजनिक सेवा लिन आउने सेवाग्राही र कर्मचारी कसैले पनि शारीरिक अवस्थाका कारण असहजता महसुस गर्न नपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सिंहदरबारका अधिकांश कार्यालय अपाङ्गमैत्री बनिसकेको र बाँकीमा पनि चाँडै संरचना बन्ने जनाकारी दिनुभयो।

प्रधानमन्त्री कार्यालयका सहसचिव तथा प्रवक्ता हेमराज अर्यालले सेवा लिन आउने नागरिक र कार्यालयमा कार्यरत कर्मचारी दुवैलाई कार्यालयपरिसरबाट सम्बन्धित शाखा वा कार्यकक्षसम्म सुरक्षित र सहज रूपमा पुऱ्याउने व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

यसका लागि प्रत्येक ह्विलचेयरसँगै एक जना तोकिएको कर्मचारी सहजकर्ताका रूपमा खटिने छन्, जसले सेवाग्राही र कर्मचारीलाई आवश्यक सहयोग गर्ने छन् । सरकारले यस व्यवस्थालाई दीर्घकालीन रूपमा निरन्तरता दिने दृढ सङ्कल्प लिएको छ। यो व्यवस्था आगामी दिनमा देशभरका अन्य सरकारी निकायमा लागु गर्ने तयारी भइरहेको प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ।

# रेकर्डबाट हट्यो सभामुखको अपहेलना

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद राजेन्द्रकुमार राईको अभिव्यक्ति प्रतिनिधि सभाको रेकर्डबाट हटाउन रुलिङ भएको छ । सभाध्यक्षको आलोचना र अपहेलना गरिएको भन्दै सभामुख डोलप्रसाद अर्यालले अभिव्यक्ति रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिनुभएको हो । प्रतिनिधि सभाको आकस्मिक समयमा राईले राख्नुभएको धारणा विवादमा परेपछि बैठकसमेत १५ मिनेट स्थगित भएको थियो। सभामुख अर्याल र राईबिच केही समय विवाद भएको थियो । आकस्मिक समयमा धारणा राख्ने क्रममा सांसद राईले सभामुखलाई सम्बोधनपछि "तपाईं कान सुन्नुहुन्छ कि हुन्न" भनेर प्रश्न गर्नुभएको थियो। राईको प्रश्नलगत्तै सभामुख अर्यालले अभिव्यक्तिले सभामुख र सभाको अपहेलना भएको भन्दै बोल्न समय दिनुभएन। बोल्ने अनुमति नपाएपछि राई रोकिनुभयो। राईलाई बोल्न समय नदिएपछि एमालेका अन्य सांसदले उठेर विरोध जनाएका थिए।

राईलाई बोल्न रोक्दै सभामुख अर्यालले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद पर्शुराम तामाङलाई बोल्न समय दिनुभयो। एमाले सांसदहरू उठिरहेपछि तामाङ बोल्नुभएन । सोबिचमा सभामुख अर्यालले सचिवालयसँग समेत परामर्श लिनुभयो। सोही क्रममा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद टीका सङ्ग्रौलाले नियमापत्ति गर्नुभयो। सङ्ग्रौलाले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम २१ विपरीत राईको अभिव्यक्ति आएको र आचारणको प्रश्नमा छलफलको अवस्थामा बाहेक सभामुखको आलोचना गर्न नपाइने विषय उठाउनुभयो । उहाँले अभिव्यक्ति रेकर्डबाट हटाउन माग गर्नुभयो।

विवाद बढेपछि सभामुख अर्यालले बैठक १५ मिनेटका लागि स्थगित गर्नुभयो । स्थगनपछि सुरु भएको दोस्रो बैठकमा सभामुख अर्यालले सुरुमै राईलाई बोल्ने समय दिनुभयो। राईले प्रधानमन्त्री वालेन्द्र शाहले जेठ १७ गते संसद्मा दिनुभएको अभिव्यक्ति हटाउन रुलिङको माग गरेकोमा नसुनेको प्रसङ्ग जोड्न खोजेको प्रस्टीकरण दिनुभयो। साथै बाँदरको समस्या समाधान तथा जनताका अन्य विषयमा सरकारले जवाफ नदिएकोमा पनि राईले आलोचना गर्नुभयो। पटक पटक विषय उठान गर्दा समेत सभामुखबाट रुलिङ नभएकोमा आफूले सो अभिव्यक्ति दिएको राईको भनाइ थियो।

राईको अभिव्यक्तिपछि सभामुख अर्यालले अघिल्लो बैठकमा व्यक्त भएको 'तपाईं कान सुन्नुहुन्छ कि हुन्न' भन्ने अभिव्यक्ति रेकर्डबाट हटाउन रुलिङ गर्नुभयो । सचिवालयलाई निर्देशन दिँदै सभामुख अर्यालले भन्नुभयो, "माननीय सदस्य राजेन्द्रकुमार राईले आजै यसअघि बोल्ने क्रममा प्रयोग गर्नुभएको सम्पूर्ण शब्द संसदीय अभिलेखबाट हटाउन म सचिवालयलाई निर्देश गर्दछु।"

### राष्ट्र बैङ्क विधेयक समितिमा

यसैबिच प्रतिनिधि सभाले दुई विधेयक दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको प्रस्तावमा नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलको प्रस्तावमा पर्यटन विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाइएको हो। राष्ट्र बैङ्क विधेयक प्रतिनिधि सभाको अर्थ समिति र पर्यटन विधेयक अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा दफावार छलफल हुने छ । समितिले दफावार छलफलको प्रतिवेदनसहितको विधेयक पुनः सभामा पठाउने छ। सोपछि मात्र पारितको प्रक्रिया सुरु हुने छ। सभामा प्रतिनिधि सभाका सचिव प्रकाश अधिकारीले विनियोजन विधेयक, २०८३ का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशको जानकारी गराउनुभएको थियो।

## पूर्वाधार विकास समिति बैठक
# खानेपानी आपूर्ति गर्न निर्देशन

**भउचप्रसाद यादव**
*काठमाडौँ, असार २४ गते*

प्रतिनिधि सभा अन्तर्गतको पूर्वाधार विकास समितिले मुलुकभरका सबै नागरिकलाई शुद्ध खानेपानी आपूर्ति गर्ने योजनाका विषयमा स्पष्ट कार्ययोजनासहितको विवरण १५ दिनभित्र यस समितिमा उपलब्ध गराउन सरकारलाई निर्देशन दिने निर्णय गरेको छ। सिंहदरबारमा बुधबार बसेको प्रतिनिधि सभा अन्तर्गतको पूर्वाधार विकास समितिको बैठकले सो निर्णय गरेको हो।

बैठकले पूर्वाधार विकास मन्त्रालय, नेपाल खानेपानी संस्थान, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल), आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी), काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घ, नेपाललाई समेत सो निर्देशन दिने निर्णय गरेको हो। समितिका सभापति आशिष गजुरेलले भन्नुभयो, "आमनागरिकलाई स्वच्छ खानेपानी कहिलेसम्म उपलब्ध हुन्छ भन्ने प्रश्नको ठोस उत्तर अझै प्राप्त हुन सकेको छैन । त्यसैले आगामी १५ दिनभित्र स्पष्ट कार्ययोजना र समयसीमासहितको विवरण उपलब्ध गराउन निर्देशन दिएका छौँ। प्राप्त कार्ययोजनाका आधारमा समितिले नियमन र अनुगमनको प्रक्रिया अगाडि बढाउने छ ।" समितिले सम्बन्धित आयोजनाका प्रमुखसँग समन्वय गरी चाँडै स्थलगत अनुगमन गर्ने तयारी गरेको भन्दै उहाँले यसका लागि सरोकारवाला निकायसँग प्राथमिकता र योजनासम्बन्धी विवरण माग गरिएको बताउनुभयो।

### दीर्घकालीन समाधान खोजिँदै

बैठकमा खानेपानी मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीले खानेपानी क्षेत्रको समग्र सुधारका लागि मन्त्रालयले नीतिगत र संरचनागत परिवर्तन सुरु गरेको बताउनुभयो । उहाँले मेलम्ची खानेपानी आयोजनाको दीर्घकालीन समाधान, संस्थागत पुनर्संरचना तथा बजेट व्यवस्थापन सुधारलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो।

सचिव पुडासैनीले बैठकमा बजेट विनियोजन गर्ने परिपाटी, मेलम्ची आयोजनाको वर्तमान अवस्थालगायत मुलुकको खानेपानीको वर्तमान अवस्थाबारे जानकारी गराउनुभयो । विभिन्न आयोजनामा विनियोजन गरिएको बजेट अर्थ मन्त्रालयले समयमै फुकुवा नगर्दा विकास आयोजनालाई तीव्रता दिन कठिनाइ भएको उहाँले बताउनुभयो। "खानेपानीका लागि यस वर्षको कुल ३७ अर्ब रुपियाँको बजेटमध्ये करिब ३१ अर्ब सङ्घीय सरकारको रहेको र बाँकी प्रदेश तथा स्थानीय तहमा जाने छ। नयाँ कार्यक्रमका लागि कुल तीन अर्ब रुपियाँ मात्र छुट्याइएको छ। बाँकी बजेट पुराना तथा अधुरा आयोजना सम्पन्न गर्न केन्द्रित गरिएको छ," उहाँले भन्नुभयो।

सचिव पुडासैनीले बर्सैभरि मेलम्चीको पानी वितरणलाई निरन्तरता दिन अहिले खोलामै रहेको हेडवर्क्सलाई सुरक्षित स्थानमा स्थान्तरण गर्दै पहाडमा बनाउन डिजाइन भइरहेको जानकारी दिनुभयो । हेडवर्क्स निर्माणका लागि छिट्टै बोलपत्र आह्वान गरिने तयारी भइरहेको छ। सुरक्षित ठाउँमा हेडवर्क्स निर्माण भइसकेपछि अबको दुईदेखि साढे दुई वर्षभित्र काठमाडौँमा बाह्रै महिना पानी वितरण गर्न सकिने उहाँले दाबी गर्नुभयो। मेलम्चीको पानी वितरणलाई बर्सैभरि निरन्तरता दिनका लागि नै अहिले सुन्दरीजलमा साढे २५ करोड लिटर क्षमताको पानी प्रशोधन केन्द्र निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो।

### एकीकृत प्राधिकरणको तयारी

सचिव पुडासैनीले खानेपानीक्षेत्रको एकीकृत विकासका लागि अधिकार सम्पन्न शक्तिशाली प्राधिकरण बनाउने प्रक्रिया अगाडि बढेको बताउँदै उहाँले यसका लागि मन्त्रीपरिषद्ले स्वीकृति प्रदान गरिसकेको जानकारी दिनुभयो । उहाँले प्रस्तावित सो प्राधिकरणमा सञ्चालन, पूर्वाधार विकास, नियमन र ढल व्यवस्थापन गरी चार वटा छुट्टाछुट्टै विभाग रहने उल्लेख गर्नुभयो। उहाँले जलवायु परिवर्तनका कारण पानीको प्राकृतिक मुहान सुक्ने समस्या समाधानका लागि मन्त्रालयले विश्वविद्यालयसँग मिलेर अनुसन्धान गर्ने र कृत्रिम पुनर्भरणका कार्यक्रम अगाडि बढाउने नीति लिएको जानकारी दिनुभयो । उहाँका अनुसार पम्पिङ आयोजनाका लागि विद्युत् महसुलमा प्रतियुनिट दुई रुपियाँ कायम गर्ने निर्णय कार्यान्वयनको चरणमा रहेको जानकारीसमेत दिनुभयो।

### खानेपानी सुनिश्चितको माग

बैठकमा समितिका सदस्य काठमाडौँ-२ का सांसद सुनील केसीले काठमाडौँ उपत्यकामा पानी वितरणका लागि काम गर्दै आएका निकायसँग काठमाडौँवासीले कहिलेदेखि नियमित रूपमा मेलम्चीको पानी खान पाउने ? उपत्यकावासीले कहिलेसम्म बाल्टिन र गाग्री बोकेर हिँड्ने ? लगायतका प्रश्नको जवाफ माग्दै बर्सैभरि खानेपानीको सुनिश्चित गर्न माग गर्नुभयो । उहाँले काठमाडौँ उपत्यकामा नियमित र प्रभावकारी रूपमा खानेपानी वितरणको सुनिश्चितका लागि तथा खानेपानीको विकासका लागि ठोस निर्णय गर्न मेलम्ची खानेपानी विकास समिति, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल), आयोजना कार्यान्वयन निर्देशनालय र काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई एउटै निकायका रूपमा खडा गरी सञ्चालन गर्नुपर्ने सुझावसमेत दिनुभयो।

## तीन पदाधिकारीको संसदीय सुनुवाइ सुरु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

निर्वाचन आयोगमा प्रस्तावित तीन पदाधिकारीको संसदीय सुनुवाइ प्रक्रिया सुरु भएको छ । संवैधानिक परिषद्ले प्रस्तावित प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्की र प्रस्तावित आयुक्तद्वय डा. राजीव सुब्बा र गुरुप्रसाद वाग्लेको नाम सुनुवाइ प्रक्रियाका लागि संसदीय सुनुवाइ समितिमा पठाएको छ । समितिले उजुरी आह्वान प्रक्रियाका लागि बिहीबार बैठक बोलाएको छ।

सुनुवाइ समितिका सचिव तुलबहादुर कँडेलले सुनुवाइका लागि पत्र प्राप्त भई प्रारम्भिक छलफलका लागि बैठक बोलाइएको बताउनुभयो । उक्त बैठकले उजुरी आह्वानलगायतका प्रक्रिया प्रारम्भ गर्ने पनि उहाँले बताउनुभयो । संवैधानिक परिषद्ले असार १९ गते निर्वाचन आयोगको प्रमुख आयुक्त र आयुक्तमा तीन जनाको नाम सिफारिस गरेको थियो । प्रमुख निर्वाचन आयुक्तमा सिफारिस कार्की सर्वोच्च अदालतमा बहालवाला रजिस्ट्रार हुनुहुन्छ । निर्वाचन आयुक्तमा सिफारिस सुब्बा नेपाल प्रहरीका अवकाशप्राप्त डिआइजी र वाग्ले सरकारी वकिलको उपन्यायाधिवक्ताबाट अवकाश पाउनुभएको हो।

उजुरीको प्रक्रिया पूरा भएपछि समितिले प्रस्तावित पदाधिकारीको सुनुवाइ गर्ने छ । सामान्यतया उजुरीका लागि १० दिनको समय दिने प्रचलन/व्यवस्था छ। सोपछि सुनुवाइको प्रक्रिया अघि बढाइने छ। समितिको दुई तिहाइ बहुमतले अस्वीकृत नगरेमा प्रस्तावित पदाधिकारी स्वीकृत भएको मानिने छ। समितिले प्रक्रिया सुरु भएको ४५ दिनभित्र स्वीकृत वा अस्वीकृतसम्बन्धी निर्णय नगरेमा पनि प्रस्तावित पदाधिकारीलाई नियुक्त गर्न बाधा नपर्ने व्यवस्था छ।

तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले अवकाश पाएपछि निर्वाचन आयोग प्रमुख आयुक्तविहीन छ। आयोगमा अब दुई आयुक्त मात्र हुनुहुन्छ। सिफारिस अनुसार नियुक्त भएमा आयोगमा पदाधिकारीले पूर्णता पाउने छ।

## भनसुनले...

मार्फत आबद्ध हुने भएकाले आवश्यक विवरण स्वतः अद्यावधिक हुने व्यवस्था गरिएको छ।

त्यस्तै कर्मचारीले आफ्नो सरुवा आवेदन कुन चरणमा पुगेको छ भन्ने जानकारी प्रोसेस ट्र्याकिङ प्रणालीमार्फत अनलाइनबाटै हेर्न सक्ने छन् । सरुवासम्बन्धी पत्रहरू पनि प्रणालीबाटै स्वचालित रूपमा तयार हुने व्यवस्था मिलाइएको छ। सफ्टवेयरलाई राष्ट्रिय किताबखाना (निजामती) को सफ्टवेयरसँग आबद्ध गरिएको छ । कर्मचारीको योग्यता, विशेष क्षमता, अनुभव, ज्येष्ठतालगायत विषयमा डाटा प्रोसेसिङ हुने गरी कर्मचारीको प्राथमिकता निर्धारण गरिने छ।

सफ्टवेयरलाई कर्मचारीको व्यक्तिगत विवरणसहित सङ्गठनको दरबन्दी संरचना, कर्मचारी कार्यरत रहेको अवधि तथा रिक्त दरबन्दीको डाटासमेत निकाल्न, विश्लेषण गर्न तथा प्रतिवेदन निकाल्न सक्ने गरी विकास गर्ने तयारी मन्त्रालयले गरेको छ।

राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक श्रवणकुमार पोखरेलले किताबखानाले गत १५ महिनादेखि निरन्तर प्राविधिक जनशक्तिको प्रयोग गरी कर्मचारीको डिजिटल प्रोफाइल तयार गरेको बताउनुभयो। किताबखानाले कर्मचारीको डिजिटल प्रोफाइल तयार गरेकै कारणले अहिले मन्त्रालयलाई अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा ल्याउन सहज भएको उहाँले स्पष्ट पार्नुभयो। अहिले किताबखानाका सबै काम पूर्ण रूपमा अनलाइन प्रणालीद्वारा भइरहेको पोखरेलले जानकारी दिनुभयो।

## इरानसँगको...

यो घटनाक्रम इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्त्येष्टि चलिरहेका बेला भएको हो । गत फेब्रुअरी २८ मा ८६ वर्षको उमेरमा युद्धको प्रारम्भिक चरणमै मारिएका खामेनीको अन्तिम संस्कार बिहीबार सम्पन्न हुने तालिका छ । अन्त्येष्टिपछि हर्मुज जलघाँटी पूर्ण रूपमा पुनः सञ्चालन गर्ने र इरानको विवादित आणविक कार्यक्रमबारे वार्ता अघि बढ्ने अपेक्षा गरिएको थियो । तर पछिल्ला आक्रमणले त्यस्तो सम्भावनामा अनिश्चितता थपेको छ।

### इरान नझुक्ने दाबी

इरानी संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफले सामाजिक सञ्जाल एक्समार्फत अमेरिका र उसका सहयोगीमाथि आक्रामक टिप्पणी गर्दै इरान कुनै दबाबमा नझुक्ने बताउनुभयो।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डका अनुसार आक्रमणमा इरानका हवाई रक्षा प्रणाली, राडार र अर्धसैनिक इस्लामिक क्रान्तिकारी गार्डले प्रयोग गर्ने ६० भन्दा बढी तीव्र गतिको साना डुङ्गा निशाना बनाइएका छन्। ती डुङ्गा हर्मुज जलमार्गमा व्यापारिक जहाजलाई रोक्ने तथा दबाब सिर्जना गर्ने गतिविधिमा संलग्न रहेको अमेरिकी दाबी छ।

### इरानका राष्ट्रपति स्वदेश फिर्ता

पछिल्लो अमेरिकी आक्रमणपछि इरानका राष्ट्रपति मसुद पेजेस्कियन इराकबाट भ्रमण छोट्याएर तेहरान फर्कनुभएको छ । हर्मुज जलमार्ग पार गर्ने व्यापारिक जहाजहरूमा भएको आक्रमणको जवाफमा अमेरिकाले इरानविरुद्ध शृङ्खलाबद्ध सैन्य आक्रमण सुरु गरेपछि पेजेस्कियनले इराकको भ्रमण छोट्याएर स्वदेश फर्किएको सिएनएनले जनाएको छ।

सामाजिक सञ्जाल एक्समा युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले अमेरिकी सेन्ट्रल कमान्ड फोर्सहरूले अन्तर ष्ट्रिय जलमार्गमा निर्दोष नागरिकहरूद्वारा सञ्चालित व्यापारिक जहाजहरूलाई लक्षित गर्न र आक्रमण गर्न इरानविरुद्ध शृङ्खलाबद्ध आक्रमण गरेको छ।

इरानको आक्रमकता अनावश्यक, खतरनाक र युद्धविरामको स्पष्ट उल्लङ्घन भन्दै सेन्टकमले इरानले स्ट्रेट अफ हर्मुज पार गर्ने तीन वटा व्यापारिक जहाजहरूमा आक्रमण गरेपछि आक्रमण गरिएको बताएको छ।

यसैबिच दक्षिणी इरानको सिरिक र केसमनजिकै धेरै विस्फोट भएको रिपोर्ट गरिएको छ। अल जजिराका अनुसार व्यावसायिक र माछा मार्ने घाटहरूमा क्षेप्यास्त्र प्रहार भएपछि सिरिक बन्दरगाहमा धेरै वटा विस्फोट भएको इरानी मिडियाले जनाएका छन्।

इरानलाई आउँदो अगस्ट २१ सम्म कच्चा तेल र सम्बन्धित उत्पादनहरू उत्पादन गर्न, बेच्न र परागमन गर्न अस्थायी रूपमा अनुमति दिएर गत जुनमा जारी इजाजतपत्र यसअघि अमेरिकाले मङ्गलबार रद्द गरेको थियो । द्वन्द्वको अन्तिम समाधानका लागि चरणबद्ध वार्ताबिचमा भएको आक्रमणले तेहरानमाथि दबाब बढेको छ।

## निजी...

छलफलमा सहभागी नेपाल उद्योग परिसङ्घका पूर्वअध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्रका विषयवस्तुमा प्रधानमन्त्रीको पर्याप्त चासो रहेको र समस्याहरूको सैद्धान्तीकरणभन्दा व्यावहारिक समाधानको खोजीमा प्रधानमन्त्री केन्द्रित हुन खोज्नुभएको आफूले महसुस गरेको बताउनुभयो।

"समृद्धिका लागि सरकारले आवश्यक पूर्वाधार निर्माण गर्ने र निजी क्षेत्रले रोजगारी सिर्जना, उत्पादन वृद्धि जस्ता क्षेत्रमा नेतृत्व गर्नु पर्छ भन्ने नै प्रधानमन्त्रीको स्पष्ट दृष्टिकोण रहेको छ," अग्रवालले भन्नुभयो, "लगानीकर्ता तथा उद्यमीले भोग्दै आएका व्यावहारिक समस्या र त्यसको वास्तविक समाधानको उपायसहित थप छलफल हुँदै जाने र समाधान निस्कने अपेक्षा हामीले गरेका छौँ।"

प्रधानमन्त्री शाहले प्राप्त सुझावलाई गम्भीरतापूर्वक लिँदै सम्बन्धित निकायमार्फत आवश्यक सहजीकरण तथा सुधारका कार्य अघि बढाइने बताउनुभयो। उहाँले आर्थिक सुधारको अभियानमा सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै अगाडि बढ्ने स्पष्ट पार्नुभयो।

उद्यमीसमेत रहनुभएका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद विदुषी राणाका अनुसार प्रधानमन्त्रीले निजी क्षेत्रका विभिन्न क्षेत्रगत नेतृत्वसँग पनि यस्तो छलफल गर्नुहुने छ। "प्रधानमन्त्री स्वयम्ले समृद्धि लक्षित गतिविधिमा चासो राख्नुभएपश्चात् यो छलफल भएको छ," उहाँले भन्नुभयो, "अब निर्माण, सूचना प्रविधि जस्ता क्षेत्रका व्यक्तित्वसँग पनि छलफल हुँदै जाने छन्।"

राणाका अनुसार निजी क्षेत्रका समस्या र समाधानका उपाय कार्यान्वयनका लागि प्रधानमन्त्रीको सचिवालयले समन्वयकारी भूमिका बढाउँदै लैजाने छ। "निजी क्षेत्रका समस्या समाधानकेन्द्रित हुने गरी भएको छलफलले उद्यमी व्यवसायीलाई उत्प्रेरित गरेको छ," उहाँले भन्नुभयो, "आज सुरु भएको हो, यसले निरन्तरता पाउँदै गर्दा निजी क्षेत्रले गुमेको मनोबल प्राप्ति मात्र होइन थप उत्साहित बन्दै जाने अपेक्षा छ।"

उक्त छलफलमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठ, उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठ, नेपाल उद्योग परिसङ्घका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल र महानिर्देशक डा. घनश्याम ओझा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा वरिष्ठ उपाध्यक्ष दीपक मलहोत्राको सहभागिता रहेको थियो।

## अध्यादेश...

मसौदासहितको प्रतिवेदन स्वीकृत गर्ने गरी बैठक राखिएको जानकारी दिनुभयो।

सङ्घीय संसद् सचिवालय स्रोतका अनुसार सरकारका मन्त्रीहरूले बुधबारको आन्तरिक छलफलमा समयको दबाब रहेकाले अध्यादेश प्रतिस्थापन गर्ने विधेयकलाई समितिमा नपठाई सभाले नै टुङ्ग्याएर प्रतिनिधि सभामा फिर्ता पठाउन आग्रह गर्नुभयो। सचिवालय स्रोतले भन्यो, "सभाका अध्यक्षले समेत सोहीबमोजिम आग्रह गर्नुभयो। तर सभामा प्रतिनिधित्व गर्ने दलहरूले अस्वीकार गरेपछि समितिमा पठाइयो।"

संवैधानिक व्यवस्थाबमोजिम अध्यादेश जारी भएपछि निस्क्रिय वा खारेज नभएमा दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वतः निस्क्रिय हुने छ। यस अनुसार चार वटै अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक असार २५ गतेभित्र राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्ने छ । अध्यादेशको व्यवस्थालाई निरन्तरता दिन वा त्यसमा परिमार्जन गरेर प्रतिस्थापन विधेयक ल्याइन्छ । विधेयक प्रमाणीकरण हुनुअघि दुवै सभाले पारित गरेपछि सभामुखले प्रमाणित गर्नुपर्ने छ । सङ्घीय संसद् सचिवालयका सहायक प्रवक्ता अनन्तप्रसाद कोइरालाले विगतमा समेत पेस भएको दिन र पारित हुने दिनलाई एक दिन गन्ती गर्ने अभ्यास रहेकाले असार २५ गते नै प्रमाणीकरणको सीमा नरहने कानुनबाट सुझाव आएको बताउनुभयो । सचिवालयले बिहीबार नै टुङ्ग्याउने तयारी गरेको उहाँले प्रस्ट्याउनुभयो।

### संशोधनमा जिकिर

नेकपाबाट निर्वाचित राष्ट्रिय सभाका सदस्य रेनु चन्दले स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयकमा प्रत्यायोजित विधायन राखिएको छैन भनिए पनि ठाउँ ठाउँमा राखिएको लगायतका विषयवस्तु संशोधन गर्नुपर्ने भएकाले विधायन समितिमा पठाउनुपर्ने माग गरिएको बताउनुभयो । एमालेबाट निर्वाचित सदस्य सोमनाथ पोर्तेलले राजनीतिक नियुक्तिमा महिला, दलित समुदायको प्रतिनिधित्वबारे कुनै व्यवस्था नभएकाले विधेयकमा संशोधन गर्नुपर्ने माग गर्नुभयो।

नेपाली कांग्रेसका खम्मबहादुर खातीले सम्पत्ति शुद्धीकरण विधेयकमा राखिएको केही व्यवस्थाले अन्य विशेष ऐनलाई प्रभावित गर्ने भएकाले यस विषयमा छलफल हुनुपर्ने जिकिर गर्नुभयो। सार्वजनिक खरिदसम्बन्धी विधेयकले न्यूनतम मूल्यमा ठेक्का कबोल गरेर कमसल खालका काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने गरी ल्याइएकोमा प्रशंसा गर्नुभए पनि उहाँले विधायन समितिमा राखेर छलफल गर्नुपर्ने माग गर्नुभयो।

### चार अध्यादेश निस्क्रिय हुँदै

सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत वैशाख तेस्रो साता जारी गर्नुभएको चार वटा अध्यादेश निस्क्रिय हुँदै छन्। विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३, संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधि पहिलो संशोधन अध्यादेश २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ निस्क्रिय हुन लागेको हो। चार वटै अध्यादेश प्रतिस्थापन गर्ने विधेयक दुवै सभाबाट पारित नहुने भएपछि निस्क्रिय हुन लागेका हुन्।

# गोरखापत्र र नेपाली सेनाबिच असल सम्बन्ध

**मित्र भण्डारी**
*काठमाडौँ, असार २४ गते*

सैनिक पोसाकमा रहेका अधिकारीहरूको एक समूह जब सञ्चार संस्थाको समाचार कक्ष, सम्पादन कक्ष र छापाखानाको गतिविधि नियालिरहेको थियो, उहाँहरूको चासो, जिज्ञासा र उत्सुकता केवल प्रविधि र प्रक्रियामा मात्र सीमित थिएन। बुझ्ने र सिक्ने क्रममा उहाँहरूले सम्पादकीय नेतृत्वसँग गहिरो जिज्ञासासमेत राख्नुभएको थियो।

उहाँहरूको जिज्ञासा थियो, "राष्ट्रिय सुरक्षाका आयाम, जिम्मेवारी, सैनिक गतिविधि, नीति र योगदानलाई नागरिकसमक्ष अझ प्रभावकारी रूपमा कसरी पुऱ्याउन सकिन्छ ?" नेपाली सेनाले सञ्चालन गरेको सिसं २५ जनसम्पर्क अधिकृत शिक्षार्थी अधिकृतहरू मङ्गलबार गोरखापत्र संस्थानको अध्ययन भ्रमण गरी सञ्चार माध्यमको कार्यप्रणाली, सूचना व्यवस्थापन, दक्षता अभिवृद्धि तथा सैनिक-नागरिक सम्बन्धलाई थप सुदृढ बनाउन सञ्चार माध्यमले खेल्न सक्ने भूमिकाबारे विस्तृत जानकारी हासिल गर्नुभयो।

सेनाका गतिविधि, सेवा र योगदानलाई पारदर्शी तथा प्रभावकारी रूपमा जनतासम्म पुऱ्याउने जिम्मेवारी बोकेका २० जना शिक्षार्थी अधिकृतले भ्रमणका क्रममा समाचार उत्पादनदेखि प्रकाशनसम्मका विभिन्न चरणबारे प्रत्यक्ष जानकारी लिनुभयो । सो क्रममा उक्त टोलीले समाचार स्टुडियो, सम्पादन कक्ष, छापाखाना तथा आधुनिक सञ्चार प्रविधिको प्रयोगबारे अवलोकन गऱ्यो। भ्रमण टोलीलाई सम्बोधन गर्नुहुँदै गोरखापत्र संस्थानका महाप्रबन्धक हिक्मतबहादुर रावलले गोरखापत्र संस्थान र नेपाली सेनाबिच ऐतिहासिक तथा विशिष्ट सम्बन्धबारे चर्चा गर्नुभयो। उहाँले १२६ वर्ष लामो इतिहास बोकेको गोरखापत्रले मुलुकको समग्र परिवर्तन, राष्ट्र निर्माणका विभिन्न पक्षसँगै नेपाली सेनाका योगदान र गौरवपूर्ण घटनाक्रमको साक्षी बन्दै आफ्ना प्रकाशनमा अभिलेखीकरण गर्दै आएको बताउनुभयो।



नेपाली सेनाका जनसम्पर्क अधिकृतलाई गोरखापत्र संस्थानबारे जानकारी गराउनुहुँदै महाप्रबन्धक हिक्मतबहादुर रावल।

## नेपाली सेनाद्वारा गोरखापत्रको अध्ययन

"गोरखापत्रले नेपाली सेनाका धेरै गौरवका गाथालाई प्रकाशनमार्फत जनतासम्म पुऱ्याउने अवसर पाएको छ। दुई ऐतिहासिक संस्थाबिचको सम्बन्ध र सहकार्य आगामी दिनमा अझ मजबुत हुने छ," उहाँले भन्नुभयो । महाप्रबन्धक रावलले पछिल्लो समय मिसइन्फर्मेसन, डिसइन्फर्मेसन र अफवाहका कारण आमनागरिकमा भ्रम सिर्जना हुने अवस्था बढेकाले सही सूचना र विश्वसनीय पहुँच विस्तारमा सैनिक जनसम्पर्क अधिकृतको भूमिका अझ महत्त्वपूर्ण हुने बताउनुभयो।

गोरखापत्र दैनिकका प्रधान सम्पादक जुनारबाबु बस्नेतले नेपाली सेना र गोरखापत्रबिच स्थापनाकालदेखि नै व्यावसायिक सम्बन्ध र सहकार्य रहँदै आएको स्मरण गर्दै सुरक्षा निकाय र सञ्चार क्षेत्रबिचको सहकार्यले नागरिकमा सही सूचना प्रवाह गर्न सहयोग पुग्ने बताउनुभयो । संस्थानका निर्देशक तथा प्रवक्ता ताराबहादुर बस्यालले प्रशिक्षार्थी अधिकृतहरूलाई संस्थानको प्रशासनिक गतिविधि, छपाइ प्रक्रिया, वितरण प्रणाली र सञ्चार व्यवस्थापनका विषयमा जानकारी गराउनुभयो।

जनसम्पर्क अधिकृत तालिमका शाखा प्रमुख सेनानी बरुण केसीले सञ्चार क्षेत्रको व्यावहारिक ज्ञानले प्रशिक्षार्थी अधिकृतहरूको क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले तालिमको उद्देश्य सञ्चार माध्यमसँग सहकार्य गर्ने क्षमता विकास गर्नु, सूचना व्यवस्थापन, सार्वजनिक सम्बन्ध विस्तार र प्रभावकारी सूचना प्रवाहका सिप अभिवृद्धि गर्नु रहेको स्पष्ट पार्नुभयो।

भ्रमणमा सहभागी जनसम्पर्क अधिकृत सहसेनानी सविना लामाले गोरखापत्र संस्थानको भ्रमण अत्यन्त ज्ञानवर्धक र उपलब्धिमूलक भएको बताउनुभयो। सञ्चार संस्थाको वास्तविक कार्यप्रणाली बुझ्ने अवसरले जनसम्पर्क अधिकृतको भूमिकालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने उहाँको धारणा थियो।

नेपाली सेनाले जनसम्पर्क अधिकृतहरूलाई सञ्चार, सूचना व्यवस्थापन र मिडिया समन्वयका क्षेत्रमा दक्ष बनाउने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ । नागरिक र सैनिकबिच विश्वास, सहकार्य र समझदारी बढाउन जनसम्पर्क अधिकृतहरूको भूमिका आगामी दिनमा अझ महत्त्वपूर्ण हुने देखिन्छ।

# विपन्न विद्यार्थीलाई छात्रवृत्ति वितरण

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, असार २४ गते*

बागमती प्रदेश सरकारले 'शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३' कार्यान्वयनमा ल्याएको छ।

प्रदेश सरकारले सीमान्तकृत तथा विपन्न परिवारका सात जना विद्यार्थीलाई प्राविधिक उच्च शिक्षा छात्रवृत्ति प्रदान गरेको छ। विपन्न समुदायका विद्यार्थीमा प्राविधिक शिक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको शैक्षिक छात्रवृत्ति कार्यक्रम अन्तर्गत पहिलो चरणमा छनोट भएका विद्यार्थीलाई मङ्गलबार ललितपुरमा आयोजित एक कार्यक्रमका बिच छात्रवृत्ति वितरण गरिएको हो।

प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको अध्यक्षतामा बसेको मन्त्रीपरिषद्को पहिलो बैठकले गरेको घोषणाबमोजिम सामाजिक विकास मन्त्रालयले 'शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८३' जारी गरी यो कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । यस निर्देशिका अनुसार बागमती प्रदेशका स्थायी बासिन्दा तथा सम्बन्धित निकायबाट विपन्न वा सीमान्तकृत समुदायका रूपमा सिफारिस भएका र सामुदायिक माध्यमिक विद्यालयबाट एसइई उत्तीर्ण गरेका विद्यार्थी छात्रवृत्तिका लागि योग्य ठहरिएका हुन्।

गत जेठ २७ गते गोरखापत्रमा प्रकाशित सूचनाका आधारमा आवेदन दिएका विद्यार्थीमध्ये योग्यताक्रम र निर्देशिकाको मापदण्डका आधारमा यो छनोट गरिएको हो । सात वटा प्राविधिक विधामा आवेदन आह्वान गरिएकोमा चार वटा विधामा मात्र सात जना विद्यार्थी छनोट हुन सफल भएका हुन्।

छनोट हुनेहरूमा मेडिकल डाक्टरतर्फ नुवाकोट बेलकोटगढीका श्रीराम भट्ट हुनुहुन्छ, जसले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौँडामा अध्ययन गर्नुहुने छ । सिभिल इन्जिनियरिङतर्फ चितवनका मातृका चेपाङ र काभ्रेपलाञ्चोकका अर्शिम श्रेष्ठ छानिनुभएको छ । उहाँहरूले क्रमशः नेपाल पोलिटेक्निक इन्स्टिच्युट र ख्वप इन्जिनियरिङ कलेजमा अध्ययन गर्ने छन्।

भेटेरिनरी डाक्टरमा नुवाकोटकी ललिता तामाङ र काभ्रेपलाञ्चोकका विशाल तामाङ छनोट हुनुभएको छ । उहाँहरूले हिमालयन कलेज अफ एग्रिकल्चर साइन्सेस एन्ड टेक्नोलोजि कीर्तिपुरमा अध्ययन गर्नुहुने छ। कृषि विषयतर्फ मकवानपुरका उत्सव प्रधान र दोलखाकी निरुता योगी छनोट हुनुभएको छ।

स्नातक तहका लागि प्रदान गरिने उक्त छात्रवृत्ति रकम ३५, ४० र २५ प्रतिशत गरी तीन किस्तामा भुक्तानी गरिने छ। यस कार्यक्रमको अर्को महत्त्वपूर्ण पक्ष सेवाकालीन सर्त हो।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सङ्घीय नीतिले नसमेटेका सीमान्तकृत तथा विपन्न परिवारका विद्यार्थीलाई प्रदेश सरकारले छात्रवृत्ति कार्यक्रममार्फत सहयोग गरिरहेको बताउनुभएको छ । आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी पढाइबाट वञ्चित नहोस् भन्ने उद्देश्यले प्रदेश सरकारले आफ्नै नीतिमार्फत छात्रवृत्ति विस्तार गरेको उहाँको भनाइ छ।

## बिपी राजमार्ग पुनर्निर्माण

# साबिकको ट्र्याकबाट सवारी सञ्चालन गरिने



पुनर्निर्माण भइरहेको बिपी राजमार्ग।

**केदार तिमल्सिना**
*बनेपा, असार २४ गते*

सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी पहाडी तथा तराईका जिल्ला जोड्ने छोटो दुरीको 'लाइफलाइन' राजमार्गका रूपमा रहेको 'बिपी राजमार्ग' को २८ किलोमिटर सडक विसं २०८१ असोज १०-१२ गतेको अविरल वर्षासँगै रोसीखोलामा आएको बाढीले क्षतिग्रस्त बनायो । हाल बाढीले क्षतिग्रस्त राजमार्गको काभ्रेपलाञ्चोकतर्फ तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा पुनर्निर्माणको काम भइरहेको छ भने काभ्रेपलाञ्चोकतर्फको एक खण्डको काम भने वर्षायामपछि मात्रै सुरु हुने भएको हो।

बाढीले बिपी राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोक खण्डतर्फ २५.११ किलोमिटर सडक पूर्ण रूपमा क्षति भएको हो। दाप्चाखोला र रोसीखोलामा आएको बाढीले बिपी राजमार्ग अन्तर्गत १ नम्बर पुलदेखि नेपालथोकसम्मको सडकमा क्षति पुगेको थियो।

बाढीले राजमार्गमा अर्बौंको क्षति पुगेर पूर्वी पहाडी र तराईका जिल्लामा यातायात सम्पर्क टुटेपछि यातायात सञ्चालनका लागि रोसीखोलाको किनारैकिनार अस्थायी डाइभर्सन सडक निर्माण गरी यातायात सुचारु गरिएको थियो भने अहिले पनि रोसी खोलैखोला बनाइएको डाइभर्सन सडकबाट यातायात सञ्चालन हुँदै आएको छ। कतै खोलाको किनार त कतै खोलाको बिचबाट डाइभर्सन बनाएर यातायात सञ्चालन गरिएको छ। बनेपा, पनौती, नमोबुद्ध, बेथानचोकमा वर्षा भएसँगै रोसीखोलामा पानीको बहाब बढ्न गएका कारण सवारीसाधन तथा यात्रुमा हुने जोखिमलाई मध्यनजर गर्दै यातायातका साधनलाई धुलिखेल, काभ्रेभन्ज्याङ, भकुण्डे, मङ्गलटार र नेपालथोकमा होल्ड गरिँदै आएको छ।

राजमार्गमा हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समितिले राति ६ बजेदेखि बिहान ४ बजसेसम्म सबै सवारीसाधन सञ्चालनमा रोक लगाउँदै आएको छ। बाढीबाट क्षति पुगेको १ नम्बर पुल (भकुण्डे) देखि सिन्धुलीको नेपालथोकसम्म नै इन्टरमिडियट सडकबाट डेडिकेटेड डबल लेन स्ट्यान्डर्ड सडक निर्माणको काम भइरहेको सडक डिभिजन भक्तपुरले जनाएको छ।

### चार खण्डमा पुनर्निर्माणको काम

बाढीले क्षति पुगेको बिपी राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोक खण्डमा पर्ने २५.११ किलोमिटर सडक चार वटा ठेक्कामार्फत पुनर्निर्माणको काम भइरहेको छ। हाल राजमार्गको चार सय बेँसीदेखि भकुण्डेबेँसीसम्मको ११ किलोमिटर, चार सयबेँसीदेखि डालाबेँसीसम्मको ८.५ किलोमिटर र डालाबेँसीदेखि पिप्लेसम्मको २.३ किलोमिटर सडकखण्डमा पुनर्निर्माणको काम तीव्र गतिमा भएको छ। पिप्लेदेखि बर्खेखोलासम्मको ३.२ किलोमिटर सडक पुनर्निर्माणको काम जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले गर्ने भएको छ । जाइकाले पुनर्निर्माण गर्ने सडकखण्डको काम भने वर्षायामपछि मात्रै सुरु हुने सडक डिभिजन भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर (सिडिई) सुमन योगेशले बताउनुभयो । उहाँले सडक पुनर्निर्माण भइरहेको तीन वटा खण्डमा हालसम्म करिब ३४ प्रतिशत भौतिक प्रगति भएको बताउनुभयो।

रोसी खोलैखोला अस्थायी डाइभर्सन निर्माण गरेर यातायात सुचारु भएको छ। रोसीखोलाको माथिल्लो भेगमा वर्षा भएसँगै तल्लो तटीय क्षेत्रमा बाढीको जोखिम बढ्ने भएपछि यातायात सञ्चालनमा रोक लगाउँदै आइएको छ। वर्षामा सवारी सञ्चालनमा रोक लगाउनु परेको अवस्थामा आगामी दिनमा भने खोलामा जोखिम मोलेर हिँड्नु नपर्ने भएको हो। उहाँले राजमार्गलाई दिगो र बलियो बनाउनका लागि खोलामा आउने बाढीले राजमार्गमा क्षति हुन नदिन खोलाको सतहदेखि साढे तीन मिटर तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिएको बताउनुभयो। डिभिजन प्रमुख योगेशले सडक पुनर्निर्माणको काम सम्पन्न भएपछि यात्रुले अहिलेको जस्तो समस्या भोग्नु नपर्ने विश्वास व्यक्त गर्नुभयो।

बाढीले क्षति गरी हाल पुनर्निर्माण भइरहेको बिपी राजमार्गको काम निर्धारित समयमा नै सम्पन्न गर्ने अनुमान गरिएको छ । राजमार्गको काम गुणस्तरीय र समयमा नै सम्पन्न गर्नका लागि गृहमन्त्री सुधन गुरुङ, भौतिक पूर्वाधार मन्त्रालयका सचिव तथा पदाधिकारी, सडक विभागका महानिर्देशक, जिल्ला सुरक्षा समिति तथा सडक डिभिजन भक्तपुरबाट बेलाबेलामा अनुगमन हुँदै आएको छ। जिल्ला सुरक्षा समितिका संयोजक तथा काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको टोलीले राजमार्ग पुनर्निर्माणको कामको अनुगमन गर्दै आएको छ।


**राष्ट्रिय खेलकुद परिषद्**
**त्रिपुरेश्वर, काठमाडौं**

**दर रेट पेश गर्नेबारेको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२५**

राष्ट्रिय खेलकुद परिषद्को आ.व. २०८३/०८४ को कार्यक्रम तथा बजेटबाट मित्र राष्ट्र जापानको आइची नागोया शहरमा मिति २०८३ असोज ३ गते देखि ऐ १८ गते **(Sept. 19 to Oct. 4 2026)** सम्म सम्पन्न हुन गइरहेको २०औं एसियन गेम्समा सहभागी हुने टोली नेता, उपनेता, खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायत अन्य सहभागीहरूका लागि आउन-जान हवाई टिकट टेण्डर प्रक्रियाबाट खरिद गर्नुपर्ने भएकोले सो टेण्डर प्रक्रियाका लागि हवाई टिकटको दर रेट निर्धारण गर्नु पर्ने भएकोले तपसिल बमोजिमको रुट अनुसारका हवाई टिकटको प्रचलित बजार दरभाउ यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र प्रति एकाइ दर रेट परिषद्मा पेश गर्नु हुन अनुरोध छ। दररेट साथ फर्म/कम्पनीको दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नुहुन समेत जानकारीका लागि अनुरोध छ। **तपसिल**

१) काठमाडौँ-जापानको आइची नागोया
२) काठमाडौँ-नयाँदिल्ली-जापानको आइची नागोया
३) काठमाडौँ-चीनको गोन्जाउ-जापानको आइची नागोया
४) काठमाडौँ-कोरियाको इन्चोन-जापानको आइची नागोया
५) काठमाडौँ-थाइल्याण्ड-जापानको आइची नागोया
६) काठमाडौँ-सिंगापुर-जापानको आइची नागोया
७) नयाँ दिल्ली-जापानको आइची नागोया
८) चीनको गोन्जाउ-जापानको आइची नागोया
९) कोरियाको इन्चोन-जापानको आइची नागोया
१०) थाइल्याण्ड-जापानको आइची नागोया
११) सिंगापुर-जापानको आइची नागोया
१२) नैरिता जापान-आइची नागोया
१३) काठमाडौँ-नैरिता जापान-आइची नागोया
१४) अमेरिकाको टेक्सासबाट आइची नागोया, जापान।
१५) उपरोक्त बमोजिम जानको लागि र जापानको आइची नागोयाबाट काठमाडौँसम्म फर्कनको लागि समेत हवाई टिकटको दररेट पेश गर्नुहुन।

**त्रिभुवन विश्वविद्यालय**
**चिकित्सा शास्त्र अध्ययन संस्थान**
**महाराजगञ्ज चिकित्सा क्याम्पस**
**महाराजगञ्ज, काठमाडौँ**

**लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मितिः २०८३।०३।२५**

यस क्याम्पसको पुस्तकालय शाखाबाट लिलाम बिक्रीका लागि छुट्याइएका पुस्तकहरू यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सकार गर्न इच्छुक व्यक्ति तथा इजाजत प्राप्त फर्मले यो सूचना प्रकाशित मितिबाट २१ (एक्काइस) औं दिनको ५:०० बजेभित्र यस क्याम्पसको सामान्य प्रशासन शाखामा बोलपत्र फाराम दस्तुर रु. ३०००।- (फिर्ता नहुने गरी) सहित निवेदन, फर्म दर्ता प्रमाणपत्र र भ्याट दर्ता प्रमाणपत्र तथा आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरू पेश गरी बोलपत्र फाराम लिनुपर्नेछ। साथै लिलाम बिक्री गरिने पुस्तकहरू अनुमानित ५५०० के.जी. भएकाले सो खरिदका लागि आफूले कबोल गरेको रकमको १५ प्रतिशतले हुन आउने रकम यस क्याम्पसको हिमालयन बैंक लि. महाराजगञ्ज शाखामा रहेको चल्ती खाता नं. **00200553660016** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस क्याम्पसको नाममा तीन महिना म्याद भएको बैंक ग्यारेण्टी पत्र अनिवार्य रूपमा संलग्न गरी २२ औं दिनको १२:०० बजेभित्र पेश गर्नुपर्नेछ र सोही अनुसार दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे खोलिनेछ। बोलपत्र सम्बन्धी थप जानकारीको लागि यस क्याम्पसको सामान्य प्रशासन शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ।

**क्याम्पस प्रमुख**

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिराहा, मधेश प्रदेश, नेपाल**
**(राजश्व शाखा)**

**विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्बन्धी सिलबन्दी टेण्डर आमन्त्रण सूचना**

(दोश्रो पटक सूचना प्रकाशित मितिः २०८३।०३।२५ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमको यस नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने देहाय बमोजिमको विज्ञापन कर र सेवा शुल्क संकलन गर्न/गराउन आर्थिक वर्ष २०८३/०८४ (एक) वर्ष अर्थात मिति २०८३ श्रावण १ गते देखि २०८४ साल असार मसान्तसम्मका लागि एकमुष्ट गनी महसुल/किस्ताबन्दीमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले इच्छुक फर्म, संस्था वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, व्यवसाय नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी विस्तृत सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रही सिलबन्दी टेण्डर प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। **तपसिल**

| क्र.स./ ठेक्का नं. | ठेक्काको नाम | ठेक्काको अवधि | न्यूनतम ठेक अंक रकम रु. (मू.अ.कर, दुर्गा पुजा चन्दा र आय कर बाहेक) | ठेक्काको किसिम | टेण्डर फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. १ देखि १० सम्म एकमुष्ट | २०८३/०८४ | रु.३९,५१,०००।- | ३ (तीन) किस्ता | ३,०००।- |
| ३. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. २३ गाढा चोक | २०८३/०८४ | रु.१,३१,०००।- | एकमुष्ट/ २ (दुई) किस्ता | १,०००।- |
| ४. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. १२ भोटिया टोल | २०८३/०८४ | रु.१,६०,०००।- | एकमुष्ट/ २ (दुई) किस्ता | १,०००।- |

(नोटः विस्तृत सूचना यस कार्यालयको Website: **www.lahanmun.gov.np** मा हेर्न सकिने छ)

**प्रमुख प्रशासकीय अधिकृत**

**वाल्मीकि विद्यापीठ**
**प्रदर्शनीमार्ग, काठमाडौँ**

**पसलकबल भाडामा लगाउनेबारेको सूचना**

(**दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/२५ गते**)

वाल्मीकि विद्यापीठका तपसिलमा उल्लिखित पसलकबलहरू जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा छुट्टाछुट्टै रूपमा भाडामा लगाउनुपर्ने भएकाले तपसिलअनुसारको न्यूनतम भाडामा नघट्ने गरी बढाबढमा भाडामा लिन इच्छुक आयकरमा दर्ता भएका व्यक्ति, फर्म/कम्पनी वा अन्य निकायले आफूले लिन चाहेको पसलकबल नम्बर र तिर्न सक्ने भाडादर स्पष्ट खुलाई बोलपत्र फाराम दर्ता गराउनुहुन सूचित गरिन्छ। इच्छुक बोलपत्रदाताहरूले आफूले लिन चाहेको पसलकबलका लागि बेग्लाबेग्लै बोलपत्र पेस गर्नुपर्ने छ। प्रति बोलपत्र फाराम रु. ५,०००।- (अक्षरेपि पाँच हजार) मात्र (फिर्ता नहुने गरी) तिरी वाल्मीकि विद्यापीठ काठमाडौँबाट खरिद र सोही स्थानमा दर्ता गर्न सकिने छ। बोलपत्र फाराम यो सूचना दोस्रो पटक प्रकाशन भएका मितिले सातौँ दिनको कार्यालय समयभित्र खरिद गरिसक्नुपर्ने छ र आठौँ दिन (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) दिउँसो २:०० बजेभित्र दर्ता गरिसक्नुपर्ने छ। निर्धारित मितिसम्ममा दर्ता भएका बोलपत्रहरू दोस्रो पटक सूचना प्रकाशित भएको मितिबाट आठौँ दिन दिउँसो ३ बजेपश्चात् वाल्मीकि विद्यापीठ काठमाडौँमा खोलिने छ। विस्तृत जानकारीका लागि वाल्मीकि विद्यापीठको वेबसाइट **https://balmeekicampus.edu.np/** वा सूचनापाटीमा हेर्नुहुन वा विद्यापीठको प्रशासन शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ। **तपसिल**

१. पसलकबल नं. २८ - न्यूनतम भाडा रु. ३८,२९०।-
२. पसलकबल नं. ०(क) - न्यूनतम भाडा रु. ३२,३९०।-

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कलैया**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।२५)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने, वैदेशिक रोजगारमा रहेका र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धीमूलक बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरूको न्यायका लागि सहजीकरण गर्न र मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्न तथा अन्य विभिन्न सचेतनामूलक कार्यहरू सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्ति करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका र इच्छुक नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा प्रशासन शाखामा आवेदन पेश गर्न आह्वान गरिएको छ।

| विज्ञापन नं | रिक्त पद | संख्या | न्यूनतम योग्यता, अनुभव र सीप |
|---|---|---|---|
| १०/२०८२/८३ | मनोसामाजिक परामर्शकर्ता | १ | – मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविधालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह वा बि. एड. स्वास्थ्य शिक्षा, वा Post Graduate Diploma in Counselling उत्तीर्ण गरेको।<br>– राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले स्वीकृत गरेको मनोसामाजिक परामर्श सम्बन्धी तालिम मोड्युल २०७७ जारी हुनु पूर्व तालिम प्राप्त गरेका उम्मेदवारको सन्दर्भमा कम्तीमा ६ महिने तालिम प्राप्त गरेको हुनु पर्ने।<br>– कम्तीमा १०+२ वा प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी २ वर्ष अनुभव भई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ।<br>– मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी वैदेशिक रोजगारको क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइनेछ। |
| ११/२०८२/८३ | रिटर्नी स्वयम्सेवक | २ | – कक्षा १० उत्तीर्ण गरी वैदेशिक रोजगारका लागि मलेसिया वा खाडी मुलुकमा गई कम्तीमा २ वर्ष काम गरी फर्किएको हुनु पर्नेछ।<br>– सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धी ज्ञान भएको हुनुपर्ने छ। |

**कार्य अवधिः** २०८४ असार मसान्तसम्म रहनेछ तर आवश्यकता तथा कार्यसम्पादनको आधारमा नवीकरण गर्न सकिनेछ।
**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ताबाट छनोट गरिनेछ।
**आवेदन दस्तुरः** मनोसामाजिक परामर्शकर्ताको लागि रु. १००० र रिटर्नी स्वयम्सेवकको लागि रु .५००
**उमेरः** १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

**तलब तथा सुविधाः**
१. मनोसामाजिक परामर्शकर्ताका लागि सहायक पाँचौं तह सरह
२. कार्यालयको सम्झौता वा नियमानुसार

**पेश गर्नुपर्ने कागजातहरू**
**१. मनोसामाजिक परामर्शकर्ताका लागि**
स्पष्ट पद सहितको निवेदन पत्र, दरखास्त फाराम, व्यक्तिगत बायोडाटा, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवको प्रतिलिपि र तालिम प्रमाणपत्रको प्रतिलिपि तथा सेवासँग मिल्ने अन्य कागजातहरूको स्व-प्रमाणित प्रतिलिपिहरू।

**२. रिटर्नी स्वयम्सेवकका लागि**
स्पष्ट पद सहितको निवेदन पत्र, दरखास्त फाराम, राहदानीमा Departure तथा Arrival को छाप लागेको प्रमाणको प्रतिलिपि, श्रम स्वीकृति भएको प्रमाणको प्रतिलिपी, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र तालिम तथा कार्य अनुभवको प्रमाणको प्रतिलिपि तथा सेवासँग मिल्ने अन्य कागजातहरूको स्व-प्रमाणित प्रतिलिपिहरू

**परीक्षा मितिः** पछि प्रकाशन हुनेछ।
**छनोट प्रक्रियाः** प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरूलाई मात्र परीक्षा प्रक्रियामा समावेश गरिनेछ र समावेशी भर्ना प्रक्रिया अवलम्बन गरिनेछ।
**दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रको कार्यालय समयमा। यदि दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो दिन पछाडि कार्यालय खुलेको दिनको कार्यालय समयभित्र।
**दरखास्त फारामः** कलैया उपमहानगरपालिकाको वेबसाइटबाट लिन सकिनेछ।
**सम्पर्क मोबाइल नं. - ९८५५०४५९७७**

**प्रमुख प्रशासकीय अधिकृत**

"कर्म गर, फलको आशा नगर ।"
–श्रीकृष्ण

सम्पादकीय

# मौद्रिक नीतिको दिशा

**बजेटले राखेका लक्ष्य र उद्देश्य पूरा गर्न केन्द्रीय बैङ्कले लिने मौद्रिक औजारसहितका समग्र कार्यदिशालाई मौद्रिक नीतिले सम्बोधन गर्छ । नेपाल राष्ट्र बैङ्कले मङ्गलबार नयाँ आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति सार्वजनिक गरेको छ। २०८३ जेठ १५ गते सङ्घीय संसद्मा प्रस्तुत गरिएको बजेटले मङ्गलबार नै विधायिकी प्रक्रिया पूरा गरेको छ। संसद्का दुवै सदनमा आगामी बजेटको विस्तृत विमर्श भई पारित भइसकेको छ। यो पटकको बजेट, यसका लक्ष्य र उद्देश्य शास्त्रीय संस्कारलाई निरन्तरता दिने खालका मात्र छैनन्। बजेट ताजा अर्थराजनीतिक दस्ताबेजसँगै मुलुकको भविष्य पनि हो। गत वर्षको भदौ विद्रोहले देशले परिवर्तनको तीव्र चाहनालाई प्रतिनिधित्व गरेको सन्दर्भमा अर्थराजनीतिक दिशा त्यसैतर्फ निर्देशित छ। परिवर्तनका चाहनालाई संस्थागत गर्न २०८२ फागुन २१ मा भएको प्रतिनिधि सभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई प्राप्त भएको झन्डै दुई तिहाइको जनादेश स्मरणीय छ। जनादेश अनुरूप रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा गठन भएको सरकारले सुशासन र भ्रष्टाचारमा शून्य सहनशीलतालाई केन्द्रविन्दुमा राखी शासकीय सुधारका सय बुँदालाई मार्गचित्र बनाएको छ । आगामी बजेटले सोही शासकीय सुधारसहित समग्र आर्थिक तथा सामाजिक आयामलाई फराकिलो बनाउँदै सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिएको छ। बजेटले लिएको यो लक्ष्य पूरा गर्न लचिलो प्रावधानसहितको मौद्रिक नीति केन्द्रीय बैङ्कले सार्वजनिक गरेको छ।**

**नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्वनाथ पौडेलले ल्याउनुभएको मौद्रिक नीतिले अब नयाँ आवको पहिलो दिनबाटै बजेट कार्यान्वयनको सम्पूर्ण आधार तय भएको छ । चालु आवको अन्तिम महिना असारसम्मका परिसूचकका आधारमा अर्थतन्त्र लक्ष्य अनुरूप चलायमान हुन सकेको छैन । बैङ्क तथा वित्तीय संस्थामा तरलता थुप्रिएको छ । न्यून ब्याजदरमा पनि लगानी हुन सकेको छैन। यो अवस्थालाई मौद्रिक नीतिले गहन विश्लेषण गर्दै आगामी आवमा सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्न ११ प्रतिशतले कर्जा विस्तारको लक्ष्य लिएको छ । झन्डै ८० खर्ब निक्षेप रहेको वर्तमान अवस्थामा ६० खर्ब रुपियाँ मात्र कर्जा रही फराकिलो तरलता छ। ११ प्रतिशतको कर्जा विस्तारले कम्तीमा पनि साढे छ खर्ब रुपियाँ लगानी विस्तार हुन सक्ने छ। यो लगानी विस्तार सात प्रतिशतको लक्ष्य हासिल गर्न पर्याप्त हुने केन्द्रीय बैङ्कको आकलन छ । त्यसले उत्पादन वृद्धिसँगै उपभोक्ताको आय बढ्ने छ। अनुकूल नीति र विश्वासिलो वातावरण हुँदा न्यून ब्याजदरका कारण लगानी विस्तार सहज हुने छ। कर्जा प्रवाहका प्रावधानलाई पनि लचिलो बनाएको छ। नीतिगत सुधारले अब बैङ्क तथा वित्तीय संस्थामा उद्यमी तथा लगानीकर्ताको पहुँच विस्तार हुने छ। नयाँ योजना, सोच र दृष्टिकोणका साथ लगानीकर्ता अगाडि बढ्दा कर्जा प्रवाह सरलीकृत हुने छ। रुग्ण उद्योग पुनः सञ्चालनमा आउने वातावरण बन्न सक्ने छ।**

**पुनरुत्थानको नीतिले निष्क्रिय कर्जाको व्यवस्थापन भई उत्पादनमूलक क्षेत्रमा रूपान्तरण हुन सक्ने छ। मौद्रिक नीतिले वित्तीय लागत न्यून बनाउँदै उत्पादनशील क्षेत्रमा लगानी बढाउने कार्यदिशाले समग्र अर्थतन्त्र चलायमान हुन सक्ने छ। मुद्रास्फीतिलाई साढे पाँच प्रतिशतमा सीमित गराउने लक्ष्यले महँगीलाई आर्थिक वृद्धिले उछिन्ने छ। चालु आवमा चार प्रतिशतभन्दा न्यून आर्थिक वृद्धि हुँदा मुद्रास्फीतिको चाप परेको छ। त्यसैका कारण सर्वसाधारण उपभोक्ता महँगीको जोखिममा छन्। यो अवस्थालाई नयाँ आवले रूपान्तरण गर्न सक्ने गरी मौद्रिक नीति तय भएको छ। विप्रेषण वृद्धि भई विदेशी मुद्राको पर्याप्तताले बाह्य क्षेत्र सहज रहेको अहिलेको अवस्थामा तरलतालाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन विस्तृत आधार तय भएको छ। बैङ्क तथा वित्तीय संस्थालाई वित्तीय लागत न्यून राखेर कर्जा प्रवाह गर्न सहयोगी नीतिले गुणात्मक लगानी वृद्धि हुने दिशानिर्देश छ। बैङ्क तथा वित्तीय संस्थालाई वर्गीकरण गरी प्रविधिमैत्री बनाउने दिशाले अब स्वाभाविक पहुँच बढ्ने छ। यसले व्यावसायिक जगत्को मनोबल उकास्न सहयोग पुग्ने छ। कर्जा सूचना र कालो सूचीसम्बन्धी व्यवस्थामा लचकता अपनाइएको छ। यसबाट अर्थतन्त्र पुनरुत्थानको चक्र सुरु हुने अपेक्षा छ। देशमा स्वच्छ ऊर्जाको पर्याप्तता बढ्दै गएको अवस्थामा बाह्य लगानी आकर्षण गर्नसमेत सकारात्मक प्रभाव पर्ने छ । अब्बल नीति हुँदैमा त्यसबाट स्वाभाविक लक्ष्य प्राप्त हुन्छ भन्ने हुँदैन । नीतिको प्रभावकारी कार्यान्वयनबाटै वाञ्छित लक्ष्य पूरा हुने छ। यसमा मौद्रिक नीति अपवाद भने हुने छैन।**

## १०० वर्ष अधिको

## गोर्खापत्र

१९८१ साल पौष ८ गते सोमबार


गोर्खापत्रको नियम ।
गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर
मोफसल सर्वत्र ४ रुपैंया मात्र छ,
ठेगाना बदल्नुपर्‍यो भनेछाडेका ठांकोर
सरेका ठामका ठेगानासमेत लेखिपठाउनु

### गोर्खापत्रको नियम ।

गोर्खापत्रको पेस्की वर्षदिनलाइ सदर
मोफसल सर्वत्र ४ रुपैंया मात्र छ,
ठेगाना बदल्नुपर्यो भने छाडेको
ठाँकोर सरेको ठाममा
ठेगानासेमेत लेखिपठाउनु

## चिन्तन

आलस्यं हि मनुष्याणां शरीरस्थो
महान् रिपुः ।
नास्त्युद्यमसमो बन्धुः
कृत्वा यं नावसीदति ॥

मानिसको शरीरमा रहने सबैभन्दा ठुलो
शत्रु भनेको अल्छी हो। परिश्रम (मेहनत)
नै मानिसको सबैभन्दा ठुलो साथी हो।
परिश्रम गर्दा कहिल्यै दुःखी हुनु पर्दैन।

**लेखक तथा साहित्यकारहरूमा अनुरोध**
गोरखापत्र दैनिकको 'विचार' पृष्ठ तथा शनिबार परिशिष्टाङ्कका लागि लेख, रचना तथा पाठक प्रतिक्रिया तलको ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौं :

**विचार तथा पाठक पत्रका लागि**
gopafeature@gmail.com
**शनिबार परिशिष्टाङ्कका लागि**
gopashanibar@gmail.com

# बिमा उत्थानका उपाय


डा. अनिलराज भट्टराई



- बिमा भविष्यको आर्थिक जोखिम कम गर्ने सस्तो उपाय
- जनमानसमा बिमाप्रति अनेकौं भ्रम र अविश्वास व्याप्त छन्
- प्रविधिको प्रयोगले युवामा बिमा आकर्षण बढाउन सकिन्छ
- कृषि बिमा शुल्कमा सरकारले ८० प्रतिशत अनुदान दिन्छ
- स्वस्थ व्यक्तिले मात्र बिमासेवा लिन योग्य मानिन्छन्

बिमालाई शान्त सुरक्षणका रूपमा आजको दुनियाँले चिनेको छ । व्यक्तिले लाख/दुई लाख तिरेर मोबाइल सेट खरिद गर्छ । खरिद गर्नेबित्तिकै सोसल मिडियामा राखिहाल्छन् । मतलब उसलाई देखाउनु छ । बिमासेवा ऊ भरिसक्य किन्दैन किनकि यो देखाउन मिल्दैन। यसले तत्काल खुसी दिँदैन। मानव जीवनमा आफ्नो जीवन र सम्पत्तिमा दुर्घटना पर्दासम्मको अवस्थामा उसले जोगावटको तयारीको मूल्य नै बुझ्नै पाउँदैन।

बिमा भविष्यमा हुन सक्ने आर्थिक क्षति र जोखिमबाट जोगिने एक सस्तो उपाय हो, जसलाई बाहिरी रूपमा प्रदर्शन गर्न मिल्दैन। यति उपयोगी हुँदाहुँदै पनि जनमानसमा बिमाप्रति अनेकौं भ्रम र नकारात्मक धारणा व्याप्त छन् । मानिस बिमालाई धनी वर्गका लागि मात्र ठान्ने, आफू स्वस्थ र सम्पन्न भएकाले आवश्यक नठान्ने र पैसा भए बैङ्कमै राख्न रुचाउने गर्छन्। साथै बिमा कम्पनीले दाबी भुक्तानी नदिने, सेवा महँगो र झन्झटिलो हुने तथा बजारमा आफ्नो चाहना अनुसारका योजना नपाइने जस्ता अविश्वास र गुनासाका कारण धेरै जसो मानिस अझै पनि बिमासेवाप्रति उदासीन देखिन्छन्।

यी र यस्ता अनगन्ती प्रश्नको जवाफ बिमासँग सम्बन्धित निकाय र संस्थाले सहर सहर, गाउँ गाउँ, टोल टोलसम्म पुर्‍याउनु अति आवश्यक भइसकेको छ । बिमा धनी वर्ग र व्यक्तिका लागि मात्र होइन। बिमाले सबै व्यक्ति, वर्ग र समुदाय सबैलाई सधैँ समान रूपले व्यवहार गर्छ । नेपालमा दुई किसिमले बिमासेवा बजारमा उपलब्ध छ, औपचारिक बिमा र नेपाल सरकार स्वयम्ले देशका विपन्न, निर्धन, न्यून आय भएका र मध्यम वर्गलाई लक्षित गर्दै ल्याएको बिमा (सुरक्षण) सेवा।

### किसानका लागि वरदान

औपचारिक रूपमा नेपालमा १४ वटा निर्जीवन, १४ वटा जीवन बिमा कम्पनी, सात वटा लघु बिमा कम्पनीले विपन्न र न्यून आयआर्जन गर्ने व्यक्ति र समुदायलाई लक्षित गर्दै धेरै किसिमका बिमा वस्तु र सेवा बजारमा ल्याएका छन्। उदाहरणका लागि स्वास्थ्य बिमा, दुर्घटना बिमा, रिक्सा बिमा, छाप्रो बिमा, साइकल बिमा, कृषि बिमा, पशु बिमा, बाली बिमा, पन्छी बिमा, मत्स्य बिमा आदि।

त्यसै गरी जीवन बिमातर्फ २० हजार रुपियाँदेखि माथिका जीवन बिमा बजारमा उपलब्ध छन् । यसै गरी व्यावसायिक बिमा कम्पनीले धनी जमिनदारलगायत साना किसानलाई समेत लक्ष्य राखी कृषि बिमा, बाली बिमा, पशुपालन बिमा, मौरीपालन, मत्स्यपालन बिमालगायत अरू थुप्रै बिमा सेवा प्रदान गर्दै आएका छन् । कृषि र पशुपालन बिमाका लागि साना किसानले तिर्नुपर्ने बिमा शुल्कको ८० प्रतिशत भाग सरकारले बेहोर्ने गरेको छ । यो बिमाको क्षेत्रमा खासगरी न्यून आय भएका विपन्न किसानका लागि वरदान साबित हो । अनौपचारिक बिमातर्फ स्वास्थ्य बिमा बोर्डले नेपालका सबै परिवारलाई समेट्ने गरी पाँच जनाको परिवारका लागि दुई लाख रुपियाँसम्मको स्वास्थ्य सेवा प्रदान गर्न तीन हजार पाँच सय रुपियाँ वार्षिक लिने गरी बिमा सुविधा प्रदान गरेको छ।

### बिमा कसले गर्ने ?

युवापुस्ताले म स्वस्थ छु, तन्दुरुस्त छु, सम्पन्न छु र मलाई किन बिमा चाहियो भन्ने गर्छन्। बिमा भनेकै स्वस्थ भएकाले गर्ने हो। जो अस्वस्थ छ उसको त बिमा नै हुँदैन। बिमासेवा सस्तो पर्न आउँछ। त्यसै गरी जीवन बिमातर्फ सानो उमेरमै आफूले ठुलो धनराशि पाएर सानाठूला काम व्यवसाय गर्न एकमुष्ट रकम पाइन्छ।

बिमा कम्पनीले लिन मात्र जान्दछ तिर्न जान्दैन भन्ने पनि छ। नेपालका औपचारिक बिमासेवा प्रदायक बिमाको अन्तरराष्ट्रियस्तरमा प्रतिपादित सिद्धान्तको परिधिभित्र रहेर व्यवसाय गरिरहेका हुन्छन्। तसर्थ प्राविधिक तवरमा केही ढिलो हुनु स्वाभाविक ठहर्छ तर तिर्दैनन्

> नेपालको बिमा बजारलाई भरपर्दो र विकसित बनाउन युवापुस्तामाझ सामाजिक सञ्जाल जस्ता आधुनिक प्रविधिको माध्यमबाट व्यापक प्रचारप्रसार गर्नु आवश्यक भइसकेको छ । यसबाट आकर्षित भई युवाले महँगा मोबाइल खरिद गर्दा अनिवार्य बिमा गर्ने र त्यसलाई सामाजिक सञ्जालमा सेयर गर्ने संस्कृति बस्ने छ ।

भन्ने भाष्य अलि अमिल्दो हुन्छ। केही महिनाअघिको आगलागीमा बिमा कम्पनीले तत्काल तिरेका अर्बौं रुपियाँको दाबीले स्पष्ट पार्दछ। खासमा जनमानसमा त्यस्ता खालका भाष्य किन देखा पर्छ भने लहै लहैमा बिमा गर्दा, बिमा नीति (करारनामा) मा लेखिएका सर्त सुविधा अध्ययन गर्ने आदत नहुनु। यस्तै बिमा अभिकर्ताले सही सूचना नदिने र कहिलेकाहीँ उल्टा सूचना प्रवाह गर्न, बिमा गरेपछि सबै दुर्घटना वा जोखिमका कारणले भएको नोक्सानी पाउनु पर्छ भन्ने गलत धारणा छ। ग्राहक वर्ग आफू के कुन जोखिमबाट जोगिन खोजेको हो सो स्पष्ट नभएको अवस्था जस्ता कारणले यस्तो प्रश्न उब्जाएको हुन्छ। तसर्थ बिमा ग्राहक विशिष्ट रूपमा सचेत रहनु अति आवश्यक छ।

आफूले खोजेको जस्तो बिमासेवा वस्तु बजारमा पाइँदैन भन्ने पनि छ। विगतमा बिमा वस्तु र सेवा निड्स बेस्ड भएको नभेट्नु स्वाभाविक भए पनि हालका दिनमा बिमकले आफ्ना ग्राहकको राम्रो छनोट गरी भौगोलिक र आयआर्जन र सम्पत्ति आदिको सूक्ष्म अध्ययन गरी बिमाङ्कबाट प्रमाणित गराई, बिमा प्राधिकरणबाट स्वीकृतिसमेत लिएर मात्र बजारमा ल्याएका छन्। बिमा ग्राहकबाट समेत बिमकले के कस्तो बिमा वस्तु र सेवा त्यस्ता ग्राहकले खोजेको हो सोको सधैँ ध्यानमा राखेका हुन्छन् किनकि बिमा वस्तु र सेवा त्यतिबेला रुचाइन्छ जब त्यस्तो वस्तु र सेवा स्थानीय ग्राहकको चाहना मुताविकको हुन्छ। त्यसै गरी स्वास्थ्य बिमा बोर्डले पनि निकट भविष्यमा निड्स बेस्ड स्वास्थ्य बिमासेवा विभिन्न सानाठुला आकारमा ल्याउनुपर्ने टड्कारो भइसकेको छ।

बिमाको मूल्य महँगो छ भन्ने प्रश्न पनि उठ्छ। बिमाको मूल्य जहिले पनि देशको आर्थिक विकास, औद्योगिक विकास बन्द व्यापार, जनमानसको आयस्रोत, बचतको अवस्था, जनमानसको बिमाप्रतिको आकर्षण आदिमा निर्भर हुने गर्छ। त्यस्तै बिमासेवा झन्झटिलो छ भन्ने पनि छ। बिमा सेवाप्रदायक सेवा भनिए जस्तो झन्झटिलो छैन किनकि बिमा ग्राहकलाई बिमाबारे सही जानकारी प्रवाह होस् भन्नाले बिमा अभिकर्ताको सङ्ख्या प्रशस्त मात्रामा बढाइएको छ। तिनलाई सक्षम र योग्य बनाउन तालिमसमेत प्रदान गरिँदै आएको छ।

त्यसै गरी बिमा दाबी भुक्तानी सहज र सरल मात्रामा पाइयोस् भन्नका लागि हजारभन्दा बढी बिमा सर्भेयर इजाजतपत्र प्रदान गरिसकेको र सेवा भावलाई ध्यानमा राख्दै उनीहरूलाई समय समयमा प्रशिक्षणसमेत दिँदै आएको पाइन्छ। त्यसै गरी स्वास्थ्य बिमा दाबी सहज होओस् भन्नाका लागि अन्तर्राष्ट्रियस्तरमा सञ्चालन भएसरहको तेस्रो पक्ष प्रशासकको व्यवस्था गरी दाबीलाई छिटो छरितो गराउनुका साथै बेइमानी हुनबाट रोक्न ठुलो सहयोग मिल्ने थियो।

### ग्राहकलाई दोहोरो लाभ

पैसा भए बैङ्कमा राख्ने हो, बिमा गरेर अरूलाई किन पोस्ने ? बिमाबारे आमजनमानसको धारणा यहीं नकारात्मक छ। बिमा गर्ने भनेको मरेपछि अरूले पाउनेभन्दा पनि आफ्नो आर्थिक मजबुतीका लागि गर्ने हो। आफूसँग रहेको पैसा बैङ्कमा राख्दा हालको परिवेशमा ४.५ प्रतिशतभन्दा कम ब्याज छ, त्यो पनि मुद्दती खातामा राख्दा वार्षिक पाइने हो तर जीवन बिमा गर्दा तिरेको बिमा शुल्कको प्रत्येक वर्ष ८.५ प्रतिशत बोनस दिने गरी जीवन बिमालेख बजारमा आइरहेका छन्। यसले ग्राहकलाई के फाइदा हुन्छ भने आफू जीवित रहँदा तिरेको बिमा शुल्क र त्यसमा प्रत्येक वर्ष बोनस कम्पाउन्ड इन्ट्रेस्ट जस्तो हिसाब गरी बिमालेख समाप्त भएपछि ग्राहक स्वयम्ले तिरेभन्दा डबल रकम हात पार्ने हुन्छ। यसर्थ बचत भएको रकमको केही भाग जीवन बिमामा बिमा शुल्क तिर्दा ग्राहकले दोहोरो लाभ पाउने हुन्छ।

समग्रमा नेपालको बिमा बजारलाई भरपर्दो र विकसित बनाउन युवापुस्तामाझ सामाजिक सञ्जाल जस्ता आधुनिक प्रविधिको माध्यमबाट व्यापक प्रचारप्रसार गर्नु आवश्यक भइसकेको छ । यसबाट आकर्षित भई युवाले महँगा मोबाइल खरिद गर्दा अनिवार्य बिमा गर्ने र त्यसलाई सामाजिक सञ्जालमा सेयर गर्ने संस्कृति बस्ने छ। यसले गर्दा परिवारको जीवन र सम्पत्तिको समेत बिमा भई सुरक्षित रहने वातावरण बन्ने छ, जसले बिमाको वास्तविक अर्थलाई सार्थक तुल्याउँछ । साथै बिमालेख सामाजिक सञ्जालमा राख्ने युवालाई आगामी वर्ष नवीकरण शुल्कमा छुट दिने नीति ल्याएमा बिमाप्रति आकर्षण बढ्ने छ र यसले सबैलाई तत्काल खुसी प्रदान गर्ने छ।

# सुशासनको आधार : सदाचार नीति


भानु पराजुली

'राष्ट्रिय सदाचार नीति, २०८३' नेपाल सरकार मन्त्रीपरिषद्बाट २०८३ असार १८ मा स्वीकृत भएको छ। यो नीति जेनजी आन्दोलनपछि गठन भएको हालको वालेन्द्र शाह नेतृत्वको सरकारले पारित गरेको हो । त्यसैले यसलाई 'पुरानो सरकारले ल्याएको' भन्नुभन्दा हालकै कार्यकारी संयन्त्रको उपज मान्नु बढी यथार्थपरक हुन्छ। यद्यपि यसको मसौदा तयारी प्रक्रिया भने अघिल्लो प्रशासनिक संयन्त्रबाटै अगाडि बढेको हो। यस्ता नीतिगत दस्ताबेज साधारणतया लामो समयदेखि प्रशासनभित्र तयार हुँदै आउँछन् र मन्त्रीपरिषद् परिवर्तन भए पनि निरन्तरता पाउँछन्।

यो नीति तीन परिच्छेदमा विभाजित छ– परिचय, नीति संरचना र नीति कार्यान्वयन । यसले 'सदाचारयुक्त समाजमार्फत सुशासन र समृद्धि' भन्ने दूरदृष्टि राखेको छ र यसलाई नौ मूलभूत मान्यता– स्वतन्त्रता, सक्रियता, व्यावसायिकता, रचनात्मकता, मानव मर्यादा, नागरिक सहभागिता, राष्ट्रभक्ति, निष्ठा र सकारात्मकतामार्फत संस्थागत बनाउने प्रयास गरेको छ।

नीतिको सबैभन्दा उल्लेखनीय पक्ष भनेको यसले सदाचार प्रवर्धनलाई कुनै एक निकाय वा तह (सङ्घ मात्र) मा सीमित नराखी सङ्घ, प्रदेश र स्थानीय गरी तिनै तहका सरकार, न्यायपालिका, संवैधानिक निकाय, राजनीतिक दल, निजी क्षेत्र, गैरसरकारी संस्था, सञ्चार माध्यम, कूटनीतिक क्षेत्र, शैक्षिक संस्था र स्वयम् नागरिकसम्म फैलाएको छ। यसले सदाचारलाई 'व्यक्तिगत नैतिकता वा सरकारी दायित्व' भन्दा माथि उठाई 'साझा उत्तरदायित्व' का रूपमा प्रस्तुत गरेको छ; जुन दृष्टिकोणगत रूपमा सही र समावेशी देखिन्छ।

### दण्डहीनता अन्त्यको ठोस औजार

यस नीतिभित्र केही यस्ता प्रावधान छन्; जसलाई सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा लैजाने हो भने भ्रष्टाचार नियन्त्रण र दण्डहीनता अन्त्यको ठोस औजार बनाउन सकिन्छ :

**सदाचार परिपालना संयन्त्र** : यो प्रत्येक सार्वजनिक निकायमा जोखिममा आधारित सुपरीवेक्षण गर्ने संयन्त्र हो। वास्तविक स्वायत्तता र अधिकारसहित गठन भयो भने यसले भित्री भ्रष्टाचार समयमै पत्ता लगाउन मद्दत गर्न सक्छ।

**सत्यनिष्ठा मूल्याङ्कन सूचक** : प्रत्येक राष्ट्रसेवकको वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा यो सूचक जोड्ने योजना व्यवहारमा लागु भयो भने भ्रष्टाचारमा संलग्न कर्मचारीलाई पदोन्नति वा प्रोत्साहनबाट स्वतः वञ्चित गर्ने संरचनागत आधार बन्न सक्छ।

**सम्पत्ति विवरण सार्वजनिकीकरण** : राजनीतिक दलका प्रतिनिधि र सार्वजनिक पदमा नियुक्त व्यक्तिले अनिवार्य सम्पत्ति विवरण सार्वजनिक गर्नैपर्ने व्यवस्था राम्ररी लागु भए पारदर्शिता बढ्न सक्छ। यो व्यवस्था विगतमा पनि कानुनी रूपमा अस्तित्वमा थियो तर यसको पालना कमजोर रहेको तथ्यलाई बिर्सन मिल्दैन। नीतिले मात्र भन्दा यसको अनिवार्य कार्यान्वयन र गैरपालनामा दण्डको स्पष्ट व्यवस्थाले मात्र फरक पार्ने छ।

**दण्ड र प्रोत्साहन प्रणाली** : नीति कार्ययोजनामा 'उत्कृष्ट कार्यसम्पादन गर्ने निकाय तथा कर्मचारीलाई प्रोत्साहन र कमजोर कार्यसम्पादन वा अनियमिततामा संलग्नलाई प्रचलित कानुनबमोजिमको कारबाही' भन्ने उल्लेख छ। यो दिशा सही भए पनि 'प्रचलित कानुनबमोजिम' भन्ने वाक्यांशले नयाँ कडा दण्ड व्यवस्था ल्याउने प्रतिबद्धता देखाउँदैन; बरु हालको (प्रायः कमजोर मानिने) कानुनी संरचनामै भर पर्छ।

**गुनासो व्यवस्थापन र डिजिटल पारदर्शिता** : अनलाइन गुनासो प्रणाली, खुला डेटा र सार्वजनिक निकायका निर्णयको वेबसाइटमार्फत सार्वजनिकीकरण जस्ता व्यवस्थाले नागरिक निगरानी बलियो बनाउन सक्छ।

### संरचनागत कमजोरी

यो नीति विश्लेषण गर्दा केही गम्भीर सीमितता पनि देखिन्छन् । पहिलो, यो नीति मात्र हो; ऐन होइन । नीतिले ठाउँ ठाउँमा 'सदाचार ऐन निर्माण गर्ने' भनेको छ तर यसको समयसीमा स्पष्ट छैन र हालसम्म यस्तो ऐन संसद्मा आएको छैन । नीति कार्यान्वयन गर्ने कानुनी दाँत नबनेसम्म यो एउटा 'आकाङ्क्षापत्र' मात्र रहन्छ। नेपालमा यसअघि पनि सुशासन ऐन, भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संरचना अस्तित्वमा हुँदाहुँदै पनि भ्रष्टाचार र दण्डहीनता नियन्त्रण हुन नसकेको यथार्थलाई नीतिले नै 'कार्यान्वयनमा जटिलता र दोहोरोपन' भनी स्वीकार गरेको छ। समस्या कानुन/नीतिको अभावभन्दा बढी इच्छाशक्ति र कार्यान्वयनको हो भन्ने कुरा नीति स्वयम्ले स्विकारेको छ तर यसको समाधान भने प्रायः संस्थागत संरचना थप्ने र समिति गठन गर्नेमै सीमित देखिन्छ।

दोस्रो, जिम्मेवारी अत्यधिक फराकिलो र छरिएको छ। कार्ययोजना हेर्दा एउटै कार्यका लागि दर्जनौं 'सहयोगी निकाय' तोकिएको छ, यसले समन्वयको जटिलता झन् बढाउने जोखिम राख्छ । नीतिले नै 'संस्थागत समन्वयको अभाव' लाई प्रमुख चुनौती भनेको छ तर समाधानका रूपमा प्रस्तावित संरचना (मुख्य सचिवको संयोजकत्वमा निर्देशक समिति) पनि थप एउटा तह मात्र थप्ने खतरा देखिन्छ।

तेस्रो, वित्तीय स्रोतको प्रतिबद्धता अस्पष्ट छ। नीतिले 'नियमित वार्षिक बजेट तथा कार्यक्रममार्फत' स्रोत जुटाउने भनेको छ; जुन कुनै ठोस बजेटीय प्रतिबद्धता होइन । निजी क्षेत्र र गैरसरकारी क्षेत्रलाई समेत आफ्नै स्रोतबाट खर्च गर्न भनिएको छ; जसले कार्यान्वयनलाई परिस्थितिजन्य बनाउँछ।

चौथो, राजनीतिक दल र विधायिकाका लागि तोकिएका आचरण (जस्तै– 'स्वार्थ बाझिने संसदीय समिति र बैठकमा सहभागी नहुने', 'सम्पत्ति विवरण सार्वजनिक गर्ने') राम्रा भए पनि, यी विगतमा पनि नैतिक प्रतिबद्धताकै रूपमा अस्तित्वमा रहेका र पालना कमजोर रहेका विषय हुन् । यस पटक फरक हुनका लागि अनुगमन गर्ने स्वतन्त्र र शक्तिशाली निकाय (जस्तै– संसदीय आचार समिति) लाई साँच्चै स्वायत्तता र दण्ड दिने अधिकार चाहिन्छ; जुन नीतिमा प्रस्ट देखिँदैन।

### ध्यान दिनुपर्ने विषय

यस नीतिलाई प्रभावकारी बनाउन निम्न कुरामा ध्यान दिन सकिन्छ :

**सदाचार ऐनको मसौदा र संसद्मा पेस गर्ने स्पष्ट समयसीमा तोक्ने र सार्वजनिक गर्ने** : नीति स्वयम्ले तोकेको समयसीमा (जस्तै– ऐन निर्माणका लागि तोकिएको अवधि) लाई कडाइका साथ पालना गर्ने।

**राष्ट्रिय सतर्कता केन्द्रलाई साँच्चै स्वायत्त र स्रोतसाधनयुक्त बनाउने** : हाल यो केन्द्र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत नै रहने भएकाले यसको स्वतन्त्रता प्रश्नमा रहन्छ। स्वतन्त्र विज्ञ समूहको भूमिका (नीतिमा उल्लिखित पाँच सदस्यीय टिम) लाई कानुनी संरक्षण दिनु आवश्यक छ।

यस्तै जेनजी आन्दोलनका माग र कार्की आयोगका सिफारिसलाई यस नीतिसँग प्रत्यक्ष जोड्ने। आन्दोलनको मूल माग नै भ्रष्टाचार र नातावादविरुद्ध थियो; यसैले नीति कार्यान्वयनको प्रगति सार्वजनिक रूपमा नियमित प्रतिवेदन गरी जनतालाई विश्वस्त पार्नँ राजनीतिक रूपमा पनि लाभदायक हुन्छ।

**दण्डहीनता अन्त्यका लागि विशेष व्यवस्था** : विगतका ठुला भ्रष्टाचार प्रकरण र दमनसम्बन्धी मुद्दामा कारबाहीको गति यस नीतिको विश्वसनीयताको कसी हुने छ । नीति जति राम्रो भए पनि किस्ता किस्ता र छनोटमूलक कार्यान्वयन गर्ने पुरानो परम्परा भएमा जनविश्वास झन् गुम्ने छ।

नागरिक समाज र सञ्चार माध्यमको भूमिकालाई साँच्चै स्वतन्त्र राख्न : नीतिले नागरिक सहभागिता र सामाजिक निगरानीको कुरा गरे पनि सोही सरकार वा अघिल्ला सरकारहरूले नागरिक समाज र गैरसरकारी संस्थालाई दबाब दिएको आरोप रहिआएको सन्दर्भमा यो नीतिको मर्म पूरा गर्न अभिव्यक्ति स्वतन्त्रता र सङ्गठित हुने अधिकारलाई सङ्कुचित नगर्ने प्रत्याभूति दिनु आवश्यक हुन्छ।

### निष्कर्ष

राष्ट्रिय सदाचार नीति, २०८३ ले नेपालमा छरिएर रहेका सदाचारसम्बन्धी प्रयासलाई एकीकृत गर्ने राम्रो नियतको दस्ताबेज प्रस्तुत गरेको छ। यसका धेरै प्रावधान, विशेष गरी सत्यनिष्ठा मूल्याङ्कन सूचक, जोखिममा आधारित सुपरीवेक्षण र बहुक्षेत्रीय दायित्व बाँडफाँट सही देखिन्छन् । तर यो नीति आफैँमा कानुनी बाध्यकारिता नभएको दस्ताबेज भएकाले यसको वास्तविक कसी भनेको आगामी महिना–वर्षमा बन्ने ऐन, नियमावली र सबैभन्दा महत्त्वपूर्ण त तिनको इमानदार कार्यान्वयनमा निर्भर रहने छ । सरकारले यस नीतिलाई कागजी दस्ताबेजमा सीमित नराखी, जेनजी आन्दोलनले उठाएको जवाफदेहिता र न्यायको मागसँग प्रत्यक्ष जोडेर, स्पष्ट समयसीमा र स्वतन्त्र निगरानी संयन्त्रसहित कार्यान्वयन गर्ने हो भने यसले नेपालको सुशासन र भ्रष्टाचार नियन्त्रणमा साँच्चै योगदान पुर्‍याउन सक्छ।

# तासको महल झैँ ढले महल

रामप्रसाद आचार्य

दक्षिण अमेरिकी मुलुक भेनेजुएला एक शताब्दीयताकै ठुलो विपत्तिमा परेको छ। त्यहाँ क्षणभरमै तासको महल झैँ गगनचुम्बी भवन ढले। ठुलो जनधनको क्षति भयो। ३९ सेकेन्डको अन्तरमा गएका दुई शक्तिशाली भूकम्पले मच्चाएको विनाशलीला अकल्पनीय छ। दुई हजारभन्दा बढी मानिसको मृत्यु भयो। १६ हजार ७४० भन्दा बढी मानिस घाइते छन्। ५० हजारभन्दा बढी मानिस अझै बेपत्ता छन्। ५८ हजारभन्दा बढी भवन ध्वस्त भएका छन्। यो भूकम्पले आधुनिक विकास संरचनालाई नै चुनौती दिएको छ। यस विपत्तिले सबैलाई झस्काएको छ, तर्साएको छ। देशमा सङ्कटकाल लगाएर उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणको काम गरिँदै छ।

प्रकृतिले समय समयमा लय परिवर्तन गर्छ। उसको आफ्नै लय छ। उसले जे चाह्यो त्यही हुन्छ। मानिसले बनाएका भौतिक संरचना, प्रविधि र विकास प्रकृतिमैत्री हुनु पर्छ। आधुनिकताका नाउँमा मानिसले प्रकृतिलाई जित्न खोज्दै छ। प्रकृतिको लय प्रतिकूल हुने काम गर्दै छ, जुन सम्भव छैन। भेनेजुएला भूकम्पीय जोखिममा रहेको मुलुक हो। त्यहाँ बारम्बार भूकम्प जान्छ। भूकम्पीय जोखिम हुँदाहुँदै पनि त्यहाँ गगनचुम्बी भवन, अपार्टमेन्टलगायतका ठुला संरचना बनेका छन्। प्रकृतिमैत्री नभएका ती संरचना नै त्यहाँ मृत्यु र विनाशका कारक बने।

गत जुन २४ मा भेनेजुएलामा गएका दुई विनाशकारी भूकम्पीय घटनाले विश्व समुदायलाई नै स्तब्ध बनायो। एक शताब्दीभन्दा बढी समयपछिकै सबैभन्दा शक्तिशाली मानिएको यस प्राकृतिक विपत्तिले विकास र प्रविधिको दम्भमा बाँचिरहेको आधुनिक मानव सभ्यतालाई नै चुनौती दिएको छ। स्थानीय समय अनुसार साँझ ६ बजे अचानक शक्तिशाली भूकम्प गयो। उत्तर-मध्य भेनेजुएलाको याराकुई राज्यलाई केन्द्रविन्दु बनाएर गएका दुई वटा शक्तिशाली भूकम्पले क्षणभरमै विनाशलीला मच्चायो। अमेरिकी भूगर्भ सर्वेक्षणका अनुसार पहिलो धक्का ७.२ म्याग्निच्युड र त्यसको ३९ सेकेन्डलगत्तै अर्को मुख्य धक्का ७.५ म्याग्निच्युडको थियो। पहिलो धक्काबाट कमजोर बनेका भौतिक संरचना दोस्रो ठुलो धक्कामा पूर्ण रूपमा ध्वस्त हुन पुगे। भूकम्पको केन्द्रविन्दु राजधानी काराकसभन्दा केही पश्चिममा भए पनि यसको विनाशलीला राजधानी र विशेष गरी तटीय राज्य ला ग्वाइरामा देखिएको छ। अमेरिकी अन्तरीक्ष अनुसन्धान केन्द्र 'नासा' को भूउपग्रहीय प्रतिवेदन अनुसार ५८ हजारभन्दा बढी भवन पूर्ण रूपमा नष्ट भएका छन्। काराकस अन्तर्राष्ट्रिय विमानस्थल बन्द छ। विद्युत्, खानेपानी र सञ्चार सम्पर्क पूर्ण रूपमा विच्छेद भएको छ। काराकस र ला ग्वाइराका धेरै जसो आधुनिक र बहुतले आवासीय भवन, अपार्टमेन्ट तासको महल झैँ ढले। लाखौँ मानिस घर छाडेर सडक, पार्क र चर्चको खुला मैदानमा रात बिताउन बाध्य भए। मुख्य भूकम्पपछि अहिलेसम्म आठ सयभन्दा बढी परकम्प गएका छन्।

त्यहाँका आठ वटा ठुला अस्पताल र रेडक्रसका भवन ध्वस्त भए। यसले गर्दा घाइतेको उपचारमा निकै चुनौती थपिएको छ। प्रभावित क्षेत्रमा विद्युत् आपूर्ति, खानेपानी र सञ्चार सेवा विच्छेद भएको छ। काराकसको मेट्रो रेल सेवा र अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरिएका छन्। प्रारम्भिक अनुमान अनुसार यस भूकम्पबाट ३७ अर्ब अमेरिकी डलरभन्दा बढीको भौतिक क्षति भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

भेनेजुएला लामो समयदेखि आर्थिक नाकाबन्दी, आन्तरिक राजनीतिक खिचातानी र चरम आर्थिक मन्दीको सामना गरिरहेको



३३९ सेकेन्डको अन्तरमा गएका ७.२ र ७.५ म्याग्निच्युडका दुई शक्तिशाली भूकम्पले मच्चाएको विनाशलीला अकल्पनीय
तीन हजार ३३५ भन्दा बढी मानिसको मृत्यु, ५० हजारभन्दा बढी मानिस अझै बेपत्ता
नासा' को भूउपग्रहीय प्रतिवेदन अनुसार ५८ हजारभन्दा बढी भवन पूर्ण रुपमा नष्ट
पुनर्निर्माणका लागि दीर्घकालीन रुपमा १११ अर्ब अमेरिकी डलरभन्दा बढी रकम आवश्यक
अमेरिकाले घोषणा गरेको तीन सय मिलियन डलर र युरोपेली सङ्घको तत्काल मानवीय सहायता कोष सिधै प्रभावित क्षेत्रमा परिचालन

देश हो। भूकम्प आउनुअघि नै त्यहाँको एक चौथाइ जनसङ्ख्यालाई आकस्मिक मानवीय सहायताको आवश्यकता थियो। जब भूकम्प गयो, तब त्यहाँको स्वास्थ्य र उद्धार प्रणालीले २४ घण्टा पनि धान्न सकेन। अस्पतालहरू आफैँ क्षतिग्रस्त भए, आकस्मिक औषधी र प्रविधिको अभाव देखियो। भेनेजुएला तेलको धनी देश हो। सबैभन्दा दुखद कुरा त, भग्नावशेष पन्छाउने आधुनिक ठुला मेसिनहरू इन्धन (पेट्रोल/डिजेल) को अभावका कारण थन्किएर बस्नु पर्‍यो। उद्धारकर्ताले आफ्नै खाली हातले ढुङ्गा र सिमेन्टका ढिस्का पन्छाएर मानिसको खोजी गरिरहेका छन्। सेना, फायरफाइटर र विभिन्न अन्तर्राष्ट्रिय उद्धार टोली, स्थानीयवासी तथा सङ्घ संस्था भग्नावशेषमा पुरिएकाको खोजीमा निरन्तर खटिएका छन्। भेनेजुएलामा लामो समयदेखि चलिरहेको आर्थिक सङ्कट र पेट्रोल/डिजेलको अभावका कारण भग्नावशेष पन्छाउने ठुला मेसिन सञ्चालन गर्न नसक्दा उद्धार कार्य निकै सुस्त र चुनौतीपूर्ण बनेको छ। सहायता सामग्री वितरणमा राजनीतिक दाउपेच देखियो; जसले गर्दा भोक र रोगको अर्को महामारी फैलिने खतरा बढेको छ।

## अन्तर्राष्ट्रिय गतिविधि

भेनेजुएलाको पुनर्निर्माणका लागि दीर्घकालीन रूपमा १११ अर्ब अमेरिकी डलरभन्दा बढी बजेट आवश्यक पर्ने अनुमान छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्रारम्भिक डिजिटल मूल्याङ्कन अनुसार प्रत्यक्ष भौतिक क्षति मात्रै ३७ अर्ब डलरभन्दा बढी छ। भूकम्पले राजधानी काराकससहित ला गुइरा, काराबोबो, मिरान्डा जस्ता मुख्य आर्थिक केन्द्रमा व्यापक विनाश भएको छ। ध्वस्त ५८ हजारभन्दा बढी आवास, अस्पताल र विद्यालयलाई 'बिल्ड ब्याक बेटर' सिद्धान्त अनुसार सुरक्षित पुनर्निर्माण गर्न धेरै बजेट आवश्यक पर्छ। क्षतिग्रस्त काराकस अन्तर्राष्ट्रिय विमानस्थलको टावर, धावनमार्ग र ला गुइरा बन्दरगाह जस्ता ढुवानी केन्द्रको स्थायी पुनर्निर्माण गर्नुपर्ने अवस्था छ। व्यापारिक अवरोध न्यूनीकरण, विस्थापित नागरिकको पुनर्स्थापना र औद्योगिक उत्पादन सुचारु गर्न व्यापक स्रोत जुटाउनुपर्ने छ।

लामो समयदेखि आर्थिक सङ्कट र राजनीतिक उतारचढाव झेल्दै आएको भेनेजुएलाका लागि पुनर्निर्माण प्रक्रिया सजिलो छैन। कार्यवाहक राष्ट्रपति रोड्रिगेजको सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोषमा रहेको आफ्नो विशेष रेखाचित्र अधिकार अन्तर्गतको ४.५ अर्ब डलर सञ्चित कोषमध्ये प्रारम्भिक रूपमा दुई सय मिलियन डलर तत्काल पूर्वाधार पुनर्निर्माणका लागि परिचालन गर्ने निर्णय गरेको छ। अमेरिकी कोषले राहत र पुनर्निर्माण सहज बनाउन 'सामान्य इजाजतपत्र नम्बर ६०' जारी गरेको छ। अमेरिकाले घोषणा गरेको तीन सय मिलियन डलरभन्दा बढीको सहायता र युरोपेली सङ्घको सहयोग पारदर्शी रूपमा परिचालन गर्न मार्ग प्रशस्त भएको छ। क्यारेबियन र दक्षिण अमेरिकी टेक्टोनिक प्लेटको सिमानामा अवस्थित भएकाले भेनेजुएला उच्च भूकम्पीय जोखिममा छ। नासा र युरोपेली अन्तरिक्ष एजेन्सीको स्याटेलाइट राडार डेटाको सहयोगमा प्रभावित क्षेत्रको नक्साङ्कन गरी अब बन्ने संरचना भूकम्पप्रतिरोधी मापदण्ड अनुसार बनाउनु पर्छ। सरकारी निकायप्रति जनआक्रोश रहेकाले पुनर्निर्माणलाई सफल बनाउन क्याटिया ला मार जस्ता क्षेत्रमा सक्रिय स्थानीय स्वयंसेवक, सेना र अन्तर्राष्ट्रिय उद्धार टोलीहरूबिच पारदर्शी तथा विकेन्द्रीकृत समन्वय संयन्त्र आवश्यक पर्छ।

भेनेजुएलाको पुनर्निर्माण केवल भत्केका संरचना खडा गर्नँ मात्र नभई इतिहासकै खराब आर्थिक सङ्कटबाट गुज्रिएको देशको पूर्वाधारलाई आधुनिक र सुरक्षित बनाउने अवसर पनि हो। यसका लागि वैदेशिक प्रतिबन्धको खुकुलोपन र देशभित्रको राजनीतिक खिचातानी अन्त्य गरी पारदर्शी बजेट परिचालन गर्नँ अनिवार्य सर्त हो।

भेनेजुएलाको पुनर्निर्माण केवल भत्केका संरचना खडा गर्ने मात्र नभई इतिहासकै खराब आर्थिक सङ्कटबाट गुज्रिएको देशको पूर्वाधारलाई आधुनिक र सुरक्षित बनाउने अवसर पनि हो। यसका लागि वैदेशिक प्रतिबन्धको खुकुलोपन र देशभित्रको राजनीतिक खिचातानी अन्त्य गरी पारदर्शी बजेट परिचालन गर्नु अनिवार्य सर्त हो।

लामो समयदेखि आर्थिक र राजनीतिक सङ्कट झेल्दै आएको भेनेजुएलाका लागि बाह्य सहयोगबिना पुनर्निर्माण असम्भव जस्तै छ। यसमा अन्तर्राष्ट्रिय समुदायको भूमिका बहुआयामिक छ। अमेरिकी कोषले जारी गरेको 'सामान्य इजाजतपत्र नम्बर ६० ' पुनर्निर्माणको मेरुदण्ड हो। यसले गर्दा अन्तर्राष्ट्रिय बैङ्कमार्फत आर्थिक कारोबार गर्न सहज भएको छ। अमेरिकाले घोषणा गरेको तीन सय मिलियन डलर र युरोपेली सङ्घको तत्काल मानवीय सहायता कोष सिधै प्रभावित क्षेत्रमा परिचालन भएको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले भूकम्पीय क्षतिको डिजिटल मूल्याङ्कन गरिरहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषमा रहेको भेनेजुएलाको आफ्नै ४.५ अर्ब डलरको विशेष सञ्चित कोषमध्येबाट प्रारम्भिक रूपमा दुई सय मिलियन डलर पूर्वाधार मर्मतमा खर्च गर्ने अनुमति मिलेको छ। सहायता रकम वितरणमा सरकारी भ्रष्टाचार र राजनीतिक खिचातानी सबैभन्दा ठुलो चुनौती हो। वैदेशिक दातृ निकायले रकम सिधै सरकारी खातामा पठाउनुको सट्टा रेडक्रस जस्ता स्वतन्त्र अन्तर्राष्ट्रिय संस्था र स्थानीय नागरिक समाजमार्फत परिचालन गरिरहेका छन् ताकि सहायता वास्तविक पीडितसम्म पुगोस्। भेनेजुएला क्यारेबियन र दक्षिण अमेरिकी टेक्टोनिक प्लेटको सिमानामा पर्ने भएकाले यहाँ भविष्यमा फेरि ठुला भूकम्प जाने उच्च जोखिम छ। पुनर्निर्माणमा आधुनिक प्रविधिको प्रयोग अनिवार्य गरिएको छ। नासा र युरोपेली अन्तरिक्ष एजेन्सीको 'सेन्टिनेल-१' स्याटेलाइट राडार डेटाको प्रयोग गरेर जमिनमुनिको दरार र भूकम्पले हल्लाएको माटोको संवेदनशीलता अध्ययन भइरहेको छ। अब कुन ठाउँमा कस्तो संरचना बनाउने भन्ने निर्णय यही डेटाका आधारमा गरिँदै छ। ध्वस्त भएका ५८ हजार भवनको पुनर्निर्माण गर्दा पुरानो प्रविधि त्यागिएको छ। अब बन्ने आवास र सार्वजनिक भवनमा 'बेस आइसोलेसन' र 'डैम्पर्स' प्रविधि प्रयोग गरिने छ; जसले भूकम्पको धक्कालाई सोसेर भवन भत्कन दिँदैन।

स्थानीयस्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी कम लागतका भूकम्पप्रतिरोधी घरहरू बनाउने प्रविधि प्रयोग गरिँदै छ। यसका लागि इन्जिनियर र स्थानीय कामदारलाई विशेष तालिम दिन सुरु गरिएको छ। यो भूकम्पले भेनेजुएलाको तङ्ग्रिँदै गरेको अर्थतन्त्रमा गम्भीर धक्का पुऱ्याएको छ। यस घटनाले संरचनात्मक सुधारको अवसर पनि सिर्जना गरेको छ। प्रत्यक्ष भौतिक क्षति मात्रै ३७ अर्ब डलर बराबर भएको छ। काराकस अन्तर्राष्ट्रिय विमानस्थल र ला गुइरा बन्दरगाह जस्ता प्रमुख व्यापारिक नाकाहरू बन्द वा आंशिक रूपमा मात्र चल्दा दैनिक करोडौँ डलरको व्यापारिक नोक्सानी भइरहेको छ। पुनर्निर्माणका लागि आवश्यक १११ अर्ब डलरको बजेट जुटाउन सरकारले थप आन्तरिक मुद्रा छाप्नुपर्ने वा विदेशी ऋण लिनुपर्ने हुन्छ। यसले गर्दा देशमा फेरि मूल्यवृद्धि हुने र स्थानीय मुद्रा 'बोलिभार' थप कमजोर हुने जोखिम छ। विपत्का बिच पनि पुनर्निर्माणका ठुला आयोजना सुरु हुँदा निर्माण क्षेत्रमा हजारौँ नयाँ रोजगारीका अवसर सिर्जना भएका छन्। यसले सिमेन्ट, फलाम र स्थानीय श्रम बजारलाई चलायमान बनाई आन्तरिक अर्थतन्त्रलाई केही हदसम्म ओत दिने काम गरेको छ।

भेनेजुएलाको इतिहासमा सबैभन्दा विनाशकारी भूकम्प सन् १८१२ मार्च २६ मा गएको थियो; जसको तीव्रता ७.७ म्याग्निच्युड अनुमान गरिएको थियो। त्यो भूकम्पले राजधानी काराकस र मेरिडा सहरलाई पूर्ण रूपमा ध्वस्त पारेको थियो भने करिब ३० हजार जनाको ज्यान लिएको थियो। त्यो भूकम्प भेनेजुएलाको स्वतन्त्रता सङ्ग्रामको समयमा गएको हुनाले यसलाई इतिहासकै सबैभन्दा बढी राजनीतिक र सामाजिक प्रभाव पारेको भूकम्प मानिन्छ। गत जुन २४ मा गएका जुम्ल्याहा भूकम्प सन् १९०० यताकै अर्थात् विगत १२६ वर्षकै सबैभन्दा ठुलो भूकम्प हो। सन् १८९४ अप्रिल २८ मा मेरिडामा गएको सात म्याग्निच्युडको भूकम्पमा ३५० जनाको मृत्यु भएको थियो। जमिनमा ठुला धाँजा फाटेका र हिलो/तेल निस्किएको थियो। सन् १९२९ जनवरी १७ मा कुमानामा गएको ६.९ म्याग्निच्युडको भूकम्पमा दुई सयभन्दा बढीको मृत्यु भएको थियो भने ठुलो भौतिक क्षति हुनुका साथै सुनामीसमेत आएको थियो। सन् १९६७ जुलाई २९ मा राजधानी काराकसमा ६.६ म्याग्निच्युडको भूकम्प जाँदा दुई सय जनाको मृत्यु भएको थियो। आधुनिक बहुतले भवन भत्किएका थिए। सन् १९९७ जुलाई ९ मा सुक्रेमा ६.९ म्याग्निच्युडको भूकम्प जाँदा ८१ जनाको मृत्यु भएको थियो भने विद्यालय र आवासीय भवनहरूमा व्यापक क्षति भएको थियो। भेनेजुएला क्यारेबियन प्लेट र दक्षिण अमेरिकी प्लेटको सिमानामा अवस्थित देश हो। यसले गर्दा त्यहाँ बारम्बार भूकम्प जाने गर्छ। ऐतिहासिक रूपमा त्यहाँका पुराना इँटा र माटोका संरचनाहरू र सन् १९६७ को भूकम्पमा इन्जिनियरिङ मापदण्ड नपुऱ्याई बनाइएका भवनका कारण बढी मानवीय क्षति हुने गरेको भूगर्भविद्को विश्लेषण छ। अतः भेनेजुएलाको यो महाविपत् केवल एउटा दुःखद अन्तर्राष्ट्रिय समाचार मात्र होइन; बरु यो हाम्रो आफ्नै सुरक्षित भविष्य निर्माणका लागि गहन शिक्षा पनि हो।

# नेपाली पत्रकारिताका प्रवृत्ति

डा. श्रीराम खनाल

नेपालको पहिलो वैधानिक पत्रिका सुधासागरलाई आधार मान्ने हो भने नेपाली पत्रकारिताले १२८ वर्ष र जेठो दीर्घजीवी समाचारपत्र गोरखापत्रलाई आधार मान्दा १२६ वर्षको इतिहास पार गरेको छ। पत्रकारिता मुद्रण वा छापा माध्यमदेखि डिजिटलमा रूपान्तरण भइसकेको छ। पछिल्लो दशकयता नेपाली सञ्चार जगत्मा प्रविधि जनित परिवर्तन देखा परेका छन्। जस्तै नयाँ पुस्ताले युट्युब र सोसल मिडिया प्लेटफर्ममा अधिक रुचि मात्र देखाएका छैनन् प्रयोगमा ल्याई पत्रकारिताका नयाँ तरिका अपनाउँदै गएका छन्। यसबाट परम्परागत पत्रकारितालाई चुनौती दिन थालेको आभास हुन्छ तर यसका आफ्नै सीमा छन्।

नेपालमा मोबाइल र इन्टरनेट सेवा व्यापकतासँगै ब्लगदेखि ठुला अनलाइन पोर्टलको सङ्ख्या पनि ह्वात्तै बढेको छ। प्रेस काउन्सिल नेपालको ५० औँ वार्षिक प्रतिवेदनका अनुसार देशभरबाट आव २०८१/८२ सम्ममा दर्ता भएका पत्रपत्रिकाको कुल सङ्ख्या चार हजार ९३१ छ; जसमा दैनिक ७५४, अर्धसाप्ताहिक २१, साप्ताहिक दुई हजार ९१४, पाक्षिक ४०२, मासिक ६२३, द्वैमासिक ६७, त्रैमासिक ११२, अन्य ३८ प्रकाशन अभिलेख देखिन्छ।

यसै गरी सूचना तथा प्रसारण विभागको अभिलेख अनुसार मुलुकभर २४९ टेलिभिजन, एक हजार २०४ रेडियो तथा पाँच हजार १४४ अनलाइन सञ्चार माध्यम दर्ता भएका छन्। सञ्चार माध्यमको सङ्ख्यात्मक विकास भयो तर गुणात्मक जुन रूपमा हुनुपर्थ्यो त्यो हुन सकेको छैन।

अनुसन्धान गर्ने संस्कृति नभएकाले सञ्चार माध्यमको सामाजिक प्रभावबारे हामीकहाँ न्यून अध्ययन भएका छन्। प्रसङ्ग, सामाजिक सञ्जाल र स्मार्टफोनको। यसको प्रचलनले जनसाधारणले पनि सूचना प्रवाह गर्न सक्छन् भन्ने मान्यता स्थापित भएको छ (जसलाई नागरिक पत्रकारिता भनिन्छ) यसको अभ्यास नेपालमा पनि हुन थालेकाले अब परम्परागत ढाँचाको पत्रकारितालाई चुनौती थपिदिएको स्पष्ट हुन्छ। अधिकांश सञ्चार संस्थाले कृत्रिम बौद्धिकता (एआई) लाई समाचारलगायतका विविध सामग्री तयार पार्न प्रयोग भएको पाइन्छ। यस स्तम्भकारको बुझाइमा 'एआई' क्यालकुलेटर रूपमा मात्र लिनु पर्छ। त्योभन्दा माथि मानव मस्तिष्क हुन्छ। पत्रकारले एआईमा मात्र भर पर्नु हुँदैन, मस्तिष्क पनि चलाउनु पर्छ। एआईलाई सहयोगी साधनका रूपमा लिनु पर्छ। एआईको प्रयोगले पाठ्यसामग्री तयार पार्न सजिलो बनाएको छ नै। बौद्धिक चोरीका घटना व्यापक बढ्न सक्ने देखिन्छ। नेपाल सरकारले 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति २०८२ ल्याई सकेको छ। २०८२ साउन २६ गतेको मन्त्रीपरिषद्को बैठकले





स्केच : एआई

सो नीति पारित गरेको हो। त्यसैलाई आधार मानेर नेपालको जेठो अखबार गोरखापत्रसमेत एआई नीति पारित गरेर कार्यान्वियनमा ल्याएको छ।

आफूलाई अनुकूल हुने गरी मोबाइलको स्क्रिनमै समाचार सूचना, मनोरञ्जनका सामग्रीलगायतका सामग्री उपभोग गर्ने सुअवसर भएपछि पत्रपत्रिकाको हरेक संस्करण बजार जानुपर्ने अवस्था छैन। नेपाल त्यस्तो बजार हो सबै खालका सञ्चार माध्यमको उपस्थिति बाक्लै छ। काठमाडौँ उपत्यकाबाट नै दुई दर्जनभन्दा बढी दैनिक समाचारपत्र प्रकाशन हुन्छन्। ग्राहक र सर्कुलेसन चाहिँ घटेकै हो। पत्रिका पढ्ने प्रवृत्तिमा धेरै कमी आएको छ। विज्ञापन बजार खुम्चिरहेको वर्तमान परिप्रेक्ष्यमा मिडिया अर्थतन्त्र कमजोर छ। सम्पादकीय नेतृत्व समालिसकेको अनुभवी पत्रकार पनि मूलधारबाट बाहिरिएर आफ्नै पडकास्ट, युट्युब, कन्टेन्ट क्रियटरका रूपमा आफ्नै अनलाइन प्लेटफर्म प्रयोग गर्न थालेका छन्। आजकल सञ्चार सङ्गठनले पनि वेबसाइट, मोबाइल एप र सोसल मिडियालाई प्राथमिकता दिन थालेका छन्। सूचनाको महामारी भएकाले कुन सामग्रीमा विश्वास गर्ने भन्ने जटिलता पनि छ। मिडिया साक्षरता नबढाई सुखै छैन नत्र गलत, भ्रामक सूचना र दुष्प्रचारको सिकार नागरिक हुने गर्छन्।

पछिल्लो समय तथ्य जाँच पत्रकारिता (फ्याक्ट चेक जर्नालिज्म) तर्फ अलि अलि ध्यान गएको छ। नेपाली सञ्चार जगत् धेरै झुटा समाचार र अफवाह, दुष्प्रचार, गलत सूचना प्रवाहले धुमिल छ। यो प्रक्रिया सुरु हुनुलाई सकारात्मक मान्नु पर्छ। नागरिकलाई सार्वजनिक र जटिल विषयमा स्पष्ट पार्न वा बुझाउनका लागि तथ्याङ्क पत्रकारिता अर्थात् डेटा जर्नालिज्मको महत्त्व हुन्छ अब सरोकारवाला निकायले डेटा जर्नालिज्ममा पनि ध्यान दिन थालेको छ। छापा माध्यमको साजसज्जामा निकै सुधार भएको छ।

केही सञ्चार माध्यमले विज्ञापन र आर्थिक लाभका लागि नैतिक धरातल नै बिर्सेर बार्गेनिङ पत्रकारिता जुन पीत पत्रकारिताको एउटा स्वरूप हो; त्यसैको शैली अपनाएको पाइन्छ। यसले अन्ततः पत्रकारिताको विश्वसनीयतामा आँच आउँछ भने मिडिया नै सङ्कटको खाल्डोमा पर्छ भन्ने अवस्थाको बेवास्ता गर्न सकिन्छ। अर्कोतिर मिडिया क्षेत्रमा भएको लगानी पारदर्शी नहुनु र स्वार्थ समूह हाबी भएको देखिनु जस्ता कारणले ती मिडियाले राष्ट्र हितका लागि के गर्लान् त भन्ने गम्भीर प्रश्न हाम्रोसामु खडा भएको छ।

मुलुकमा पछिल्लो समय नयाँ माध्यम अर्थात् न्यु मिडिया र सामाजिक सञ्जालको प्रभाव बढेसँगै त्यसलाई मर्यादित तथा व्यवस्थित बनाउन एवं तिनको नियमनमा चुनौती थपिएको छ। प्रेस काउन्सिलको संरचना सुधार नगर्ने र प्रभावकारी साइबर कानुन नल्याउने हो भने यो विषय अझ पेचिलो बन्न सक्छ। त्यसैले पनि विश्वसनीय र जनउत्तरदायी पत्रकारिताका लागि नयाँ माध्यम र सामाजिक सञ्जाल परिष्कृत र व्यवस्थित बनाइनु पर्छ।

नेपालमा पडकास्ट र युट्युब च्यानलमार्फत अडियो भिजुअल सामग्री उत्पादन गर्ने क्रम व्यापक बढेको छ। त्यसो त बहुभाषामा पनि सामग्री उत्पादन गर्ने क्रम बढेको छ। यसले गर्दा विविध समुदायका आवाज मुखरित हुने तथा प्रतिनिधित्व हुने मौका मिलेको छ। यसबाट समावेशी सञ्चारको अवधारणाले मूर्तरूप पाउने सम्भावनालाई नकार्न सकिन्न। काठमाडौँबाहेकका ग्रामीण क्षेत्र वा मोफसल पनि सञ्चारसेवाबाट जोडिएकाले ती क्षेत्र केन्द्रित सामग्रीले स्थान पाउन थालेको महसुस गरिन्छ।

मानव अधिकार, लैङ्गिक सवाल, सशक्तीकरण, सामाजिक न्याय, सुशासन जातीय विभेद जस्ता विषयमा सञ्चार माध्यमले संवेदनशीलता अपनाउँदै गएकाले सामाजिक जागरण र रूपान्तरणमा सहयोगी सिद्ध हुने आकलनसमेत गर्न सकिन्छ। जलवायु परिवर्तन, प्राकृतिक स्रोतको दोहन, पर्यावरणीय मुद्दालाई स्थान वा कभरेज दिन थालेकाले वातावरणीय चेतनामा व्यापक वृद्धि आउने तथा जलवायु परिवर्तन, तापमान वृद्धि जस्ता समस्या बेहोर्नु परेकाले यसबाट नेपाललगायतका तेस्रो मुलुकले त्यस्ता सङ्कटको सामना गर्न थप मद्दत पुग्ने आशा गर्न सकिन्छ।

विज्ञापनमा मात्र निर्भर हुनुपर्ने मिडिया, विज्ञापनको बजार विस्तार नहुँदा र आर्थिक स्रोतको अभावमा स्वतन्त्र पत्रकारिता बाधा झेल्न विवश छ। मधेशी समुदाय, महिला, दलित, जनजाति, अल्पसङ्ख्यक समुदायको पत्रकारितामा संलग्नता वृद्धि भएकाले समावेशी पत्रकारिताले पनि मूर्तरूप लिन सक्छ भन्ने सम्भावना देखिन थालेका छन्।

डिजिटल क्रान्तिसँगै नेपाली पत्रकारिताको स्वरूप र आकारमा आएको परिवर्तनका कारण अनलाइन प्लेटफर्ममार्फत विविध विचार र विश्लेषण प्रवाह हुनु नयाँ होइन। मोबाइल पत्रकारिता (मोजो) को विस्तारले तथा स्मार्ट फोन र सस्तोमा इन्टरनेट सुविधाको पहुँच बढ्न थालेकाले पनि आर्थिक स्थायित्व र स्थानीय मुद्दामा केन्द्रित भएर विश्वसनीय पत्रकारिता गर्न सके नेपाली पत्रकारिताले पनि अनुहार फेर्न सक्छ भन्ने सम्भाव्यता धेरै नै छ। विराट् चिन्तन, मानवोचित लेखन संस्कृति र सार्वजनिक पत्रकारिताको अवधारणा मूल्य बोध हुन सके पत्रकारिताको आदर्श र मान्यताले नैतिक रूप लिन सक्छ।

अन्तर्राष्ट्रिय मिडियाको प्रभाव नेपाली पत्रकारितामा पनि परेको सबैका सामु छर्लङ्ग छ। यसले स्थानीयता वैश्वीकरण मात्र भएको छैन, नयाँ प्रविधि र शैलीको उपयोग गर्नसमेत सिकाएको छ, जसले गर्दा नेपाली मुद्दाले पनि अन्तर्राष्ट्रिय जगत्मा कभरेज पाउन थालेका छन्। डिजिटल सुरक्षा र गोपनीयताको सवाल भने निकै प्रबल र पेचिलो बन्दै गएको छ तर मिडिया डाइभर्सिटीका कारण अडियन्सको छनोट बढेको छ। बहुलवादको मान्यता अनुरूप जति धेरै मिडिया च्यानल हुन्छन् त्यति नै विविध आवाज र अल्पसङ्ख्यकको प्रतिनिधित्व बढ्न जान्छ।

प्रसिद्धिको पत्रकारिता गर्नु मात्र अन्तिम विकल्प होइन, राष्ट्रिय स्वार्थ र नागरिक हितका लागि जनउत्तरदायी पत्रकारिताको अभ्यास हुनु पर्छ। सञ्चार जगत् उत्प्रेरित बनाउने र सूचना प्रविधिमा असमानताको खाडललाई पुर्न राज्यले उचित रणनीति, योजना ल्याउनुपर्ने हुन्छ। मिडियालाई राजनीतिक अभीष्ट पूरा गर्ने साधनका रूपमा उपयोग नगरी राष्ट्र विकासमा स्वतन्त्र सञ्चारको भूमिका सदैव रहिरहन्छ। ठुलठुला राजनीतिक परिवर्तन र क्रान्तिसमेतलाई सफल पार्न भूमिका खेल्ने सञ्चार जगत् अन्ततः नागरिक हितमै केन्द्रित हुनुको विकल्प रहँदैन।

प्रसिद्धिको पत्रकारिता गर्नु मात्र अन्तिम विकल्प होइन, राष्ट्रिय स्वार्थ र नागरिक हितका लागि जनउत्तरदायी पत्रकारिताको अभ्यास हुनु पर्छ। सञ्चार जगत् उत्प्रेरित बनाउने र सूचना प्रविधिमा असमानताको खाडललाई पुर्न राज्यले उचित रणनीति, योजना ल्याउनुपर्ने हुन्छ। मिडियालाई राजनीतिक अभीष्ट पूरा गर्ने साधनका रूपमा उपयोग नगरी राष्ट्र विकासमा स्वतन्त्र सञ्चारको भूमिका सदा सदैव रहिरहन्छ। ठुलठुला राजनीतिक परिवर्तन र क्रान्तिसमेतलाई सफल पार्न भूमिका खेल्ने सञ्चार जगत् अन्ततः नागरिक हितमै केन्द्रित हुनुको विकल्प रहँदैन।

सञ्चार जगत् उत्प्रेरित बनाउने र सूचना प्रविधिमा असमानताको खाडललाई पुर्न राज्यले उचित रणनीति, योजना ल्याउनुपर्ने हुन्छ। मिडियालाई राजनीतिक अभीष्ट पूरा गर्ने साधनका रूपमा उपयोग नगरी राष्ट्र विकासमा स्वतन्त्र सञ्चारको भूमिका सदैव रहिरहन्छ। ठुलठुला राजनीतिक परिवर्तन र क्रान्तिसमेतलाई सफल पार्न भूमिका खेल्ने सञ्चार जगत् अन्ततः नागरिक हितमै केन्द्रित हुनुको विकल्प रहँदैन।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

संस्कृत भाषा पृष्ठ

# संस्कृतभाषाप्रशिक्षणं सम्पन्नम्






संस्कृतभाषाप्रशिक्षणस्य समापनसमारोहस्य चित्रम् ।

■ प्रा.डा. नवराजकट्टेलः

अस्यैव आषढमासस्य १३ दिनाङ्के द्वैमासिक संस्कृतभाषाप्रशिक्षणम् सम्पन्नम्। समापनसमारोहः संस्कृतमाध्यमिक विद्यालयस्य प्रधानाध्यापकस्य अध्यक्षतायां, वाग्मतीप्रदेशसर्वकारस्य संस्कृतिपर्यटनमन्त्रिणः माननीयस्य सुरेशश्रेष्ठस्य प्रमुखातिथ्ये नाचघर इत्यस्य सभाकक्षायां सम्पन्नः अभवत्। कार्यक्रमस्या प्रारम्भे प्रमुखातिथिः मङ्गलाचरणपुरश्चरं दीपं प्रज्ज्वाल्य कार्यक्रमस्य समुद्घाटनम् अकरोत्। गतस्य वैशाखमासस्य २७तमे दिनाङ्के राजधान्या संस्कृतमाध्यमिकविद्यालये समायोजिते कार्यक्रमे वाग्मतीप्रदेशसर्वकारस्य संस्कृति-पर्यटन-मन्त्रालयस्य सचिवः दीपेद्रसुवेदी दीपप्रज्वालनपुरस्सरं द्वैमासिकसंस्कृतभाषाप्रशिक्षणं समुद्घाटितम् आसीत। तदनु प्रतिदिनं घण्टात्रयं प्रशिक्षणं प्रचलत्। प्रशिक्षणे संस्कृतमाध्यमिकविद्यालयस्य निश्चलअधिकारी-विजयमण्डितौ च भागं गृहीतवन्तौ। आधुनिकप्रविधिना कार्यक्रमः रुचिकरः, लाभप्रदश्च अभवत्।

प्रशिक्षणके प्रशिक्षितान् छात्रान् प्रमाणपत्रं वितरणं विदधता संस्कृतमन्त्रिणा भाषासंस्कृतिविषये सम्यक् प्रतिपादनं कृतवान्। 'भाषायाः विकासे सर्वकारः सक्रियः अस्ति। न केवलं संस्कृतं अपितु अन्याषां भाषाणं कृते अपि प्रशिक्षणस्य कार्यक्रमाः अग्रेसारिताः सन्ति। गत वर्षे ४० छात्राणां कृते प्रशिक्षणकार्यक्रमः स्वीकृतः आसीत्। अस्मिन् वर्षे अस्मिन् प्रशिक्षणकार्यक्रमे ८० जनानां कृते १२० वादनात्मकः प्रशिक्षणकार्यक्रमः स्वीकृतः। अस्मिन् प्रदेशे तामाङभाषा, नेवारीभाषा च सर्वकारीयकार्यकरणभाषात्वेन स्वीकृते वर्तेते। एतस्य कृतेऽपि सर्वकारेण महती भूमिका निर्व्यूढा। अस्मिन् प्रदेशे चेपाङादिभाषा सङ्कटे सन्ति तेषां कृतेऽपि सर्वकारः कार्यं कुर्वन्नस्ति। अन्येषु स्थानेषु च संस्कृतभाषाप्रशिक्षणस्य कार्यक्रमः स्वीकृतः अस्ति'। नेपालः संस्कृतिदृष्ट्या धनिकः वर्तते। अत्र अनेका भाषा सन्ति, अनेकाः संस्कृत्यः सन्ति, अनेका धर्मादयश्च विराजन्ते' तेषां संरक्षणाय च कार्याणि कर्तव्यानि सन्ति। सर्वकारः अस्मिन् क्षेत्रे सक्रियरूपेण सन्नद्धः अस्ति।।

तदवसरे भाषमाणेन विशिष्टातिथिरूपेण जयतु संस्कृतम् इति संस्थायाः सदस्सचिवेन प्रा.डा. नवराजकट्टेलमहोदयेन संस्कृतभाषामाध्यमेन स्वकीया धारणा स्थापिता। सः 'संस्कृतभाषा खलु संस्कृतास्ति। इयं भाषा खलु प्राचीनतरास्ति। अस्यां भाषायां अनेकानि ग्रन्थरत्नानि रचिताः सन्ति। इयं भाषा अस्माकं परिचयं संवहति। अस्यामेव भाषायां अस्माकं संस्काराः भवन्ति। अस्माकं चत्वारो वेदाः, वेदाङ्गानि, उपाङ्गानि, रामायणं, महाभारतं, अष्टादशपुराणानि, अष्टादश उपपुराणानि, तन्त्रग्रन्थाः, साहित्यिकग्रन्थाश्च सन्ति। अतः अनेन प्रशिक्षणेन भवन्तः संस्कृतस्य ग्रन्थान् पठितुं, वाचितुं प्रभवन्ति। अग्रे च पठन्तु लिखन्तु व्यवहारं कुर्वन्तु। सामाजिकसञ्जाले च संस्कृतस्य

> तदवसरे भाषमाणेन विशिष्टातिथिरूपेण जयतु संस्कृतम् इति संस्थायाः सदस्सचिवेन प्रा.डा. नवराजकट्टेलमहोदयेन संस्कृतभाषामाध्यमेन स्वकीया धारणा स्थापिता । सः 'संस्कृतभाषा खलु संस्कृतास्ति । इयं भाषा खलु प्राचीनतरास्ति ।

शब्दान् प्रयोगं कुर्वन्तु। यथा स्वागतम्, दिव्यम्, सुन्दरं, मनोहरम्, पुनर्मिलामः, सुप्रभातम्, शुभदिनम्, शुभरात्रिः, प्रातः भ्रमणम्, प्रातरशः , सुन्दरं चित्रं, सुन्दरं चलचित्रम् इत्यादिशब्दाः प्रयोजनीयाः। अनेन कार्येण संस्कृतभाषा लोकभाषारूपेण स्थापिता भविष्यति। ह्वाटसएप इति, मेसेन्जर इति सञ्जाले च समूहं निर्माय सम्वादं कुर्वन्तु, प्रशिक्षणं कुर्वन्तु, परस्परं संस्कृतभाषया वर्तालापं कुर्वन्तु इति। यथा हिब्रुभाषा लप्तप्रायः आसीत्। यहुदीजनैः इयं भाषा संरक्षिता, प्रयोगे समानीता, लोकभाषारूपेण विकसिता च। अधुना इयं भाषा इजरायलदेशस्य राष्ट्रभाषारूपेण अस्याः भाषायाः प्रतिष्ठा जाता अस्ति। वयं च नेपालस्य दक्षिण एशियादेशनां च सम्पर्कभाषारूपेण विकसितुं प्रभवामः, यदि प्रयत्नः त्रियते चेत्, हृदयतः इयं भाषा स्वीकृयते चेत्।

संस्कृतभाषा लिच्छविकाले राजभाषा आसीत्। अस्यां भाषयां २०० शताधिकानि शिलापत्राणि अभिलेखाश्च तदा उट्टङ्किताः दृश्यन्ते। मल्लकाले सहस्राधिकानि शिलापत्राणि उट्टङ्कितानि सन्ति, तानि शिलापत्राणि संस्कृतभाषायां, संस्कृतभाषायां, प्राचीननेवारीभाषायां, नेवारीभाषायाञ्च टङ्कितानि सन्ति। तानि पत्राणि इतिहासस्य साक्षीभूतानि सन्ति। तेषां पठनेन एतिहासिकतथ्यस्य ज्ञानं जायते। शाहकाले च अनेकानि शिलापत्राणि संस्कृतभाषायां उट्टङ्कितानि सन्ति। तेषां अध्ययने च संस्कृतज्ञानस्य आवश्यकता जायते।

विश्वस्य अनेकेषु देशेषु संस्कृतभाषायाः दर्शनशास्त्रस्य च पठनपाठनं विधीयते। अधुना नेपाले एकः संस्कृतविश्वविद्यालयः वर्तते। एवमेव द्विशताधिकानि गुरुकुलानि, ३५ संस्कृतमाध्यमिकविद्यालयाः सन्ति। नेपाले गतवर्षस्य आषाढमासे विश्वसंस्कृतसम्मेलनं समायोजितमासीत्। तदा ५५ देशतः संस्कृतज्ञाः समागताः आसन्। ८ शतानि कार्यपत्राणि प्रस्तुतानि आसन्। तत्र नेपालस्य विद्वद्भिरपि कार्यपत्राणि प्रस्तुतानि। तत्र खलु नेपालस्य च परिचयो जातः। सम्मेलनस्य सम्यक् व्यवस्था सम्पादिता आसीत् अतः ते प्रसन्ना अभूवन्।

जयतु संस्कृतं संस्थया सप्तप्रदेशेषु भाषाप्रशिक्षणं सञ्चालितम्। तस्य प्रतिफलं राष्ट्रियजनगणनायां (२०७८) १५ सहस्रजनाः मातृभाषात्वेन संस्कृतवक्तारः दृष्टाः। अनेन कार्येण संस्कृतभाषा नेपालस्य संविधानानुसारं राष्ट्रभाषा जाता। रेडियोनेपाल-नेपालटेलिभिजनतः संस्कृतभाषायां समाचाराः प्रसार्यन्ते। एवमेव गोरखापत्रतः संस्कृतभाषायां समाचाराः प्रकाश्यन्ते। नेपाले संस्कृतस्य लोकप्रियता वर्द्धमाना दृश्यते। अनया संस्थया अनेकानि पुस्तकानि प्रकाशितानि। नाटकानि प्रकाशितानि तानि नाटकानि प्रदर्शितानि च। अस्याः संस्थायाः प्रक्षिणादिप्रकल्पाः, दर्शनशास्त्रस्यानुवादप्रकल्पः, नाटकमञ्चनप्रकल्पश्च विद्यन्ते। अनया संस्थया गतमासे च उपत्यकाव्यपिशीघ्रमत्युत्तरता प्रतियोगिता सञ्चालिता, एवमे उपत्यकाव्यापिसंस्कृतवक्तृत्कलाप्रतियोगिता च सञ्चालिता। एवमेव इयं संस्था प्रतिवर्षं संस्कृतकविसम्मेलनं करोति। एवमेव इयं संस्था प्रतिवर्षं जयतु संस्कृम् दिवसः आषाढस्य प्रथमदिवसे मानयति। अनेन कार्येण संस्कृतस्य प्रचारः प्रसारः जायमानः दृश्यते। इति।

वाग्मतीप्रदेशसर्वकारस्य संस्कृतिपर्यटन-कार्यालयस्य प्रमुखः पवनपोखेलःश्च समुपस्थितः आसीत् गतवर्षे अपि तस्यैव सहयोन संस्कृतभाषाप्रशिक्षणं प्राचलत्। स्वकीयं मन्तव्यं प्रकटत्। शिवराजाधिकारिणः साभापत्ये च सम्पन्ने तस्मिन् कार्यक्रमे विद्यालयस्य सहायकप्रधानाध्यापको निश्चलाधिकारी प्रशिक्षणस्य उपलब्धिं प्राकाशयत्। असौ अवदत् - 'संस्कृतस्य महत्त्वं भवद्भिः श्रुतम्, इयं भाषा सरला अस्ति, परिष्कृतास्ति। अस्यां भाषायां व्यवहारः कर्तुं शक्यते, प्रशिक्षणानन्तरं भवन्तः अपि व्यवहारः कर्तुं शक्नुवन्ति। तदवसरे प्रशिक्षार्थिनी पूर्णकुमारीन्यौपाने, प्रशिक्षार्थी मणिकुमारकुलुङ, बाबाराममघिमिरे, च स्वकीयं अनुभवं समुपलब्धिश्च अश्रावयन्। 'प्रशिक्षणमाध्यमेन अधुना वयं संस्कृतगद्यभाषायां पठितुं, शक्नुमः। पद्यभाषायाश्च उच्चारणं सुललितेन स्वरेण कर्तुं प्रभवामः। अपरंञ्च प्रशिक्षणं भवेत्, भागद्वयस्य च कार्यक्रमः भवेत् तत्रापि वयं भागं ग्रहिष्यामः। संस्कृतस्य प्रचाराय कार्यं करिष्यामः इति तेषामासयः आसीत्। कार्यक्रमे प्रधानाध्यापकः प्रमुखातिथीन् उपहारं प्रैच्छत्। एवमेव प्रशिक्षकद्वयं च सम्मानितौ। कार्यक्रमस्य सञ्चालनं संयोजनञ्च प्रमुखप्रशिक्षकेण विजयपण्डितमहोदयेन विहितमासीत्।

# संस्कृतस्य वैश्विकम् अभियानम्

गतवर्षे अस्यैव मासस्य १२-१६ दिनाङ्केषु एकोनविंशतितमेन दशतमेन (१९) विश्वसंस्कृतसम्मेलनेन संस्कृतस्य वैश्विकम् अभियानं सशक्तरूपेण अग्रे सारितमस्ति। संस्कृतस्य उद्गमा भूमिः नेपालभारतौ स्तः, अतः अधुनापर्यन्तमपि उभयोः देशयोः परम्परागतरूपेण संस्कृतस्य पठनपाठनं संरक्षणञ्च विधीयमानं विद्यते। प्राचीनकाले तु भारतवर्षे एव संस्कृतस्य पठनपाठनं भवति स्म। प्राचीनभारतवर्षे नेपालभारतसहितं पाकिस्तानः, अफगानिस्तानः, श्रीलङ्का, बङ्गालदेशश्च समायान्ति स्म। तथैव अन्ये देशाश्च भवेयुः। परन्तु अद्य नेपालभारतौ एव संस्कृतस्य अध्ययनाध्यापनस्य, संरक्षणस्य संवर्धनस्य च मूलभूमित्वेन अवशिष्टौ स्तः। संस्कृतं संस्कृतसन्देशञ्च विश्वे एव प्रसारयितुं, प्रचारयितुञ्च वैश्विकम् अभियानम् अग्रे सारयितुं विश्वसंस्कृतसम्मेलनेन स्वकीयां भूमिकाम् अतिनिर्वाहिता इति दरीदृश्यते।

भौतिकवैभवेन, अत्याधुनिकजीवनशैल्या, हत्यया, हिंसया, मधुधुम्रपानादिनश्यपदार्थस्य सेवया, विक्षिप्ततया, विघटोन्मुखपारिवारिकसंरचनया, स्वल्पेन महता च समरेण विश्वमानवाः खलु तेषां मानसिकदशा च भग्ना इव दरीदृश्यते। पारस्परिकप्रेम, करुणा, मैत्री, शान्तिः, भ्रातृत्वं, विश्वबन्धुत्वं, पारस्परिकसहयोगः, सामूहिकभावना च पलायिता इव, भूमिसात् गता इव वर्तमाने अशान्तविभ्रान्तविश्वे संस्कृतं संस्कृतसन्देशञ्च महनीयम् औषधं सिद्धमिति तैः वैभवेन, समरेण आहतव्याहतैः अशान्तमानवैः अनुभूयते। भौतिकवस्तुवैभवात्, पदार्थविज्ञानाच्च पराभूतेन प्रताडितेन पश्चिमेन शान्तिप्रेमानन्दस्य कृते, आध्यात्मिकपरितोषस्य कृते, स्वानन्दस्य आत्मिकाधिष्ठानस्य कृते च पौरस्त्यं ज्ञानविज्ञानं च विलोक्यमानः दृश्यते।

एतस्यां परिस्थितौ समायोजितेन विश्वसंस्कृतसम्मेलनेन संस्कृतस्य वैश्विकम् अभियानं सशक्तरूपेण अग्रेसारितमिति दृष्टिगोचरीभवति। विश्वसंस्कृतसम्मेलनस्य अन्या च का का समुपलब्धिः तेषाञ्च च अत्र विन्दुरूपेण चर्चा विधीयते -

१. अन्तरराष्ट्रिय-सम्पर्क-वृद्धिः २. धर्मदर्शनयोः समन्वये सहभावः (शिलान्यासः) ३. संस्कृतस्य प्राविधिकविषयेषु विमर्शः

४. संस्कृतस्य ज्ञाने प्राधुनिकप्रविधेः प्रयोगः। ५. ज्ञान-प्रविधि-दक्षता-हस्तान्तरणम्। ६.संस्कृतस्य वैश्विकं सञ्जालम्। ७.संस्कृतभाषायाः वैश्विकं प्रयोगम्। ८. संस्कृतज्ञानां मेलनं सम्मानश्च। ९.संस्कृतस्य नाटक-गीत-नृत्य-वाद्यवादन-गजल-कवितादीनां प्रस्तुतिः। १०. सम्मेलनस्य निरन्तरता च।

एकोनविंशतितमविश्वसंस्कृतसम्मेलनेन नेपालभारतयोः विस्तृताः विकीर्णाश्च संस्कृतस्य विदुषां अन्तरराष्ट्रियसम्पर्कः सम्बन्धश्च भृशं वर्धितः, नितरां उच्चैः गतः, संस्कृतस्य उद्गमा भूमिः नेपालभारतयोः सम्मानश्च भृशं वर्धितः इति सर्वैः अनुभूतश्च। सम्मेलने धर्मदर्शनविषये ह्यनेकानि कार्यपत्राणि प्रस्तुतानि अतः अनयोः विकासे विस्तारे सर्वधर्मसमन्वये च सम्मेलनमाध्यमेन सहयोगः दत्तः। सम्मेलने शताधिाच्च देशात् विदुषां संकुलम् एकस्थाने

> विश्वस्य विद्वद्भिः प्रस्तुतानां कार्यपत्राणां सम्पद्य संहिताकरणेन विश्वसंस्कृपरिवारः भृशं उत्साहितो दृश्यते, संस्कृतक्षेत्रं सशक्तं सबलं सफलञ्च अजायत । सम्मेलने विदुषां सम्माने सायङ्कालिकप्रस्तुतिरभवत्, संस्कृतस्य नाटक-गीत-नृत्य-वाद्यवादन-गजल-कवितादीनां प्रस्तुत्या संस्कृतकस्य वैश्विकं सन्दर्भं वैश्विकमभियानं च सञ्चालने अधिकं सम्बलं प्रदत्तम्, संस्कृतभाषा न केवलं धर्म-दर्शन-बौद्धिकविचरणस्यैव भाषा अपितु मनोरञ्जनस्यापि भाषा इति पुनः परिपुष्टम् ।

समानीतम्, तेषां परस्परं मिलनं, विचारविमर्शणं, सम्मानं चाभवत्। सम्मेलने सहभागिभिः विविधविषयाध्ययनस्य अवसरश्च लब्धः, तथैव संस्कृतस्य अध्ययने आधुनिकप्रविधेः प्रयोगः कथं विधेयमिति च बोधस्यावसरो लब्धः। अनेन विश्वसंस्कृतसम्मेलनेन संस्कृतस्य वैश्विकाभियानं सशक्तरूपेण अग्रेसारितम् इतिचेत् संस्कृतस्य संस्कृतविदुषाञ्च वैश्विकं सञ्जालं निर्मितम् अस्ति।

नेपालभारतयोः सीमितक्षेत्रे अध्ययानुसन्धानप्रयोगं विधीयमानं संस्कृतं अनेन अभियानेन विश्वे एव प्रसारितं, संस्कृतभाषायाः वैश्विकं प्रयोगं विस्तारितमस्ति, अनेन अभियानेन विश्वे एव संस्कृतस्य अध्ययनानुसन्धानस्य प्रयोगस्य च सामर्थ्यम् अभिप्रेरणा च संवर्धिता विद्यते, तथैव संस्कृतभाषा मृतभाषा इति वक्तृभ्यः भृशं बहुताडितम् इति प्रतिभाति।

विश्वस्य विद्वद्भिः प्रस्तुतानां कार्यपत्राणां सम्पद्य संहिताकरणेन विश्वसंस्कृपरिवारः भृशं उत्साहितो दृश्यते, संस्कृतक्षेत्रं सशक्तं सबलं सफलञ्च अजायत। सम्मेलने विदुषां सम्माने सायङ्कालिकप्रस्तुतिरभवत्, संस्कृतस्य नाटक-गीत-नृत्य-वाद्यवादन-गजल-कवितादीनां प्रस्तुत्या संस्कृतकस्य वैश्विकं सन्दर्भं वैश्विकमभियानं च सञ्चालने अधिकं सम्बलं प्रदत्तम्, संस्कृतभाषा न केवलं धर्म-दर्शन-बौद्धिकविचरणस्यैव भाषा अपितु मनोरञ्जनस्यापि भाषा इति पुनः परिपुष्टम्। विश्वसंस्कृतसम्मेलनं संस्कृतस्य विधातात्त्विकपक्षस्य अध्ययने, अनुसन्धाने आधुनिकप्रविधेः प्रयोगविधाने, ज्ञानानुभवयोः पारस्परिकविमर्शणे, संस्कृतस्य वैश्विकाभियानसञ्चालने, संस्कृतस्य वैश्विकसञ्जालनिर्माणे, पारस्परिकविश्वबन्धुत्वभावनायाः प्रसारे, संस्कृतं विश्वज्ञानकोषस्य महनीया प्रज्ञा इति राद्धान्तस्थापने, संस्कृतस्य 'यत्र विश्वं भवत्येक नीडम्' इति सन्देशप्रवाहकर्तुं च सफलं जातम्।

# भानुभक्ताचार्यस्य जन्मजयन्ती सम्पाद्यते

अस्यैव माषस्य २९ दिनाङ्के नेपालीभाषायाः आदिकविः राष्ट्रकविवर्यश्च श्रीभानुभक्ताचार्यस्य द्वादशोत्तरद्विशततमी जयन्ती देशस्य विभिन्नेषु प्रदेशेषु, नगरेषु, ग्रामेषु च अत्यन्तं श्रद्धाभक्तिपूर्वकं समाचर्यते। अस्याः पावनायाः जयन्त्याः उपलक्ष्ये नेपालसरकारस्य विभिन्नानि निकायानि, स्थानीयसर्वकाराः, विश्वविद्यालयाः, विद्यालयाः, साहित्यिकसंस्थाः, संस्कृतसंस्थाः, सांस्कृतिकप्रतिष्ठानानि तथा सामाजिकसङ्घसंस्थाश्च विविधविधैः कार्यक्रमैः सह आदिकवेः स्मृतिमभिवर्धयन्ति। अद्यतः एव साप्ताहिककार्यक्रमः समारब्धः। अनेकाभिः संस्थाभिः संयोजनेन कार्यक्रमाणां व्यवस्था विधीयते।

आषढस्य २९ दिनाङ्के प्रातःकाले एव देशस्य अनेकस्थानेषु प्रभातफेरी-कार्यक्रमाः सम्पन्ना भविष्यन्ति। तदनन्तरं भानुभक्ताचार्यस्य प्रतिमासु माल्यार्पणं, पुष्पाञ्जलिसमारोहाश्च श्रद्धापूर्वकं सम्पन्नाः भविष्यन्ति। अस्मिन्नवसरे विद्वद्भिः, साहित्यकारैः, शिक्षाविद्भिः, संस्कृत-नेपालीभाषयोः अध्येतृभिः, कविभिः तथा छात्रछात्राभिश्च आदिकवेः जीवनं, व्यक्तित्वं, कृतित्वं, नेपालीभाषासाहित्ये तस्य अप्रतिमं योगदानं च विस्तरेण कुर्वन्तः सन्ति करिष्यन्ति च।

जयन्त्याः अवसरं लक्षीकृत्य देशस्य विभिन्नेषु स्थानेषु कविगोष्ठ्यः, काव्यवाचनकार्यक्रमाः, साहित्यचर्चाः, भाषणप्रतियोगिताः, निबन्धलेखनप्रतियोगिताः, वादविवादप्रतियोगिताः, पुस्तकप्रदर्शन्यः, चित्रकलाप्रतियोगिताः, सांस्कृतिककार्यक्रमाः, सम्मानसमारोहाश्च समायोजिताः भविष्यन्ति। केषुचित् स्थानेषु भानुभक्तकृतस्य नेपालीरामायणस्य सामूहिकपारायणमपि श्रद्धापूर्वकं सम्पादयन्ति।

आदिकविः श्रीभानुभक्ताचार्यः संस्कृतस्य अमूल्यं रामायणमहाकाव्यं सरलया मधुरया च नेपालीभाषया अनूद्य सामान्यजनानामपि धर्मसाहित्यस्य सुलभं मार्गमुद्घाटितवान्। तेन नेपालीभाषा साहित्यिकगौरवं प्राप्तवती, राष्ट्रचेतना सुदृढा जाता, लोकजीवनं च साहित्येन समृद्धमभवत्। अत एव सः नेपालीभाषासाहित्यस्य आदिकविरिति सर्वसम्मत्या सम्मान्यते। नेपाले एव न अपितु भारतस्य सिक्किमप्रान्ते, दार्जिलिङजनपदे, देशरादुनक्षेत्रे, वाराणस्यां, कलकत्तानगरे अन्येषु स्थानेषु च यत्र यत्र नेपनलिनः निवसीन्त तत्र तत्र कार्यक्रमो भविता । क्यानाडादेशे, अमेरिकादेशे, बेलायतदेबे अन्येषु विविधेषु च देशेषु अयं कार्यक्रमः आयोज्यते। अनेकेषु स्थानेषु प्रतिष्ठानस्य सदस्या प्रतिनिधिरूपेण भागं ग्रहीष्यन्ति इति विज्ञापयति भानुप्रतिष्ठानस्य अध्यक्षः डिपिअर्यालः। कार्यक्रमेषु सहभागीभिः भाषासंरक्षणस्य, साहित्यसंवर्धनस्य, पठनसंस्कृतेः विकासस्य, नवपीढ्यां मातृभाषाप्रेम्णः अभिवद्धेः तथा राष्ट्रियैक्यस्य आवश्यकता विशेषरूपेण प्रतिपादनं कुर्वन्ति। युवावर्गः आदिकवेः जीवनादर्शान् अनुसृत्य सृजनशीलतां, भाषाप्रेम, संस्कृतिसंरक्षणभावनां च आत्मसात्कुर्यादिति धारणा च स्थापयन्ति।

नेपालस्य विभिन्नेषु विश्वविद्यालयेषु तथा शिक्षणसंस्थासु भानुभक्ताचार्यस्य साहित्यसम्बद्धानि विशेषव्याख्यानानि, अनुसन्धानपरिचर्चाः, विद्वत्सभाः तथा साहित्यप्रदर्शन्यः आयोजिताः। अनेकैः साहित्यिकसंस्थाभिः भानुभक्तस्मृतिग्रन्थानां विमोचनकार्यक्रमाः, प्रतिभासम्मानसमारोहाश्च समायोजिताः। अस्याः जयन्त्याः माध्यमेन आदिकवेः अमरं साहित्यिकयोगदानं पुनः स्मारयन्ति जनाः। तस्य कृतिषु निहिताः राष्ट्रभावना, लोककल्याणचिन्ता, नैतिकमूल्यानि, सांस्कृतिकसमन्वयश्च अद्यापि समाजाय प्रेरणास्रोतोरूपेण प्रतिष्ठिताः सन्ति। विद्वद्भिः मतं व्यक्तीकृतं यत् भानुभक्ताचार्यस्य साहित्यधरोहरः केवलं नेपालीभाषायाः न, अपितु समग्रराष्ठ्रस्य अमूल्यः सांस्कृतिकनिधिरस्ति।

एवं देशव्यापिनः विविधकार्यक्रमाणां माध्यमेन द्विशतद्वादशतमी भानुजयन्ती उल्लासपूर्णवातावरणे श्रद्धाभक्तिपूर्वकं समभ्यर्च्यते। आयोजकैः भविष्येऽपि आदिकवेः साहित्यिकपरम्परायाः संरक्षणसंवर्धनार्थं यथाशक्ति कार्यक्रमानाम् आयोजनं निरन्तरं भविष्यतीति प्रतिबद्धता व्यक्तीकृता।

# जयतु संस्कृतं दिवसे विजयिनः छात्राः पुरस्कृताः

२०८३ तमविक्रवर्षस्याषाढमासस्य प्रथमे दिनाङ्के नेपालसंस्कृतविश्वविद्यालयस्योपकुलपतिचरः प्रा.डा. कुलप्रसादकोइराला, जयतु संस्कृतं संस्थायाः पदाधिकारिणः, प्राध्यापकाः, प्राज्ञाः, विद्यार्थिनश्च जयतु संस्कृतंस्तम्भोपरि माल्यार्पणपूर्वकं सशङ्खघोषं जयतु संस्कृतं स्तम्भं समार्चयन्। तदवसरे वैदिकमङ्गलाचरणमध्ये जयतु संस्कृतं संस्थायाः समाघोषाः समुद्घुष्टाः आसन्।

स्तम्भार्चनानन्तरं तत्रोपस्थितः जनसमवायो वाल्मीकिविद्यापीठं गत्वा एकस्यां सभायां परिणतः आसीत्। सभेयं संस्थायाः अध्यक्षस्य डा. बद्रीपोखेलस्य साभापत्ये सम्पन्ना आसीत्। समारोहे जयतु संस्कृतं दिवसे विविधप्रतियोगितायां प्रथमद्वितीयतृतीयस्थानभाजः विद्यार्थिनः पुरस्कृताः। जयतु संस्कृतं दिवसस्योपलक्ष्ये वाल्मीकिविद्यापीठे आयोजिते अस्मिन् समारोहे इमे छात्राः पुरस्कृता अभूवन्। प्रतियोगितानां मध्ये प्रत्युत्पन्नमतिताप्रतियोगिता संस्कृतमाध्यमिकविद्यालये तथा च संस्कृतवक्तृत्वकलाप्रतियोगिता वाल्मीकिविद्यापीठे सम्पन्ना आसीत्। सभायां प्रमुखातिथेरासनतः भाषमाणेन प्रा.डा. कुलप्रसादकोइरालामहादयेन निगदितम् - नेपाले जयतु संस्कृतम् आन्दोलनस्य महत्त्वं वर्वति सर्वोपरि। संस्कृतस्याध्यापकानामाधुनिकप्राध्यापकानाञ्च मध्ये समानं वेतनसौविध्यं भवेत्, संस्कृतस्य विद्यार्थिनश्चेतिहासभूगोलादिविषयाणामध्ययनेऽवसरं लभेरन्, सर्वेषां कक्षाणां परीक्षा नेपाले भवेदित्यादियाचनाः प्रस्तुत्य जयतु संस्कृतमान्दोलनं प्रारब्धमासीत्। परन्तु अस्यान्दोलनस्य प्रभावः राष्ट्रस्यानेकपक्षसन्दर्भेषु विसृमरतया व्यापकीभूतः। २००७तमविक्रमाब्दस्य नेपालस्य प्राजातन्त्रिकमान्दोलनञ्चानेनान्दोलनेन नितरां प्रभावितमासीत्। वर्तमानसन्दर्भे पुनः प्राज्ञिकजागरणाय तादृशमेवान्दोलनमपरिहार्यं दृश्यत इति।

सभायां नेपालसंस्कृतविश्वविद्यालयप्राध्यापकसंघस्य सभापतिः प्रा.डा. मुकुन्दप्रसादलामिछाने मङ्गलाचरणपूर्वकं स्वागतमन्तव्यं प्रास्तौत्। तदवसरेऽसौ अवदत् - जयतु संस्कृतं संस्थया प्रतिवर्षं बहवः कार्यक्रमाः सम्पाद्यन्ते। अनयाः संस्थया प्रतिवर्षं




जयतु संस्कृतं दिवसः तथा पुरस्कारवितरणस्य चित्रम् ।

> सभायां नेपालसंस्कृत-विश्वविद्यालय-प्राध्यापकसंघस्य सभापतिः प्रा.डा. मुकुन्दप्रसादलामिछाने मङ्गलाचरणपूर्वकं स्वागतमन्तव्यं प्रास्तौत् ।

जयतुसंस्कृतं सम्मानः, जयतुसंस्कृतं पुरस्काराश्च प्रदीयमानाः सन्ति। संस्थया काव्यनाटकमहाकाव्यानां प्रकाशनञ्च प्रतिवर्षं विधीयमानं वर्तते। संस्थया प्राच्यदर्शनानामनुवादाश्च प्रकाशिताः सन्ति। संस्थेयं प्रतिवर्षं संस्कृतवक्तृत्वकलाप्रतियोगितां, प्रभातयात्रां, प्रत्युत्पन्नमतिताप्रतियोगितां संस्कृतकविगोष्ठीं, संस्कृतभाषासाहित्यदर्शनादिसम्बद्धां विचारगोष्ठीञ्च आयोजयति। अनयाः संस्थया रुपकोपरुपकाणां लेखनाभियानं प्रकाशनाभियानञ्च सममेव सञ्चालितं वर्तते। तदवसरे धन्यवादमन्तव्यं प्रकटयन् संस्थायाः सदस्यसचिवः प्रा.डा. नवराजकट्टेलः न्यगादीत् - जयतु संस्कृतं संस्था पारेशतं ग्रन्थप्रकाशनस्य, उत्तरमहाभारतलेखनस्य, संस्कृतलोकाभियान-सञ्चालनस्य, संस्कृतवक्तृजनगणनासंवर्धनस्य, संस्कृतभाषाप्रशिक्षणस्य चानेकप्रकल्पान् पुरस्कुर्वन्ती गतिशीला वर्तते।

अस्याः एव संस्थायाः प्रस्तावे १० वर्षपूर्वं थाइल्याण्डदेशे १९तमविश्वसंस्कृतसम्मेलनं नेपाले आयोजयितुम् अन्तरराष्ट्रियसंस्कृतसमवायसंस्थया निर्णयो विहितः आसीत्। सम्मेलनमिदं नेपाले नेपालसंस्कृतविश्वविद्यालयेन विधेयमासीत्। परं सम्मेलनमिदं सर्वतोभावेन जयतु संस्कृतं संस्थायाः एव प्रतिबद्धतया, क्रियाशीलतया, जागरुकतया नेपालेऽभूतपूर्वतया सम्पन्नम्। नैतादृशं संस्कृतस्य महासम्मेलनं नेपालेऽस्माकं जीवने भविष्यति। अधुनापि संस्थेया एतादृशानां राष्ट्रियान्तरराष्ट्रियसम्मेलनानामायोजनायै बद्धपरिकरं वर्तते। कार्यक्रमे समापनमन्तव्यं प्रकटयता सभाध्यक्षेण डा. बद्रीपोखेलमहोदयेन प्रोक्तम् - जयतु संस्कृत संस्थया आयोजितासु प्रतियोगितासु भवादृशाः विद्यार्थिनः आगताः, प्रतिस्पर्धा कृता, पुरस्काराश्चाधिगता तदर्थं सर्वेऽपि भवन्तः भवत्यश्च वर्धापनस्य धन्यवादस्य च पात्राणि। संस्कृतविद्यायां भवादृशानां प्रतिभां श्रद्धां समर्पणं च दर्शं दर्शं मोमुद्यते न चेतः। कार्यक्रमस्य सञ्चालनम् उपप्रा.डा. उमेशघिमिरेमहोदयेन विहितमासीत्।

**पृष्ठ संयोजक** : डा. नवराज कट्टेल, **सह संयोजक** : डा. मुकुन्दप्रसाद लामिछाने, **पत्राचार ठेगाना** : नयाँ नेपाल, **गोरखापत्र दैनिक**, पो.ब.नं. : २३, काठमाडौं । E-mail : lamichhanemukunda2016@gmail.com, nawarajkattel@gmail.com



# बोट होमस्टे लोपोन्मुख बोट समुदायहानको पहिचान जोघातिहिईन

## परयटनभई आत्मनिरभरतापटिको सफल यातरा




**माडी।** चितवन जिल्लाको दछिडि भेगमा होखलो माडी नगरपालिका–१ ईस्थित बनकट्टा,बोट गाउँहान सञ्चालन होखिधारलो बोट कम्युनिटी होमस्टे लोपोन्मुख बोट समुदायहानको भासा, संस्किरति, परम्परा अनि जिबनसैली जोघातिहिईन सफल माध्यम बनलो बाटि।

होमस्टेहिई खालि पाहुना बिसलाहार ईस्थान मातर नाहो, समुदायहानको पहिचान, संस्किरति अनि आरथिईक आत्मनिरभरतातरफको महत्वपूर्ण अभियान बनलो बाटि। पहिले नदीमा माछो मारलाहार, घोंगि टिपलाहार अनि जंगलमा निरभर रहलाहार बोट समुदाय आनाहा परयटनमारफत आफ्नो पहिचान बिश्वमहिईज चिनालाहार अभियानमा लाग्लो बाटि।

होमस्टे सञ्चालन होख्लोपाछु समुदायहानको आरथिईक अबस्थामा सुधार आउलो बाटि कने महिला ससक्तीकरड, सामाजिईक परिबरतन अनि सांस्किरतिईक संरछ्यडमा पनि उल्लेखनिय योगदान पुगलो बाटि।

बोट समुदाय नेपालको लोपोन्मुख आदिबासी जनजातिमध्ये एक हो। परम्परागत रूपमा नदी, डुङ्गा अनि माछोमार्ने पेसासांगे जोडिहेलो जिबनसैली आनाहा परिबरतनको चरणमा पुगलो बाटि। आधुनिईक बिकास, नदीहानको स्वरूप परिबरतन अनि बन संरछ्ड नितिको कारड परम्परागत पेसा घट्लोपाछु समुदायहानि कृसि, पसुपालन अनि परयटनके बिकल्पको रूपमा अपनाहे थाल्लो बाटिहान।
सन् २०१८ भहिई बोट समुदायहानको पहिचान जोघातिहिईन अनि आयआरजन बढालाहार उद्देश्यहिई होमस्टे स्थापना अभियान सुरु होखिहिईक। ईस्थानिय समुदाय, माडी नगरपालिका, बफरजोन उपभोक्ता समिति अनि विभिन्न संघ–संस्थाहानको सहयोगभई सन् २०२० डिसेम्बर २५ भहिई बोट कम्युनिटी होमस्टे औपचारिईक रूपमा सञ्चालनमा आहिईक। आनाहा बोट होमस्टे माडीके मात्र नाहो, चितवन अनि नेपालको सामुदायिईक परयटनके सफल नमुनाको रूपमा चिनेतहिई। यहाँ आउलाहार परयटकहानके बोट समुदायहानको मौलिहिईक संस्किरति, भासा, नाच, गित, भेसभुसा अनि ईस्थानिय परिकारहानको बास्तबिक अनुभब होख्तहिई।

**बोट होमस्टे स्थापना कसरी होखिहिईक ?**

बोट समुदायहानको सांस्किरतिईक पहिचान जोघातिहिईन अनि आयआरजन बढालाहार उद्देश्यहिई सन् २०१८ भहिई बोट कम्युनिटी होमस्टे स्थापना गरलाहार अबधारडा आघु सारिहिईक। ईस्थानिय बासिन्दा, माडी नगरपालिका, बफरजोन उपभोक्ता समिति अनि तराई आर्क ल्यान्डस्केप (ताल) परियोजनाहानको सहयोगभई आबसस्यक पुरभधार निरमाड गरिहिईक। तालिम, अध्ययन अबलोकन भरमड अनि व्यबस्थापन छेमता बिकासपाछु सन् २०२० डिसेम्बर २५ भहिई बोट कम्युनिटी होमस्टे औपचारिईक रूपमा सञ्चालनमा आहिईक। सुरुआती चरडमा केही परिबार मातरे सहभागी होखिहिईक। तर आनाहा बोट समुदायहानको धेरे परिबार सामुहिईक रूपमा होमस्टे सञ्चालनमा संलग्न होख्लो बाटिहान। यहिई कारडहिई बोट होमस्टे सामुदायिईक स्वामित्वहानको सफल नमुना बनेलो बाटि।

**व्यबस्थापन गरलाहार तरिकक**

बोट कम्युनिटी होमस्टे सामुदायिईक समितिमारफत सञ्चालन होखतहिई। अध्यक्ष, सचिव, कोषाध्यक्ष अनि आरु सदस्यहान मिलिहिईकन सम्पुरड व्यबस्थापनहानको जिम्मेबारी सम्हालतातहान।

समितिहानि पाहुनाहानके स्वागत, कोठा व्यबस्थापन, सरसफाहिई, भात, सांस्किरतिईक कारयकरम, आय–व्यय, प्रचारप्रसार अनि तालिम सञ्चालन गरतातहान। प्रत्येक सदस्य परिबारहानके समान अबसर देलाहार निति अपनाहेतहिई। पाहुनाहानको संख्या अनुसार पालैपालो पाहुना धारलाहार व्यबस्था गरलो बाटि। यहिई गरते सभहिई परिबारहानके समान आम्दानि गरलाहार अबसर मिल्लो बाटि।

**बोट संस्किरति ज मुख्य आकरसड**

बोट कम्युनिटी होमस्टेहानको सबकते बडको बिसेसता यखरो मौलिहिईक संस्किरति हो। यहाँ आउलाहार पाहुनाहानके आधुनिईक होटलको सुबिधा मातर नाहो, बोट समुदायहानको बास्तबिक जिबनसैली अनुभब गराहे अबसर मिल्तहिई।

आगन्तुकहानके ईस्थानिय परिकार, माछोको चोखा, ढिँडो, घोंगि, ईस्थानिय सागसब्जि, बाँसको तामा, परम्परागत अचार अनि ईस्थानिय पेय परदारथहिई स्वागत गरतातहान। ईसांगेसंहे बोट समुदायहानको मौलिहिईक नृत्य, गित, भेसभुसा, भासा, परम्परागत उपकरड अनि दैनिहिईक जिबनसैली परयटकहानके प्रत्यछ्य देखाहेतहान। यहिई गरते पाहुनाहान बोट समुदायहानको मौलिहिईक पहिचान नजिकभई अनुभब गरतातहान।

**महिलाहानको नेतृत्व**

पहिले घरधन्दामैज सिमित रहलाहार महिलाहान आनाहा बोट होमस्टेहानको मुख्य आधार बनलो बाटिहान। भात पकालाहार, पाहुनाहानके स्वागत गरलाहार, सरसफाहिई, सांस्किरतिईक कारयकरम सञ्चालन गरलाहार अनि आरथिईक व्यबस्थापनमा महिलाहानको सकिरिय भुमिका बाटि।

यहिई गरते महिलाहानको आत्मविश्वास बढ्लो बाटि कने परिबारहानको आयमा पनि उल्लेखनिय योगदान पुगलो बाटि। धेरे महिलाहान आनाहा आफ्ने आम्दानिभई छउनाछउनिहानको सिछ्या, स्वास्थ्य अनि घरखरचहान धान्लो बाटिहान। बोट होमस्टेहिई महिलाहानके आत्मनिरभर बनालाहार महत्वपूर्ण माध्यम बनेलो बाटि।

**आरथिईक परिबरतन**

बोट कम्युनिटी होमस्टे सञ्चालन होख्लोपाछु बोट समुदायहानको आरथिईक अबस्थामा उल्लेखनिय परिबरतन आउलो बाटि। पहिले दिनहुउ मजदुरी, नदी अनि जंगलमा निरभर रहलाहार समुदाय आनाहा परयटनमारफत नियमित आम्दानि गरते सफल होख्लो बाटिहान। ईस्थानिय उत्पादनहानको बिक् पनि बढ्लो बाटि। किरिसि, पसुपालन, माछोपालन अनि हस्तकलाहानके बजार पाउलो अबस्था बाटि। परयटकहानको आगमनसांगे ईस्थानिय युबाहानि गाउँमैज रोजगारी पाउलो बाटिहान। बैदेसिईक रोजगारीके बिकल्पभई सामुदायिईक परयटन बिकास होख्लो बाटि।

**बन्यजन्तुसांगे सहअस्तित्व**

बोट बस्ति चितवन रास्टिरिय निकुञ्ज नजिक होख्लोपार बन्यजन्तुहानको जोखिम धेरे बाटि। बिगतमा बालि नस्ट होख्लाहार, जंगलि जनाबरहानको आकरमड लगायत समस्या सामान्य रिहिईक। तर आनाहा समुदायहानि बन संरछ्ड अनि परयटन एकअरकाहानके पुरक होख्तहिई कलाहार बुझ्लो बाटिहान। बन जोघिहिई परयटकहान आउतहिई, परयटकहान आउलोपार आयआरजन बढ्तहिई कलाहार सोचहिई समुदायभितर बिकास होख्लो बाटि। यहिई गरते बन्यजन्तु अनि प्रकिरतिपरति सकारात्मक दिरिसटिकोड पनि बढ्लो बाटि।

**परयटकहानके अनुभब**

बोट कम्युनिटी होमस्टे बिस्लाहार परयटकहानके ग्रामिड जिबन, ईस्थानिय संस्किरति अनि प्राकिरतिईक बाताबरणके नजिकभई अनुभब गराहे अबसर मिल्तहिई। ई ठाउँमा आउलाहार पाहुनाहानि रिउ खोला घुमे सकताहात, हरियाली बाताबरणके आनन्द लिहे सकताहात, ईस्थानिय परिकार खे सकताहात अनि बोट समुदायहानको मौलिहिईक नाच, गित, भेसभुसा, भासा अनि परम्पराके प्रत्यछ्य अनुभब गरते सकताहात। नजिक होख्लो धारमिईक अनि प्राकिरतिईक ईस्थलहानके भ्रमड पनि गरते सकताहात।

**चुनौतिहान**

- बोट कम्युनिटी होमस्टेके सफलतासांगे केहि चुनौतिहान पनि बाटि।
- परयटनहानको परर्याप्त प्रचारप्रसार नाहोख्लो।
- सडक अनि यातायात पुरभधार अझै कमजोर बाटि।
- बन्यजन्तुहानको जोखिम कायम बाटि।
- युबा पुस्ताहानमा भासा अनि संस्किरतिपरतिको चासो घट्लो बाटि।
- अन्तरास्टिरिय बजारसम्म पहुँच अझै सिमित बाटि।
- ई चुनौतिहान समाधान गरलाहार सरकारी निकाय, निजि छेयतर अनि ईस्थानिय समुदायहानबिच सहकारर्य आबश्यक देखेतहिई।

**भबिस्यके सम्भाबना**

परयटन बिज्ञहानको अनुसार बोट कम्युनिटी होमस्टे नेपालको सामुदायिईक परयटनके उत्किरस्ट नमुना बने सक्लाहार सम्भाबना धेरे बाटि। यदि डिजिटल प्रचारप्रसार, अन्तरराास्टिरिय परयटन बजारसांगे जोड्हे प्रयास, ईस्थानिय उत्पादनहानको ब्रान्डिङ अनि सांस्किरतिईक सम्पदाहानको संरछ्यडमा थप लगानि होख्तहिई कने ई गन्तव्य सन्सारभर परयटकहानके आकरसड बने सकतहिई।

**निष्करस**

माडीको बोट कम्युनिटी होमस्टे केबल व्यबसाय मातर नाहो। ई बोट समुदायहानको पहिचान जिबित राखाहार, भासा अनि संस्किरति जोघाहार अनि समुदायहानके आत्मनिरभर बनाहार आन्दोलन हो।

खोलासांगे जोडिहेलो ईतिहास बोकलो बोट समुदाय आनाहा परयटनमारफत आफ्नो भबिस्य बनालो बाटि। होमस्टेहिई आरथिईक अबस्था सुधारलाहार सांगे भासा, संस्किरति, परम्परा अनि सामाजिईक एकताके नयाँ पुस्ताहानसम हस्तान्तरड गरलाहार महत्वपुरड माध्यम बनेलो बाटि।

नेपालमा सामुदायिईक परयटनके सफल उदाहरड खोज्लोपार माडीको बोट कम्युनिटी होमस्टे अग्रपंक्तिमा उभेतहिई। यहिई होमस्टेहिई अन्य लोपोन्मुख समुदायहानके पनि प्रेरडादायि नमुना बने सकतहिई। ईस्थानिय संस्किरति जोघिहिई दिगो परयटन बिकास गरते सकतहिई कलाहार सन्देस बोट कम्युनिटी होमस्टेहिई व्यवहारमैहिईज प्रमाडित गरलो बाटि।

## बोट हान्को हाते जाल बनालाहार परम्परागत विधि



बोट समुदायको परम्परागत जीवन माछा मारलाहार पेसासिन जोडिहिक रहिक। नदी, खोल्सा र तालतलैयामा माछो मारलाहार बोट समुदायहिइ आफ्नो सीप र प्रविधिभई हाते जाल बनाते आइरिहिक। हाते जाल बनालहार ज्ञान पुस्ताभई पुस्तामा जोडिहिक रहिक।

पइला त धागोको चलन नारिहिक। उ बेलामा बन्म जाइक्नी जाखी काटी आन्तेरिहिक। आन्ते सक्लोपार ओखराहिइ पकाइक्नी राम्ररी सुखातेरिहिक। सुखी सक्लोपार ओखराहिइ धागो जस्ने बनायक्य टकुवामा बोटतेहि। टकुवा बस्को बिर्भिन सिन्का जस्नो हख्तै, तरपट्टि चपल्के गोलो घालेतै बनाहेतै। तोसमा मेर्ते–मेर्ते बलियो धागो तयार होखिक। यही धागोले हाते जाल बुनाहेतै।

धागो तयार होख्लोपार जाल्को मुडा बनाहेतै। जाल्को आकार अनुसार २७, २९ वा ३२ को मुडा हख्तै। त्यसपछि ९ बाडा, ११ बाडा वा १३ बाडा बनाहेतै। बाडा भनेको जाल बुन्ते घर बढायके तरिका हो। जालको आवश्यकता अनुसार ३०० घर, ३५० घर वा ४०० घरसम्मको जाल बनाताहु। यत्के आधारमा ६ हाते, ७ हाते र ९ हाते जाल तयार होखिक। हाते जाल बौनेके लागि फरुइ र कडरा चाहेलाहार मुख्य सामाग्री हो। पैला कडरामा धागो मेरिक्नी फरुइको सहेताइ जाल बुनालहार थलानी गरेतै। सुरुमा बगाले बाड बनाताहु। त्यसपछि एक घर बुन्ताहु अनि बाडा घाल्ताहु। फेरि दुई घर बुन्ताहु, फेरि बाडा घाल्ताहु। त्यसपछि तीन घर बुन्ताहु, फेरि बाडा घाल्ताहु। यस्ने गर्तेही चाहेलाहार बाडा पूरा बनाहेतै। यही प्रक्रियाबाट जालको आकार विस्तार होखिक।

जाल बुनी सक्लोपार फलाम्को गोटि घालाहेतै। गोटि घालेतै जाल पानीभित्र राम्ररी डुब्तै। हलुँगो जाल चाहेलाहार दुक्की–तिक्की गरिक्नी गोटि खान्ताहु। गरुङो जाल चाहेलाहार तिक्की वा बढी गोटि खन्नालाहार। एक गोटि एक फोपी, दुई गोटि दुई फोपी, कि तीन फोपी मारिक्नी गोटि बाँधाहेतै। नदीको बहाव र माछाको प्रकार अनुसार गोटिको तौल मिलाहेतै।

गोटि खानी सक्लोपार जाल्म पारी घाले पर्तै। पारी घाली सक्लोपार जाल्को गादा बनाहेतै। गादा भनेको माछो आउलाहार घर हो। गादा बराबर र सोझो बनाहेतै भने जाल राम्ररी फैलिक्नी माछा सजिलै फसाहेतै। अन्तिममा सबै गाँठ, बाडा, गोटि र गादा जाँची सक्लोपार बोट हान्को हाते जाल तयार होखिक।

आजकल बजारको नाइलन धागो र तयारी जालको प्रयोग बढिहिक। तर बोट समुदायको परम्परागत हाते जाल बनालहार सीप अझै सांस्कृतिक सम्पदा र पुर्खाको ज्ञानको रूपमा जोगिहिक रहिक। यो सीपले बोट समुदायको पहिचान, जीवनशैली र नदीसँगको सम्बन्धलाई जीवित राखिहिक। त्यसैले यो परम्परागत ज्ञानको संरक्षण, दस्तावेजीकरण र नयाँ पुस्तामा हस्तान्तरण गर्न जरुरी रहिक।

# 'धुरबे' हाथिहिई १४ बरसपाछु फेर २ जना बोटको जिउ लिहिईक

माडी। धुरबे हाथिहिई सनिचरा बोटके धेरे पिडा दिहिईक। पहिले बुबा–आमाको ज्यान लिहिईक, आनाहा फेरि बुहारी र नातिको पनि ज्यान लिहिईक। एउटिहिई हाथिहिईको आकरमडभई १४ बरस महिईज सनिचराहिई आफ्नो बुबा, आमा, बुहारी अनि नाति गुमाहिईक। तर पनि हाथिके नियन्तरडमा लिहेके धेरे गारो होखिधारलो बाटि, कलाहार चितवन रासटिरिय निकुञ्जहिई जनाहिई धारलो बाटि। गेलो मिति २१/३/२०८३ आईतबार ब्यारो धुरबे हाथिहिई २५ बरसको आसिका बोट अनि ४ बरसको बाबु भारत बोटके आकरमड गरिकन ज्यान लिहिईक। ई घटना भहिई बोट समुदायहान सोकमग्न होख्लो बाटि।

धुरबे हाथिहिई चितवन होखलो २०६६ सालभहिई आनाहा सम २५ जना मानिसहानको ज्यान लिहिई सक्लो बाटि। तर आनाहा समपनि नियन्तरड गरिधारलो प्रयासहान बारम्बार असफल होखिधारलो बाटि।

ईस्थानीय बासिन्दालहानि निकुञ्जहानको निगरानी कमजोर होखिधारलो बाटि कतिहिईन बिरोध जनाहिई धारलो हान बाटि। हाथिके नियन्तरड गरेके लागि थप प्रबिधि लगायत उपायहान अपनाहेके माग पनि गरिधारलो बाटि।

चितवन २०६९ साल पुस १ गते माडी गर्दीको बरुवा बजार आघु भाईसांगे बिसिधारलो रिहिईक सनिचरा बोट। आडिमैज रिहिईक आमा अनि बुबाको लास। धुरबे हाथिहिई सनिचराको बुबा बुद्धिराम बोट र आमा झरली बोटको ज्यान लेलोरिहिईक। सोकमग्न बोट परिवार धुरबेके नियन्तरड लेहे परिक कतिहिईन बरुवा बजारमैज धरना बिसलोरिहिईक हान।

> निकुञ्जको बिवरड अनुसार धुरबेहिई २०६६ सालभई मानिसहानके आकरमड गरे थाल्लो रिहिईक। उपाछु २५ जनाहानको ज्यान गेलो निकुञ्जहिई पनि जनाहिईक।

उ घटनापाछु सनिचराहिई बसाँई सरिहिईक। ओहिई रिउखोला तरिईक, निकुञ्ज काटिहिईक र राप्ति खोला पनि तरिहिईक। तर ओहिई दुःखभई मुक्त नापाहिईक।

आईतबार सनिचरा चितवन जिल्ला प्रहरी कार्यालय परिसरभितर निरास अबस्थामै भेटिहिईक। शनिबार मध्यरातमा धुरबेहिई सनिचरा बोटको जेठवारि बुहारी अनि नातिके फेरि आकरमड गरिकन ज्यान लिहिईक। लास भरतपुर अस्पतालको सवगृहमा रिहिईक। पोस्टमार्टमको प्रकिरिया पुरा गरे सनिचरा प्रहरी कार्यालय पुगलो रिहिईक। धुरबेकै कारडहिई सनिचरा बोटहिई १४ बरस महिईज परिवारहानको चार सदस्य गुमाहिईकि।

१४ बरसआघु बुबा–आमाको ज्यान लेलो भाले हाथि धुरबेहिईज शनिबार सनिचरा बोटको जेठवारि बुहारी अनि नातिके आकरमड गरलो हो। माडी द्रोपति नगरमा बिसलो अनि सभहिई परिवार हाथिहिई गरते धेरेज दुःख देलो कारडहिई पाछु बसाँई सरिकन भरतपुर–२३, जगतपुर बेलहटा आउलो रिहिईकहान। यतरो बरसपाछु फेरि ओहि हाथिहिई उनाहान उपरो आकरमड गरिकन बुहारी र नातिको ज्यान लिहिईक, कहिईकन सनिचरा बोटहिई पिडा पोखिहिईक।

ईकतेआघु पनि धुरबेहिई चितवनको दछिडि छेतरहानको बासिन्दाहानके हायलकायल बनालोरिहिईक। हुरके थाललोपाहार जंगली हाथिहिई भालेके बथानभई लखेट्तहिई, धुरबे पनि यसिहिई गरी लखेटलोरिहिईक जंगली भाले हाथि होख्लो निकुञ्ज अधिकारीहानको भनाई बाटि।

निकुञ्जको बिवरड अनुसार धुरबेहिई २०६६ सालभई मानिसहानके आकरमड गरे थाल्लो रिहिईक। उपाछु २५ जनाहानको ज्यान गेलो निकुञ्जहिई पनि जनाहिईक।

यस्नो आकरमड गरलाहार हाथिके निगरानी गरेके लागि निकुञ्जहिई स्याटेलाइट कलर धारलो बाटि हान। शनिबार घटनाहोखलो वरपरमैज धुरबे हाथिको लोकेसन देखेलोरिहिईक, चितवन रासटिरिय निकुञ्जको सुचना अधिकारीसमेत रहिसकलो संरछयड अधिकृत अविनास थापा मगरहिई कहिईक।

धुरबे हाथिहिई निकुञ्ज सुरकछ्याके लागि तैनाथ खटियलो दोहिई जना सैनिकहानको पनि ज्यान लिहिसकलो अबस्था बाटि। बुद्धिराम बोट र झरली बोटके आकरमड गरिसकलो पाछु २०६९ सालको मंसिर मसान्तसम्म धुरबेहिई १५ जना मानिसहानको ज्यान लेलोरिहिईक

# बोट समुदायहानको परम्परागत डोंगो बनालाहार कला

बोट समुदाय परापूर्वकालभहिईज खोला छेउछेउ, बगरबगरमैज बिसते रहिईक। उनाहानको जिबन खोला सांगे धेरेज जोडिहेलो रिहिईक। परकिरिति सिनको घनिस्ट सम्बन्ध रहलो बोट समुदायहानको सम्पुरड जिवनसैहिइलि जल, जंगल अनि जमिनहानमा निरभर हख्लो बाटि। परकिरितिसिनको घनिस्टतता हख्लो कारड बोट समुदायहान आनाहा संरछड विरोधिहिइ कहिइकन बोटहानके कहिइधारलो बाटि।

बोट जात परम्परागतभहिइझ जल सम्बन्धिहिइ जिवनसैहिलिहिइ अपनाउलाहार समुदाय कलाकार कहिइकन चिनेतहिइ।

अनिय समुदायहानके लागि पानि कलो पिउलाहार,सरसफाहिइ अनि सिँचाहिइ गरलाहार साधन होखेसकतहिइ तर बोट समुदायहानके लागि पनि बाँचलाहार आधार हो, जिवन हो अनि पुरखेहुलिहिइ भहिइज चलिहिइआउलो संस्कार संस्किरितिको करम गरलाहार बोटहानको थलो बाढी आउलोपार दाउरा, काठ लगायत खोलामा बगिहेलो सामानहान संकलन गरिकन खोला वारपार गरते रिहिईकहान।

सुरुमा बोट समुदायहानि काठके सहारा लिहिईकन खोला तरलाहार काम गरते रहिईक। उपाछु पानीमा उपलाहार मजबुत काठहान_सिमरा, कदम, करम, सिरिस, टुनि, चाप अनि सिसौउ जस्नो रुखहान छनोट गरिकन डोंगो खोलाहे थाल्लो रिहिईक। सुरुको दिनहानमा तिखो पाथके सहारा लिहिईकन डोंगो खोल्लो रिहिईक। पाछु क्रमस



अनुभव बढ्लोपार डोङ बनालाहार सिप पनि बिकास होख्लो बाटि। पहिले बनाहेलो डोङको आकार, लम्बाइ अनि चौडाइ आवश्यकताअनुसार निर्धारड गरते रिहिईक।

डोंगोको माङ (भित्री भाग) कलौरीकन सफा निकाडे परते रिहिईक। डोङको बार (छेउ) करिब एक इन्चसम्म निक डिकन अनि छाति तीनदेखि चार इन्चसम्म बाक्लो राखिकन मजबुत बनाहे रिहिईक।डोंगोके अन्तिम आकार देहेलाहार पाथके टुप्पा प्रयोग गरिकन तासाहे रिहिईक।

पाछु फलामको बन्चरो, बसुँला लगायत औजारहान आउलोपाछु डोंगो बनालाहार तरिका अझै सजिलो अनि प्रभावकारी होख्लो बाटि। यहिई परम्परागत सिप बोट समुदायहानको मौलिहिईक पहिचान अनि पुस्तौंदेखि पुस्तासम्म हस्तान्तरड होख्लो अमूल्य सम्पदा हो

# विपत्‌बाट अट्‌ठाइस करोडभन्दा बढीको क्षति



तस्बिर : अनिल पराजुली

आन्तरिक मामिला तथा कानुन मन्त्रालय ।

**हेटौँडा समाचारदाता**
*हेटौँडा, असार २४ गते*

बागमती प्रदेशमा चालु आर्थिक वर्ष २०८२/८३ को असार १८ गतेसम्म विभिन्न प्रकारका विपत्‌का घटनाबाट २८ करोड ३२ लाख रुपियाँ बराबरको क्षति भएको छ। यस अवधिमा ९९७ वटा विपत्‌का घटनामा ५० जनाको मृत्यु, १२ जना बेपत्ता तथा २५१ जना घाइते भएका छन्। विपत्‌का कारण २१३ घरमा क्षति पुगेको छ भने ३६८ वटा पशुचौपाया मरेका छन्।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका वरिष्ठ शाखा अधिकृत रबिता कार्कीका अनुसार सबैभन्दा बढी ५२६ वटा आगलागीका घटना भएका छन् । त्यसपछि पहिरोका ११९, भारी वर्षाका ५९, बाढीका ५७ र चट्याङका ४३ वटा घटना भएका छन्। मन्त्रालयको तथ्याङ्क अनुसार चालु मनसुन अवधिमा (जेठदेखि असोजसम्म) मात्र ३२६ वटा विपत्‌का घटना भएका छन् । ती घटनामा २७ जनाको मृत्यु, २५ जना बेपत्ता र ७२ जना घाइते भएका छन्। यस अवधिमा ५० घर तथा ५७ वटा पशुचौपायामा क्षति पुगेको छ।

मन्त्रालयले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रदेशस्तरीय विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना र मनसुनजन्य विपत् पूर्वतयारी योजना अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा पुगेको जनाएको छ । विपत् पूर्वतयारीका लागि विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायसँग अन्तर्क्रिया, विद्यालयस्तरीय विपत् सचेतना कार्यक्रम, चट्याङ र आगलागी नियन्त्रणसम्बन्धी श्रव्यदृश्य सामग्री उत्पादन, कृत्रिम विपत् अभ्यास तथा प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको सुदृढीकरणका कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ।

त्यसै गरी सशस्त्र प्रहरी बलका जनशक्तिलाई रोप रेस्क्यु तथा गोताखोर तालिम प्रदान गरिएको, प्रदेश गोदामघरका लागि राहत सामग्री तथा विपत् उद्धार सामग्री खरिद गरिएको र स्थानीय तहका ११४ वटा योजनाका लागि प्रदेश विपत् व्यवस्थापन कोषमार्फत १७ करोड ५० लाख रुपियाँ उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ।

### उद्धार सामग्रीका लागि ६५ लाख

विपत्‌पछिको तत्काल उद्धार, राहत सामग्री भण्डारण, ढुवानी, भाडा तथा आवश्यक उद्धार सामग्री खरिदलगायतका कार्यका लागि आव २०८२/८३ मा प्रदेशका १३ वटै जिल्ला विपत् व्यवस्थापन समितिलाई कुल ६५ लाख रुपियाँ उपलब्ध गराइएको छ।

प्रदेश विपत् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०८० को दफा ३ (ख) बमोजिम खोज, उद्धार तथा प्रतिकार्य प्रयोजनका लागि सम्बन्धित जिल्ला विपत् व्यवस्थापन कोषमा प्रतिजिल्ला पाँच लाख रुपियाँका दरले रकम उपलब्ध गराइएको आन्तरिक मामिला तथा कानुन मन्त्रालय वरिष्ठ शाखा अधिकृत कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, दोलखा, रसुवा, चितवन, काठमाडौँ, भक्तपुर, नुवाकोट, धादिङ, काभ्रेपलाञ्चोक, मकवानपुर र ललितपुर जिल्लालाई पाँच/पाँच लाख रुपियाँका दरले कुल ६५ लाख रुपियाँ प्रदान गरिएको हो।

विपत् व्यवस्थापनका लागि स्वयंसेवक समूह गठन तथा परिचालन गर्न यसअघि स्वयंसेवक समूह गठन नभएका १३ स्थानीय तहलाई छनोट गरी प्रतिपालिका पाँच लाख रुपियाँका दरले कुल ६५ लाख रुपियाँ उपलब्ध गराइएको छ । आर्थिक वर्ष २०८२/८३ मा सिन्धुपाल्चोकको , बलेफी, इन्द्रावती र जुगल गाउँपालिका, दोलखाका तामाकोशी गाउँपालिका र जिरी नगरपालिका, सिन्धुलीको हरि हरपुरगढी गाउँपालिका, काठमाडौँको कीर्तिपुर नगरपालिका, धादिङको ज्वालामुखी गाउँपालिका, ललितपुरको महाङ्काल गाउँपालिका, मकवानपुरको मनहरी र इन्द्रसरोवर गाउँपालिका तथा रसुवाको नौकुण्ड गाउँपालिकामा स्वयंसेवक समूह गठन गरिएको मन्त्रालयले जनाएको छ।

बागमती प्रदेशमा सन् २०७२ देखि २०८२ सम्मका मनसुनजन्य विपत्‌का घटनाको विवरण अनुसार सबैभन्दा बढी मृत्यु पहिरो र चट्याङका कारण भएको छ। मन्त्रालयको तथ्याङ्क अनुसार १० वर्षको अवधिमा पहिरोका एक हजार ३१ वटा घटनामा परी ४७८ जनाको मृत्यु भएका छन् भने चट्याङका ४०९ वटा घटनामा १२७ जनाले ज्यान गुमाएका छन् । त्यसै गरी बाढीका ३८२ वटा घटनामा ११० जना तथा भारी वर्षाका तीन सय वटा घटनामा २४ जनाको मृत्यु भएको छ।

# आयुर्वेद सेवाप्रति आकर्षण बढ्दो

**हेटौँडा समाचारदाता**
*हेटौँडा, असार २४ गते*

मकवानपुरमा आयुर्वेद सेवाप्रति नागरिकको विश्वास बढ्दै गएको छ। आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरबाट चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि जेठ मसान्तसम्म ५४ हजार ४२७ जनाले सेवा लिएका छन्। गत आवमा ५० हजार २४६ जनाले सेवा लिएकोमा यस वर्ष सेवाग्राहीको सङ्ख्या उल्लेख्य रूपमा बढेको चिकित्सालयले जनाएको छ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सालयले बहिरङ्ग सेवा, पूर्वकर्म, पञ्चकर्म, प्रयोगशाला, अकुपञ्चर, योग, फिजियोथेरापीलगायत विभिन्न सेवा सञ्चालन गर्दै आएको छ। चिकित्सालयबाट ३५ प्रकारका निःशुल्क तथा ६० देखि ६५ प्रकारसम्मका सशुल्क आयुर्वेदिक औषधी बिक्रीवितरण हुँदै आएको छ।

चिकित्सालयले जिल्लाको बागमती, बकैया, मकवानपुरगढी, मनहरी, इन्द्रसरोवर, भीमफेदी र कैलाश गाउँपालिका तथा थाहा नगरपालिकामा गरी आठ वटा आरोग्य केन्द्र सञ्चालन गरिरहेको छ। हेटौँडा उपमहानगरपालिका र राक्सिराङ गाउँपालिकामा औषधालयमार्फत सेवा प्रवाह भइरहेको छ। २०३४ सालमा तत्कालीन नारायणी अञ्चल आयुर्वेद औषधालयका रूपमा स्थापना भएको संस्था २०७८ सालमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा परिवर्तन भएको थियो। मन्त्रीपरिषद्‌को निर्णय अनुसार हाल आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका रूपमा सञ्चालनमा रहेको छ। चिकित्सालय प्रमुख डा. श्रृष्टि श्रेष्ठले सुविधासम्पन्न १६ शय्याको भवन निर्माणसँगै सेवा विस्तार र गुणस्तरीय उपचारका कारण आयुर्वेद सेवाप्रति नागरिकको विश्वास बढ्दै गएको बताउनुभयो। आयुर्वेदिक औषधीले अन्य उपचार पद्धतिको तुलनामा कम असर गर्ने विश्वासका कारण सेवाग्राहीको सङ्ख्या बढेको उहाँको भनाइ छ। विशेष गरी ग्यास्ट्रिक, हाडजोर्नी तथा नसाको दुःखाइ, पायल्स, रुघाखोकी र ज्वरोलगायतका समस्या भएका बिरामी उपचारका लागि आउने गरेका छन्।


## निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको ३ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८३।०३।२५ गते)**

१. गुठी संस्थान अन्तर्गतको देहायको निर्माण कार्य गर्नका लागि मिति २०८३।०२।२१ मा प्रकाशित सूचनामा उल्लेख भएका सर्तहरू बमोजिम दोस्रो सूचना प्रकाशित गरिएको छ।
२. दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिबाट ४५ दिनको हुनेछ। दरभाउपत्र दाताले दरभाउपत्रसाथ तपसिलको रकममा नघटाई नगद वा 'क' वर्गको मान्यता प्राप्त बैंकबाट दरभाउपत्रको मान्य अवधिभन्दा कम्तीमा ३० दिन बढी अवधिको यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) पेश गर्नुपर्नेछ। नगद जमानतका लागि NIC Asia बैंक जनकपुर शाखाको नाममा रहेको गुठी संस्थान जनकपुर धरौटी खाता नं. ३१४१४८३०४९५२४००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।
३. आवश्यक कागजातहरू नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै सर्त राखेको दरभाउपत्र उपर कारबाही हुनेछैन।
४. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन क्रमशः सोही दिन र समय कायम हुनेछ।
५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गुठी संस्थानमा सुरक्षित रहनेछ।
६. विस्तृत विवरण संस्थानको सूचनापाटी र वेबसाइट **www.guthisansthan.org.np** मा पनि हेर्न सकिनेछ।

**तपसिल**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान रकम रु. (भ्याट समेत) | दरभाउपत्र उपलब्ध हुने स्थान | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र दस्तुर रु. (फिर्ता नहुने) | जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति समय र स्थान | दरभाउपत्र खोलिने अन्तिम मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|---|
| GS/JNK/01/082/083 | Construction of Tarahi Math, Sant Bhawan Tarahi, Dhanauji Dhanusha District | रु. ११,१९,०००।– (एघार लाख उन्नाइस हजार मात्र)। | गुठी संस्थान शाखा कार्यालय जनकपुर। | २०८३।०३।२७ गते कार्यालय समयभित्र, गुठी संस्थान शाखा कार्यालय जनकपुर। | १,०००।– (एक हजार मात्र)। | ३१,०००।– (एकतीस हजार मात्र)। | २०८३।०३।२८ गते दिनको १२:०० बजे गुठी संस्थान शाखा कार्यालय जनकपुर। | २०८३।०३।२८ गते दिनको २:०० बजे गुठी संस्थान शाखा कार्यालय जनकपुर। |

**खरिद एकाइ, गुठी संस्थान शाखा कार्यालय जनकपुर।**
फोन नं. ०४२–५९०२८१/९८४१५८०३२०



## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०३।२५ गते)**

यस संस्थालाई तपसिल बमोजिमको **Microsoft 365 Business Standard** खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र योग्यता पुगेका संस्था/कम्पनी/फर्मबाट रीतपूर्वकको सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

| क्र. सं. | सिलबन्दी दरभाउपत्र नं. | विवरण | दरभाउपत्र फाराम दस्तुर | जमानत रकम | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खुल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 1 | ICAN/OTHER SERVICES/SQ/7/082/083 | Microsoft 365 Business Standard Subscription | १,०००।०० | ३०,०००।०० | सूचना प्रकाशित भएको मितिले सातौँ दिन कार्यालय समयभित्र (२०८३/०३/३१ गते दिनको ५:०० बजेसम्म) | सूचना प्रकाशित भएको मितिले आठौँ दिन (२०८३/०३/३२ गते दिनको १२:०० बजेसम्म) | सूचना प्रकाशित भएको मितिले आठौँ दिन (२०८३/०३/३२ गते दिनको ३:०० बजे) |

**नोट :** विस्तृत सूचना यस संस्थाको सूचना पाटी वा सम्पर्क नम्बर ५४३०७३०, ५४३०८३२ वा इमेल procurement@ican.org.np वा वेबसाइट www.ican.org.np बाट प्राप्त गर्न सकिनेछ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under The Nepal Chartered Accountants Act, 1997)
ICAN Marg, Satdobato, Lalitpur
Post Box No.: 5289, Tel.: 5430730, 5430832
Web: http:/ /www.ican.org.np, Email: ican@ntc.net.np


## प्रतिवादी पक्राउ

हेटौँडा (**गोरखापत्र**), असार २४ गते। गत भदौमा भएको जेनजी प्रदर्शनका क्रममा नक्खु कारागारबाट फरार भएका लागुऔषध मुद्दाका एक प्रतिवादीलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। लागुऔषध (अफिम) मुद्दामा २० वर्ष कैद सजाय भुक्तान गरिरहेका पूर्वी मकवानपुरको बकैया गाउँपालिका–६, ज्यामिरे बस्ने ३९ वर्षीय सुकलाल वाइबालाई मङ्गलबार पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार फरार प्रतिवादीको खोजतलासका क्रममा इलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरी टोलीले बकैया गाउँपालिका–४, जुरेली बजारबाट वाइबालाई नियन्त्रणमा लिएको हो। उहाँ गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा नक्खु कारागारबाट फरार भएका थिए।

# आश्रमलाई सहयोग

**मकवानपुर समाचारदाता**
*मकवानपुर, असार २४ गते*

हेटौँडा उपमहानगरपालिका–९ मा मुख्य कार्यालय रहेको मानवसेवा आश्रमलाई मकवानपुरका स्थानीय तहले सहयोग गरेका छन् । आश्रमलाई बकैया गाउँपालिका र हेटौँडा उपमहानगरपालिकाका विभिन्न वडाले सहयोग गरेका हुन्।

आश्रममा हाल बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, मानसिक तथा शारीरिक रूपमा अति कमजोर सडक आश्रित २८० जना रहेका छन्। बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले खाना वितरण गर्ने ट्रली साथै पाँच लाख ११ हजार रुपियाँ बराबरको सहयोग प्रदान गरेको जानकारी दिनुभयो।

हेटौँडा उपमहानगरपालिका–१३ कार्यालयले आश्रममा आश्रित रहेकाका लागि पाँच लाख रुपियाँ बराबरको आवश्यक खाद्यान्न र बेलुकाको भोजनको व्यवस्था गरेको छ।

हेटौँडा उपमहानगरपालिका–१ को कार्यालयले २५० जनाका लागि आवश्यक ब्ल्याङ्केट सहयोग गरेको छ। वडा नं २ का वडाध्यक्ष विष्णुगोपाल महर्जनले वडा कार्यालयका तर्फबाट एक लाख रुपियाँ बराबरको ग्यास चुलो र बिहानको भोजन सहयोग गरिएको जानकारी दिनुभयो।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभा**

## जग्गा अधिग्रहण गर्ने सम्बन्धी सूचना

अपर अरुण जलविद्युत आयोजनाका लागि आवश्यक पर्ने भोटखोला गाउँपालिका वडा नं. ४ (साबिक हटिया गाविस वडा नं. ६, ७ र ८) र मकालु गाउँपालिका वडा नं. ३ (साबिक पाथीभरा गाविस वडा नं. ३) का तपसिल बमोजिमका जग्गाहरू थप गरी परियोजना विकासकर्ता (अपर अरुण हाइड्रो–इलेक्ट्रिक लि.) को नाममा जग्गा प्राप्ति ऐन २०३४ अनुसार मुआब्जा निर्धारण समितिको मिति २०८३।०३।२३ को बैठकबाट थप जग्गा प्राप्त गर्ने निर्णय भएको। उपरोक्त जग्गाहरू अधिग्रहण गर्नु नपर्ने कुनै कारण वा प्रमाण भए सो समेत राखी ऐनको दफा ११ बमोजिम यो सूचना प्रकाशन भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र सम्बन्धित वडा कार्यालय, आयोजना विकासकर्ताको कार्यालय एवं यस कार्यालयमार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिनेछ। तोकिएको म्यादभित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानुनबमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपसिल**

**भोटखोला गापा वडा नं. ४ (साबिक हटिया -६)**

| सि.न | जग्गाधनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | साबिक गाविस | वार्ड नं. | कित्ता नं. | जम्मा क्षेत्रफल (व.मि.) | अधिग्रहण हुने क्षेत्रफल (व.मि.) | तर्फ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लेन्डुक भोटे | च्यावा | छेदर | हटिया | ६ | ९८४ | ८०० | ८००.०० | ससिम |
| २ | लेन्डुक भोटे | च्यावा | छेदर | हटिया | ६ | ९८५ | ५९० | ५९०.०० | ससिम |
| ३ | लाजाङमु भोटेनी | थचुङ | पेमबुढा | हटिया | ६ | ९९१ | ३५६० | ३५६०.०० | ससिम |
| ४ | लाजाङमु भोटेनी | थचुङ | पेमाबुडा | हटिया | ६ | ९९२ | १०५०.०० | १०५०.०० | ससिम |
| ५ | लाजाङमु भोटेनी | थचुङ | पेमाबुडा | हटिया | ६ | ९८८ | ४८७०.०० | १२४२.५३ | उत्तर पूर्व |
| ६ | सेङजी भोटे | चिङजी | लेवा | हटिया | ६ | ९८१ | ९८५ | ९८५.०० | ससिम |
| ७ | छिन्डुम भोटे | निमा रिन्जी | शचुङ | हटिया | ६ | ९९४ | ३१३० | ३१३०.०० | ससिम |
| ८ | फुचुङ भोटे | धचुङ | पेमाबुडा | हटिया | ६ | ९९३ | ३०० | ३००.०० | ससिम |
| ९ | छेनाङ भोटे | निमा छेदर | बेम्वाङदि | हटिया | ६ | ९८० | ४६५ | ४६५.०० | ससिम |
| १० | मिकमा तेन्जिङ भोटे | नाम्जा | च्यावा | हटिया | ६ | ९८३ | ११०० | ११००.०० | ससिम |
| ११ | कुङगा भोटे | आङजुक | पेमातेन्जिङ | हटिया | ६ | ९९० | ५५५.०० | ५५५.०० | ससिम |
| १२ | कुङगा भोटे | आङजुक | पेमातेन्जिङ | हटिया | ६ | ९८९ | ९०५.०० | ९०५.०० | ससिम |
| १३ | सोनाम भोटे | रिन्जी | जोम्बा | हटिया | ६ | ९७९ | ८८८०.०० | ४२०.९१ | उत्तर पूर्व |

**भोटखोला गापा वडा नं. ४ (साबिक हटिया- ७)**

| सि.न | जग्गा धनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | साबिक गाविस | वार्ड नं | कित्ता न | जम्मा क्षेत्रफल ( व.मि.) | अधिग्रहण हुने क्षेत्रफल (व.मि.) | तर्फ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | झोके गुरुङ | कृष्ण बहादुर गुरुङ | अम्बर बहादुर गुरुङ | हटिया | ७ | ५९० | १६०५.० | १३७२.९८ | ससिम |
| २ | समि गुरुङ | नैना सि गुरुङ | कृष्ण बहादुर गुरुङ | हटिया | ७ | ९६५ | २०५१.४५ | २०४५.५८ | ससिम |
| ३ | दिपक कुमार श्रेष्ठ | इन्द्र बहादुर श्रेष्ठ | धन बहादुर श्रेष्ठ | हटिया | ७ | ५९५ | १२१०.० | १२१०.० | ससिम |

**भोटखोला गापा वडा नं. ४ ( साबिक हटिया- ८)**

| सि.नं. | जग्गाधनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | साबिक गाविस | वार्ड नं. | कित्ता नं. | जम्मा क्षेत्रफल ( व.मि.) | अधिग्रहण हुने क्षेत्रफल (व.मि.) | तर्फ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लिला बहादुर श्रेष्ठ | नर बहादुर श्रेष्ठ | जगत बहादुर | हटिया | ८ | ८६४ | ५२०१.१० | १४७६.६३ | उत्तर पश्चिम |
| २ | लिला बहादुर श्रेष्ठ | नर बहादुर श्रेष्ठ | जगत बहादुर | हटिया | ८ | ८६६ | १०७०.० | ५७५.२० | उत्तर पूर्व |
| ३ | लिला बहादुर श्रेष्ठ | नर बहादुर श्रेष्ठ | जगत बहादुर | हटिया | ८ | ८६७ | २०४८.५२ | ५१७.९७ | उत्तर |
| ४ | तुल बहादुर गुरुङ | मान बहादुर गुरुङ | टेक बहादुर | हटिया | ८ | १२७८ | १९९१.४८ | ५७६.६४ | उत्तर पूर्व |
| ५ | विकास तामाङ | हस्त बहादुर तामाङ | बखत बहादुर | हटिया | ८ | १०४७ | ४०६२.५५ | ६८३.१२ | उत्तर पूर्व |
| ६ | जापान सिं गुरुङ | महेन्द्र बहादुर गुरुङ | कर्ण सि | हटिया | ८ | ९५९ | ७५८५.०३ | ११८३.१५ | उत्तर पूर्व |
| ७ | राम बहादुर गुरुङ | दल बहादुर गुरुङ | मतिलाल | हटिया | ८ | ४५७ | २०४८.५२ | १५८७.३८ | उत्तर पूर्व |
| ८ | लक्ष्मी प्रसाद गुरुङ, इन्द्र बहादुर गुरुङ | सहबिर गुरुङ | वृखमान | हटिया | ८ | ११५४ | ९९१९.९७ | २४१४.३७ | उत्तर पूर्व |
| ९ | विकास याम्फु राई | धन बहादुर राई | पुर्ण बहादुर | हटिया | ८ | ११२७ | १४६३५.७९ | ३०२४.५१ | उत्तर पश्चिम |
| १० | टेक बहुर राई | बम बहादुर राई | जंगबिर | हटिया | ८ | १३०९ | २६५०.० | १८९७.९९ | उत्तर पश्चिम |
| ११ | घनश्याम राई | धन्जुलाल राई | सुवानसिं | हटिया | ८ | १३१० | ५४९४.० | ३२३५.४८ | उत्तर पश्चिम |

**भोटखोला गापा वडा नं. ४ ( साबिक हटिया-८)**

| सि.नं. | जग्गाधनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | साबिक गाविस | वार्ड नं. | कित्ता नं. | जम्मा क्षेत्रफल (व.मि ) | अधिग्रहण हुने क्षेत्रफल (व.मि.) | तर्फ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुकधनी राई समेत | सेर बहादुर | बलध्वज | हटिया | ८ | ४९९ | २४८०.० | ९७०.९३ | उत्तर पूर्व |
| २ | सुकधनी राई समेत | सेर बहादुर | बलध्वज | हटिया | ८ | ११३४ | ३५५५.३६ | २८५२.९४ | उत्तर पूर्व |
| ३ | सुभधन राई | आश बहादुर | चंद्रबल | हटिया | ८ | १२५५ | ६७८.२३ | १५०.०२ | उत्तर |
| ४ | सुकधनी राई समेत | सेर बहादुर | बलध्वज | हटिया | ८ | ११३२ | ५३६८.४० | १६५३.२३ | पूर्व |
| ५ | सुकधनी राई समेत | सेर बहादुर | बलध्वज | हटिया | ८ | ११३७ | ८३४.०० | ८३४.०० | ससिम |
| ६ | सुकधनी राई समेत | सेर बहादुर | बलध्वज | हटिया | ८ | ११३६ | ४६९.०० | ४६९.०० | ससिम |
| ७ | सुकधनी राई समेत | सेर बहादुर | बलध्वज | हटिया | ८ | ११३८ | १०३४.६४ | १०३४.६४ | ससिम |
| ८ | जयबहादुर राई | बलध्वज | जकसेर | हटिया | ८ | ४९८ | १०३०.०० | ७०२.८५ | उत्तर पूर्व |
| ९ | सिता गुरुङ | आक्पा | थाङग्रे | हटिया | ८ | १००७ | २६५.८० | २६५.८० | ससिम |
| १० | सिता गुरुङ | आक्पा | थाङग्रे | हटिया | ८ | १०१२ | ७६.०० | ७६.०० | ससिम |
| ११ | प्रेम कुमार तामाङ | सर्गमान | दल बहादुर | हटिया | ८ | ८०८ | १४५.३१ | १४५.३१ | ससिम |
| १२ | कमला तामाङ | प्रेम कुमार | सर्गमान | हटिया | ८ | ८०५ | १७९.०० | १७९.०० | ससिम |
| १३ | पेक्मा लामा | छाङडरुक भोटे | धर्चे भोटे | हटिया | ८ | ८६२ | ४०७.५० | ४०७.५० | ससिम |

**मकालु गापा वडा नं. ३ (साबिक पाथीभरा- ३)**

| सि.नं. | जग्गाधनीको नामथर | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | साबिक गाविस | वार्ड नं. | कित्ता नं. | जम्मा क्षेत्रफल (व.मि.) | अधिग्रहण हुने क्षेत्रफल (व.मि.) | तर्फ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राजमान तामाङ | माता सिंह | नकल सिंह | पाथीभरा | ३ | २०५ | ७८८०.० | २६१५.७५ | उत्तर पूर्व |
| २ | राजमान तामाङ | माता सिंह | नकल सिंह | पाथीभरा | ३ | २१५ | ४९१०.० | १७०६.८१ | उत्तर पूर्व |
| ३ | पुर्ण प्रसाद राई | चक्र बहादुर | हाङजित | पाथीभरा | ३ | २१६ | ९७९०.० | ९७४.१३ | उत्तर पूर्व |
| ४ | पुर्ण प्रसाद राई | चक्र बहादुर | हाङजित | पाथीभरा | ३ | २०७ | ८००.० | १०२.०४ | उत्तर |
| ५ | छत्रमान तामांङ | बहादुर | दावा | पाथीभरा | ३ | २१४ | ४६६५.० | १३८.९५ | पूर्व |
| ६ | कर्नी माया राई | पञ्च बहादुर | बल बहादुर | पाथीभरा | ३ | २८३ | ४२४३.० | ४०९५.६१ | उत्तर पूर्व |
| ७ | कर्नी माया राई | पञ्च बहादुर | बल बहादुर | पाथीभरा | ३ | २७७ | ६२०५.० | ५०८६.७० | उत्तर दक्षिण |
| ८ | देवी माया तामाङ | कर्ण बहादुर | बल बहादुर | पाथीभरा | ३ | २८१ | ४२४३.० | ३०२७.७१ | उत्तर पूर्व |
| ९ | रिजाल माङवाखिम राई | इन्द्र बहादुर | हर्क बहादुर | पाथीभरा | ३ | २८४ | ४२४३.० | १३३५.९१ | उत्तर पूर्व |
| १० | दावा तामाङ | छत्रमान | बहादुर | पाथीभरा | ३ | २८२ | ४२४३.० | ४२४३.० | ससिम |
| ११ | देवी माया तामाङ | कर्ण बहादुर | बल बहादुर | पाथीभरा | ३ | २७६ | ६२०५.० | ५८३८.२९ | पूर्व |
| १२ | दावा तामाङ | छत्रमान | बहादुर | पाथीभरा | ३ | २७८ | ६२०५.० | ३३५१.११ | उत्तर पूर्व |
| १३ | चन्द्र बहादुर तामाङ | नरबल | दावार | पाथीभरा | ३ | २०६ | | ३४८२.२५ | उत्तर दक्षिण |
| १४ | छिरी माया राई | कृष्ण बहादुर | माकुर सिं | पाथीभरा | ३ | २७९ | ६२०५.० | ३४२३.२० | उत्तर दक्षिण |
| १५ | दिलिप कुमार राई | गौरिमान | पदम सिं | पाथीभरा | ३ | २०१ | २८९५.० | १७९०.४६ | दक्षिण |
| १६ | दावा तामाङ | टेक बहादुर | प्रतिमान | पाथीभरा | ३ | २८० | ४२४३.० | ८०.४८ | पूर्व |

# ओझेलमा जाजरकोटका पर्यटकीय क्षेत्र

**खलङ्गा समाचारदाता**
*जाजरकोट, असार २४ गते*

जाजरकोटका पर्यटकीय क्षेत्र प्रदेश सरकारको प्राथमिकतामा नपरेपछि ओझेलमा परेका छन्। प्रदेश सरकारले ल्याउने बजेट पूर्वाधार अन्तर्गत यहाँको पर्यटकीय क्षेत्रको विकास र विस्तारका लागि पर्याप्त बजेट विनियोजन गरिएको छैन।

यहाँका अधिकांश धार्मिक तथा ऐतिहासिक क्षेत्र अब ओझेलमा पर्ने सम्भावना छ।

जनताको जीवनस्तर उकास्ने पर्यटन पूर्वाधारमा सरकारले लगानी नगर्दा पर्यटकीय गन्तव्य नाम मात्रका छन्। भेरी नगरपालिका–६ को मछाइन मालिका मन्दिर, वडा नं. १ को शिवालय मन्दिर, वडा नं. २ को साङ्ट गुफा, भेरी नगरपालिका–११ को वायुघट्ट, ऐतिहासिक जक्तिसिंहको दरबार, भेरी नगरपालिकाको भूमेश्वर गुफा, भेरी नगरपालिका–४, कालिका मन्दिर, छेडागाड नगरपालिका–२, सुयाडा मालिका, फाल्म मालिका गुफा, वडा नं. ८ को भोटेले हातले कुँदेर निर्माण गरिएका करिब तीन सय वर्ष पुराना स्तूप तथा चैते गुम्बा यहाँका ऐतिहासिक धरोहर हुन्।

जुनीचाँदे गाउँपालिकाको काइनाइट टुर्मालिन पत्थर, कुसे गाउँपालिका–८, पैकको मष्टा मन्दिर, बारेकोट गाउँपालिकामा पर्ने साइकुवारी, ठाकुरजी ताल, फलाम खानीलगायतका स्थानमा जडीबुटीको प्रचुर सम्भावना भए पनि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारको नजरमा पर्न सकेका छैनन्।



तस्बिर : वासुदेव शर्मा

**छेडागाड नगरपालिका–८, घोँगीमा रहेका स्तूप तथा चैते गुम्बा।**

भेरी नगरपालिका–६ का अमरबहादुर बस्नेतले जाजरकोटकै प्रसिद्ध मछाइन मालिका मन्दिर पर्यटकीय क्षेत्र भएको बताउनुभयो। आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणका रूपमा रहेको मालिका मन्दिर पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नसकेपछि ओझेलमा परेको छ। विभिन्न स्थानीय तहमा अवस्थित पर्यटकीय सम्भावना बोकेका पर्यटकीय गन्तव्य संरक्षणका लागि बजेट विनियोजन गरी आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउनुपर्ने भए पनि त्यसो हुन नसकेको उहाँले गुनासो गर्नुभयो।

पर्यटकीय क्षेत्रको विकास गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सके गाउँमा चहलपहल बढ्ने, जनताले रोजगारी पाउने थिए तर सरकारले यहाँको पर्यटनको विकासमा बेवास्ता गरेकोप्रति स्थानीय चिन्तित छन्।

# अवैध गाँजा खेती नष्ट अभियान

**बागलुङ समाचारदाता**
*बागलुङ, असार २४ गते*

गण्डकी प्रदेश सरकारले गाँजा खेतीलाई वैधानिकता दिने र गाँजा खेतीलाई आर्थिक उपार्जनको स्रोत बनाउने घोषणा गरिरहँदा जिल्ला प्रहरी कार्यालय बागलुङले भने अवैध गाँजा खेती नष्ट गर्ने अभियान चलाएको छ।

अनियान अन्तर्गत प्रहरीले पश्चिम क्षेत्रका तीन पालिकाको १९ रोपनी क्षेत्रफलमा लगाइएको अवैध गाँजा फँडानी गरी नष्ट गरेको हो। इलाका प्रहरी कार्यालय बुर्तीबाङ तथा मातहत प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले अवैध रूपमा खेती गरिएको गाँजा फँडानी गरेर जलाएर नष्ट गरेको हो।

अभियान अन्तर्गत निसीखोला गाउँपालिका–६ भलकोट, ताराखोला गाउँपालिका–५, ठुलोहिले, सोही ठाउँको सानोहिले, ताराखोला गाउँपालिका–२, खुलडाँडा, गलकोट नगरपालिका–४, मिलनचोक, नुवाकोट क्षेत्रका सार्वजनिक तथा व्यक्तिगत जग्गामा लगाइएको १९ रोपनी क्षेत्रफलको अवैध गाँजा जलाएर नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी रामेश्वर त्वातीले जानकारी दिनुभयो।

जिल्ला प्रहरी कार्यालय बागलुङले अवैध लागुऔषधको उत्पादन, ओसारपसार तथा दुरुपयोग नियन्त्रणका लागि अवैध गाँजा फँडानी अभियानलाई निरन्तरता दिँदै आएको त्वातीले बताउनुभयो।

# भिसा त्यागेर गाउँमै मौरीपालन

**जुम्ला समाचारदाता**
*जुम्ला, असार २४ गते*

जुम्ला पातारासी गाउँपालिका–७ निवासी टङ्क रावत केही वर्षअगाडि काम गर्नका लागि विदेश जाने योजना बनाउनुभयो। काठमाडौँ गएका रावत मेडिकल फेल भएपछि घर फर्किनुभयो। घरमा आएपछि अहिले मौरीपालन व्यवसायमा होमिनुभएको छ। उहाँले भिसा त्यागेर घर फर्किएपछि नै मौरीपालन र जडीबुटी नर्सरी गर्न सुरु गर्नुभएको हो।

सुरुमा दुई/चार वटा मौरीघारबाट सुरु गरिएको टङ्क रावतको मौरीपालन व्यवसाय अहिले लोभलाग्दो छ। प्रेरणादायी रूपमा काम तथा सङ्घर्ष गरिरहेका उहाँको व्यवसाय अहिले फस्टाउँदै आएको छ। रावतका अनुसार अहिले मौरीका एक सय घार रहेको र ४० घारभित्र मौरी छन् । अन्य ६० घार मौरी राख्ने तयारी छ।

रावतले तीन वर्षअगाडि एक सय केजी मह उत्पादन गरी बिक्रीवितरण गर्नुभएको थियो। पहिला महको बजारीकरणमा समस्या थियो तर अहिले समस्या छैन्। घरमै पनि एक हजार आठ सय प्रतिकेजीको दरले बिक्री हुने गर्छ। उहाँका अनुसार यस वर्ष लाखौँ रुपियाँको मह उत्पादन हुने तयारी भइरहेको छ। एउटा घारबाट राम्रो भयो भने न्यूनतम १० केजीसम्म मह उत्पादन हुने गर्छ।

उहाँले उत्पादित एक सय केजीभन्दा बढी मह जुम्लाबजारमै खपत गर्नुभएको थियो। यस वर्ष भने तीन सय देखि पाँच सय केजीसम्म उत्पादन गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो। रावतले मौरीपालन मात्रै नभई जडीबुटी, स्याउ, ओखरको नर्सरीबाट पनि आम्दानी गर्नुहुन्छ।

रावतको मौरीपालन अब्बल देखिएपछि उहाँलाई सरकारी अनुदानसमेत सहयोग हुन थालेको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम एकाइ जुम्लाद्वारा मौरी किसान रावतलाई यस वर्ष दुई लाख ७४ हजारको अनुदान सहयोग प्रदान गरिएको कार्यालय प्रमुख खेमराज शाहीले जानकारी दिनुभयो। उहाँका अनुसार मौरीको घार, एप्रोन, चक्कु, टोपी, जालीसहित विभिन्न सामग्रीमा सहयोग भएको छ। यता कृषि विकास कार्यालय जुम्लाले समेत यस्तो व्यवसाय प्रवर्धनमा सहयोग गर्ने बताएको छ।

# एउटा जग्गामा तीन वटा विद्यालय

**नवलपुर समाचारदाता**
*नवलपुर, असार २४ गते*

नवलपुरको कावासोतीमा रहेको एउटा विद्यालयको जग्गामा तीन वटा विद्यालय सञ्चालन भएको पाइएको छ। कावासोती नगरपालिका–३, विष्णुनगरमा रहेको जनता माविका नाममा रहेको जग्गामा कावासोती–३ मा रहेको सहिद स्मृती मावि र कावासोती–८ मा रहेको ज्ञानोदय माविले भोगचलन गरिरहेका हुन्।

जनता माविका नाममा रहेको १२ बिघा १६ कट्ठा ११ धुर जग्गामध्ये ज्ञानोदय माविले १९ कट्ठा, १९ धुर र सहिद स्मृतिले तीन बिघा, छ कट्ठा प्रयोग गरेको नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृत राजन पाण्डेले जानकारी दिनुभयो। जसमध्ये जनता मावि आफैँले चार बिघा, छ कट्ठा जग्गा भोगचलन गरिरहेको छ।

अहिले जनता माविले आफ्नो विद्यालयका नाममा रहेको जग्गा फिर्ता गरिनुपर्ने माग गरेको छ भने अन्य दुई विद्यालयले लामो समयदेखि भोगचलन गरिरहेकाले जग्गाधनी पुर्जा दिलाउन नगरपालिकासँग आग्रह गरिरहेका छन्। जनता माविका प्रधानाध्यापक होमनाथ भुसालले नगरपालिकालाई जग्गा फिर्ताका लागि पहल गरिदिन आग्रह गरेको बताउनुभयो।

उहाँका अनुसार विष्णुनगरमा विद्यालय स्थापना गर्ने बेला जनता प्रावि शिवबस्ती थियो। जनता प्राविका नाममा जग्गाधनी पुर्जा छ, जसलाई ज्ञानोदय र सहिद स्मृतिले बर्सौंदेखि उपभोग गरिरहेका छन्।

ज्ञानोदय माविका प्रधानाध्यापक चेतनाथ अधिकारीले स्थापनाकाल (विसं २०४० साल) देखि जग्गा भोगचलन गरिरहेको र २०७२ सालमा यही जग्गा बैङ्कमा धितो राखेर ऋणसमेत पाएकाले जग्गा आफ्नो विद्यालयको नाममा कायम गरिदिन कुनै समस्या नहुने तर्क गर्नुभयो। २०४० सालमा विद्यालय स्थापना हुँदाका प्रधानपञ्च प्रेमबहादुर गुरुङ र चल्ताफुर्ता व्यक्ति पण्डित इन्द्रप्रसाद भट्टराई, खुसीलाल पाण्डे, बाबुराम पराजुलीलगायतले पहिले खाली ठाउँमा विद्यालय बनाइहाल्न र पछि कसैले दाबी गर्न आएमा पछि नै मिलाउने भन्दै ज्ञानोदय मावि स्थापना गरेको विद्यालय प्रशासनको भनाइ छ।

प्रअ अधिकारीले भन्नुभयो, "त्यतिबेला चासो दिएको भए टुङ्गिसक्थ्यो तर अहिलेसम्म पनि कसैले चासो दिएन। नगरपालिकाले सक्ने भए आफूमातहतका जग्गाको व्यवस्थापन गर्नु पर्छ होइन भने सङ्घीय सरकारले नै पहल गर्नु पर्छ।"

भोगचलन गरिरहेको भए पनि आफ्नो विद्यालयको नाममा जग्गाधनी पुर्जा नहुँदा धेरै समस्या भोग्नु परेको सहिद स्मृति माविका प्रधानाध्यापक पुरुषोत्तम भुर्तेलको भनाइ छ। प्रअ भुर्तेलले भन्नुभयो, "विद्यालयको आफ्नो जग्गा नहुँदा सङ्घीय सरकारको बजेट पर्दैन, कक्षा ११ र १२ सञ्चालनका लागि कुनै पनि ठुला भौतिक संरचना बनाउन पाइएको छैन।" नगरप्रमुख विष्णुप्रसाद भुसालले भूमिसम्बन्धी अधिकार पालिकालाई नभएकाले केही गर्न सक्ने अवस्था नरहेको बताउनुभयो।

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका प्रतिवादीका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

**प्रकाशित मिति : २०८३।०३।२५** **मुद्दा फाँट–२, मुद्दा नं. ०८२–DR–०२४०**

वादी **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड** प्रतिवादी तपाईं तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०६।२७ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।११।२८ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।

**तपसिल**

| हाइपोथिकेसन कर्जा | **श्री राम ट्रेडर्स**<br>ठेगाना : पत्थरगाडा –६, सप्तरी<br>दर्ता नं.: ४७५९।०७३।०७४,<br>घरेलु तथा साना उधोग कार्यालय, सप्तरी राजविराज।<br>मिति : २०७३।०८।७<br>पान नं. : ६०५५४३४२७, लाहान<br>मिति : २०७३।०९।०६ | **श्रीराम मण्डल**<br>ठेगाना : कटैया –९, सप्तरी<br>बाबु : देव लाल खत्वे<br>बाजे : जंगली खत्वे<br>ना.प्र.नं.: ८११६४८२३, सप्तरी<br>मिति : २०५३।०१।०२<br>प्रतिलिपि : २०६६/०२/१८ | **संसारी देवी खत्वेनी**<br>ठेगाना : पत्थरगाडा–८, सप्तरी<br>पति : : देव लाल खत्वे<br>ससुरा : जंगली खत्वे<br>ना.प्र.नं.: ८११६२४८५, सप्तरी<br>मिति : २०४१।०२।०४<br>प्रतिलिपि : २०७५/०२/३० | **देवलाल खत्वे**<br>ठेगाना : पत्थरगाडा–८, सप्तरी<br>बुवा :जंगली खत्वे<br>बाजे : पन्ची खत्वे<br>ना.प्र.नं.: ८११६२४८४, सप्तरी<br>मिति : २०४१।०२।०४<br>प्रतिलिपि : २०७५/०२/३० |

| व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | | सुरक्षणको विवरण |
|---|---|---|
| **प्रकाश मण्डल**<br>ठेगाना : कटैया–९, सप्तरी<br>बुवा : श्रीराम मंडल<br>बाजे : देवलाल खत्वे<br>ना.प्र.नं.: १६–०१–७२–०४०६१, सप्तरी<br>मिति : २०७२।०४।२५ | **बुधनी देवी**<br>ठेगाना : कटैया–९, सप्तरी<br>पति : : श्रीराम मंडल<br>ससुरा : देवालाल खत्वे<br>ना.प्र.नं.: ४१७१/कटै, सप्तरी<br>मिति : २०६३।०५।०९ | वौवा लाल खंगकी छोरी श्रीराम मंडलकी पत्नी बुधनी देवीको नाममा मालपोत कार्यालय राजविराज सप्तरीमा दर्ता स्रेस्ता कायम रहेको सप्तरी जिल्ला साविक सखुवा पत्थरगाडा– ६क स्थित कि.नं. १२३३ को क्षेत्रफल ०–०–१५ $^{1/2}$ बिगाहाको घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

## बिराटचोक शाखा

| १ | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राइटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | | |
|---|---|---|---|---|---|
| हाइपोथिकेसन कर्जा र शैक्षिक कर्जा | **लक्ष्मि सप्लायर्स**<br>ठेगाना :इन्द्रपुर –०३, मोरङ<br>दर्ता नं. : २१२४१,: वाणिज्य कार्यालय, विराटनगर<br>मिति : २०६३/०५/२५<br>पान नं. : ३०१६४०६१३, विराटनगर<br>मिति : २०६१/०४/१२ | **देवि प्रसाद पाण्डे**<br>ठेगाना : लेटाङ–२, मोरङ<br>बाबुः खगेन्द्र पाण्डे<br>बाजेः माहानन्द पाण्डे<br>ना.प्र.नं.: ६९५६, मोरङ<br>मिति : २०४४/०५/१६ | **नरमाया पाण्डे**<br>ठेगाना : लेटाङ–१२, मोरङ<br>पतिः देवि प्रसाद पाण्डे<br>ससुरा : माहानन्द पाण्डे<br>ना.प्र.नं.: २५०५५, मोरङ<br>मिति : २०६२/०८/०१ | **आयुष पाण्डे**<br>ठेगाना : सुन्दरहरैचा–१२, मोरङ<br>बाबु : देवि प्रसाद पाण्डे<br>बाजेः खगेन्द्र पाण्डे<br>ना.प्र.नं.: ०५–०१–७६–१२०६३, मोरङ<br>मिति : २०७६/१०/०२ | **आकृति पाण्डे**<br>ठेगाना :सुन्दरहरैचा–१२, मोरङ<br>बाबु : देवि प्रसाद पाण्डे<br>बाजेः खगेन्द्र पाण्डे<br>ना.प्र.नं.: ०५–०१–७६–१२०६४, मोरङ<br>मिति :२०७६/१०/०२ |

| ऋणीहरूको विवरण | | व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण | |
|---|---|---|---|
| **नरमाया पाण्डे**<br>ठेगाना : लेटाङ–१२, मोरङ<br>पतिः देवि प्रसाद पाण्डे<br>ससुरा : खगेन्द्र पाण्डे<br>ना.प्र.नं.: २५०५५, मोरङ<br>मिति २०६२/०८/०१ | **आकृति पाण्डे**<br>ठेगाना : सुन्दरहरैचा–१२, मोरङ<br>बाबु : देवि प्रसाद पाण्डे<br>बाजेः खगेन्द्र पाण्डे<br>ना.प्र.नं.: ०५–०१–७६–१२०६४, मोरङ<br>मिति : २०७६/१०/०२ | **देवि प्रसाद पाण्डे**<br>ठेगाना : लेटाङ–२, मोरङ<br>बाबुः खगेन्द्र पाण्डे<br>बाजेः माहानन्द पाण्डे<br>ना.प्र.नं.:६९५६, मोरङ<br>मिति :२०४४/०५/१६ | **आयुष पाण्डे**<br>ठेगाना : सुन्दरहरैचा–१२, मोरङ<br>बाबु : देवि प्रसाद पाण्डे<br>बाजेः खगेन्द्र पाण्डे<br>ना.प्र.नं.:०५–०१–७६–१२०६३, मोरङ<br>मिति : २०७६/१०/०२ |

| संस्थागत धनजमानीकर्ता फर्मको विवरण | सुरक्षणको विवरण |
|---|---|
| नाम : **निरू ट्रेडर्स**<br>ठेगाना : सुन्दरहरैचा –१२, मोरङ<br>दर्ता नं.: २२१८७/०६५,<br>वाणिज्य कार्यालय विराटनगर<br>मिति : २०६५/०७/२२<br>पान नं. : ३०११८२८७०, विराटनगर<br>मिति : २०५७/०४/२४ | जयप्रसाद सुवेदीकी छोरी देवी प्रसाद पाण्डेकी पत्नी नरमाया पाण्डेको नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता स्रेस्ता कायम रहेको सुनसरी जिल्ला, साबिक इटहरी–४ख स्थित कि.नं. ७७१ को क्षेत्रफल ०–०–५ $^{3/4}$ बिगाहा, कि.न. ११११ को क्षेत्रफल ०–२–१४ $^{1/4}$ बिगाहा तथा कि.न. १११० को क्षेत्रफल ०–०–५ बिगाहाको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

## विकासनिर्माणको अनुगमन

# भएनन् पूर्वाधार अपाङ्गतामैत्री



भुवनेश्वरी भगवती माताको मन्दिर अनुगमन गर्दै जिल्ला समन्वय समिति प्रमुखलगायतको टोली । तस्बिर : पुष्कर भण्डारी

**अमरगढी समाचारदाता**
*डडेलधुरा, असार २४ गते*

विकासनिर्माणका योजना सम्पन्न भएपछि त्यसको गुणस्तर, पारदर्शिता र प्रभावकारिताको मूल्याङ्कनका लागि गरिएको तेस्रो पक्षीय अनुगमनले भागेश्वर गाउँपालिकाका केही सकारात्मक पक्षसँगै सुधार गर्नुपर्ने कमजोरीलाई पनि औँल्याएको छ।

आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न भएका योजनाको जिल्ला समन्वय समिति डडेलधुराको टोलीले स्थलगत अनुगमन गरेको हो। टोलीको नेतृत्व जिल्ला समन्वय समितिका प्रमुख गगन भण्डारीले गर्नुभएको थियो। टोलीमा प्रमुख जिल्ला अधिकारी अम्बर ओली, जिल्ला समन्वय समिति सदस्य सञ्जय जैरू, जिल्ला समन्वय समिति तथा गाउँपालिकाका इन्जिनियर र प्राविधिक कर्मचारी सहभागी हुनुभएको थियो।

पाँच वटा वडा रहेको गाउँपालिकाबाट प्रत्येक वडाका दुई/दुई गरेर १० वटा योजनाको स्थलगत निरीक्षण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जितेन्द्र ओझाले बताउनुभयो। उहाँका अनुसार अनुगमन गरिएका योजनामा वडा नम्बर १ को प्रतीक्षालय र लाटादेउ गौरा घर, वडा नम्बर २ को पाण्डेयगाउँ पुलसम्म सडक तथा असीग्राम माध्यमिक विद्यालयको पर्खाल, वडा नं. ३ को लामीकाङ्डेस्थित बेताल मन्दिरको पर्खाल र बोगटा खेल मैदान, वडा नम्बर ४ को भुवनेश्वरी भगवती मन्दिर तथा बगरकोट ताल संरक्षण र वडा नम्बर ५ को सिराडीगाड पुल तथा हंसवाहिनी आधारभूत विद्यालय बुर्सको शौचालय निर्माण योजना रहेका थिए।

अनुगमनपछि जिल्ला समन्वय समिति प्रमुख भण्डारीले प्राविधिकको प्रतिवेदन अनुसार अधिकांश योजनामा विनियोजित लागत अनुसार निर्माण सम्पन्न भएको जानकारी दिनुभयो तर विकासनिर्माणमा गुणस्तरका साथै पारदर्शिता र समावेशिताका आधारभूत मापदण्ड भने पूर्ण रूपमा पालना नभएको उहाँको भनाइ छ।

उहाँका अनुसार अनुगमन गरिएका कुनै पनि योजनामा सूचना पाटी राखिएको भेटिएन। सार्वजनिक लगानीबाट निर्माण गरिएका योजनामा लागत, निर्माण अवधि, उपभोक्ता समिति र प्राविधिक विवरण खुल्ने सूचना पाटी अनिवार्य मानिए पनि त्यसको पालना भएको देखिएन।

त्यसै गरी सार्वजनिक प्रयोगका लागि निर्माण गरिएका प्रतीक्षालय र शौचालय अपाङ्तामैत्री तथा बालमैत्री मापदण्ड अनुसार निर्माण नगरिएको पनि टोलीले औँल्याएको छ। यसले सार्वजनिक पूर्वाधार निर्माणमा समावेशी पहुँच सुनिश्चित गर्ने विषय अझै प्राथमिकतामा नपरेको सङ्केत गरेको उहाँको भनाइ छ। अनुगमन टोलीले देखिएका सबै कमजोरी तत्काल सुधार गर्न गाउँपालिकालाई निर्देशन दिएको छ। प्रमुख प्रशासकीय अधिकृत ओझाले अनुगमनका क्रममा प्राप्त सुझाव र निर्देशन कार्यान्वयन गर्दै आवश्यक सुधार गरिने बताउनुभयो।

## दुई हजारभन्दा बढीले टिपे यार्चागुम्बा

**खलङ्गा समाचारदाता**
*खलङ्गा (दार्चुला), असार २४ गते*

दार्चुलाका दुई हजार १६६ जनाले यस वर्ष यार्चागुम्बा टिपेका छन्। दार्चुलावासी यसैबाट वर्षभरिको घरखर्च, बालबालिकाको पालनपोषण र विद्यालय खर्चको जोहो गर्ने गर्छन्। हिउँदमा बाक्लो हिमपात भएको पाटनमा हिउँ पग्लिन थालेपछि वैशाख दोस्रो साता यार्चागुम्बा टिप्न स्थानीयवासी लेकतिर गएका थिए।

विगतका वर्षभन्दा यस वर्ष यार्चागुम्बाको उत्पादन घटेको यार्चागुम्बा सङ्कलक एवं नौगाड गाउँपालिकाका स्थानीय नरेन्द्रबहादुर बम बताउनुहुन्छ। व्यास गाउँपालिका-१, बुदी कुन्तीसाँउ वनमा यार्चागुम्बा सङ्कलन गर्नुभएका बम भन्नुहुन्छ, "सेतो गुराँस (चिमल) को अत्यधिक दोहन भइरहेकाले यार्चागुम्बाको उत्पादन घटिरहेको छ। चिमल यार्चागुम्बा उत्पादनको प्रमुख स्रोत मानिन्छ।"

सेतो गुराँसको संरक्षण गर्न अपि नाम्पा संरक्षण क्षेत्र कार्यालय दार्चुलाले विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ छ। अपि नाम्पा संरक्षण क्षेत्र कार्यालय दार्चुलाका सूचना अधिकारी अरुण चौधरीका अनुसार यस वर्ष करिब आठ क्विन्टल यार्चागुम्बा सङ्कलनको लक्ष्य रहेको छ। हालसम्म ४१.७५५ किलोग्राम यार्चागुम्बा निकासी भएको तथा १२ लाख ९४ हजार रुपियाँ राजस्व सङ्कलन भएको छ।

उहाँले सातुसामलसहित वैशाखको दोस्रो साता यार्चागुम्बा पाइने पाटनमा गएका सङ्कलक फर्किने तयारीमा रहेको बताउनुभयो। दार्चुलाको लोलु, अपिफेद, सतगङ्गा, काटै, घट्टेखोला, चाइमटेला, धरमघर, नाम्पा, दोपाखेलगायत पाटनमा यार्चागुम्बा पाइन्छ। दार्चुलाको हिमाली जीवनमा यार्चागुम्बा केवल एउटा जडीबुटी मात्र होइन, जीवन धान्ने आधार पनि हो।

## पानीको गुणस्तर निगरानी गर्न अभिमुखीकरण

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), असार २४ गते*

कञ्चनपुरको बेलौरी नगरपालिकामा खानेपानी गुणस्तर निगरानीसम्बन्धी अभिमुखीकरण गरिएको छ। खानेपानी गुणस्तर निगरानीद्वारा पानीजन्य विभिन्न रोगको न्यूनीकरणका लागि स्वास्थ्य कार्यालयको आयोजना तथा बेलौरी नगरपालिकाको सहकार्यमा खानेपानी गुणस्तर निगरानीसम्बन्धी अभिमुखीकरण गरिएको हो।

कार्यक्रममा खानेपानी सुरक्षा योजनालाई प्रमाणीकरण गर्न खानेपानीको मुहान तथा वितरण प्रणालीको नियमित अनुगमन तथा मूल्याङ्कनबाट उपभोक्ताको सन्तुष्टि पहिचान गरेर पृष्ठपोषण प्रदान गर्ने जस्ता विषयमा छलफल भएको स्वास्थ्य कार्यालयका वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक नरेन्द्रसिंह रावलले बताउनुभयो। दूषित पानीले मानव स्वास्थ्यमा पार्ने प्रभाव र यसबाट बच्ने उपाय तथा पानीका मुहानमा समस्या बारे जानकारी गराइएको थियो।

### टोखा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**मैजुहिटी काठमाडौं।**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८३/०३/२५ (July 9, 2026)**

यस कार्यालयको बोलपत्र आह्वानको सूचनाअनुसार बोलपत्र पोर्टलमार्फत रीतपूर्वक दर्ता भएका देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | बोलपत्रको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (VAT र पी एस बाहेक) |
|---|---|---|---|
| 33/NCB/TM/W/2082-83 | Road Upgradation of Surrounding of Jhudol & Grande Tower, ward-03 | Thasang Developers Company p. Ltd., Kathmandu | ५३,०८,१६८.५५ |

**प्रमुख प्रशासकीय अधिकृत**

### भूमि प्रशासन कार्यालय, धनगढी-कैलालीको मोही हकदाबी सम्बन्धी ३० दिने सार्वजनिक सूचना।

जि.कै. तपसिलमा उल्लिखित गा.वि.स. अन्तर्गतका कित्ता जग्गाहरूमा रहेको मोही लगत कट्टा गरी पाऊँ भन्ने तपसिलका जग्गा धनीहरूको निवेदन परी तपाईं तपसिलका मोहीका नाउँमा म्याद जारी गर्दा मोही र निजका हकदार सो ठाउँमा पत्ता नलागी अन्यत्र गइसकेको भन्ने बेपत्ते म्याद तामेल भई आएको र तामेली म्याद गुजारी बसेकाले विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम हाजिर हुन आउनेबारे ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र उक्त जग्गाका सम्बन्धित मोही तथा निजका हकदारहरूले आफूसँग भएका प्रमाणहरू लिई उपस्थित हुन आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा सूचित गरिन्छ। **तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम | मोहीको नाम |
|---|---|---|---|---|---|---|
| १. | साविक नारायणपुर | १ | १२६५ | ०-१२-१५ | नारायण शर्मा | रामलाल थारु भरथपुर |
| २. | साविक नारायणपुर | १ | १२६६ | ०-१२-१५ | पशुपती शर्मा (मुडभरी) | रामलाल थारु भरथपुर |
| ३. | साविक नारायणपुर | १ | ७३७ | ०-१०-० | नेत्र बहादुर खत्री | रामलाल थारु भरथपुर |
| ४. | साविक नारायणपुर | १ | ७५३ | १-०-० | नन्दा देवी बि.क. | रामलाल थारु भरथपुर |
| ५. | साविक नारायणपुर | १ | ७५२ | १-०-० | देबु देबी बि.क. | रामलाल थारु भरथपुर |

**इति संवत् २०८३ साल असार १९ गते रोज ६ शुभम् ।द**

## अस्पतालका प्रयोगशाला प्रमुखमाथि कुटपिट

**टीकापुर समाचारदाता**
*टीकापुर, असार २४ गते*

टीकापुर अस्पतालका प्रयोगशाला इन्चार्ज उमेश बजगाईंमाथि कुटपिट भएको छ। मङ्गलबार दिउँसो अस्पतालको आन्तरिक व्यवस्थापनका विषयमा भएको छलफलमा विवाद बढेपछि प्रयोगशाला प्रमुख बजगाईंलाई अस्पतालकै फिजियोथेरापिस्ट अनिल तिवारीले कुटपिट गर्नुभएको हो। अस्पताल प्रशासनका अनुसार प्रशासनकक्षमै हात हालाहालको स्थिति भएपछि तिवारीलाई बाहिर पठाइएको थियो। केहीबेरमा बजगाईं बाहिर निस्केपछि तिवारीबाट आक्रमण भयो।

बजगाईंले कुटपिट गर्ने तिवारीविरुद्ध कारबाहीका लागि अस्पताल प्रशासनमा निवेदन दिएपछि प्रशासनले सिसिटिभी फुटेजसहित इलाका प्रहरी कार्यालय टीकापुरमा पठाएको छ। इलाका प्रहरी कार्यालय टीकापुरका प्रमुख प्रहरी नायब उपरीक्षक प्रकाश डाँगीले अहिले तिवारीलाई प्रहरी कार्यालयमा राखेर दुवै पक्ष र अस्पताल व्यवस्थापन पक्षसँग बुझ्ने काम भइरहेकोले दुवै पक्ष मिलेमा घर जाने र नमिले कानुन अनुसार कारबाही अगाडि बढ्ने बताउनुभयो।

तिवारीले प्रयोगशालाका कर्मचारीलाई बिदाका दिन र ओभरटाइमका नाममा धेरै सुविधा लिएको आरोप लगाउनुभएको छ। प्रयोगशाला प्रमुखले सफ्टवेयरमा रेकर्ड भएको काम अनुसार प्रशासनले दिएको सुविधा पाएको बताउनुहुन्छ। कुटपिटमा पर्नुभएका प्रयोगशाला प्रमुख उमेश बजगाईंले आफूलाई पटक पटक दुर्व्यवहार भइरहेकाले न्यायको प्रतीक्षामा रहेको बताउनुभयो।

### भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौँबाट जारी भएको

**काठमाडौँ जिल्ला, साविक सुन्टोल ३ साँखु हाल शंखरापुर ६ बस्ने जग्गाधनी मोहन लाल श्रेष्ठका नामको विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना ।**

का.जि., साविक सुन्टोल गा.वि.स. वडा नं. ७/क कित्ता नं. १३० क्षेत्रफल २-९-०-० जग्गाको मोही नामसारी तथा बाँडफाँट सम्बन्धी धन बहादुर थापाको माग निवेदनमा उक्त जग्गाको मोही बिष्णु माया थपिनीको मृत्यु भई हक खाने छोरा आफू मात्र भएकाले उक्त जग्गाको मोहीहक आफ्ना नाममा नामसारी गरी उक्त जग्गालाई पूर्व पश्चिम चिरा गरी जग्गा घटीबढी भएमा दामासाहीले व्यहोर्ने गरी उत्तर पश्चिमतर्फ ज.ध. लाई र पूर्व दक्षिण तर्फ निवेदक धन बहादुर थापालाई हुने गरी नामसारी तथा बाँडफाँट गरी पाऊँ भनी माग निवेदन परी जग्गाधनी तपाईं मोहन लाल श्रेष्ठ समेतका नाममा म्याद जारी गर्दा व्यक्ति फेला नपरेको भनी वारेस श्रीराम थापाको द.नं. २६२७० मिति ०८३।३।१७ को निवेदन तथा शंखरापुर नगरपालिका वडा नं. ६ बाट साक्षी सहित प्रमाणित भई आएको हुँदा उक्त निवेदन उपर कारबाही प्रक्रिया अगाडि बढाउन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र स-प्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग विभाग**
**औद्योगिक सम्पत्ति शाखा**

**सूचना**

**(सूचना प्रकाशित मिति २०८३/०३/२५)**

यस विभागमा ट्रेडमार्क दर्ताको लागि प्राप्त भएका आवेदनहरू पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ (१) बमोजिम दर्ता प्रयोजनका लागि मिति २०८३।०३।२४ गते औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गरिएको छ। उक्त औद्योगिक सम्पत्ति बुलेटिन उद्योग विभागको वेबसाइट www.doind.gov.np मा हेर्न सकिनेछ। प्रकाशित ट्रेडमार्क चिन्ह उपर कसैको दाबी विरोध भए औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन भएको मितिले ९० दिन भित्र उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौंमा रितपूर्वक उजुरी दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, यस अघि आवेदित यस बुलेटिनमा प्रकाशन नभएका ट्रेडमार्कहरूको दावी विरोधको सूचना आगामी औद्योगिक सम्पत्ति बुलेटिनमा समावेश गरी प्रकाशन गरिने हुँदा आवेदन भई बुलेटिनमा प्रकाशन नभएका ट्रेडमार्कहरूका हकमा थप कारबाही प्रक्रियाका लागि यस विभागमा सम्पर्क गर्नुहुन समेत जानकारी गराइन्छ।

### भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौँबाट जारी भएको

**काठमाडौँ जिल्ला, साविक साँखु पुखुलाछी गा.वि.स. वडा नं. ८ हाल शंखरापुर न.पा. वडा नं. ६ बस्ने जग्गाधनी सत्य दुर्गा श्रीखण्ड श्रेष्ठ र तुलसी बहादुर श्रीखण्ड श्रेष्ठका नामको विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना ।**

का.जि., साविक सुन्टोल गा.वि.स. वडा नं. ७/क कित्ता नं. ५० क्षेत्रफल १-९-०-० जग्गाको मोही बाँडफाँट सम्बन्धी धन बहादुर थापाको माग निवेदन बमोजिम उक्त जग्गाको मोही आफू भएकाले उक्त जग्गालाई उत्तर दक्षिण चिरा पारी जग्गा घटीबढी भएमा दामासाहीले व्यहोर्ने गरी पश्चिमतर्फ मोहीलाई र पूर्वतर्फ ज.ध. लाई हुने गरी जग्गा बाँडफाँट गरी पाऊँ भनी माग निवेदन परी जग्गाधनी तपाईंहरू सत्य दुर्गा श्रीखण्ड श्रेष्ठ र तुलसी बहादुर श्रीखण्ड श्रेष्ठका नाममा म्याद जारी गर्दा वडा कार्यालयमा टाँस भएको भनी वारेस श्रीराम थापाको द.नं. १२६६६ मिति ०८२।१०।२० को निवेदन तथा शंखरापुर नगरपालिका वडा नं. ६ बाट साक्षी सहित प्रमाणित भई आएको हुँदा उक्त निवेदन उपर कारबाही प्रक्रिया अगाडि बढाउन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र स-प्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### नेपाल विद्युत प्राधिकरण
**रङ्गेली वितरण केन्द्र, रङ्गेली, मोरङ**

**लामो समयदेखि दाबी नभएका दायित्व तथा धरौटीको रकम दाबी गर्न आउने सम्बन्धी ३५ दिने सूचना**

**(सूचना प्रकाशित मिति २०८३/०३/२५)**

यस ने.वि.प्रा. रङ्गेली वितरण केन्द्र, रङ्गेली, मोरङमा विगत लामो समयदेखि देहायका फर्म, ठेकेदार, सप्लायर्स, कम्पनी तथा व्यक्तिबाट सामान तथा सेवा खरिद गर्दा पुरानो दायित्व बाँकी रहेको तथा दायित्व उपर कुनै दाबी प्राप्त नभएको अवस्था छ। उक्त रकम भुक्तानी लिनको लागि आफ्नो सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस रङ्गेली वितरण केन्द्र, रङ्गेली, मोरङमा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ। उक्त अवधिभित्र भुक्तानी दाबीका लागि नआएमा ने.वि.प्रा.को राजस्वमा आम्दानी बाँधिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**दायित्व तथा धरौटी बाँकी रहेका फर्म, सप्लार्यस, कम्पनी तथा ब्यक्तिहरूको नामनामेसी सहितको विवरण ने.वि.प्रा.को वेबसाइट www.nea.org.np मा हेर्न सकिनेछ ।**

### गण्डकी प्रदेश सरकार
**भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास कार्यालय, लमजुङ**

**निर्माण व्यवसायी श्री बुढीगण्डकी कन्स्ट्रक्सन एण्ड सप्लायर्य प्रा.लि., गोरखालाई सरकारी बाँकी कायम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०३/२५)**

यस कार्यालय र तपाई निर्माण व्यवसायी श्री बुढिगण्डकी कन्स्ट्रक्सन एण्ड सप्लायर्य प्रा.लि., गोरखा बिच Construction/Upgrading of Timure to Borangkhola Road, Rainas 1, 2, 3- Lamjung (Ch: 0+568–2+420), Contract ID No.: IDO/LAMJUNG/NCB/W/ROAD/02/081-082 को निर्माण कार्यको लागि भएको खरिद सम्झौता यस कार्यालयको मिति २०८२/११/१५ को निर्णय अनुसार अन्त्य भएको र सम्झौताको शर्त GCC 75 अनुसार तपाईको नाममा नियमानुसार कायम सरकारी बाँकी दाखिला गर्ने सम्बन्धमा पटक पटक अनुरोध गरिएकोमा आजको मितिसम्म पनि उक्त रकम दाखिला नभएकोले तपाईको नाममा कायम भएको सरकारी बाँकी रु. ३,८०,५६,१४४/- (अक्षरुपी रु. तीन करोड असी लाख छपन्न हजार एक सय चौवालिस मात्र) यस कार्यालयको नाममा (कोड नं ३३७०१३७०१४) राजश्वको **प्रशासनिक दण्ड, जरिवाना र जफत** शीर्षक-१४३१२ मा ३५ (पैतिस) दिनभित्र दाखिला गरी कार्यालयमा सक्कल भौचर सहित जानकारी गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

### प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
**गौर बहुप्राविधिक शिक्षालय**
**गौर, रौतहट**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०३/२५**

यस शिक्षालयलाई तपसिल बमोजिमको सुरक्षागार्ड सेवा आपूर्ति गर्ने कार्य ठेक्कामा गराउनुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट रीतपूर्वकको सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

| क्र. सं. | सिलबन्दी दरभाउपत्र नं. | विवरण | दरभाउपत्र फाराम दस्तुर | जमानत रकम | दरभाउ खरिद गर्ने अन्तिम मिति र समय | दरभाउ दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | CTEVT-GPI-SECURITY-SQ-2082/83 | सुरक्षा गार्ड सेवा | १०००/- | ३०,०००/- | सूचना प्रकाशित भएको मितिले सातौँ दिन (२०८३/०३/३१ गते दिनको ५:०० बजेसम्म) | सूचना प्रकाशित भएको मितिले आठौँ दिन (२०८३/०३/३२ गते दिनको १२:०० बजेसम्म) | सूचना प्रकाशित भएको मितिले आठौँ दिन (२०८३/०३/३२ गते दिनको २:०० बजेसम्म) |

*नोट : विस्तृत सूचना यस शिक्षालयको सूचना पाटी वा कार्यालयबाट प्राप्त गर्न सकिने छ।*

### Invitation for Electronic Bid

**(First day of Publication July 08, 2026)**

१. Nepal Telecom invites Electronic Bid from reputed and competent Bidders through 'Single Stage Two Envelope' procedure for the following tender.

| SN | Tender No. | Bid Document Fee | Bid Security Amount | Closing Date and Time | Opening Date and Time |
|---|---|---|---|---|---|
| 1. | IFB No. NDCL/CTO/ICB/18/082-83 for Procurement of Radio Network Optimization Service for Wireless Networks | NPR 50,000.00 or USD 328.00 | NPR 96,99,000.00 or USD 64,000.00 | August 07, 2026 12:00 Noon | August 07, 2026 1:00 PM |

२. A complete set of Tender Document may be downloaded for e-submission from PPMO's e-GP system at www.bolpatra.gov.np/egp. The Bidders shall submit their bid electronically and deposit above mentioned non-refundable fee in the bank account specified in bidding document.

३. In case, the last date of submission and opening of the Tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

राष्ट्रको सञ्चार
Nepal Telecom

**Contact Address**
**Nepal Telecom**
**(Nepal Doorsanchar Company Limited),**
**Office of the Chief Technical Officer (CTO)**
**Central Procurement Department, Bhadrakali, Kathmandu, Nepal.**
**Tel. No. : 977-1-4210310, E-mail :procurement@ntc.net.np**

### नेपाल नागरिक उड्डयन प्राधिकरण
**पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, पोखरा**

**बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशन मिति: २०८३/०३/२५)**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन भन्दा बाहिर तोकिएको कुल जम्मा २३८ व.मि. क्षेत्रफलमा बढाबढद्वारा ५ (पाँच) वर्षको लागि विज्ञापन सेवा प्रवाह सम्बन्धी आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले प्रचलित कानूनको अधीनमा रही बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनाको विस्तृत विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाइट www.caanepal.gov.np तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको वेबसाइट www.pia.caanepal.gov.np मा उपलब्ध छ।

| सि. न. | ठेक्का नं. | कुल जम्मा क्षेत्रफल | विवरण | ५ (पाँच) वर्षको लागि न्यूनतम ठेक रकम रु. (मू.अ.कर सहित) | बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | PIA/2082/83/CORP/05 | २३८ वर्ग मिटर | पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवन भन्दा बाहिर विज्ञापन सेवा प्रवाह सम्बन्धी | ३,००,१०,९९२/- (तीन करोड दश हजार नौ सय बयानब्बे रुपैया) | ५,६५०/- (मूल्य अभिवृद्धि कर सहित) | सूचना प्रकाशित भएको मितिले ३०(तीस) औँ दिनको कार्यालय समयभित्र | सूचना प्रकाशित भएको मितिले ३१ औँ दिनको १२:०० बजेभित्र | सूचना प्रकाशित भएको मितिले ३१ औँ दिनको १४:०० बजे |

*नोट: विज्ञापन सेवा प्रवाहका लागि तोकिएको स्थानमा इच्छुक बोलपत्रदातालाई स्थलगत भ्रमण गराइनेछ ।*

# सिँचाइ कुलोले ल्यायो खुसियाली

**सिँजा समाचारदाता**
*सिँजा (जुम्ला), असार २४ गते*

कृषि विकास कार्यालय जुम्लाले सञ्चालन गरेको 'पक्की सिँचाइ कुलो तथा कृषि प्रवर्धन कार्यक्रम' ले किसानमा खुसियाली छाएको छ।

जिल्लाका विभिन्न स्थानीय तहमा धान, तरकारी तथा फलफूल खेतीमा पर्याप्त सिँचाइ सुविधा पुगेपछि उत्पादन वृद्धि हुने अपेक्षा गरिएकाले स्थानीयमा खुसियाली छाएको हो।

कृषि विकास कार्यालय जुम्लाले चालु आर्थिक वर्षमा तिला, तातोपानी र पातारासी गाउँपालिकामा विभिन्न सिँचाइ तथा कृषि विकासका योजना सञ्चालन गरेको छ। यी योजना अन्तर्गत पक्की कुलो, पानी सङ्कलन ट्याङ्की, बगैँचा विकास, नर्सरी स्थापना तथा तरकारी सिँचाइ प्रवर्धनका कार्यक्रम सम्पन्न भएका छन्।



तस्बिर : नौरते नेपाली

**पानीपोखरी अनुगमनमा पुगेको टोली।**

कार्यालयका प्रमुख रामभक्त अधिकारीका अनुसार तिला गाउँपालिका–४, नुवाकोटगाउँमा १४ लाख २८ हजार रुपियाँ अनुदान तथा तीन लाख ७२ हजार रुपियाँ उपभोक्ताको श्रम तथा नगद सहभागितामा पक्की सिँचाइ कुलो निर्माण गरिएको छ। कुलो निर्माणसँगै पानी सङ्कलन ट्याङ्कीसमेत निर्माण गरिएकाले एक सयभन्दा बढी किसान प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। यसअघि वर्षायाममा मात्र खेती गर्न सकिने खेतमा अब नियमित रूपमा सिँचाइ गर्न सकिने अवस्था बनेको उहाँले बताउनुभयो।

यस्तै तातोपानी गाउँपालिका–१ मा १४ लाख ४० हजार रुपियाँको लागतमा पक्की सिँचाइ कुलो निर्माण सम्पन्न भएको छ। उक्त कुलोबाट करिब ४२५ जना किसानले प्रत्यक्ष लाभ लिएका छन्। कुलो निर्माणसँगै खेतबारीमा सहज रूपमा पानी पुऱ्याउन सकिने भएकाले धान, तरकारी तथा अन्य बालीको उत्पादन बढ्ने विश्वास किसानले व्यक्त गरेका छन्।

तातोपानी गाउँपालिका–१ का स्थानीय किसान कलबहादुर कठायतले पक्की कुलो निर्माणपछि मार्सी धान लगाइएका खेतमा समयमा नै सिँचाइ गर्न सहज भएको बताउनुभयो। विगतमा कुलो बिग्रिने, पानी चुहिने तथा सिँचाइ गर्न कठिनाइ हुने समस्या रहे पनि अहिले ती समस्या समाधान भएको उहाँको भनाइ छ। समयमै पानी उपलब्ध हुँदा उत्पादन बढ्ने र खेतीप्रति किसानको आकर्षणसमेत वृद्धि हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

सिँचाइ पूर्वाधारसँगै कृषि विकास कार्यालयले फलफूल तथा व्यावसायिक खेती प्रवर्धनका कार्यक्रम पनि सञ्चालन गरेको छ। स्याउ–ओखर विकास कार्यक्रम अन्तर्गत तातोपानी गाउँपालिका–५, ऐरेनीस्थित घराला तरकारी उत्पादन उद्योगलाई स्याउका बिरुवा खरिद, बगैँचाका लागि खाडल खन्ने, पानी तान्ने मोटर जडान तथा बगैँचा घेराबारका लागि पाँच लाख ५२ हजार रुपियाँ अनुदान उपलब्ध गराइएको कार्यालयले जनाएको छ। यस कार्यक्रमबाट व्यावसायिक स्याउ खेती विस्तार तथा किसानको आयआर्जनमा वृद्धि हुने अपेक्षा गरिएको छ।

यसै गरी पातारासी गाउँपालिका–६ मा तरकारी सिँचाइ प्रवर्धन कार्यक्रम, नर्सरी स्थापना तथा व्यवस्थापन र नौमुडे बहुउद्देश्यीय कृषि फार्मलाई समेत अनुदान प्रदान गरिएको कृषि विकास कार्यालयले जनाएको छ। यी कार्यक्रममार्फत स्थानीयस्तरमा गुणस्तरीय बिरुवा उत्पादन, व्यावसायिक तरकारी खेती विस्तार तथा कृषि उत्पादन वृद्धि गर्ने लक्ष्य राखिएको छ।

जिल्ला समन्वय समितिका प्रमुख गैरीनन्द आचार्यले कृषि विकास कार्यालयले सञ्चालन गरेका योजना दीर्घकालीन रूपमा प्रभावकारी बनाउन गुणस्तरीय निर्माण र नियमित अनुगमन आवश्यक रहेको बताउनुभयो। सरकारी लगानीबाट निर्माण भएका पूर्वाधारको संरक्षण, मर्मतसम्भार र दिगो व्यवस्थापनमा उपभोक्ता समिति तथा स्थानीय तहको पनि उत्तिकै जिम्मेवारी रहने उहाँले उल्लेख गर्नुभयो।

चालु आर्थिक वर्षभित्र सम्पन्न भएका तिला, तातोपानी र पातारासी गाउँपालिकाका विभिन्न कृषि तथा सिँचाइ योजनाको सोमबार जिल्ला समन्वय समिति, सम्बन्धित स्थानीय तह, कृषि विकास कार्यालय तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिले संयुक्त रूपमा अनुगमन गरेका छन्। अनुगमनका क्रममा अधिकांश योजना गुणस्तरीय रूपमा सम्पन्न भएको तथा किसानले प्रत्यक्ष लाभ लिन थालेका छन्।

# 'झोलाविहीन शुक्रबार' सिप सिक्दै विद्यार्थी

**बुलबुले समाचारदाता**
*सुर्खेत, असार २४ गते*

कर्णाली प्रदेश सरकारले सुरु गरेको 'झोलाविहीन शुक्रबार' कार्यक्रममा विद्यालयभित्र विभिन्न किसिमका सिप सिक्ने अवसर पाएपछि विद्याथी दङ्ग परेका छन्।

प्रदेश सरकारले गत आर्थिक वर्ष २०८१/८२ देखि सुरु गरेको यो कार्यक्रमले चालु आवमा पनि निरन्तरता पाएको छ। सामुदायिक विद्यालयका बालबालिकालाई विद्यालय शिक्षासँगै अतिरिक्त क्रियाकलाप तथा जीवनोपयोगी ज्ञान र सिप सिकाउने उद्देश्यले कर्णाली प्रदेश सरकारले विद्यालयलाई 'झोलाविहीन शुक्रबार' बनाउने नीति लिएको हो।

पछिल्लो समय विद्यालयमा शुक्रबार विभिन्न अतिरिक्त कार्यक्रम आयोजना गर्ने गरिएको छ। व्यावहारिक शिक्षा दिन सुरु गरिएको यो कार्यक्रमले विद्यार्थीमा फरक खालको उत्साह जगाएको छ। यस वर्षदेखि भने प्रदेशभरि नै कार्यक्रम कार्यान्वयन गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

विद्यार्थीले दैनिक रूपमा प्रयोगमा आउने सामग्रीलाई राम्रोसँग पहिचान गर्न सक्ने र बनाउन पनि सिक्ने हुँदा दैनिक प्रयोगमा आउने र अति आवश्यकीय सामग्रीलाई सिकाइमा समावेश गरिएको छ। दुनाटपरी बनाउने, नाङ्लो बनाउने, घर लिपपोत गर्ने, विद्यालयमा सरसफाइ र प्लम्बिङसम्बन्धी ज्ञान दिने योजना अनुरूप कार्यक्रम कार्यान्वयन गरिएको मन्त्रालयका महाशाखा प्रमुख सुवर्ण खड्काले बताउनुभयो।

विद्यार्थीलाई कृषि तथा सहरी खेती, सौन्दर्यकला, काष्ठकला तथा नक्कासी, पाककला, फेसन डिजाइन तथा कपडा निर्माण, तार तथा बिजुली जडान, विपत् पूर्वतयारीका लागि भवन निर्माण, रैथाने कला, मोबाइल तथा विद्युतीय सामग्री, पाइप जडान तथा मर्मत र कला तथा मूर्तिकलालगायतका विषयमा विद्यार्थीलाई व्यावहारिक ज्ञान सिकाइने नीति अवलम्बन गरिएको छ।

कार्यक्रममा माध्यमिक तहका विद्यार्थी सहभागी हुने छन्। जीवनोपयोगी सिपका आधारमा दिइने यस्ता प्रकारका शिक्षाले शैक्षिक बेरोजगारी समस्या हट्ने र बालबालिकाको



तस्बिर : रजनी योगी

**वीरेन्द्रनगरमा रहेको अमरज्योति नमुना माध्यमिक विद्यालय नेवारेका विद्यार्थी दुनाटपरी बनाउन सिक्दै।**

सिर्जनशीलतामा वृद्धि हुने अपेक्षा राखिएको छ। यो कार्यक्रमको प्रभावकारीतालाई मनन गर्दै आगामी आवमा पनि कार्यक्रम कार्यान्वयनका लागि ३० लाख रुपियाँ बजेट विनियोजन गरिएको आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बताउनुभयो।

विद्यालयलाई हप्तामा एक दिन किताबरहित बनाउँदा विद्यार्थीमा छुट्टै जोसजाँगर देखिने अभिभावकको बुझाइ छ। परीक्षणका रूपमा सञ्चालन गर्ने गरी सुरु गरिएको उक्त कार्यक्रम सुर्खेतका चार पालिकाका आठ वटा विद्यालयमा सञ्चालन गरिएको छ।

पञ्चपुरी, लेकबेँसी र भेरीगङ्गा नगरपालिकाका एक/एक वटा र वीरेन्द्रनगर नगरपालिकाका पाँच वटा विद्यालयमा यस कार्यक्रमबाट विद्यार्थी प्रत्यक्ष रूपमा नै लाभान्वित बनेका छन्।

विद्यार्थी किताबी अध्ययनबाट मात्र व्यावहारिक बन्न सक्दैनन्। एक दिन किताबबाहिरका विषयवस्तुबारे जानकारी दिने, विभिन्न परियोजनात्मक काममा लगाउने, उनीहरूलाई विविध प्रतियोगितात्मक कार्यक्रम खेलकुद, कला, गीतसङ्गीत, साहित्यलगायतका क्रियाकलापमा अवलोकन गराउने/सिकाउने गर्नाले पनि उनीहरूले धेरै ज्ञान हासिल गर्न सक्ने अमरज्योति माध्यमिक विद्यालय नेवारेका प्रधानाध्यापक खगेन्द्र थापाले बताउनुभयो।

# स्थानीय तहमा भुक्तानी पाउनै सकस

**कालीकोट समाचारदाता**
*कालीकोट, असार २४ गते*

वर्षभरिको आर्थिक कारोबारको हिसाब मिलान आर्थिक वर्षको अन्त्यमा गरिने भए पनि स्थानीय तहले सहज तरिकाले भुक्तानी नदिएको भन्दै व्यवसायीले गुनासो गरेका छन्।

पहिले उधारोमा काम गर्ने र पछि त्यसको भुक्तानी माग गर्दा निकै सकस भोग्नु परेको व्यवसायीको भनाइ छ। भुक्तानी माग गर्दा भुक्तानीमा आनाकानी गर्दा व्यवसायी मारमा परेका छन्। जिल्लाको खाँडाचक्र नगरपालिकाले विभिन्न समयमा यातायात व्यवसायीसँग गाडी भाडामा लिएको भुक्तानी नगरेपछि व्यवसायी नगरपालिका घेराउ गर्न पुगेका छन्।

संयुक्त यातायात प्रालिका कालीकोट इन्चार्ज दमनबहादुर शाही र तिला कर्णाली यातायातका खगेन्द्रबहादुर खड्काले आफूले समितिमार्फत गाडी रिर्जभ दिए पनि भुक्तानी नदिएको भन्दै नगरपालिका घेराउ गरेका छन्। यस्तै अर्का व्यवसायी खगेन्द्र खड्काले नगरपालिकाको लेखा र नगरप्रमुखको कार्यकक्षमा तालाबन्दी गर्ने चेतावनी दिनुभयो। यो एक प्रतिनिधिमूलक घटना हो।

# ठेकेदारको लापर्बाहीले भवन अलपत्र

**खलङ्गा समाचारदाता**
*जाजरकोट, असार २४ गते*

भेरी नगरपालिका–४, बोहोरागाउँमा निर्माणाधीन अवस्थामा रहेको मालपोत र नापी कार्यालयको भवन निर्माण व्यवसायीले समयमै सम्पन्न नगर्दा अलपत्र परेका छन्।

समयमै भवन निर्माण नभएपछि शिक्षा विकास तथा समन्वय एकाइको भवनबाट तीन वटा सरकारी कार्यालयले खुम्चिएर सेवा प्रवाह गरेका छन्। भूकम्पले मालपोत र नापी कार्यालयका भाडाका घर भत्किएपछि विगत तीन वर्षदेखि शिक्षा विकास तथा समन्वय एकाइको भवनबाट सेवा प्रवाह गरिएको छ। भूकम्पअघि निर्माण गर्न थालेका भवन ठेकेदारको लापर्बाहीका कारण अलपत्र भएपछि सेवा प्रवाहमा समस्या भएको छ।

मालपोत कार्यालयको भवन निर्माणका लागि २०८१ जेठ २५ गते सम्पन्न गर्ने गरी २०७९ जेठमा तिन करोड ३५ लाख ९८ हजार नौ सय रुपियाँमा जयभवानी जेके जेभीले कार्यालयसँग सम्झौता गरेको थियो।

> भूकम्पले मालपोत र नापी कार्यालयका भाडाका घर भत्किएपछि तीन वर्षदेखि शिक्षा विकास तथा समन्वय एकाइको भवनबाट सेवा प्रवाह गरिएको छ।

मालपोत कार्यालयका प्रमुख डिल्लीबहादुर केसीका अनुसार लामो समयसम्म भवन निर्माण नहुँदा एउटा कोठाबाट खुम्चिएर सेवा प्रवाह गर्नु परेको छ। ठेकेदारसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेको छैन। भूकम्पपछि सदरमुकाममा कार्यालय व्यवस्थापनका लागि भवन नभएपछि शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयको भवनमा दुई वटा कार्यालय सारिएको थियो। कार्यालका भवन निर्माणमा ढिलासुस्ती गरी लापर्बाही गरेका कारण समस्या भएको आरोप लगाइएको छ।

नापी कार्यालयको भवनका लागि २०८० असार १० गते सम्पन्न गर्न भनी २०७८ असारमा दुई करोड ९४ लाख रुपियाँमा धुलिखेल जेके जेभीले सम्झौता गरेको थियो। गाउँबस्तीबाट सेवा लिन आएका सेवाग्राही बस्ने ठाउँ नहुँदा बाहिर खुला आकासमा पठाउनु परेको नापी कार्यालय जाजरकोटका लेखापाल दीपक बुढाले बताउनुभयो।

मालपोत कार्यालयका प्रमुख डिल्लीबहादुर केसीले ठेकेदारले म्याद थप नगर्दा भवन निर्माण अलपत्र परेको बताउनुभयो। भवन निर्माणको करिब ७५ प्रतिशत काम भए पनि बाँकी काम अलपत्र अवस्थामा छाडेपछि सेवाप्रदायक र सेवाग्राहीले सास्ती पाउने गरेका छन्।

भूकम्पअघि निर्माण गर्न ठेक्का सम्झौता भएको थियो तर अहिलेसम्म काम हुन सकेको छैन। नापी कार्यालयको भवन निर्माणका लागि तीन पटक म्याद थप गरिएको छ। करिब ८५ प्रतिशत काम गरी बाँकी काम नगरेर अलपत्र पारेपछि सेवा प्रवाहमा समस्या भएको छ। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख यज्ञश्वर खत्रीका अनुसार एउटा कार्यालयका लागि बनाएको भनवमा तीन वटा कार्यालयले सेवा प्रवाह गर्नु परेपछि सेवा प्रवाहमा समस्या भएको छ।

# विपत् प्रतिकार्य योजना लागु

**हुम्ला समाचारदाता**
*हुम्ला, असार २४ गते*

जिल्लामा लामो अभ्यासपछि तयार पारिएको विपत् प्रतिकार्य योजना कार्यान्वयनमा आएको छ। देशमा मनसुन भित्रिसकेको अवस्थामा यसबाट हुम्लामा पनि हुन सक्ने क्षतिलाई ध्यानमा राख्दै उक्त कार्ययोजना लागु भई कार्यान्वयनमा आएको हो।

स्थानीय प्रशासन र सरोकारवाला पक्षको समन्वयमा तयार गरिएको मनसुन, आगजनी तथा चट्याङ प्रतिकार्य आपत्कालीन कार्ययोजना २०८३ लागु भएको निमित्त प्रमुख जिल्ला अधिकारी राजेन्द्र चन्दले बताउनुभयो। विपत्सम्बन्धी घटनाबाट भौतिक तथा मानवीय क्षतिसमेत हुन सक्ने हुँदा यस्ता घटना हुन नदिन र भइहालेमा प्रभावितको खोजी, उद्धार, तथा राहतलगायतका समग्र विपत् व्यवस्थापनसम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन यो कार्ययोजना लागु गरिएको उहाँले बताउनुभयो।

तयार भएको कार्ययोजना जिल्ला विपत् व्यवस्थापन समितिको बैठकले छलफल गरी आवश्यक परिमार्जन गरेर त्यसलाई पारित गर्दै तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको हो। विपत्का क्षेत्रमा काम गर्ने निकाय सतर्क र आवश्यक परेको समयमा उपस्थिती हुन सक्ने गरी बस्नुपर्ने छ।

यसै गरी मनसुनजन्य घटना हावाहुरी, चट्याङ, भारी वर्षा, बाढीपहिरो आउन सक्ने र त्यसबाट राजमार्ग तथा अन्य ग्रामीण सडक अवरुद्ध हुन सक्ने देखिएकाले त्यसलाई तत्कालै खुलाउने व्यवस्थाका लागि स्थानीय तह, हिल्सा सिमकोट सडक योजना, पूर्वाधार विकास कार्यालय, ट्राफिक प्रहरी, सुरक्षा निकाय र अन्य सरोकारवाला निकायले यसका लागि आफूसँग भएका जनशक्ति र ठुला उपकरण परेको समयमा परिचालन गर्न सकिने गरी व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो। जिल्लाभित्र विपत्का घटना भए तत्काल सुरक्षा निकायलाई जानकारी गराउन पनि जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ।

कर्णाली कोरिडोरको हुम्ला खण्डमा पर्ने कबाडीदेखि हिल्सासम्मको सडकमा पहिरो खसेर सडक अवरुद्ध हुन सक्ने बढी सम्भावना भएका कारण त्यसका लागि आवश्यक व्यवस्थाको तयारी गर्न बाजुराको कोल्टी कार्यालयलाई पनि आग्रह गरिएको छ। हिल्सा–सिमकोट सडक योजना र कर्णाली कोरिडोर दक्षिण खण्डको यी स्थानमा पहिरोको जोखिम रहेको छ।

---

लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

**(बढुवा समितिको सचिवालय)**

**सूचना प्रकाशन मिति :- २०८३/०३/२५**

लुम्बिनी प्रदेश लोक सेवा आयोग, बुटवलबाट मिति २०८२/०९/२५ गते प्रकाशित सूचना बमोजिम पाचौं तहको रिक्त पदहरूमा बढुवा समितिको निर्णयबाट निम्नानुसार बढुवा सिफारिस गरिएकोले प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४२ को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

**ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**

| बढुवा सूचना नम्बर | सेवा/समूह/उपसमूह | पद | योग्यता क्रम | क.स.नं. | कर्मचारीको नाम थर |
|---|---|---|---|---|---|
| १३५/२०८२-०८३ | प्रदेश प्रशासन/ सामान्य प्रशासन | वरिष्ठ प्रशासन सहायक | १. | २५२१४३ | श्री लोकेन्द्र ओली |
| | | | २. | २५१६३६ | श्री निमा पोखेल |

---

## शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

बाँसबारी, काठमाडौं

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना !**

(प्रकाशित मितिः २०८३।३।२५)

यस केन्द्रका लागि आवश्यक निम्न बमोजिम प्रस्ताव आह्वान भए अनुसार प्राप्त प्रस्तावहरू मध्ये तपसिलमा उल्लेखित प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | प्रस्ताव नं. | प्रस्तावको विवरण | छनोट भएको प्रस्तावदाताको नाम, ठेगाना | कुल बोल रकम ने.रु. |
|---|---|---|---|---|
| 1 | SGNHC/NCB/082/83/21 | Supply and Delivery of Medicines | Bluemoon Meditech Pharma | 894,659.80 |
| | | | Global Health Care Pvt.Ltd. | 39,674,925.00 |
| | | | National Healthcare Pvt.Ltd. | 8,711,048.40 |
| | | | Pharmakon Medisales | 983,635.50 |
| | | | Pharmonics Life Sciences Pvt.Ltd. | 1,380,617.50 |
| | | | Omnica Laboratories Pvt.Ltd. | 255,345.00 |
| | | | Quest Pharmaceuticals Pvt.Ltd. | 6,992,562.50 |
| | | | R.S. Pharmaceuticals Enterprises | 3,220,765.50 |
| | | | Qmed Formulation Pvt.Ltd | 57,375.00 |
| | | | Surgimed Distributors Pvt.Ltd. | 3,902,530.75 |
| | | | DKM Pharmaceuticals Pvt.Ltd. | 7,741,051.00 |
| | | | Sarathi Medicine Suppliers Pvt.Ltd. | 19,017,425.00 |
| | | | Vital Healthcare Pvt.Ltd. | 1,110,000.00 |
| | | | Yetichem Distributors Pvt.Ltd. | 8,796,507.25 |

---

## Civil Aviation Authority of Nepal

**Communication and Navigational Aid Department**
**Sinamangal , Kathmandu, Nepal**

**NOTICE OF BID CANCELLATION**

**Publication Date: 9th July 2026 (2083/03/25)**

This is to notify all concerned that the bidding process for the procurement of ***"Supply, Delivery, Installation and Testing of Dual View Hold Baggage X-ray Machine, Dual View Cargo Scanner and WTMD with accessories. (CAAN/CNAD/NCB-05/082/83)"***, which was invited through a public notice published on 26 January 2026 (2082/10/12) and for which bids were received through the e-Bid system, has been cancelled in accordance with the decision of the Department. Therefore, this notice is hereby published for the information of all concerned bidders.

---

## Mid-West University

**Central Office**
**Birendranagar, Surkhet, Nepal**

**Letter of Intent to Award the Contract**

**Date of Publication: 2083/03/25**

This is to notify to concerned bidder that, it is our intention to award the contract as per university rule for the execution of following Works to the following substantially responsive lowest evaluated bidder. Corresponding Lowest Evaluated Substantially Responsive Bid is selected in accordance with ITB 39 of bidding document and this notice is published as per PPA 2063 Clauses 27.2 and 27.3.

| S.N. | Name of the Contract | Name and Address of Successful Bidder | Bid Amount (Without VAT and Including PS ) NRs. |
|---|---|---|---|
| 1 | MU/SKT/WORKS/NCB/01/082/083 Construction of Truss Structure at existing Tutorial Building of Graduate School of Education and Top floor of Management | Dinesh-A Plus JV Sankhamul-10, Kathmandu | 2,73,37,797.45 |

**Registrar**

---

## Nepal Oil Corporation Limited

**Construction of Pokhara Aviation Fuel Station**
**Pokhara, Kaski, Contact Office: NOC/AFS, Sinamangal, Kathmandu**
**Tel: 9841269411, Email: yadavpradip175@gmail.com**

**Re-Invitation for Sealed Quotations**

**Contract Identification Number: NOC/CPAFS/SQ/G/2082/83-01**
**Date of Notice Publication: 9 July 2026**

1. The **Nepal Oil Corporation Limited (NOC), Construction of Pokhara Aviation Fuel Station** (CPAFS) Re-Invites Sealed Quotations for the Procurement of Goods **"Supply, Delivery, Installation, Testing and Commissioning of Diesel Generator and all required materials, fixtures, etc. at NOC/CPAFS, Pokhara, Kaski"** under Sealed Quotation (SQ) procedures as specified in the prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. The SQ is open to all Eligible Bidders.
2. Interested Bidders may obtain further information and inspect the SQ Document in English at the office of **NOC/AFS, Sinamangal, Kathmandu**.
3. Complete set of Bidding Document (SQ) in English may be purchased from the office of **NOC/AFS, Sinamangal, Kathmandu** during office hours on all working days by eligible bidders from **9 July 2026** onwards on the submission of **a Written Application**, copies of **Firm/Institution Registration & PAN/VAT Registration certificates** and upon payment of a non-refundable fee of **NRs. 1,000.00**. The Bidding Document shall be available for sale up to office hours till **16 July 2026.**
4. Interested Bidders are required to submit the SQ to the office of **NOC/AFS, Sinamangal, Kathmandu** on or before **1:00 P.M. on 17 July 2026.**
5. Submitted SQs will be opened in the presence of Bidder's representatives who choose to attend at **1:30 P.M. on 17 July 2026** at the office of **NOC/AFS, Sinamangal, Kathmandu**.
6. Sealed Quotation must be valid for a period of 45 days counting from the date of SQ opening and must be accompanied by SQ/Bid security a minimum of **NRs. 43,000.00** which shall be valid for a minimum of 30 days beyond the quotation validity period (i.e., **Valid up to a minimum of 29 September 2026**).
7. If the Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **NOC/CPAFS's Current Account Number: 001000504280013, Machhapuchchhre Bank Ltd., Nayabazar, Pokhara Branch** and the original voucher/receipt of the deposited amount must be submitted along with the Sealed Quotation.
8. Other details are provided in the Sealed Quotation Document.

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल

टेकु, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८३/०३/२५ गते)**

यस अस्पतालबाट मिति २०८३/०१/१५ गते प्रकाशित सूचना (IFB No:- STIDH/Services/NCB/02-082/083-Supply & Delivery of Security Gaurd) अनुसार आह्वान गरिएको विद्युतीय बोलपत्र अन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १(क) बमोजिम स्वीकृतिको लागि छनोट भएकोले सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | बोलपत्र नं. | विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्र कबोल अङ्क रु |
|---|---|---|---|---|
| 1 | STIDH/Services/NCB/02-082/083 | Supply & Delivery of Security Gaurd | Khukuri Nepal Security Pvt. Ltd., Kathmandu | रु.३७,६१,२०२.२८/- (अक्षरेपी सैतीस लाख एकसठ्ठी हजार दुई सय दुई रुपैयाँ अठ्ठाइस पैसा मात्र शून्य प्रतिशत कार्यालय व्यवस्थापन खर्च तथा मू.अ.कर समेत) |

विस्तृत जानकारीको लागिः- Visit Website: www.stidh.gov.np/egp तथा कार्यालय समयभित्र यस अस्पतालको फोन नं. ०१-४२५३३९५ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**निर्देशक**

---

## बढुवा समितिको सचिवालय

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश**

**कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको सूचना**

**(प्रकाशित मितिः २०८३।०३।२५)**

प्रदेश लोक सेवा आयोगको देहायको बढुवा सूचना नम्बर, सेवा, समूह, उपसमूह, तहको रिक्त पदमा कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि बढुवा समितिको निर्णयानुसार सम्भाव्य उम्मेदवारहरूमध्येबाट योग्यताक्रमका आधारमा बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ को प्रयोजनको लागि दफा ४५ बमोजिम सूचना प्रकाशन गरिएको छ। बढुवा सम्बन्धी अन्य जानकारी कार्यालयको वेबसाइटमा हेर्न सकिने व्यहोरा सूचित गरिन्छ।

| बढुवा सूचना नं. | सेवा/समूह/पद/तह |
|---|---|
| ६३/२०८२-८३ (कार्यक्षमता) | प्रदेश स्वास्थ्य/अ. एण्ड गाइनो./क.अ. गाइनो./नवौं |
| ६४/२०८२-८३ (कार्यक्षमता) | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थो. सर्जन/क.अर्थो.सर्जन/नवौं |
| ६५/२०८२-८३ (कार्यक्षमता) | प्रदेश स्वास्थ्य/आयुर्वेद/ज.आ./क. आयुर्वेद विज्ञ/नवौं |
| ७०/२०८२-८३ (कार्यक्षमता) | प्रदेश स्वास्थ्य/रेडियोलोजी/क. रेडियोलोजिष्ट/नवौं |

**शाखा अधिकृत**

# संसद् चले संसद्मा बिदा भए आफ्नै पसलमा




*तस्बिर : गणेश खनाल*

**सटरमा आर्ट काम गर्नुहुँदै प्रतिनिधि सभा सदस्य हरिप्रसाद भुसाल ।**

**अर्घाखाँची समाचारदाता**
*अर्घाखाँची, असार २४ गते*

अर्घाखाँचीबाट निर्वाचित प्रतिनिधि सभा सदस्य हरिप्रसाद भुसालले संसदीय जिम्मेवारीसँगै आफूले बसौँदेखि गर्दै आएको आर्ट (साइनबोर्ड तथा पेन्टिङ) व्यवसायलाई निरन्तरता दिनुभएको छ।

संसद्का बैठक केही दिनका लागि स्थगित हुनेबित्तिकै जिल्ला फर्किने सांसद भुसाल सन्धिखर्क नगरपालिका–१, मञ्चलाइनस्थित आफ्नै आर्ट पसलमा नियमित रूपमा काम गरिरहेको अवस्थामा भेटिनुहुन्छ। उहाँले एक दशकभन्दा बढी समयदेखि यो व्यवसाय सञ्चालन गर्दै आउनुभएको छ।

सार्वजनिक पदमा पुगेपछि पुरानो पेसा त्याग्ने प्रवृत्तिबिच सांसद भुसाल भने राजनीतिसँगै आफ्नो सिप र श्रमलाई निरन्तरता दिइरहनुभएको छ। उहाँका अनुसार संसद् सञ्चालन हुँदा संसदीय जिम्मेवारी निर्वाह गर्ने र अधिवेशन नभएको समयमा जिल्लामा बसेर आर्टको काम गर्ने गर्नुभएको छ।

सांसद भुसालले भन्नुभयो, “कुनै पनि पेसा सानो वा ठुलो हुँदैन। श्रम सधैँ सम्मानयोग्य हुन्छ। फुर्सदको समय सिर्जनात्मक र उत्पादनमूलक काममा लगाउनु पर्छ भन्ने मेरो विश्वास हो। आर्ट व्यवसाय मेरो आम्दानीको माध्यम मात्र होइन। रुचि, सिप र पहिचानसँग पनि जोडिएको विषय भएकाले यसलाई निरन्तरता दिएको हुँ।”

सन्धिखर्क नगरपालिका–१, मञ्चलाइनका बासिन्दा मेघनाथ खड्काले सांसद भुसालको व्यवहारले श्रमप्रतिको सम्मानको सन्देश दिएको बताउनुभयो। उहाँले भन्नुभयो, “जनप्रतिनिधि भएपछि पनि आफ्नै पेसालाई निरन्तरता दिनु सकारात्मक अभ्यास हो। यसले कुनै पनि कामलाई सम्मान गर्नु पर्छ भन्ने सन्देश दिन्छ।”

मालारानी गाउँपालिका–५ का स्थानीय पत्रकार सागर महतले सार्वजनिक जिम्मेवारीमा पुगेपछि आफ्नो विगतको पेसा लुकाउने वा त्याग्ने प्रवृत्तिभन्दा भुसालको अभ्यास फरक र प्रेरणादायी रहेको बताउनुभयो। उहाँका अनुसार राजनीतिक नेतृत्वले श्रम, सिप र उत्पादनसँग जोडिनुपर्ने सन्देश व्यवहारबाटै दिन सक्नु पर्छ।

संसदीय जिम्मेवारीसँगै पुरानै पेसालाई निरन्तरता दिइरहनुभएका सांसद भुसालको अभ्यासलाई स्थानीयवासीले श्रमको सम्मान, आत्मनिर्भरता र सादगीपूर्ण जीवनशैलीको उदाहरणका रूपमा लिएका छन्। भुसाल गत फागुन २१ गतेको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको थियो।

# प्रदेश बजेट पारित

**भैरहवा समाचारदाता**
*भैरहवा, असार २४ गते*

लुम्बिनी प्रदेश सभाले आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले प्रस्तुत गरेको विनियोजन विधेयक बहुमतले पारित गरेको छ।

प्रदेश सभाको आठौँ अधिवेशन अन्तर्गत बुधबार बसेको १७ औँ बैठकले आगामी आर्थिक वर्षको बजेट बहुमतले स्वीकृत गरेको हो।

आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आव २०८३/८४ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन तथा खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सभामा प्रस्तुत गर्नुभएको थियो।

सभामुख तुलाराम घर्तीले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दै बहुमतले पारित भएको घोषणा गर्नुभएको थियो। प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि कुल ३७ अर्ब ३८ करोड ४५ लाख रुपियाँ बराबरको बजेट ल्याएको छ। बजेटमध्ये चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपियाँ र पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपियाँ विनियोजन गरिएको छ।

प्रदेश सरकारले असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत गरेको थियो। बजेटमाथि असार २१ गतेदेखि प्रदेश सभामा नियमित छलफल सुरु भएको थियो। चार दिनसम्म सत्ता र प्रतिपक्षका प्रदेश सभा सदस्यहरूले बजेटका विभिन्न पक्षमा धारणा, सुझाव राखेका थिए। छलफलका क्रममा उठेका प्रश्नको जवाफ मुख्यमन्त्री चेतनारायण आचार्यले दिनुभएको थियो।

# मनसुन पूर्वतयारी व्यवस्थापन

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, असार २४ गते*

नेपालगन्जमा मनसुन पूर्वतयारी तथा व्यवस्थापनको कामलाई थप व्यवस्थित पारिएको दाबी सरोकारवालाले बताएका छन्।

नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाको आयोजनामा मनसुन पूर्वतयारी तथा व्यवस्थापन गोष्ठीको आयोजना गरेर विपत् पूर्वतयारी तथा प्रतिकार्यका कामको समीक्षा गरिएको हो।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंहका अनुसार मनसुन सक्रिय हुनासाथ हरेक वर्ष जिल्ला शाखाले आफ्ना मातहतका निकायलाई तयारी अवस्थामा रहन निर्देशन गर्दै आएको छ। सोही सम्बन्धमा आयोजना गरिएको गोष्ठीमा विपत् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्वयंसेवक परिचालन, सर्वेक्षण, राहत सामग्री व्यवस्थापन, सूचना आदानप्रदान र स्थानीय तहसँगको निरन्तर समन्वय जस्ता विषयमा जानकारी गराइएको थियो।

**महालक्ष्मी नगरपालिका वडा नं. ४ बाट नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना ! सूचना !! सूचना !!!**

**मिति : २०८३।३।२५**

महालक्ष्मी नगरपालिका वडा नं. ४ साविक इमाडोल ९ कित्ता नं. १५४ क्षेत्रफल १२७.६५ व.मि. जग्गामा प्रतिष्ठा मल्लले भवन निर्माण गर्न नक्सा पासका लागि मिति २०८३।०२।२६ मा महालक्ष्मी वडा नं. ४ को कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लिखित सँधियारहरूसँग सम्पर्क हुन नसकेकाले नक्सा पासका लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लिखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाईं साँधसँधियारहरूलाई बाधा तथा मर्का भएमा समय अवधिभित्र महालक्ष्मी नगरपालिका वडा नं. ०४ को कार्यालयमा निवेदन दिनुहुन तथा साँधसाँधियारको जानकारीका लागि सूचित गरिन्छ। म्यादभित्र कसैको प्रतिक्रिया दाबी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासका लागि नगरपालिकामा सिफारिस भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल : पूर्व कित्ता नं.: ५३, उत्तर कित्ता नं.: १२०**

**पशुपति क्षेत्र विकास कोष, श्रीपशुपतिनाथ अमालकोट कचहरी कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना ।**

ज.ध. श्री पशुपतिनाथ जयवागेश्वरी भण्डार तहविलको लगतमा पध्म कुमारी ढुङगानाको नाममा दर्ता रहेको का.जि., कपन वडा नं. १ सिट नं. ०९८८–२३ कि.नं. २५४ क्षेत्रफल १२७.१६ व.मि. घरजग्गा रहेकोमा मोही पध्म कुमारी ढुङगानाको मिति २०७६।०१।०९ मा मृत्यु भएको, पति बद्री प्रसाद ढुङगानाको पनि मिति २०४७।०९।२२ मा मृत्यु भइसकेकोले मोहीका नजिकका हकदार एक मात्र छोरा बिनोद ढुङ्गानाको नाममा नामसारीका लागि बु.न.पा. १२ नं. वडा कार्यालयको च.नं. ३०६७, मिति २०८३।०३।०१ को पत्र मार्फत छोरा बिनोद ढुङ्गानाको नाममा नामसारी गरिदिनू भन्ने किटानी सिफारिस सहित मिति २०८३।०३।०२ मा यस कार्यालयमा निवेदन पर्न आएको उक्त घरजग्गाको मोही हक नामसारीका लागि स्थानीय वडाका जनप्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन समेत भइसकेकोले निज निवेदक बाहेक अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफुसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला नआए कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पशुपति क्षेत्र विकास कोष, श्रीपशुपतिनाथ अमालकोट कचहरी कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना ।**

ज.ध. श्री पशुपतिनाथ जयवागेश्वरी भण्डार तहविलको लगतमा मुकुन्द बहादुर पाण्डेको नाममा दर्ता रहेको का.जि., नगर वडा नं. ९ सिट नं. ११०७–११, ११०७–१२ कित्ता नं. ३३, २३७ को क्षेत्रफल क्रमशः ०–३–०–०, ०–२–०–२ घर जग्गाको मोही मुकुन्द बहादुर पाण्डेको मिति २०८३।०२।२७ मा मृत्यु भएको, नजिकका हकदारहरूमा श्रीमती लक्ष्मी पाण्डे १, छोराहरू राजन बहादुर पाण्डे १ र राजेश बहादुर पाण्डे १ गरी जम्मा ३ जना रहेकोमा मिति २०८३।०३।१७ मा पेश गरेको निवेदनमा छोराहरू राजन बहादुर पाण्डे र राजेश बहादुर पाण्डेले आमाको नाममा मात्र नामसारी गरी दिनू भनी नामसारी निवेदनमा लिखित मञ्जुरी समेत दिइसकेको, नामसारीका लागि का.म.न.पा. ९ नं. वडा कार्यालयको च.नं. ३३४६, मिति २०८३।०३।१८ को किटानी नामसारी सिफारिस सहित यस गुठी कार्यालयमा निवेदन पेश भएकोमा हकदार पत्नी श्रीमती लक्ष्मी पाण्डेको नाममा उक्त घर जग्गाको मोही हक नामसारीका लागि स्थानीय वडाका जनप्रतिनिधिको रोहवरमा स्थलगत सर्जमिन समेत भई सकेकोले निज निवेदक बाहेक अन्य कसैको हकभोग भित्रको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित यस गुठी कार्यालयमा हकदाबी उजुरी गर्न आउनुहोला नआए कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**गोसाइँकुण्ड गाउँपालिका वडा नं. ५, स्याफ्रुबेसी, रसुवाको सूचना ।**

रसुवा जिल्ला, गोसाइँकुण्ड गाउँपालिका वडा नं. ५ बस्ने वर्ष ४७ को श्री मिङग्यूर तमाङले भीमसेन आधारभूत विद्यालयसँग सम्झौता गरी विद्यालयको नाममा दर्ता स्रेस्ता कायम रहेको जग्गा भाडामा लिई (साविक स्याफ्रु गा.वि.स. वडा नं. ५) को सो जग्गामा मिङग्यूर तमाङ र भारत कन्स्ट्रक्सन सिद्धि साई जे.भी. बीच सम्झौता भई सम्झौता अनुसार भारत कन्स्ट्रक्सन सिद्धि साई जे.भी. ले भाडामा लिई नुवाकोट स्याफ्रुबेसी रसुवागढी बाटो निर्माणको क्रममा गिट्टी, बालुवा लगायत क्रसर सञ्चालन गरेकोमा कन्स्ट्रक्सन सिद्धि साई जे.भी. ले काम गर्ने क्रममा सम्झौता बमोजिमको भाडा रकम नदिई सम्पर्कविहीन भई हालको मिति सम्म पनि सम्पर्क नभएकोले निवेदक मिङग्यूर तमाङले आफूले भाडामा लिएको जग्गामा राखेको कसर हटाई पाऊँ भनी वडा कार्यालयमा मिति ०८३।०१।१४ गते दिनुभएको निवेदन अनुसार भारत कन्स्ट्रक्सन सिद्धि साई जे.भी. ले आजको मितिले ३५ दिनभित्र उक्त जग्गामा रहेको क्रसर खाली गराउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ उप दफा २(ङ) ४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र क्रसर खाली नगराएमा वडा कार्यालयबाट कानून बमोजिम हुने व्यहोरासहित क्रसर खाली गर्दा उक्त जग्गामा रहेको सामानहरू निज मिङग्यूर तमाङसँग रहने गरी जग्गा खाली गर्ने र सामान सार्ने बखत हुने उक्त जग्गामा रहेको सामान तथा सम्बन्धमा भारत कन्स्ट्रक्सन सिद्धि साई जे.भी. स्वयं जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**अन्नपूर्ण संरक्षण क्षेत्र सम्पर्क कार्यालय**
**पोखरा, कास्की।**

**वन पैदावार लिलाम बिक्रीको सूचना**

**(दोस्रो पटक प्रकाशन मितिः– २०८३।०३।२५)**

यस कार्यालयबाट विभिन्न मितिमा वन सम्बन्धी मुद्दामा बरामद तथा जफत भई कार्यालय परिसरमा घाटगद्दी गरिएका सल्ला प्रजातिका ६४९.२६ क्यू.फिट काठ (न्यूनतम मूल्य रु. १,५४,७४९/६०) तथा कटपिस ढुङ्गा ५१,१०४ पिस र छाप्ने ढुङ्गा २०.५ टन (न्यूनतम मूल्य रु. ४९,५१४/६४) जे–जस्तो अवस्थामा छन्, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने भएकोले इच्छुक वन पैदावारमा आधारित प्रचलित कानून बमोजिम सूचीकृत उद्योग, फर्म वा कम्पनीहरूले रीतपूर्वक बोलपत्र पेश गर्नुहुन पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र यस कार्यालयबाट बोलपत्र खरिद गरी १६ औं दिन दिउँसो ठीक १:०० बजे भित्र सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैमा आह्वान गरिन्छ।

**(बिस्तृत सूचना तथा थप जानकारीका लागि यस कार्यालय तथा विभिन्न सरकारी कार्यालयहरूमा टाँस गरिएको विस्तृत सूचना हेर्नुहुन अनुरोध छ।)**

**सम्पर्क** : ९८४४७३४३९७, ९८५६०८१५५४, ०६१–४३४१०२/ ०६१–४३३८०२

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि. म.ठि.न.पा. वडा नं. ४ बस्ने गोपाल श्रेष्ठ र ओमकृष्ण श्रेष्ठले हाम्रो बाजे कृष्ण मान गोजा श्रेष्ठ र काकी बज्यै तुलसी माया गोजाका नाममा संयुक्त एवं छुट्टा-छुट्टै नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमका कित्ता जग्गाहरू साविक लगत निजहरूकै नामको ७ नं. मौजा चित्रपुर फुटकर लगततर्फ न.नं. २७५० कुडोल रो. ।।।/१ बाट भिडी दर्ता हुने जग्गा भएकोमा, दर्तावालामध्ये कृष्णमान गोजा श्रेष्ठ र निजकी पत्नी कृष्णमाया गोजा श्रेष्ठको विभिन्न मितिमा मृत्यु भई हक खाने छोरा चन्द्रमान गोजा श्रेष्ठको २०५७/११/१७, निजकी जेठी पत्नी धर्मलक्ष्मी श्रेष्ठ, कान्छी पत्नी कान्छीमाया श्रेष्ठ भएकोमा, जेठीको मृत्यु भई हक खाने छोरा गोपाल श्रेष्ठ, कान्छीको तर्फबाट हक खाने छोरा ओमकृष्ण श्रेष्ठ समेत जना ३ भएको, त्यस्तै दर्तावाला मध्ये तुलसीमाया श्रेष्ठ र निजको श्रीमान् सिरकुमार गोजा श्रेष्ठको निःसन्तान अवस्थामा विभिन्न मितिमा मृत्यु भई हक खाने हकदार हामी जना ३ बाहेक अन्य कोही नभएको, हकदारमध्ये कान्छीमाया श्रेष्ठको मन्जुरीले हामी निवेदक जना २ का नाउँमा संयुक्त दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत र ७ नं. फाँटवारी पेश गरेको, मि.नं. १८०/०६६/०६७ भिडी गएको भनी मोठ फाँटबाट लेखिआएको, कृष्णमान गोजा श्रेष्ठ, कसमान गोजा, कृष्णमान उल्लेख भई फरक परेकोमा यी नामथर गरेको व्यक्ति अलग-अलग नभई एकै व्यक्ति कृष्णमान गोजा श्रेष्ठ नै हो। त्यस्तै तुलसी माया, तुलसी माया गोजा श्रेष्ठ अलग-अलग व्यक्ति नभई एकै व्यक्ति तुलसीमाया गोजा श्रेष्ठ नै हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि. नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दधिकोट | ८/ख | ५१३ | ०-२-२-० | कृष्ण लाल बोडेल भ.पु.ई. सिरुटार. | ०२३/५/४/७ मा यसमा मेरो नाम चन्द्र बहादुर गोजा लेखेकोमा काका कृष्ण मान गोजा र काकी तुलसी मायाको हो भनी सही गर्ने चन्द्र बहादुर गोजा भ.पु.ई. सिचुननी। |
| ऐ. | ऐ. | ४७६ | ०-९-०-० | अष्ट बहादुर मनमा भ.पु.ई. सिरुटार | ठिमी बस्ने कृष्ण मान गोजाको हो। |

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**राष्ट्रिय किताबखाना (प्रहरी)**
**लैनचौर, काठमाडौं।**

**नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्र प्रहरी तर्फका बहालवाला र अवकाश प्राप्त कर्मचारीहरूलाई आ.व. २०८२।२०८३ को**

**सम्पति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति २०८३।०३।२५**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र सम्बन्धित सेवा समूह सञ्चालन गर्ने नियमावली बमोजिम नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्रका प्रहरीतर्फका बहालवाला कर्मचारी र आ.व. २०८२/२०८३ मा सेवानिवृत्त भएका कर्मचारीहरू समेतले सम्पति विवरण फाराम भरी आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र अर्थात् २०८३ भादौ २९ गतेभित्र खामको बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी तोकिएको कार्यालय मार्फत यस किताबखानामा बुझाउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ। साथै म्यादभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा (३) बमोजिम रु.१०,०००।– (दश हजार मात्र) जरिवाना हुनेछ।

**आ.व. २०८२।०८३ को सम्पत्ति विवरण**

| | |
|---|---|
| कर्मचारी संकेत नं. | श्रेणी तह : |
| नाम थर : | कार्यरत कार्यालय : |
| पद र दर्जा : | मोबाइल नं : |
| सेवा र समूह : | इमेल ठेगाना : |

**नोट**– यससम्बन्धी विस्तृत जानकारी यस किताबखानाको **website www.dppr.gov.np** मा समेत हेर्न र पढ्न सकिनेछ।

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.जि.,भ.न.पा. वडा नं. १३ हाल ३ बस्ने जगनाथ गोराले आफ्नो बुबा गणेश वहादुर गोराको नाउँमा सर्भे नापीको पालामा मोही कायम रहेको जग्गाको बुबा मिति २०४६।१२।१८ गते र निजकी श्रीमती लक्ष्मीमाया गोरा मिति २०४४।१०।१० गते मृत्यु भएपछि हक खाने हकदार छोरा जगनाथ गोरा बाहेक अन्य कोही नभएको, हालसम्म ज.ध. ले रैकरमा परिणत नगरेको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा प्रचलित कानून बमोजिम निवेदकको नाउँमा रै.प. दर्ता ना.सा. गरी पाऊँ भनी माग गरेको र फिल्डबुकमा देखिएका ज.ध. भ.पु.जि. वोलाछे हाल परिवर्तित भ.न.पा. ४ बस्ने भैरवलाई म्याद जारी गरी खोज तलास गर्दा फेला नपरेकोले सम्बन्धित वडा कार्यालयबाट मिति २०८३।०३।२२ गते म्याद तामेली भएको उल्लिखित कित्ता जग्गा निवेदकको नाउँमा रै.प. दर्ता ना.सा. हुने गरी माग गरेकोले निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता/ना.सा. हुनु नपर्ने कुनै कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तामेली फाँटबाट सो कित्ता जग्गाको बिर्ता तर्फको लगत खोजतलास गर्दा हाललाई फेला नपरेको र भू.सु. फाँटबाट १ नं. २ नं. र ७ नं. फेला नपरेको भनी व्यहोरा उल्लेख भएको।

**फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| भ.न.पा. | १५ ग | २२५ | ०–३–१–० | गणेश वहादुरको हकमा सहीछाप गर्ने निजको बाबु गणेशलाल गोरा भ.पु. लास्कु खौमा | भ.पु. वोलाछे बस्ने भैरवको जग्गा जोती खाई आएको |

**भूमि प्रशासन कार्यालय चावहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

यसमा निवेदक श्री सनम श्रेष्ठले मेरो बाजे भालु बिर बहादुर भन्ने बिर बहादुर श्रेष्ठको नाममा सर्भे नापीका समयमा मोहीयानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा भालु बिर बहादुर भन्ने बिर बहादुर श्रेष्ठको मिति २०४१।१०।०२ मा मृत्यु भएको र निज समेतको मृत्यु पछिका सबैभन्दा नजिकका हकदारहरू म समेत चार जना मात्र भएकाले तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ को दफा ७ (क) तथा प्रचलित कानून बमोजिम मेरो नाममा समेत रै.प. दर्ता नामसारी गरी पाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनुपर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताका लागि यसअघि अरू कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| कपन | ४/क | ८५ | ०–४–०–० | मरुनाथ उपाध्या का.ई महाभुत | भालु विरबहादुर श्रेष्ठ |
| | | ८६ | ०–३–२–० | केदार महन्त का.ई. इन्द्रचोक | |
| चुनीखेल | १/ख | १३४ | २–९–३–० | नर प्रताप सिं थापा का.ई. लाजिम्पाट | |

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंको**

**जग्गा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८३।०३।२५**

वादी **एन एमबी बैंक लिमिटेड** र प्रतिवादी **शिवशंकर चौधरी** समेत भएको मुद्दा.नं. ४८२।०८०–DR–०३९२ र ४८३।०८०–DR–०३९१ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०८१।१०।१५ को निर्णय र मिति २०८३।०३।०८ को आदेशानुसार वादी बैंकको नाउँमा धितोमा रहेको। पछि रोक्का रहेको तपसिलमा उल्लिखित जग्गा/सम्पत्ति जहाँ जे–जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका सर्तहरू पालना गर्ने/गराउने गरी यो सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**

१. प्रस्तुत मुद्दामा प्रतिवादी जग्गाधनी शिव शंकर चौधरीको नाममा दर्ता स्रेस्ता कायम रही धितो सुरक्षणमा रहेको महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. २ क हाल ऐ जिल्ला, बर्दिवास न.पा. वडा नं. १२ स्थित कि.नं. ७७८ क्षे.फ. (०–१४–१५–०) जग्गाको न्यूनतम मूल्य रु. ६४,९०,०००/– (अक्षरुपी चौसठ्ठी लाख नब्बे हजार रुपियाँ मात्र) र प्रतिवादी राजो देवी चौधरीको नाममा दर्ता स्रेस्ता कायम रही धितो सुरक्षणमा रहेको महोत्तरी जिल्ला, बिजलपुरा वडा नं. २ क हाल ऐ जिल्ला, बर्दिवास न.पा. वडा नं.१२ स्थित कि.नं. १८३ क्षे.फ. (०–३–१६–०) को जग्गाको न्यूनतम मूल्य रु. ९,६९,०००/– (अक्षरूपी नौ लाख उनान्सत्तरी हजार रुपियाँ मात्र) र ऐ.ऐ. जग्गाधनीको नाउँमा रहेको ऐ. जिल्ला ऐ. नगरपालिका र वडामा रहेको १८४ क्षे.फ. (०–३–१६–०) को जग्गाको न्यूनतम मूल्य रु. २७,३६,०००/– (अक्षरुपी सत्ताइस लाख छत्तीस हजार रुपियाँ मात्र) गरी जग्गाको मूल्याङ्कन मुचुल्काको आधारमा हुने अलग अलग वा एकमुष्ट जम्मा न्यूनतम मूल्य रु. १०,१,९५,०००।०० (अक्षरूपी एक करोड एक लाख पन्चानब्बे हजार रुपियाँ मात्र)।

**(ख) सर्तहरू :**

१. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनी वा निजको कानून बमोजिमको वारेसले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु. ३,०००/– बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले ३६औँ दिन अपराह्न १.०० बजेसम्म बोलपत्र पेश गर्नुपर्नेछ। यसरी पेश भएका बोलपत्रहरू सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र फाराम बिक्री गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट मध्याह्न १२:०० बजेसम्म तोकिएको शुल्क बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र स्थायी लेखा नम्बर परिचय पत्रको प्रमाणित प्रतिलिपि, फर्म, सङ्गठित संस्था वा कम्पनीले इजाजत पत्र, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू बोलपत्रसाथ पेश गर्नुपर्नेछ। बोलपत्र फाराममा बोलपत्र दाताले आफ्नो इमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ। बोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं वा कानून बमोजिमको वारेसले उपस्थित हुनुपर्नेछ।
४. उपरोक्त घर,जग्गा भएको क्षेत्रमा हाल साविक लागू भई हाल साविक गरी दाखिल खारेज गर्नुपर्ने अवस्था आएमा सो समेत गर्नमा मन्जुर भई हाल साविकबाट क्षेत्रफल घटबढ भए सो समेतमा लिलाम सकार कर्ता मन्जुर हुनुपर्नेछ।
५. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दस) प्रतिशत रकम धरौटी बापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं. ३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
७. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनुपर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रम सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
८. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अङ्कित भएको वा सर्तहरू राखी पेश भएका बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन।
९. न्यायाधिकरणले बोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बोलपत्र उपर निर्णय गर्नेछ। बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन बोलपत्र दाता स्वयं लिखित पत्र सहित बोलपत्र खुलेको मितिले १५ दिनभित्र न्यायाधिकरणमा उपस्थित हुनुपर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रूपमा बोलपत्र दातालाई दिनेछ।
१०. त्यसरी बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो घर, जग्गा/सम्पत्तिको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिइसक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ। यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजस्व खातामा सदरस्याहा गर्नेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ।
१२. घर,जग्गा/सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण दै–दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले व्यहोर्नुपर्नेछ।
१३. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भई सकेपछि वादी बैंक वा वित्तीय संस्था र ऋणीहरूबीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारबाही स्थगित गरी पाऊँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा लिलाम कारबाही स्थगित गर्न सकिनेछ।
१४. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित बोलपत्र दाताले धरौटी बापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१५. लिलाम बिक्री हुने घर, जग्गा/सम्पत्तिको विस्तृत जानकारीका लागि एन एमबी बैंक लिमिटेड र बोलपत्र सम्बन्धी अन्य थप जानकारीका लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ।
१६. बोलपत्र फाराम भर्दा बोलपत्र दाताको इमेल ठेगाना अनिवार्य उल्लेख गर्नुपर्नेछ र यस न्यायाधिकरण र बोलपत्र दाताबीच हुने जुनसुकै पत्राचार एवं अन्य आवश्यक सूचना इमेल मार्फतबाट मात्र हुनेछ।
१७. यो सूचना यस न्यायाधिकरणको Website: **www.drtribunal.gov.np** मा हेर्न सकिनेछ।

# निर्माण अवधिअघि बन्यो पुल



**सुलीकोट समाचारदाता**
*सुलीकोट, असार २४ गते*

यहाँको गोरखा नगरपालिका र सहिद लखन गाउँपालिका जोड्ने लुदीखोलामाथिको पुल निर्धारित समयभन्दा अघि नै निर्माण सम्पन्न भएको छ। पुल निर्माण सम्पन्न भएसँगै बर्सौंदेखि समस्या झेल्दै आएका दुई पालिकाका स्थानीयलाई सहज भएको हो। गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत पूर्वाधार विकास कार्यालय गोरखाले निर्माण गरेको उक्त पुल स्याउलीबजार–भट्टफाँट–मनकामना सडकखण्डमा रहेको लुदीखोलमा निर्माण सम्पन्न भएको कार्यालय प्रमुख सन्तोष अर्यालले बताउनुभयो। उक्त पुल निर्माण २०८२ वैशाख २२ गते सम्झौता भई २०८४ वैशाख २१ गतेभित्र सम्पन्न गर्ने सम्झौतामा उल्लेख भएता पनि निर्धारित समयभन्दा एक वर्षअघि नै निर्माण सम्पन्न भएको पूर्वाधार विकास कार्यालय गोरखाले जनाएको छ।

करिब १० करोड ३३ लाख रुपियाँ लागत अनुमान गरिएको पुलको निर्माण सम्झौता भने सात करोड ५१ लाख ३० हजार रुपियाँमा भएको थियो। पुल निर्माणसँगै स्याउलीबजार– भट्टफाँट–मनकामना सडकमा बाह्रै महिना सवारीसाधन सञ्चालन हुने भएको छ। यसबाट सहिद लखन गाउँपालिका र गोरखा नगरपालिकाका स्थानीयलाई जिल्ला सदरमुकाम गोरखा तथा राजधानीको काठमाडौँ पुग्न सहज भएको छ। पुल निर्माणपछि यहाँका किसानले उत्पादन गरेका तरकारी फलफूल तथा अन्य कृषिजन्य उपज बजारसम्म छिटो र कम लागतमा पुऱ्याउन सहज हुनुका साथै दुई पालिकाका नागरिकको असहज यात्राको कठिनाइ अन्त्य भएको सहिद लखन गाउँपालिकाका किसान धुव्र अर्यालको भनाइ छ। शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत सेवामा स्थानीयको पहुँच विस्तार हुनुका साथै यस क्षेत्रको आर्थिक तथा सामाजिक गतिविधिमा समेत उल्लेखनीय टेवा पुग्नुका साथै व्यवसाय प्रवर्धनमा समेत योगदान पुग्ने विश्वास गरिएको छ।

# सिँचाइ कुलो बनेपछि बाँझो जमिनमा खेती



बागलुङको साङ्खोला–दामगाडे सिँचाइ कुलो।

**गलकोट समाचारदाता**
*गलकोट (बागलुङ), असार २४ गते*

बागलुङमा सिँचाइको पहुँच पुगेपछि किसानलाई राहत भएको छ। बागलुङ जिल्लाभर छ हजार ९४४ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगिसकेको छ। चालु आर्थिक वर्षमा मात्रै ८० हेक्टर सिँचाइयोग्य जमिन थपिएको हो।

चालु आवमा समेत १०७ सिँचाइका योजना कार्यान्वय भएपछि सिँचाइ पहुँचमा वृद्धि भएको हो। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका अनुसार सिँचाइ कुलो निर्माण भएपछि बाँझिन थालेको खेतीयोग्य जमिनसमेत हराभरा हुन थालेको छ। कार्यालयका प्रशासकीय अधिकृत बाबुराम आचार्यका अनुसार चालु आवमा कार्यान्वयनका लागि स्वीकृत ११४ योजनामध्ये १०७ योजना कार्यान्वयन भएका छन् भने सात योजना विभिन्न समस्याका कारण कार्यान्वयन हुन सकेनन्।

उहाँका अनुसार योजनाको अनुगमन, मूल्याङ्कन तथा लागत अनुमानसम्बन्धी काम अन्तिम चरणमा पुगेको आचार्यको भनाइ छ। आचार्यका अनुसार निसीखोलाको जाउलेपानी–मधु सिँचाइ योजना, ढोरपाटन सिकार आरक्ष क्षेत्रभित्र परेकाले कार्यान्वयन हुन नसकेको हो। त्यसै गरी ढोरपाटन–१ को खाराखेतदेखि भब्रेटा, झिङ्गलबारी, रातमाटा, घम्सिन, सोरबोट हुँदै खप्तरीबाङसम्मको सिँचाइ योजनामा लिफ्टिङ प्रणाली आवश्यक पर्ने र प्राविधिक रूपमा जटिल भएकाले अघि बढ्न नसकेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "योजनामा लागतको तुलनामा बजेट न्यून हुनु, निर्माण सामग्री विशेष गरी पाइपको मूल्य करिब ३० प्रतिशतसम्म बढ्नु तथा उपभोक्ता समितिले आवश्यक जनश्रमदान र लागत व्यवस्थापन गर्न नसक्दा काम रोकिएको हो।" त्यसै गरी निसीखोला–५ को बागपानी कटुवाल डेरा सिँचाइ योजनाका लागि दुई पटक बोलपत्र आह्वान गरिए पनि ठेकेदार प्रतिस्पर्धामा नआएको सो कार्यालयले जनाएको छ। डिभिजन प्रमुख सुजन खड्काका अनुसार ४० देखि ५० लाख रुपियाँ लागत लाग्ने कतिपय योजनामा पाँच लाख रुपियाँ मात्र बजेट विनियोजन भएकाले प्रभावकारी रूपमा काम गर्न कठिन समेत हुने बताउनुभयो। यस्ता योजनालाई स्रोत सुनिश्चित गरी आगामी आवदेखि बहुवर्षीय योजनाका रूपमा कार्यान्वयन गर्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार काठेखोला, बडीगाड र तमानखोलाका ठुला सिँचाइ योजनालाई १५ वटा प्याकेजमा विभाजन गरी ठेक्का सम्झौता सम्पन्न भइसकेको छ। ती योजना आगामी साउन महिनादेखि कार्यान्वयनमा जाने छन्। चालु आवमा नयाँ संरचना निर्माण तथा पुराना कुलोको मर्मतमार्फत १०७ आयोजना कार्यान्वयनले जिल्लाभर करिब ८० हेक्टर अतिरिक्त खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको कार्यालयको प्रारम्भिक अनुमान छ। चालु आवमा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत सिँचाइ कुलो तथा नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गर्न रु. १२ करोड ६६ लाख ५० हजार रुपियाँ बजेट विनियोजन गरिएको थियो।

# सीमानाकामा बढ्यो अनुगमन

**लमजुङ समाचारदाता**
*लमजुङ, असार २४ गते*

लमजुङका सुरक्षा निकायका प्रमुखबाट सीमाक्षेत्रमा लागुऔषध ओसारपसारको अवस्थाबारे अनुगमन गरिएको छ। लमजुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनाल नेतृत्वको संयुक्त टोलीले मङ्गलबार जिल्लाका प्रमुख सीमाक्षेत्रमा लागुऔषध ओसारपसारको अवस्थाबारे अनुगमन गरेको हो।

जिल्ला प्रशासन कार्यालय लमजुङका अनुसार तनहुँसँग जोडिएको सुन्दरबजार नगरपालिका–१, पाउँदीबजार तथा गोरखासँग सीमा जोडिएको राइनास नगरपालिका–७, गरमबैंसी क्षेत्रमा अनुगमन गरिएको हो। टोलीमा जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेत, सशस्त्र प्रहरी नायब उपरीक्षक विकास अधिकारी, इलाका प्रहरी कार्यालय भोटेओडारका प्रमुख प्रहरी निरीक्षक चन्द्रकला भट्टराईलगायत सहभागी हुनुहुन्थ्यो। अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी नेतृत्वको टोलीले जिल्लामा बढ्दो लागुऔषध प्रयोग न्यूनीकरण गर्ने र बाहिरी जिल्लाबाट सीमाक्षेत्र हुँदै हुने सम्भावित ओसारपसारको अवस्थाबारे स्थलगत जानकारी लिइएको प्रमुख जिल्ला अधिकारीको सचिवालयमा कार्यरत दिननाथ अधिकारीले जानकारी दिनुभयो।

इलाका प्रहरी कार्यालय भोटेओडारका प्रहरी निरीक्षक चन्द्रकला भट्टराईले आफ्नो कार्यक्षेत्रभित्र पर्ने पाउँदी र चेपे–गोरखा सीमाक्षेत्रबाट लागुऔषध ओसारपसार हुन नदिन कडा निगरानी बढाइएको बताउनुभयो। उहाँले अस्थायी प्रहरी पोस्ट पाउँदी र अस्थायी प्रहरी पोस्ट धमिलीकुवालाई समेत उच्च सतर्कता अपनाउन निर्देशन दिइएको जानकारी दिनुभयो।


## श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंको

### जग्गा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८३।०३।२५**

वादी **नबिल बैंक लिमिटेड** र प्रतिवादी **वेलफेयर क्राफ्ट प्रा.लि.** समेत भएको मु.नं.४ ८७/१०१।०७०।१९५ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०७३।०२।५ को निर्णय र मिति २०८३।०१।३१ को आदेशानुसार वादी बैंकको नाउँमा धितोमा रहेको। पछि रोक्का रहेको तपसिलमा उल्लिखित जग्गा/सम्पत्ति जहाँ जे–जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका सर्तहरू पालना गर्ने/गराउनेगरी यो सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**

१. प्रस्तुत मुद्दामा जग्गाधनी सुदर्शन अधिकारीको नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला, गोदामचौर वडा नं. ७/७(ग) को हाल गोदावरी न.पा. वडा नं. १ स्थित कि.नं. १५७ को क्षे.फ. ०–५–०–० को जग्गा मूल्याङ्कन मुचुल्कको आधारमा हुने एकमुष्ट जम्मा न्यूनतम मूल्य रु. १७,५०,०००।– (अक्षरुपी सत्र लाख पच्चास हजार मात्र)।

**(ख) सर्तहरू :**

१. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनी वा निजको कानून बमोजिमको वारेसले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु. ३,०००/– बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले ३६औँ दिन अपराह्न १.०० बजेसम्म बोलपत्र पेश गर्नुपर्नेछ। यसरी पेश भएका बोलपत्रहरू सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र फाराम बिक्री गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट मध्याह्न १२:०० बजेसम्म तोकिएको शुल्क बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र स्थायी लेखा नम्बर परिचय पत्रको प्रमाणित प्रतिलिपि, फर्म, सङ्गठित संस्था वा कम्पनीले इजाजत पत्र, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू बोलपत्रसाथ पेश गर्नुपर्नेछ। बोलपत्र फाराममा बोलपत्र दाताले आफ्नो इमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ। बोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं वा कानून बमोजिमको वारेसले उपस्थित हुनुपर्नेछ।
४. उपरोक्त घर,जग्गा भएको क्षेत्रमा हाल साविक लागू भई हाल साविक गरी दाखिल खारेज गर्नुपर्ने अवस्था आएमा सो समेत गर्नमा मन्जुर भई हाल साविकबाट क्षेत्रफल घटबढ भए सो समेतमा लिलाम सकार कर्ता मन्जुर हुनुपर्नेछ।
५. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दस) प्रतिशत रकम धरौटी बापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं. ३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
६. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
७. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनुपर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रम सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्र साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
८. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अङ्कित भएको वा सर्तहरू राखी पेश भएका बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन।
९. न्यायाधिकरणले बोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बोलपत्र उपर निर्णय गर्नेछ। बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन बोलपत्र दाता स्वयं लिखित पत्रसहित बोलपत्र खुलेको मितिले १५ दिनभित्र न्यायाधिकरणमा उपस्थित हुनुपर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रूपमा बोलपत्र दातालाई दिनेछ।
१०. त्यसरी बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो घर, जग्गा/सम्पत्तिको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिइसक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ। यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजस्व खातामा सदरस्याहा गर्नेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ।
१२. घर,जग्गा/सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण दै–दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले व्यहोर्नुपर्नेछ।
१३. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भई सकेपछि वादी बैंक वा वित्तीय संस्था र ऋणीहरूबीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारबाही स्थगित गरी पाऊँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा लिलाम कारबाही स्थगित गर्न सकिनेछ।
१४. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित बोलपत्र दाताले धरौटी बापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१५. लिलाम बिक्री हुने घर, जग्गा/सम्पत्तिको विस्तृत जानकारीका लागि नबिल बैंक लिमिटेड र बोलपत्र सम्बन्धी अन्य थप जानकारीका लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ।
१६. बोलपत्र फाराम भर्दा बोलपत्र दाताको इमेल ठेगाना अनिवार्य उल्लेख गर्नुपर्नेछ र यस न्यायाधिकरण र बोलपत्र दाताबीच हुने जुनसुकै पत्राचार एवं अन्य आवश्यक सूचना इमेल मार्फतबाट मात्र हुनेछ।
१७. यो सूचना यस न्यायाधिकरणको Website: **www.drtribunal.gov.np** मा हेर्न सकिनेछ।


# अन्नपूर्णमा जङ्गली च्याउको सर्वेक्षण



जङ्गली च्याउको अध्ययन सर्वेक्षण गरिँदै।

**लमजुङ समाचारदाता**
*लमजुङ, असार २४ गते*

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), इलाका संरक्षण कार्यालय, भुजुङ क्षेत्रका जङ्गलमा पाइने जङ्गली च्याउको अध्ययन सर्वेक्षण गरिएको छ। इलाका संरक्षण कार्यालय भुजुङले अध्ययन सर्वेक्षण गरेको हो।

एक्याप भुजुङका कार्यालय प्रमुख प्रमोदराज रेग्मीका अनुसार सिउरुङ–खिलापु–कोप्रोङ–थुर्जु–दुधपोखरी,थुर्जु–फुर्जु–ढोम–रोरोछो–भुजुङ र भुजुङ–ह्रगुँ–पसगाउँ–कमागाउँ गरी तीन वटा ब्लकमा च्याउको सर्वेक्षण गरिएको हो। जङ्गली च्याउको विविधता पहिचान, तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गर्न जङ्गली च्याउको सर्वेक्षण गरिएको रेग्मीले बताउनुभयो।

हालै गरिएको सर्वेक्षणमा लमजुङ र मनाङको सीमाक्षेत्रमा पर्ने दुधपोखरी देउराली क्षेत्रसम्म च्याउ भेटिएको कार्यालय प्रमुख रेग्मीले बताउनुभयो। उहाँका अनुसार समुद्री सतहबाट करिब चार हजार तीन सय मिटर उचाइको देउरालीसम्म च्याउ भेटिएका छन्। यो क्षेत्र लमजुङको मर्स्याङ्दी गाउँपालिका र क्व्होलासोथार गाउँपालिका क्षेत्रमा पर्छ। सर्वेक्षणका क्रममा प्रत्येक पाँच/पाँच सय मिटरको उचाइ अन्तरालमा च्याउको अवस्था, फैलावट, वासस्थान र जैविक विविधतासम्बन्धी विवरण सङ्कलन गरिएको थियो।

सङ्कलित तथ्याङ्कको विश्लेषण भइरहेको र अध्ययनपछि च्याउका प्रजातिको यकिन विवरण पत्ता लाग्ने रेग्मीले बताउनुभयो। उहाँका अनुसार तीन वटा रुटमा ५० भन्दा बढी प्रजातिका च्याउ भेटिएका छन्। कार्यालयले स्थानीय समुदायसँग खान मिल्ने र खान नमिल्ने च्याउको सङ्कलन, पहिचान, प्रयोग साथै संरक्षणसम्बन्धी प्रश्नावली सर्वेक्षणसमेत गरेको छ। सर्वेक्षणका क्रममा स्थानीय समुदायले च्याउसम्बन्धी आफ्ना अनुभव, परम्परागत ज्ञान र सुझावसमेत जानकारी गराएका छन्। प्राप्त जानकारीले स्थानीय जैविक विविधताको संरक्षण, च्याउको दिगो उपयोग तथा अनुसन्धानलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यालय प्रमुख रेग्मीले बताउनुभयो।

स्थानीय स्रोत व्यक्तिको सहभागितामा गरिएको सर्वेक्षणले संरक्षण क्षेत्रभित्र पाइने च्याउको अभिलेख तयार पार्ने आधार जुटाएको उहाँले बताउनुभयो। अध्ययनले अन्नपूर्ण क्षेत्रमा खाने र नखाने च्याउको सङ्ख्या, स्थानीय समुदायले च्याउ सङ्कलन र उपयोग गर्ने तरिका, च्याउले स्थानीय जीविकोपार्जनमा पुऱ्याएको योगदानका साथै परम्परागत ज्ञानको समेत अभिलेखीकरण गरिएको छ। सर्वेक्षणबाट प्राप्त विवरणले संरक्षण क्षेत्रभित्र रहेका च्याउका प्रजातिको वैज्ञानिक अभिलेख तयार पार्न जैविक विविधतासम्बन्धी अध्ययनलाई थप प्रभावकारी बनाउनुका साथै भविष्यमा संरक्षण, दिगो उपयोग र अनुसन्धानका कार्यक्रम सञ्चालन गर्न महत्त्वपूर्ण आधार तय गर्ने उहाँले बताउनुभयो। नेपालमा करिब एक हजार तीन सय प्रजातिका च्याउ पाइने गरेका छन्। जसमा एक सयभन्दा बढी प्रजातिका च्याउ विषालु रहेका विभिन्न अध्ययनले देखाएका छन्। औषधीय दृष्टिकोणले महत्त्वपूर्ण च्याउ पनि रहेका छन्।


## वर्गीकृत डिस्पले

### नर्सिङ लाइसेन्स हरायो

मितिः २०८३।०२।२३ मा न्युरोडदेखि कपनसम्म जाँदा मेरो नेपाल नर्सिङ काउन्सिलको लाइसेन्स हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८६०९६०३९०मा खबर गरिदिनुहोला।
**रेजिट्रेसन नं.** :-74947
**नाम थर** :- **मिङ्मा याङ्जी शेर्पा**
**ठेगाना** :- चौरीखर्क, सोलुखुम्बु

### मोटरसाइकल हरायो

मिति २०८३।०३।२१ गते बा.प्र. ०२–०६६प ९२१६ नं. को रातो खैरो कालो रङको Bajaj Pulsar 220 CC मोटरसाइकल का.जि., टोखा न.पा. ३, धनेश्वरबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. **९८१५११४८७८** मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
**नाम** : **निरज कुमाल**
**ठेगाना** : गोरखा गो.न.पा. ३, गोरखा
**इन्जिन नं.**: DKXCTK24980
**च्यासिस नं.**: MD2A13EX6TCL83190

### माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८२।०१।०५ मा कलैया घण्टाघरदेखि श्री दुर्गा उच्च मा.वि., बरेवा, कलैयासम्म जाँदा मेरो NEB को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८२४२८५६१६ मा खबर गरिदिनुहोला।
**रजिस्ट्रेसन नं.** : ७७३३१९०९६
**नाम थर** : पवनलाल कुश्वाहा
**ठेगाना** : कलैया–१६


# आधुनिक स्वास्थ्य चौकी निर्माण

**तनहुँ समाचारदाता**
*तनहुँ, असार २४ गते*

उपचार अभावमा कसैले पनि अकालमा ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यका साथ स्थानीय छ परिवारले गरेको योगदानले गर्दा तनहुँमा भानु स्वास्थ्य चौकीको आधुनिक भवन निर्माण सम्पन्न भएको छ।

भवन निर्माणका लागि स्थानीय जग्गादाताले आफ्नो निजी स्वामित्वमा रहेको कुल तीन करोड २४ लाख २५ हजार रुपियाँ मूल्य पर्ने पाँच रोपनी एक आना जग्गा निःशुल्क उपलब्ध गराएपछि करिब एक करोड ५० लाख रुपियाँको लागतमा स्वास्थ्य चौकीको नयाँ भवन निर्माण भई सञ्चालनमा आएको हो।

स्वास्थ्य चौकीका लागि निःस्वार्थ भावले जग्गा दान गर्ने परोपकारी दातामा बालकृष्ण कार्की र राममाया कार्की, विष्णुबहादुर कार्की पन्त र सरिता कार्की पन्त, ज्ञानबहादुर गुरुङ र वीरमाया गुरुङ हुनुहुन्छ।

त्यसै गरी दुर्गबहादुर गुरुङ र रनकुमारी गुरुङ, जगकुमारी श्रेष्ठ, रामबहादुर गुरुङ र सुनकोरी गुरुङले जग्गा दान गर्नुभएको हो।

भानु नगरपालिका–३ का वडा सदस्य अमित लामाले आफ्नो सम्पत्ति समाजको स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रका लागि निःशुल्क दान गरेर जग्गादाताले मानवसेवाका लागि उदाहरणीय र अनुकरणीय काम गर्नुभएको बताउनुभयो।

# एचआइभी सङ्क्रमित बढ्दो

**कास्की समाचारदाता**
*कास्की, असार २४ गते*

गण्डकी प्रदेशमा लगभग एक वर्षको अवधिमा एचआइभी सङ्क्रमितको सङ्ख्या तीन हजार १७१ पुगेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को सार्वजनिक तथ्याङ्क अनुसार प्रदेशमा एक हजार ५८९ पुरुष र एक हजार ५१५ महिलाले नियमित औषधी सेवन गरिरहेका छन्। तिनमा १५ वर्षमुनिका ५६ जना छन्। यस्तै पाँच गर्भवती महिलामा सङ्क्रमण देखिएको छ। सबैभन्दा धेरै सङ्क्रमित कास्कीमा छन्। कास्कीमा मात्र एक हजार ६२९ जना एचआइभी सङ्क्रमित छन्।

प्रादेशिक जनस्वास्थ्य केन्द्र गण्डकी प्रदेश, पोखराका क्षयरोग तथा कुष्ठरोग अधिकृत लक्ष्मण बसौलाका अनुसार कोभिडपछि विकास साझेदार संस्थाको सहयोग घटेकाले कन्डम खरिद तथा वितरण प्रभावित बनेको छ।


## नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय

### यस कार्यालयले आर्थिक वर्ष २०८३।८४ को लागि तयार गर्न लागेको मौजुदा सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।३।२५)

## ब्रह्मपुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही
मधेश प्रदेश

### चार पाङ्ग्रे सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सुचना मिति २०८३।०३।२५ गते**

यस ब्रह्मपुरी गाउँपालिकामा आ.व. २०८३।०८४ को लागि चार पाङ्ग्रे सवारी साधन भाडामा लिन आवश्यक रहेकोले देहाय बमोजिमको व्यहोरा अनुसार इच्छुक सवारीधनी/फर्म/संस्थालाई आवश्यक कागजात सहित तोकिएको शर्तको अधीनमा रही समय भित्र रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नको लागि यो सूचना आह्वान गरिएको छ।

| दरभाउ पत्र नं. | कामको विवरण | स्पेसीफिकेसन | दरभाउ पत्र खरिद गर्ने शुरु र अन्तिम मिति र समय | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खोलिने मिति र समय | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १५/२०८२/०८३ | चार चक्के सवारी साधन भाडामा लिने | कम्तीमा ८ (आठ) सिट क्षमता भएका, ए.सी जडान भएको १३०० सिसि भन्दा माथिको २०१८ मोडेल देखि २०२५ मोडल सम्म गाडी, नेपाली दर्ता कायम भएको | २०८३/०३/२५ गते देखि २०८३/०३/३१ गते बेलुका ५:०० बजे सम्म | २०८३/०३/३२ गते अपरान्ह १२:०० बजे सम्म | २०८२/०३/३२ गते अपराह्न २:०० बजे | १०००/- (एक हजार मात्र) |

**नोटः-** यस सम्बन्धी आवश्यक शर्त,संलग्न गर्नुपर्ने कागजात लगायतका विस्तृत व्यहोरा सहितको सुचना यस कार्यालयको Website www.brahmapurimun.gov.np बाट हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मधेशका विद्यालयमा भर्ना हुँदैनन् 'प्लस टु' का विद्यार्थी

**मधेश प्रदेश ब्युरो**
*जनकपुरधाम, असार २४ गते*

तराई मधेशका विद्यार्थी अध्ययनका लागि सहर बजार रोज्न थालेपछि स्थानीय स्कुल सुनसान हुन थालेका छन्। १० कक्षासम्म केही विद्यार्थी टिके पनि एसइई दिएर प्लस टुका लागि सहर बजारको स्कुल रोज्न थालेका छन्। त्यसले गर्दा स्थानीय स्कुलमा प्लस टुमा विद्यार्थी निकै अभाव हुन थालेका छन्।

मधेशका आठ वटै जिल्लाका अवस्था त्यस्तै छन्। एक तथ्याङ्क अनुसार विद्यार्थी भर्नादर ९६ प्रतिशतभन्दा बढी छ तर प्लस टुसम्म पुग्दा आधाभन्दा कम विद्यार्थी मात्र स्कुलमा बाँकी रहन्छन्।




तस्बिर : विजयकुमार साह

**धनुषाको ढल्केबरमा रहेको महेन्द्र माध्यमिक विद्यालय ।**

## निजीतर्फ आकर्षण

**महोत्तरी समाचारदाता**का अनुसार महोत्तरी जिल्लामा उच्च माध्यमिक (कक्षा ११ र १२) तहमा सामुदायिक विद्यालयभन्दा निजीतर्फ विद्यार्थीको आकर्षण बढी देखिएको छ। शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीले दिएको तथ्याङ्क अनुसार कक्षा ११ र १२ मा सामुदायिक विद्यालयभन्दा निजी विद्यालयमा ३६ प्रतिशतभन्दा बढीले वृद्धि भएको देखिएको छ।

शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीका प्रमुख निर्मलकुमार घिमिरेले २०८१ र २०८२ को तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा ४.५१ प्रतिशतले विद्यार्थी घट्दा निजी विद्यालयमा ३६.२२ प्रतिशतले वृद्धि भएको देखिएको बताउनुभयो। शिक्षा विकास तथा समन्वय एकाइले २०८१ सालमा जिल्लाका उच्च माध्यमिक तहमा (कक्षा ११ र १२) नौ हजार ४०७ विद्यार्थी अध्ययनरत रहेकामा २०८२ मा आइपुग्दा यो सङ्ख्या नौ हजार २४६ मा झरेको जनाएको छ।

सामुदायिक विद्यालयमा ३९५ विद्यार्थी घटेका छन्। २०८१ मा आठ हजार ७६१ विद्यार्थी रहेकोमा २०८२ मा आठ हजार ३६६ मा विद्यार्थी सीमित भएको तथ्याङ्क छ। निजी विद्यालयमा भने विद्यार्थी सङ्ख्या ६४६ बाट बढेर ८८० पुगेको छ। महोत्तरी जिल्लामा उच्च माध्यमिक शिक्षाका लागि ७७ विद्यालय छन् जसमा सामुदायिकतर्फ ६२ तथा निजीतर्फ १५ विद्यालय रहेको छ।

जिल्लाको एकडारा गाउँपालिकामा रहेको श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक जिवछ ठाकुरले उच्च शिक्षातर्फ शिक्षा (एजुकेसन) विषयका विद्यार्थी विस्तारै घट्दै गएको बताउनुहुँदै उनीहरू विज्ञान, लेखा तथा सिपमूलक शिक्षाका लागि जिल्लाबाहिर जाने प्रवृत्ति देखिएको बताउनुभयो। सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसकेका कारणले मात्रै नभई पठनपाठनको गुणस्तर, वातावरण, व्यवहार, विषयगत शिक्षकको उपलब्धतालगायतका कुरा सुधार गर्न नसक्दा विद्यार्थी टिकाउन नसकेको वताउनुहुँदै यसप्रति सरोकारवाला निकायलाई गम्भिर हुनुपर्नेमा प्रधानाध्यापक ठाकुरले जोड दिनुभयो।

जिल्लामा साधारणतर्फ मात्रै नभई कक्षा ११ र १२ तहको प्राविधिक शिक्षामा समेत विद्यार्थीको आकर्षण कम देखिएको छ। तथ्याङ्क अनुसार २०८१ मा जिल्लाका विभिन्न विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत प्राविधिक विद्यार्थी सङ्ख्या ६०९ रहेको थियो तर २०८२ मा यो सङ्ख्या घटेर ३७६ मा पुगेको छ।

## विद्यार्थीमा काठमाडौँ मोह

**ढल्केबर समाचारदाता**का अनुसार धनुषालगायत मधेश प्रदेशका जिल्लाबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेका विद्यार्थी थप अध्ययनका लागि काठमाडौँलगायत ठुला सहरतर्फ आकर्षित हुन थालेपछि स्थानीय विद्यालयमा कक्षा ११ मा भर्ना हुनेको सङ्ख्या घट्न थालेको छ।

धनुषाको मिथिला नगरपालिका–६, ढल्केबरमा रहेको महेन्द्र माध्यमिक विद्यालयबाट २०८२ को एसइईमा सहभागी सबै १०८ विद्यार्थी उत्तीर्ण भएका थिए तर सोही विद्यालयको कक्षा ११ मा उत्तीर्ण विद्यार्थीमध्ये अहिलेसम्म करिब २५ जना मात्र भर्ना भएका छन्। अधिकांश विद्यार्थी अध्ययनका लागि अन्य विद्यालय तथा काठमाडौँ केन्द्रित शैक्षिक संस्थामा गएको हुन सक्ने विद्यालय प्रशासनको भनाइ छ।

यस्तै सोही ठाउँको चिल्ड्रेन गार्डेन माध्यमिक विद्यालयबाट एसइई उत्तीर्ण भएका ४२ विद्यार्थीमध्ये थोरै विद्यार्थी कक्षा ११ मा भर्ना भएका छन्। पछिल्ला केही वर्षयता स्थानीयस्तरमा सञ्चालित विद्यालयमा कक्षा ११ मा भर्ना हुने विद्यार्थीको सङ्ख्या घट्दो क्रममा छ। शिक्षाविद् डा. राजेन्द्र ठाकुरले पछिल्ला वर्षमा एसइई उत्तीर्ण विद्यार्थी तथा अभिभावकमा काठमाडौँका विद्यालयप्रति आकर्षण बढेको बताउनुभयो। यही कारण स्थानीयस्तरमा सञ्चालनमा रहेका कक्षा ११ र १२ मा अपेक्षाकृत कम विद्यार्थी भर्ना हुने गरेको उहाँको भनाइ छ।

स्थानीय विद्यालयप्रति विद्यार्थी र अभिभावकको विश्वास बढाउन गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने सुझाव ठाकुरको छ। प्याब्सनका केन्द्रीय प्राज्ञिक परिषद् सदस्य नरेन्द्र शर्माले एसइईपछि काठमाडौँ गएर पढ्ने प्रवृत्तिले मधेशका विद्यालय प्रभावित भएको बताउनुभयो।

शिक्षा विकास तथा समन्वय एकाइ धनुषाको तथ्याङ्क अनुसार जिल्लामा कक्षा १० सम्म अध्यापन हुने २०३ विद्यालय रहेका छन्। त्यसमध्ये सामुदायिक र संस्थागत गरी ८४ विद्यालयमा कक्षा ११ र १२ को पढाइ हुँदै आएको छ तर अधिकांश विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून रहेको तथ्याङ्कले देखाएको छ।

शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशका शिक्षा महाशाखा प्रमुख उज्ज्वल पोखरेलले एसइई उत्तीर्ण विद्यार्थीले आफ्नो ठाउँभन्दा बाहिर गएर अध्ययन गर्न चाहनु स्वाभाविक प्रक्रिया भएको बताउनुभयो। मधेश प्रदेशबाट एसइई उत्तीर्ण गरेका विद्यार्थी काठमाडौँ वा अन्यत्र गएर पढ्न चाहनु अस्वाभाविक होइन तर गुणस्तरीय शिक्षाको सवालमा प्रदेशभित्रकै शैक्षिक संस्थालाई अझ सक्षम र प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो। उहाँले प्रदेशभित्र गुणस्तरीय शैक्षिक संस्था हुँदाहुँदै विद्यार्थी बाहिरिनु चिन्ताको विषय भएको बताउँदै शिक्षा नीतिको समीक्षा गर्नुपर्ने जानकारी दिनुभयो।

## गाउँघरका उच्च मावि सङ्कटमा

**सप्तरी समाचारदाता**का अनुसार सप्तरीका ग्रामीण भेगमा खुलेका उच्च माध्यमिक विद्यालयमा न्युन विद्यार्थी भर्ना हुने गरेका कारण ती विद्यालय सङ्कटमा पर्न थालेका छन्। एसइई परीक्षा उत्तीर्ण भएपछि विद्यार्थी अध्ययनका लागि ग्रामीण क्षेत्रभन्दा पनि सहरबजारमा नै जाने गरेका कारण सप्तरीका ग्रामीण भेगमा खुलेका उच्च माविमा सङ्कट आएको हो।

विद्यार्थी सप्तरीको राजविराज, मोरङको विराटनगर, सुनसरीको धरान तथा राजधानी काठमाडौँ जस्ता सहर जान थालेका छन्। यी ठाउँहरूमा अध्यनका लागि पठाउँदा विद्यार्थीको नाम उच्च भइन्छ भन्ने भावनाका कारण पनि ग्रामीण भेगमा रहेका उच्च माविमा विद्यार्थीको सङ्ख्या घट्दो क्रममा देखिएको हो।

शिक्षा विकास एकाइ कार्यालय सप्तरीका प्रमुख वीरेन्द्रकुमार यादवका अनुसार सप्तरीमा दर्जनौँ सामुदायिक उच्च माध्यमिक विद्यालय छन् भने एक दर्जनभन्दा बढी संस्थागत उच्चमावि सञ्चालित छन्। तीमध्ये केहीमा विद्यार्थी सङ्ख्या राम्रो देखिए पनि अधिकांश विद्यालयमा विद्यार्थीको अभाव दखिएको हो। कमजोर आर्थिक अवस्था भएका, पूरक तथा एक्जाम्टेडबाट उत्तीर्ण भएका, दलित र विवाहित छात्राहरू मात्र गाउँमा खुलेको उच्च माविमा भर्ना हुने गरेको नरबहादुर थापा जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक नागेन्द्र सिंहले बताउनुभयो।

## विषयगत शिक्षक अभाव

**चन्द्रपुर समाचारदाता**का अनुसार रौतहटका ६० वटा सामुदायिक विद्यालयमा प्लस टुको पढाइ हुने गरे पनि विद्यार्थीको सङ्ख्या बर्सेनि घट्दै गएको छ। जिल्लाका प्रायः विद्यालयमा प्लस टु पढ्ने विद्यार्थीको सङ्ख्या दिनानुदिन घट्दै गएका छन्। गुणस्तर शिक्षा पूर्वाधारको कमी र सामुदायिक विद्यालयमा राजनीतिक हस्तक्षेप हुनुलगायतका कारणले समेत सामुदायिक विद्यालयमा विद्यार्थी घट्ने क्रम बढेको शिक्षा विकास तथा समन्वय एकाइ रौतहटका एकाइ प्रमुख नन्दकिशोर गुप्ताले बताउनुभयो।

विद्यार्थीको अभावमा प्लस टु अध्यापन हुने विद्यालय एकअर्कामा समायोजन भई घट्ने अवस्था हुनुपर्नेमा बर्सेनि प्लस टु पढाइ हुने विद्यालयको सङ्ख्या बढ्दै गइरहेका छन्। यस्ता विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै जाँदा पनि सुधारको प्रयासका लागि कतैबाट कुनै पहल नहुनु दुःखद रहेको अभिभावकको गुनासो छ।

सामुदायिक विद्यालयमा गुणस्तरीय अध्यापन नहुनु र गाउँमा समानुपातिक विकास नहुनु नै सामुदायिक विद्यालयमा प्लस टु पढ्ने विद्यार्थीको सङ्ख्या घट्दै जाने गरेको मुख्य कारण रहेको गौर–२ का विजय किशोर झाले भन्नुभयो। माध्यमिक तहसम्म निःशुल्क शिक्षा भए पनि विभिन्न ठाउँमा विभिन्न शुल्क उठाउन थालेपछि विद्यार्थी सहरका निजी विद्यालय रोज्न थालेको चन्द्रपुर–५ का पूजा झाले बताउनुभयो। रौतहटमा छ वटा निजी विद्यालयमा समेत प्लस टुको अध्यापन हुँदै आएको छ। दुर्गा भगवती –२ मा रहेको सरस्वती माध्यमिक विद्यालयमा प्लस टुमा विद्यार्थीको आकर्षण बढाउन पूर्वाधार तथा अनुभवी शिक्षकको व्यवस्थापन गरेको गाउँपालिका अध्यक्ष शम्भु सिंह बताउनुहुन्छ। भर्खर सम्पन्न कक्षा १२ को परीक्षामा रौतहटका विद्यालयबाट कुल सात हजार ८९४ विद्यार्थी सहभागी रहेका थिए।

## राम्रो ग्रेड ल्याउने विद्यार्थी टिक्दैनन्

**लहान समाचारदाता**का अनुसार सिराहामा कक्षा ११ र १२ सञ्चालन गर्ने माध्यमिक विद्यालयको सङ्ख्या एक सय पुगेको छ। विद्यालय सङ्ख्या एक सय पुगे पनि एसइईमा 'ए' प्लस ग्रेड ल्याउने विद्यार्थी भने ती विद्यालयमा भर्ना नभई अन्यत्र गएका छन्।

राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय लहानले जनाए अनुसार कक्षा ११ र १२ सञ्चालन भइरहेको विद्यालयको सङ्ख्या सिराहामा एक सय पुगे पनि विद्यालय अनुसार विद्यार्थीको भर्ना न्यून रहेको छ। सो कार्यालयका सूचना अधिकारी किशोर निरौलाले, राष्ट्रिय परीक्षा बोर्डले पाँच वटा जिल्ला सिराहा, सप्तरी, उदयपुर, ओखलढुङ्गा र खोटाङमा ३५० माध्यमिक विद्यालयको परीक्षा सञ्चालन गरिरहेको जानकारी दिनुभयो। उहाँले सामुदायिक विद्यालयले एसइईमा उच्च ग्रेड ल्याउने विद्यार्थीलाई आफ्नै जिल्लामा टिकाउन नसकेको बताउनुभयो।

हुलाकी राजमार्गमा पर्ने भगवानपुर, नवराजपुर, बरियारपटि, औरही गाउँपालिका र सिराहा नगरपालिका पूर्वपश्चिम लोकमार्गमा पर्ने लहान, धनगडीमाई, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकामा रहेका माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको कक्षा ११ र १२ को काक्षा व्यवस्थित र नियमित रहे पनि अधिकांश ग्रामीण भेगका गाउँपालिकामा चलिरहेको कक्षा ११ र १२ व्यवस्थित नरहेको अवस्था छ।

एसइईमा 'ए' प्लस र 'ए' ग्रेड ल्याउने सम्पन्न परिवारका विद्यार्थी कक्षा ११ मा भर्ना हुनका लागि काठमाडौँ र विराटनगर जाने लहर नै चलेको जेएस मुरारका माध्यमिक विद्यालयका प्रमुख कन्हैयाप्रसाद भट्टले बताउनुभयो।

*(समाचारदाताहरू देवराम यादव, नागेन्द्रकुमार कर्ण, जीवछ यादव, विजयकुमार साह, प्रवीणकुमार शर्मा)*

# एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन अभाव




तस्बिर : विजयकुमार साह

**धनुषाको धारापानीमा रहेको सर्पदंश उपचार केन्द्र ।**

**ढल्केबर समाचारदाता**
*ढल्केबर, असार २४ गते*

मधेश प्रदेशका अधिकांश स्वास्थ्य संस्थामा सर्पदंशको उपचारमा प्रयोग हुने एन्टिस्नेक भेनम सिरम (एएसभिस) को अभाव देखिएको छ। वर्षायामसँगै सर्पदंशका घटना बढिरहेका बेला एन्टिस्नेक भेनम सिरमको अभावले बिरामीको उपचार प्रभावित हुने र ज्यानै जान सक्ने जोखिम बढेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेश प्रदेशका सचिव डा. प्रमोद यादवले समयमै आपूर्ति हुन नसक्दा एन्टिस्नेक भेनमसँगै कुकुरलगायतका जनावरको टोकाइबाट हुने सङ्क्रमण रोक्न प्रयोग हुने एन्टिरेबिज भ्याक्सिन (एआरभी) को अभाव देखिएको बताउनुभयो।

उहाँले केही स्वास्थ्य संस्थामा सीमित मात्रामा एन्टिस्नेक भेनम तथा एन्टिरेबिज भ्याक्सिन मौज्दात रहे पनि अधिकांश स्थानमा मौज्दात सकिने अवस्थामा पुगेको जानकारी दिनुभयो। मधेश प्रदेशमा हाल २७ वटा स्वास्थ्य संस्थाबाट सर्पदंशको उपचार सेवा सञ्चालन हुँदै आएको छ। वर्षायाम र गर्मीको मौसममा सर्पदंशका घटना बढी हुने गरेको छ।

प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार प्रादेशिक अस्पताल जनकपुरधाममा हाल एन्टिस्नेक भेनमको सबैभन्दा बढी ३५० भाइल मौज्दात रहेको छ तर प्रादेशिक अस्पताल कलैया, धनुषाधाम नगरपालिका अस्पताल (धनुषा) तथा गौशाला नगर अस्पताल (महोत्तरी) मा एन्टिस्नेक भेनमको मौज्दात रहेका छन्। त्यसै गरी सात वटा स्वास्थ्य संस्थामा २०/२० भाइलका दरले मात्र मौज्दात रहेका छन्। प्रादेशिक अस्पताल मलङ्गवामा २५०, प्रादेशिक अस्पताल सिराहामा १५०, सर्पदंश उपचार केन्द्र नवलपुरमा २१०, सर्पदंश उपचार केन्द्र बर्दीबासमा १५०, चोहर्वा सर्पदंश उपचार केन्द्र सिराहामा २१० तथा अन्य स्वास्थ्य संस्थामा सय वा सोभन्दा कम भाइल मौज्दात रहेको मन्त्रालयको विवरणमा उल्लेख छ।

मन्त्रालयका सचिव डा. यादवका अनुसार एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन खरिदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अर्थ मन्त्रालयसँग दुई/दुई करोड रुपियाँका दरले चार करोड रुपियाँ माग गरिएको छ तर बजेट निकासा हुन नसक्दा खरिद प्रक्रिया अघि बढ्न नसकेको उहाँले बताउनुभयो। मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नेपाली बजारमै पर्याप्त मात्रामा उपलब्ध नरहेको बताउँदै उपलब्ध हुनेबित्तिकै खरिद प्रक्रिया अघि बढाउने बताउनुभयो।

# बजेट ढिलाइले योजना अलपत्र

**कलैया समाचारदाता**
*बारा, असार २४ गते*

मधेश प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय बारामा चालु आर्थिक वर्षका लागि स्वीकृत अधिकांश पूर्वाधार योजना कार्यान्वयन हुन नसक्दा करिब आधा बजेट फ्रिज हुने अवस्था देखिएको छ।

कार्यालयका अनुसार चालु आवमा करिब एक अर्ब ४० करोड रुपियाँ बराबरका करिब एक सय वटा योजना सञ्चालनका लागि बजेट विनियोजन गरिएको भए पनि हालसम्म कुल बजेटको करिब २९ प्रतिशत रकम मात्र भुक्तानी भएको छ। बाँकी रकम समयमै खर्च गर्न नसक्ने अवस्था बनेपछि झन्डै ५० प्रतिशत बजेट फ्रिज हुने देखिएको हो।

कार्यालय प्रमुख ओमकुमार साहका अनुसार मधेश प्रदेशको पूर्वाधार विकास मन्त्रालयबाट ढिलो गरी बजेट विनियोजन हुनु, कार्यान्वयनका लागि पर्याप्त समय नहुनु तथा वर्षभरि गर्नुपर्ने काम आर्थिक वर्षको अन्तिम दुई महिनामा केन्द्रित हुने पुरानो प्रवृत्तिका कारण अधिकांश योजना सम्पन्न गर्न कठिन भएको हो। उहाँले भन्नुभयो, "२५ लाखदेखि एक करोड रुपियाँसम्म लागत भएका सामुदायिक भवन, पुलपुलेसा, विद्यालयलगायतका योजनामा सार्वजनिक खरिद प्रक्रिया अनुसार अनिवार्य रूपमा ठेक्का सम्झौता गर्नुपर्ने व्यवस्था रहेकाले समय अभावका कारण हालसम्म १३ वटा योजनाको मात्र ठेक्का सम्झौता सम्पन्न भएको छ।

कार्यालयका लेखा प्रमुख सुबोध यादवका अनुसार सोही लागत समूहका ८१ वटा योजना चालु आवमै कार्यान्वयन हुन नसक्ने र ती योजनाका लागि विनियोजित बजेट फ्रिज हुने लगभग निश्चित भएको छ। पूर्वाधार विकासका योजना समयमै अघि बढ्न नसक्दा सडक, पुल, शैक्षिक तथा सामुदायिक पूर्वाधार निर्माण प्रभावित हुने मात्र होइन, सरकारी विकास खर्चको प्रभावकारितामाथि पनि प्रश्न उठेको सरोकारवालाको भनाइ छ।

# सुर्तीजन्य पदार्थ नियन्त्रणमा कडाइ

**गौशाला समाचारदाता**
*गौशाला (महोत्तरी), असार २४ गते*

महोत्तरी जिल्ला प्रशासन कार्यालयले सुर्तीजन्य पदार्थको गैरकानुनी बिक्रीवितरण तथा उपभोग नियन्त्रणका लागि कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने भएको छ।

जिल्ला प्रशासन कार्यालयले बुधबार जारी गरेको सूचनामा बालबालिका, किशोरकिशोरी, विद्यार्थी तथा गर्भवती महिलामा सुर्तीजन्य पदार्थको बढ्दो प्रयोगप्रति चिन्ता व्यक्त गर्दै सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन गरिने उल्लेख गरिएको छ। सूचना अनुसार १८ वर्षभन्दा कम उमेरका व्यक्ति तथा गर्भवती महिलालाई कुनै पनि प्रकारका सुर्तीजन्य पदार्थ बिक्रीवितरण वा निःशुल्क उपलब्ध गराउन प्रतिबन्ध छ। यस व्यवस्थाको उल्लङ्घन गरेमा प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ।

यस्तै विद्यालय, कलेज, अस्पताल, स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरको दुरीभित्र रहेका पसल वा व्यवसायबाट सुर्तीजन्य पदार्थ बिक्रीवितरण गर्न नपाइने व्यवस्था रहेको प्रशासनले पुनः स्मरण गराएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलका अनुसार ऐनविपरीतका गतिविधि गरेको पाइएमा ऐनको दफा १७ बमोजिम कानुनी कारबाही तथा दण्ड–सजाय गरिने छ।

प्रशासनले महोत्तरीका सबै स्थानीय तह, नेपाल प्रहरी, उद्योगी–व्यवसायी, नागरिक समाज तथा सर्वसाधारणलाई कानुनी व्यवस्थाको पूर्णपालना गर्न आग्रह गरेको छ। सुर्तीजन्य पदार्थ नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा निरीक्षणसमेत गरिने प्रशासनले जनाएको छ।

# पर्यटक आवागमनले चहलपहल

**कन्हैयालाल केशरी**
*पर्सा, असार २४ गते*

पर्साको पर्यटकीय स्थलका रूपमा विकसित भइरहेको ठोरीमा आउने भारतीय पर्यटकको सवारी साधनको आवागमन सुचारु हुँदा सो क्षेत्रमा पुनः चहलपहल बढेको छ।

भारतीय सीमा नाका नरकटियागन्जसँग जोडिएको ठोरीमा भारी सङ्ख्यामा भारतीय पर्यटक आउन थालेका छन्। सरकारले सीमा नाकामा कडाइ गरेपछि भारतीय सवारीसाधन लिएर पर्साको ठोरी आउने भारतीय पर्यटकको सवारीसाधन असार १९ गतेदेखि सीमा नाकामा रोकिएपछि केहीदिन सो क्षेत्र प्रभावित बनेको थियो। वीरगन्ज भन्सार कार्यालयले असार २४ गतेदेखि भारतीय सवारीसाधनलाई सुविधाको पास दिने व्यवस्था मिलाएपछि ठोरीमा पुनः चहलपहल बढेको स्थानीय वृहस्पति कृष्ण श्रेष्ठले बताउनुभयो।

**भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

यसमा, निवेदक सानुमाया नगरकोटीले मेरो बाबु बिसमान पुतवारको नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा बिसमान पुतवारको मिति २०४३।०५।०५ मा मृत्यु भएको र निज समेतको मृत्यु पछिका सबैभन्दा नजिकका हकदारहरू म एक जना मात्र भएकाले तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ को दफा ७ (क) तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनु पर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताका लागि यसअघि अरु कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| चुनीखेल | ७/ग | २० | १–१०–०–० | विष्णु रमण भट्ट | बिसमान पुतवार का.ई कौडोल |

**नोट : मि.नं. १३६/०६६/६७, मि.नं. २६०/०६३/६४ मि.नं. २६०/०६६/६७ रै.प. भिडेको।**

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., चाँगुनारायण वडा नं. १ हाल परिवर्तित चाँ.न.पा. वडा नं. ४ बस्ने बुद्दि नारायण भडेल समेतले हामीहरूको बाजे, बुढा ससुरा, पिता तथा ससुरा नाताका तुल्सी नारायण भडेल र अष्ट वहादुर भडेल जना २ का नाउँमा छुट्टाछुट्टै मोहीयानी हक कायम रहेको तपसिल बमोजिमका कित्ता जग्गाहरू भएकोमा, साविक मोही तुल्सी नारायण भडेलको मिति २०२३।०३।०४ मा, निजकी पत्नी कान्छी माया भडेलको मिति २०२०।०२।०३ मा मृत्यु भई हक खाने १ मात्र छोरा अस्ट नारायण भडेलको मिति २०४१।१०।२८ मा, निजकी १ मात्र पत्नी धन माया भडेलको मिति २०६७।१०।११ मा मृत्यु भई हक खाने छोराहरू प्रेम नारायण भडेल–१, बुद्दि नारायण भडेल–१, पूर्ण नारायण भडेल–१, कृष्ण नारायण भडेल–१ समेत जना ४ भएकोमा, प्रेम नारायणको मिति २०७८।०८।०८ मा मृत्यु भई हक खाने पत्नी नानी छोरी भडेल, छोरा सरोज भडेल, छोरी प्रमिला भडेल भएको, त्यस्तै कृष्ण नारायणको मिति २०७४।०५।११ मा मृत्यु भई हक खाने पत्नी सरु भडेल, छोरीहरू निकु भडेल, सलिना भडेल भएकोमा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ बमोजिमको नजिकको हकवाला नानी छोरी–१, वुद्दि नारायण–१, पूर्ण नारायण–१ र सरु भडेल–१ समेत जना ४ का संयुक्त नाउँमा बिर्ता उन्मूलन ऐन, २०१६ र बिर्ता उन्मूलन नियमावली २०१७ तथा प्रचलित कानून बमोजिम रै.प. दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत, २ नं. अनुसूची पेश गरेको, कि.नं. १४८ को मोठ स्रेस्ता फेला नपरेको भनी लेखिआएको, कि.नं. ६८ मा छुट जग्गा दर्ता ना.सा. मिति २०८१।०४।२७ गोविन्द कृष्ण जोशी समेत ६ जना भिडेको भनी मोठ फाँटबाट लेखिआएको, साथै तुल्सी नारायण भडेलको नाम कतै तुलसी नारां भडेल, तुल्सी नारौं भडेल, कतै तुल्सी नारायण भडेल भन्ने व्यक्ति अलग–अलग नभई एकै व्यक्ति भएको, त्यस्तै अस्ट वहादुर भडेल र अस्त नारायण भडेल अलग–अलग व्यक्ति नभई एकै व्यक्ति हो भनी सम्बन्धित वडा समितिको कार्यालयबाट सिफारिस भई आएको, फिल्डबुक तथा स्रेस्तामा देखिएका ज.ध.हरूलाई म्याद जारी गर्दा कि.नं. ६८ को म्याद निज ज.ध.को घरदैलामा टाँस भई आएको, त्यस्तै कि.नं. १४८ को ज.ध.का एकाघरका छोरा सिद्दि वहादुर श्रेष्ठले बुझिलिएको, त्यस्तै कि.नं. ३६ को म्याद ज.ध.को घरदैलो फेला नपरेकोले सम्बन्धित वडा कार्यालयमा टाँस भई आएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि. नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| चाँगुनारायण | ३।क | ६८ | ०–१२–०–० | अस्त वहादुर भडेल भ.पु.ई. चाँगु मगांटोल | X | यो जग्गा विन्द चरण र राधा जोशीको हो मैले निजहरूलाई कुत तिरी जोती खाई आएको छु। |
| ऐ. | ऐ. | ३६ | १–१५–०–० | तुल्सी नारायण भडेल भ.पु. चाँगु मगांटोल | सूर्य मान श्रेष्ठ चाँगु वलम्वु मरी हकमा सही गर्ने भाई टिका नारायण श्रेष्ठ चाँगु इनावाहटोल | यो जग्गा टिका नारायणको हो मैले कुतमा जोती खाई आएको छु। |
| ऐ. | १ | १४८ | ०–४–२–० | तुल्सी नारायण भडेलको हकमा सही गर्ने छोरा अस्ट वहादुर भडेल भ.पु.ई. चाँगु मगामटोल | - | यो जग्गा चाँगु मगाम टोल बस्ने चन्द्र बहादुर श्रेष्ठको हो मैले कमाई आएको छु। |

**भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि. लोकन्थली–८ को हाल म.ठि.न.पा.–२ बस्ने मदन रंजितले मेरो पिता उदय वहादुर रंजितका नाममा मोहियानी हक कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गा ज.ध.ले हालसम्म रैकर परिणत नगरेको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोमा, साविक मोही उदय वहादुर रंजितको २०३६।०२।२६ मा, निजकी पत्नी आसु माया रंजित २०६५।०६।१६ मा मृत्यु भई हक खाने छोराहरू शंकर वहादुर रंजित, श्याम वहादुर रंजित, विदुर कृष्ण रंजित, वाल कृष्ण रंजित, प्रदिप कृष्ण रंजित र मदन रंजित जना ६ भएकोमा, शंकर वहादुरको २०८१।०२।२३ मा मृत्यु भई हक खाने पत्नी चन्द्र लक्ष्मी, छोराहरू उत्तम, गौत्तम रंजित भएको, त्यस्तै श्याम वहादुरको २०७८।०१।२९ मा, निजकी पत्नी मैया रंजितको २०७३।०९।२३ मा मृत्यु भई हक खाने छोरा सुरेश रंजित भएकोमा, अन्य हकदारहरूको मञ्जुरीले मेरा नाउँमा बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम एकलौटी रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. लगत, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको, ज.द.मि.नं. ०८२।०६।०८ विमला खड्का भिडेको भनी लेखिआएको, फि.बु.मा देखिएका ज.ध. ठुलो बावु खड्कालाई म्याद जारी गर्दा निजलाई सम्बन्धित ठाउँमा बुझाउन जाँदा बुझ्न नमानेको र सम्बन्धित वडामा टाँस गर्न नमानेको भनी तामेलदारले प्रतिवेदन साथ म्याद फिर्ता गरेको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दिव्यश्वरी | ७/क | ७२ | ०–०–२–० | उदय वहादुर रंजितकार भ.पु. सानोठिमी जातिगाल | यो जग्गा भ.पु.ई. सानोठिमी जातिगाल बस्ने ठुलो वावु खड्काको हो मैले कमाई खाई आएको छु। |

पुनश्च : उदै वहादुर रन्जितकार, उदय वहादुर रन्जितकार, उदय वहादुर रंजित अलग–अलग व्यक्ति नभई एकै व्यक्ति उदय वहादुर रंजित नै हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको।

# सडक बिग्रँदा सङ्कटमा इलाम

**कोकिला ढकाल**
*इलाम, असार २४ गते*



*तस्बिर : कोकिला ढकाल*

**सिमलगोलाई–तिल्केनी सडकमा पर्ने जोगमाईखोलामा सवारीसाधन ।**

गत वर्षको असोज १८ गतेको बाढीपहिरोपछि मेची राजमार्गको माईखोलास्थित राजदुवाली सडकखण्ड अहिले इलामसहित पाँचथर र ताप्लेजुङसम्मका लागि गलाको पासो जस्तै भएको छ। पहिरोमाथि खोलिएको ट्र्याकमाथि सवारी चलाउनुपर्ने बाध्यता र सधैँ बगिरहने जमिन, यात्रु, सवारी र चालकका लागि सधैँ गलपासो भइरहेको छ।

उक्त खण्डमा मर्मतको काम भइरहे पनि त्यो मर्मतको खासै अर्थ हुन छाडेको छ। इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौड्यालले भन्नुभयो, "नाङ्गो आँखाले नै देख्न सकिन्छ, यो क्षेत्रमा मर्मतको कुनै अर्थ छैन। अहिले इलाममा अघोषित नाकाबन्दी जस्तै भएको छ। कतिबेला गाडी चल्छ र कतिबेला बन्द हुन्छ, त्यो टुङ्गो छैन। मालवाहक सवारी माईपारि रोकिएका छन्। ती सवारीलाई इलाम ल्याउने विकल्प छैन, यहाँ त दैनिक उपभोग्य वस्तुको अभाव हुन थालेको छ। खाना पकाउने ग्यास त्यो पनि आधा सिलिन्डरलाई साना सवारीमार्फत इलाम ल्याउने गरिएको भए पनि पर्याप्त नभएको पौड्यालको भनाइ छ।

राजमार्गको उक्त खण्डको विकल्पमा रहेको सिमलगोलाई–तिल्केनी सडक पनि अत्यन्तै हिलोका कारण सवारी सञ्चालनमा कठिनाइ उत्पन्न भएको छ। इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले भन्नुभयो, "यसै भन्ने अवस्था छैन, घाम लाग्यो भने राजदुवालीबाट सवारी चल्छन्, पानी पर्‍यो भने रोकिन्छन्, कतिबेला खोल्ने र कतिबेला बन्द गर्ने सर्वसाधारणलाई सूचना दिनसमेत अप्ठ्यारो छ। वैकल्पिक सिमलगोलाई–तिल्केनीमा पानी पर्दा सडक हिलो धेरै भएर सवारी पार गर्न निकै कठिन भएको छ।" यो सडकमा यो वर्ष सरकारले एक रुपियाँ बजेट नछुट्याएको सडक डिभिजन कार्यालय इलामले जनाएको छ तर यो सडकलाई थोरै मात्र मर्मत र ग्राभेलको काम गर्ने हो भने वर्षायामभरि सञ्चालनमा ल्याउन सकिने अवस्था रहेको बताइएको छ।

सडक डिभिजन प्रमुख पवनकुमार भट्टराईले भन्नुभयो, "सडक मर्मत गर्न डिभिजनसँग रकम छैन, यो वर्ष बजेट छुट्टिएको छैन, अस्ति पूर्वाधारमन्त्रीले अन्यत्रबाट भए पनि सिमलगोलाई–तिल्केनी सडकका लागि बजेट व्यवस्थापन गर्न विभागका महानिर्देशकलाई निर्देशनचाहिँ दिनुभएको हो, अहिलेसम्म केही टुङ्गो भने लागेको छैन। हामीले सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय इटहरीलाई १६ गते नै सिमलगोलाई–तिल्केनी सडकको नाली निर्माण, ग्राभेल, सडक चौडा, साँघुरा घुम्ती कटिङका लागि १० करोड रुपियाँ विनियोजन गर्न आग्रहसहित स्टेटमेन्ट बुझाएका छौँ। तत्काल सडक सञ्चालनमा राख्न ७५ लाख रुपियाँ माग गरेका छौँ। यो सडकलाई कालोपत्रे गर्न सक्दा ताप्लेजुङ, पाँचथर र इलामलाई धेरै सहज हुने अपेक्षा छ, माथिबाट के आउँछ उत्तरको प्रतिक्षामा छौँ।" यो सडकमा पर्ने जोगमाईखोलाका लागि भारत सरकारको सहयोगमा आउने भनिएको बेलिब्रिज भने अझै नआएको डिभिजन प्रमुख भट्टराई बताउनुहुन्छ। "जोगमाई र केचना कञ्चनजङ्घा सडकमा पर्ने पुवाखोलामा भारतबाट बेलिब्रिज आउने हो, बेलासेस्थित माईखोलामा चाहिँ जडान भइसक्यो तर यी दुई खोलाका लागि भारतबाटै ब्रिजका सामग्री आएको छैन, हामीले हाम्रोतर्फबाट गर्ने काम गरिरहेका छौँ। ती दुई पुलको सामग्री नआउँदा भने वर्षायाममा असर ठुलो छ," भट्टराईले भन्नुभयो "बेलिब्रिज नआएर समस्या भएपछि जोगमाई र पुवाखोलामा डाइभर्सन बनाउन पनि रकम माग गरेका छौँ।"

इलाम–झापा जोड्ने केचना कञ्चनजङ्घा (फास्ट ट्र्याक) मा अस्थायी रूपमा सवारी सञ्चालनमा ल्याइएको छ। बेलासेस्थित माईखोलामा भासिएको पुलमा बेलिब्रिज जडान भएपछि हिजोदेखि अस्थायी रूपमा सवारी सञ्चालनमा आएका छन्। यो सडकमा पर्ने पुवाखोलामा डाइभर्सन बनाएर सवारी सञ्चालनमा ल्याइएको छ। ठाडेखोलामा पक्की पुल भए पनि कच्ची सडकका कारण हिलो हुँदा बुधबार बिहानदेखि यो सडकमा पनि सवारी सञ्चालन बन्द भएको छ। अब वर्षा ठुलो हुने र यी दुवै खोलामा बाढी आउने हो भने इलाम जान सबैतिरबाट सडक अवरुद्ध हुने छ।

# सुनसान पर्यटकीय गन्तव्य



*तस्बिर : सन्तोष सुवेदी*

**'सय पर्यटकीय गन्तव्य' सूचीमा समावेश पटेकडाँडा र नमस्ते झरना ।**

**सन्तोष सुवेदी**
*पाख्रीबास (धनकुटा), असार २४ गते*

नेपाल सरकारले २०७५ सालमा 'सय पर्यटकीय गन्तव्य' सूचीमा समावेश गरिएका पर्यटकीय स्थलमध्ये धनकुटामा पर्ने नमस्ते झरना र पटेकडाँडा सुनसान छन्। प्राकृतिक विपत्ति, अधुरा पूर्वाधार, बजेट अभाव, स्थानीय तहबिचको समन्वयकारी भूमिका र प्रचारप्रसार नहुँदा 'सय पर्यटकीय गन्तव्य' सूचीमा परेका पर्यटकीय स्थल सुनसान बनेका हुन्।

नमस्ते झरनालाई स्थापित तथा प्रवर्धन गरिनुपर्ने गन्तव्यमा र पटेकडाँडालाई नयाँ विकास गरिनुपर्ने गन्तव्यमा सूचीकरण गरेको थियो। सूचीकरणपछि यस क्षेत्रको संरक्षण, पूर्वाधार विकास र पर्यटन प्रवर्धनमा विशेष प्राथमिकता हुने अपेक्षा गरिएको थियो तर झन्डै एक दशक हुन लाग्दासमेत यी पर्यटकीय स्थलको अवस्था भने उस्तै छ।

धनकुटाको साँगुरीगढी गाउँपालिका–६, सिम्सुवामा पर्ने नमस्ते झरनामा गर्मीयाम सुरु भएसँगै पूर्वी जिल्लालगायत छिमेकी देश भारतबाट समेत पर्यटकको भिड लाग्ने गरेको थियो। झरनाको चिसो पानीमा रमाउने, प्राकृतिक पोखरीमा पौडी खेल्ने र हरियालीले घेरिएको प्राकृतिक सौन्दर्यमा समय बिताउनेका लागि विशेष गन्तव्य बनेको थियो। केही वर्षयता प्राकृतिक विपत्तिले क्षति र संरचना जीर्ण बनेकै कारण त्यसको असर प्रत्यक्ष रूपमा परेको छ।

कोशी राजमार्गदेखि सडक पहुँच भएकाले झरनामा दैनिक सयौँ आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका थिए। झरनासँगै प्राकृतिक पोखरीमा पौडी खेल्न आउनेको भिडले स्थानीयको होटेल व्यवसायसमेत भरिभराउ तथा आर्थिक कारोबारसमेत बढ्ने गरेको थियो। गत वर्ष आएको बाढीले झरनासम्म पुग्ने सिँढी, पुल र पैदलमार्ग बगाएपछि अवस्था भने फेरिएको छ। अहिले अस्थायी रूपमा बास तथा काठबाट बाटो निर्माण गरिएको छ तर पर्यटक जोखिम मोलेर झरना नपुगी फर्किनुपर्ने बाध्यकारी अवस्था आएको छ।

झरना व्यवस्थापन समितिका सचिव जीवन सुब्बाका अनुसार पहिले सार्वजनिक र साप्ताहिक बिदाको दिन झरनामा दैनिक सयौँ पर्यटक आउने गरेकोमा अहिले बाटो सुरक्षित नभएकाले आउन रोक लगाइएको बताउनुभयो।

पर्यटक आउन छाडेपछि स्थानीयको होटेल व्यवसायमा असर पुगेको सुब्बाले बताउनुभयो। झरना आसपास करिब दुई दर्जनभन्दा बढी व्यवसाय सञ्चालन गरिएको छ। पर्यटक नआउँदा दैनिक आम्दानी आधाभन्दा कम भएको झरना व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा होटेल व्यवसायी दिलीप सुब्बाले बताउनुभयो।

स्थानीय युवाले सञ्चालन गरेका साना व्यवसायसमेत बन्द हुने अवस्थामा पुगेका छन्। झरनाको पुरानो साख फर्काउन अझ व्यवस्थित, सुरक्षित र आकर्षक पूर्वाधार निर्माण आवश्यक रहेको उहाँले बताउनुभयो।

साँगुरीगढी गाउँपालिका अध्यक्ष जितेन्द्र राईले झरनालाई सुरक्षित र दीर्घकालीन रूपमा संरक्षण गर्न विस्तृत योजना तयार भइरहेको जानकारी दिनुभयो। झरना मर्मत गरेर मात्रै पर्यटन क्षेत्र पुनर्जीवित नहुने भएकाले आधुनिक पूर्वाधार, सुरक्षाको व्यवस्था र व्यवस्थित व्यवस्थापन आवश्यक रहेको उहाँको भनाइ रहेको छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा १० लाख रुपियाँ र कोशी प्रदेश सरकारले १५ लाख रुपियाँ बजेट विनियोजन गरी केही पुनर्निर्माणको काम अघि बढाए पनि क्षतिग्रस्त संरचनाको पुनर्निर्माण अझै सम्पन्न हुन सकेको छैन।

समुद्री सतहबाट करिब दुई हजार ७०२ मिटर उचाइमा रहेको धनकुटाको सबैभन्दा अग्लो पटेकडाँडा सूर्योदय, हिमाल र पहाडी दृश्यावलोकनका लागि पूर्वी नेपालको उत्कृष्ट गन्तव्य मानिन्छ। यहाँबाट मकालु, कञ्चनजङ्घालगायतका विभिन्न हिमशृङ्खला, पहाडी चुचुरा र अरुण उपत्यकाको मनोरम दृश्य, आकर्षक सूर्योदय तथा कोशी प्रदेशका विभिन्न जिल्लाको भूभागसमेत एकै स्थानबाट अवलोकन गर्न सकिन्छ। यति धेरै सम्भावना हुँदाहुँदै पनि आधारभूत आवश्यक पूर्वाधार अझै अधुरै छन्।

# बिचौलियाको आरोपमा पक्राउ

**धरान समाचारदाता**
*धरान, असार २४ गते*

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट बिचौलियाको काम गर्ने गरेको आरोपमा १२ जनालाई पक्राउ गरिएको छ।

प्रतिष्ठानमा उपचारका लागि आएका बिरामीलाई निजी मेडिकलबाट सस्तो मूल्यमा औषधी उपलब्ध गराइदिने, आर्थिक चलखेल गरी निजी अस्पतालमा पठाउने गरेको आरोपमा पक्राउ गरिएको हो। जिल्ला प्रहरी कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय धरान र अस्थायी प्रहरी पोस्ट घोपाबाट खटिएको संयुक्त टोलीले १२ जनालाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ।

सप्तरीका ३७ वर्षीय रञ्जितकुमार चौधरी, २७ वर्षीय रविना मण्डल, भोजपुर आमचोक–८ का ३५ वर्षीय हस्त श्रेष्ठ, धरान–१५ का २० वर्षीय सागर पोखरेल, मोरङ लेटाङ–३ का २९ वर्षीय सान्बिन किराँती पक्राउ परेका छन्। पक्राउ पर्नेमा धरान–६ का २३ वर्षीय मनिष बुढाथोकी, उदयपुर चौदण्डीगढी–५ का ४० वर्षीय उमेशकुमार चौधरी, धरान–१७ का ३५ वर्षीय धिरोज निरौला, इटहरी–२ का ३१ वर्षीय रोहित मेहता र धरान–११ का १८ वर्षीय विनोद भट्टराई छन्।

झापा दमक–१ कुमाल चोकका ४३ वर्षीय प्रवीण पोखरेल र सुनसरी हरिनगर गाउँपालिका–४ का २७ वर्षीय दीपक रामलाई पनि पक्राउ गरी मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालय सुनसरीबाट १० दिनको म्याद थप अनुमति लिएर इलाका प्रहरी कार्यालय धरानबाट अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। अनुसन्धानका क्रममा पक्राउ परेका दीपक रामले बोकेको छालाको पर्सबाट विराटनगरस्थित आर्या न्युरो अस्पतालका दुई थान भिजिटिङ कार्ड बरामद भएको प्रहरीले जनाएको छ।

उनीहरूको साथबाट बरामद मोबाइल फोनको प्रारम्भिक परीक्षणमा विभिन्न सरकारी अस्पतालका बिरामीको प्रेस्क्रिप्सन, डिस्चार्ज कागजातका फोटो, बिरामीको नाम, रोग र उमेरसहितका विवरण अन्य व्यक्तिलाई पठाइएको रेकर्ड तथा एम्बुलेन्सचालकको नाम र सम्पर्क नम्बर उल्लेख भएका कागजातका तस्बिर फेला परेको छ।

बरामद सामग्रीले अस्पतालमा सक्रिय बिचौलियाको सम्भावित सञ्जाल, बिरामीको व्यक्तिगत विवरण सङ्कलन तथा निजी अस्पतालसँगको सम्भावित समन्वयबारे थप अनुसन्धान गर्न महत्त्वपूर्ण आधार प्रदान गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका सबैमाथि इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो।

उपचारका लागि आउने बिरामी तथा आफन्तलाई कुनै पनि बिचौलियाको प्रलोभनमा नपर्न, शङ्कास्पद गतिविधि देखिए तत्काल प्रहरीलाई जानकारी गराउन आग्रह गरेको उहाँले बताउनुभयो। उपचारका लागि आएका बिरामी तथा आफन्तलाई निजी मेडिकलबाट सस्तो मूल्यमा औषधी उपलब्ध गराइदिने भन्दै प्रभावमा पार्ने प्रयास गरिरहेको सूचनापछि प्रहरीले निगरानी बढाएको थियो।

## पेस्तोलसहित दुई जना पक्राउ

**सुनसरी समाचारदाता**
*इटहरी, असार २४ गते*

सुनसरीको गढी गाउँपालिका–१, मधेली झन्डा चोकबाट गोली भरेको पेस्तोलसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले चिनियाँ पेस्तोल र पेस्तोलमा भरिएको गोलीसहित दुई जनालाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार मङ्गलबार अस्थायी प्रहरी चौकी चाँदबेलाबाट गस्तीमा खटिएको प्रहरी टोलीले शङ्कास्पद अवस्थामा पैदल हिँडिरहेका विराटनगर महानगरपालिका–१७ रानीबस्ती बस्ने अन्दाजी ५१ वर्षीय नुर मोहम्मदको साथबाट एक थान चिनियाँ पेस्तोल र त्यसमा भरिएको गोली बरामद भएको प्रहरीले जनाएको छ। सो क्रममा मोहम्मदसँगै रहेका विराटनगर–८, अशोक चोकका ३२ वर्षीय इमरान खानलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। पक्राउ परेका दुवै जनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## गर्मीबाट जोगाउन मिस्टिङ प्रणाली जडान

**शशिधर पराजुली**
*विराटनगर, असार २४ गते*

अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित हुन थालेपछि विराटनगर मेनरोडको सडक पेटीमा 'मिस्टिङ सिस्टम' वा 'वाटर फगिङ कुलिङ सिस्टम' जडान गरिएको छ।

पानीको पाइपमा साना नोजल जडान गरी त्यसमार्फत पानीलाई अत्यन्त सानो कणका रूपमा हावामा छर्ने प्रणाली विराटनगर महानगर र नेपाल रेडक्रस सोसाइटीको संयुक्त लगानीमा जडान गरिएको हो। यसरी निस्किने पानीका कण हावामा आएसँगै बाफमा परिणत हुँदा वरपरको ताप सोसेर वातावरणलाई केही चिसो बनाउने काम गर्ने भएकाले सडकपेटीमा हिँड्नेलाई शीतल प्रदान गर्दछ।

यो प्रणाली महानगरपालिकाले ट्राफिक चोकदेखि जलजला चोक उत्तरतर्फ महालक्ष्मी ज्वेलरीसम्म सडकको दुवैतर्फ पेटीमा जडान गरेको छ। विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाका अनुसार यो प्रविधिले सम्पूर्ण सहरको तापक्रम घटाउने नभएर पैदलयात्री हिँड्ने क्षेत्र, सार्वजनिक प्रतीक्षालय तथा बढी भिडभाड हुने स्थानमा केही डिग्रीसम्म चिसोपनको अनुभूति गराउन सहयोग गर्दछ। यो प्रविधि १० लाख रुपियाँ लगानीमा जडान गरिएको हो। यसले तीन डिग्रीसम्म तापक्रम घटाउनुका साथै सडकमा उड्ने धुलो कम गर्ने बताइएको छ।

मिस्टिङ प्रणालीमा एक ठाउँमा पानी जम्मा गरेर बढी गर्मी भएको समयमा पाइपमा प्रसार गरी नोजलमार्फत सडकपेटीमा छर्ने गरिन्छ। त्यसरी जम्मा गरिएको पानीमा बरफको टुक्रासमेत मिसाएर पानीलाई थप चिसो बनाउन सकिन्छ। यसरी प्रवाह हुने पानीले पैदलयात्रुको कपडा नभिजाउने भएकाले गर्मीमा यो विधि प्रभावकारी हुने प्राविधिकले बताएका छन्।

विश्वका अत्यधिक गर्मी हुने सहरमा यस्तो प्रविधि प्रचलनमा छ। युरोपबाट सुरु भएको यो प्रविधि दुबई, दोहा, रियाद, भारतका अहमदाबाद, दिल्ली र जयपुरलगायतका स्थानमा सार्वजनिक क्षेत्र, बसपार्क, पार्क, खुला बजार तथा पर्यटकीय स्थलमा प्रयोगमा ल्याइएको छ।

**भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

यसमा निवेदक श्री बिसुराम खत्रीले मेरो बाजे राम बहादुर खत्रीको नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा राम बहादुर खत्रीको मिति २०६२।०१।३१ मा मृत्यु भएको र निज समेतको मृत्यु पछिका सबैभन्दा नजिकका हकदारहरू म समेत दुई जना मात्र भएकाले तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ को दफा ७ (क) तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनु पर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताका लागि यसअघि अरु कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
| --- | --- | --- | --- | --- | --- |
| चुनीखेल | ४/क | १३९ | ०–६–१–० | गगन बहादुर श्रेष्ठ का.ई. असन | राम बहादुर खत्री का.ई. जगडोल |

**नोट : मि.नं. १९६/०६६/६७ रै.प. दर्ता भिडेको ।**

**भूमि प्रशासन कार्यालय टोखा काठमाडौँबाट जारी हकदाबी सम्बन्धी ३५ दिने सूचना ।**

काठमाडौँ जिल्ला, तारकेश्वर न.पा. वडा नं. २ बस्ने श्याम कार्कीले परापूर्व बाजेको पालादेखि निरन्तर जोतभोग गरी आएको बाजे तिर्थ बहादुर कार्कीको नाममा कायम काठमाडौँ जिल्ला, साङ्ला वडा नं. ९/ज कि.नं. ११७ क्षेत्रफल २–०–०–० जग्गा २०२०/२०२१ सालमा नापी हुँदाको बखत देखाई लेखाई गर्नसम्म छुट भएकाले जग्गाधनी महल खाली हुन गई किसिम कायम भएको उपरोक्त जग्गा मेरो बाजे तिर्थ बहादुर कार्कीको मिति २०२२।०८।०८ मा, बज्यै देव कुमारी कार्कीको मिति २०७०।०८।०६ मा आ–आफ्नै कालगतिले परलोक हुनु भएकोले हक खाने हकदार म निवेदक श्याम कार्की, आमा बिन्दु कार्की र भाइ विनोद कार्की समेत जना–३ मात्र हकदार/नातेदार रहेको भनी मौजा साङ्ला रै.नं. २६३ र २९ बाजे तिर्थ बहादुर कार्कीका नाउँको लगत भिडाई प्रमाण नाता प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र संलग्न गरी द.नं. २५९४ मिति २०८२।०९।०९ मा छुट जग्गा दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन पेश भएकाले माग निवेदन बमोजिम उल्लिखित कित्ता जग्गा सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी वा कानून बमोजिम दर्ता नामसारी गर्न नमिल्ने भएमा वा निवेदक बाहेक अरु हकदार कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भइजानेछ ।

**पुनश्च : मोठ, रोक्का, कम्प्युटर फाँटबाट ज.ध. र मोही महल खाली भएको दर्ता बाँकी देखिन्छ भनी भिडी आएको ।**

*** भू.प्र.का. डिल्लीबजारबाट उक्त कि.नं. को २ नं. अनुसूची फेला नपरेको भनी पत्र प्राप्त भएको, तिर्थ बहादुर कार्कीका नाउँको ७ नं. फाँटवारी प्राप्त भएको।**

## Re-Invitation for Bids

**Group of Helping Hands (SAHAS) Nepal**
**Damodar Marg, Lalitpur, Nepal**
**Contract Identificación Number: SN-KRIN/03/082-083**
**Date of Publication: 2083/03/25**

**Project: Climate Protection Project in Karnali Province, Nepal**
**Invitation for bids for the "Supply and deliver of Metallic Improved Cooking Stoves (3 Pot Hole) and Silver Colloidal Water Filters."**

1. Group of Helping Hands (SAHAS) Nepal/Karnali Resilience Initiative Nepal (KRIN) invites bids for the procurement of goods the "supply and deliver of Metallic Improved Cooking Stoves (3 Pot Hole) and Silver Colloidal Water Filters." under National Competitive Bidding (NCB) procedures as specified in prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. Bidding is open to all eligible and qualified Bidders/Suppliers. The first tender was published by Group of Helping Hands (SAHAS) Nepal/Karnali Resilience Initiative Nepal (KRIN) on 2081/12/31 and second Re-Tender was published on 2082/03/27.
2. Interested Bidders may obtain for the information and inspect the Bidding Document in English at the office of Group of Helping Hands (SAHAS) Nepal (**https://maps.app.goo.gl/xY7nHy6kp51n44kP9**) and available on our official website of Group of Helping Hands (SAHAS) Nepal **https://www.sahasnepal.org.np/**.
3. Bidders must be submitted their bid fee to the SAHAS Nepal office in Damodar Marg, Lalitpur. Bidders should deposit the cost of bidding documents nonrefundable fee of NRs. 2,000.00 in the bank account as specified below and scan copy in PDF format of voucher/receipt of the deposit amount must be submitted along with bid documents.
   The bid fee amount should be submitted in following bank account.
   Bank Account information of SAHAS Nepal:
   Name of Account: Group of Helping Hands (SAHAS) Nepal
   Account Number: 05305080345484
   Address: Nepal Investment Mega Bank Limited., Jawalakhel-Lalitpur Branch.
4. Interested eligible and qualified bidders are required to submit the bids before 5:00pm on 2083/04/14 at the office of Group of Helping Hands (SAHAS) Nepal, Damodar Marg, Lalitpur. **Phone : 977-1-5905671**.
5. Submitted Bids will be opened in the presence of Bidders representatives who choose to attend at 02:00 pm on 2083/04/18 at the office of Group of Helping Hands (SAHAS) Nepal, Damodar Marg, Lalitpur.
6. Bids must be valid for a period of 3 months counting from the day of bid opening and The bidder shall deposit a bid bond/bid security equivalent to 1.5% of the total estimated cost , either in cash or as a bank guarantee, into the specified bank account mentioned in the bid. and submit the receipt of bank deposit slip or bank guarantee along with bid documents. Bid bond shall be valid for minimum 3 months beyond the bid validity period.

**Note:** SAHAS Nepal reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason, whatsoever.

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**राष्ट्रिय किताबखाना (निजामती)**
हरिहर भवन, ललितपुर

**आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**सूचना प्रकाशित मिति : २०८३।०३।२५**

**भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ 'क' को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र आ.व. २०८२।८३ मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सीमाभित्र सम्पत्ति विवरण बुझाउन सबै निजामती कर्मचारीलाई अनुरोध गरिन्छ ।**

(१) नेपाल राजपत्र भाग ५ खण्ड ६० सङ्ख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी ४X९ इन्चको खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनुपर्नेछ ।

**आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने खाममा उल्लेख गर्ने विवरणको ढाँचा**

| | |
| --- | --- |
| **क. कर्मचारीको सङ्केत नम्बर :** | **ङ. श्रेणी/तह :** |
| **ख. नाम, थर :** | **च. कार्यरत कार्यालय :** |
| **ग. पद/दर्जा :** | **छ. मोबाइल नं. :** |
| **घ. सेवा/समूह :** | **ज. ई–मेल ठेगाना :** |
| **नोट : साविकको पद र सङ्केत नं. (दुई वा सो भन्दा बढी क.स.नं. भएको हकमा) :** | |

(२) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत्–तत् निकायका पदाधिकारी/कर्मचारीहरूले सोही सूचनामा तोकेको तत्–तत् निकायमा सम्पत्ति विवरण बुझाउनुपर्नेछ ।

(३) साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरूले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनुपर्नेछ ।

(४) लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरूमा नियुक्ति भएका कर्मचारीहरूले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनुपर्नेछ ।

(५) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरूले– कर्मचारी सङ्केत नम्बर प्राप्त गरेका वा सङ्केत नम्बर प्राप्त नगरेको भएता पनि आफू कार्यरत कार्यालय मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनुपर्नेछ ।

(६) बुँदा नं. २, ४ र ५ बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरूमा बुझाएको सम्पत्ति विवरणहरूको अभिलेख तत्–तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरू ३० दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्ने र प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण सङ्कलन र दर्ता गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(७) अध्ययन, असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्नेछ। तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (२) को विशेष कारण परेमा सो उल्लेख गरी कार्यालयको सिफारिस सहित निवेदन दिएमा थप ३० दिनभित्र म्याद थपका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (२क) बमोजिम सम्पत्ति विवरण दर्ता गर्न सकिनेछ ।

(८) निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयं (व्यक्तिगत रूपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानुनपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशीघ्र बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रूपमा २०८३ साल साउन १ गतेदेखि ऐ. साल भदौ २९ गतेभित्र नै अनिवार्य रूपमा राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुनेगरी छिटो माध्यमबाट पठाउनुपर्नेछ ।

(९) हुलाक वा अन्य माध्यम मार्फत तोकिएको अवधिभित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएको सम्पत्ति विवरणहरू PIS मा प्रविष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिनपछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिनेछैन र तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई १०,००० (दश हजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**नोट** :– सूचनाको बुँदा नं. २ बमोजिमको राजपत्र यसै विभागको website मा upload गरिएकोले हेर्न र पढ्न सकिनेछ ।

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,८७,१०० ▼ |
| चाँदी | : | ४५०० ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६२१.५९ (-३०.०९) ▼ |
| कारोबार रकम | : | ४,८२६,०८४,८२५ ▲ |
| कारोबार भएका सेयर | : | ८,४६३,०९५ |
| कारोबार सङ्ख्या | : | ७७,७२६ |
| कारोबार भएका कम्पनी | : | ३६२ |

स्थानीय सरकार

# प्रशासनिक व्यवस्थापनले बजेट ल्याउन सहज

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, असार २४ गते*

प्रशासनिक कुशलतामा सुधार आउँदा स्थानीय तहलाई यस पटक बजेट ल्याउन सहज भएको छ। पहिलो पटक देशभरका सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउँदा स्थानीय तहलाई बजेट ल्याउन सहज भएको हो।

वर्तमान सरकार गठन भएसँगै लामो समयदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा चल्दै आएका स्थानीय तहमा दरबन्दी अनुसारकै प्रमुख प्रशासकीय अधिकृत खटाउने कार्यलाई तीव्रता दिएसँगै प्रमुख प्रशासकीय अधिकृतको अभावमा बजेट ल्याउन र योजनाको भुक्तानी सहज बनेको हो। विगतमा प्रशासनिक झन्झटका कारण पनि बजेट ल्याउन कठिन हुने गरेको थियो।

यसअगाडि कतिपय स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा बजेट पेस गर्न र योजनाको भुक्तानी दिन चरम समस्या हुँदै आएको थियो।

वर्तमान सरकार गठन हुनुअघि देशभरका ७५३ स्थानीय तहमध्ये झन्डै एक चौथाइ अर्थात् १७४ स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन थिए। प्रमुख प्रशासकीय अधिकृत निमित्तको भरमा चल्दा स्थानीय तहको नीतिगत निर्णय र ठुला आयोजनाको कार्यान्वयन ठप्प प्रायः थियो।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरलले यस वर्ष प्रमुख प्रशासकीय अधिकृत नभएर स्थानीय तहमा बजेट ल्याउन नसकिएको र योजनाको भुक्तानी दिन समस्या भएको भन्ने गुनासो नआएको बताउनुभयो।

उहाँका अनुसार असार १० गते स्थानीय तहसँग प्रत्यक्ष सम्पर्क गर्दा प्रमुख प्रशासकीय अधिकृत नहुँदा बजेट सभामा पेस गर्न नसकिएको, योजनाको भुक्तानी दिन नसकिएको र सेवा प्रवाहमा समस्या भएको भनेर गुनासो आएन। "हरेक वर्ष असारमा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको अभावमा बजेट निर्माणमा समस्या हुँदै आएको थियो," उहाँले भन्नुभयो, "यस वर्ष असार १० गतेभित्रै २९ वटा स्थानीय तहले बजेट पेस गर्न नसके पनि प्रमुख प्रशासकीय अधिकृतको अभावमा बजेट पेस गर्न नसकिएको भन्ने गुनासो आएको छैन।"




भूमी व्यवस्था, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस वर्ष प्रमुख प्रशासकीय अधिकृत विहीनताको अन्त्य हुने गरी काम गर्दै आएको जनाएको छ।

मन्त्रालयका सहसचिव एवं प्रशासन महाशाखा प्रमुख धोलकराज ढकालले स्थानीय तहमा योजनाको भुक्तानी दिने समय र बजेट निर्माण गर्ने समयलाई ध्यानमा राख्दै मन्त्रालयले सबै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाएको हो। "केही स्थानीय तहमा काम नरोकिने गरी निमित्त प्रमुख प्रशासकीय अधिकृत खटाइएको छ," उहाँले भन्नुभयो।

सरकारले स्थानीय सरकार सञ्चालन ऐन संशोधन गरी सङ्घीय सरकारले पठाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराउने र सङ्घमा नै फर्काए सङ्घीय सरकारले प्रदान गर्ने अनुदान रोक्का गर्न सक्ने व्यवस्थाको प्रस्तावसमेत गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मसौदामा कुनै पनि स्थानीय तहले सङ्घ तथा प्रदेश सरकारले कानुनबमोजिम खटाएको कर्मचारीलाई हाजिर गर्न बाधा अवरोध उत्पन्न गरेमा मन्त्रालयको प्रस्तावमा अर्थ मन्त्रालयमा लेखी पठाउने र अर्थ मन्त्रालयले अनुदान रोक्का गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन अनुसार महानगरपालिका र उपमहानगरपालिकामा नेपाल सरकारका सहसचिव प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था छ। नगरपालिकामा उपसचिव र गाउँपालिकामा शाखा अधिकृतलाई सङ्घीय सरकारले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा खटाउने व्यवस्था छ।

## स्थानीय तह पनि संसदीय अभ्यासमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

अधिकांश गाउँ र नगर सभा यस वर्षदेखि भने संसदीय अभ्यासमा सञ्चालन भएका छन्। संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई शासकीय अभ्यासको अधिकार प्रदान गरे पनि सभा सञ्चालन गर्ने क्रममा संसदीय अभ्यासलाई कम मात्र कार्यान्वयमा ल्याइएको थियो।

यस वर्षदेखि भने अधिकांश स्थानीय तहले बजेट प्रस्तुत गर्दा गाउँ र नगर सभालाई संसदीय अभ्यासमा सञ्चालन गरेका हुन्। स्थानीय व्यवस्थापिकाको कार्यमा गाउँ र नगर सभाको विधायिकी कार्य अन्तर्गत कानुन निर्माण गर्ने, कानुन संशोधन गर्ने, नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गर्ने वार्षिक बजेटमाथि छलफल एवं पारित गर्ने प्रक्रिया संसदीय अभ्यासबमोजिम गरेका हुन्।

स्थानीय तहका जनप्रतिनिधिको दोस्रो कार्याकालको अन्तिम वर्षमा आइपुग्दा अधिकांश स्थानीय तहले संसदीय अभ्यास बमोजिम नै गाउँ र नगर सभा सञ्चालन गराएको नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घले जनाएका छन्।

नेपाल नगरपालिका सङ्घका कार्यकारी निर्देशक कलानिधि देवकोटाले स्थानीय तहको दोस्रो कार्यकालसम्म आइपुग्दा अधिकांश स्थानीय तहले संसदीय अभ्यासमा सभा सञ्चालन गरेको बताउनुभयो। यसअगाडि सङ्घ र महासङ्घले सबै स्थानीय तहलाई सभा सञ्चालन गर्दा संसदीय अभ्यासबमोजिम गर्न प्रशिक्षण प्रदान गरेका थिए।

## मलको मौज्दात अनुगमन गर्न निर्देशन




**गौशाला समाचारदाता**
*गौशाला (महोत्तरी), असार २४ गते*

धान रोपाइँको मुख्य समयमा रासायनिक मलको सहज उपलब्धता सुनिश्चित गर्न जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाका सबै स्थानीय तहलाई मलको मौज्दात, बिक्रीवितरण तथा मूल्यको अनुगमन गर्न निर्देशन दिएको छ।

कार्यालयले बुधबार जारी गरेको सूचनामा स्थानीय तहलाई आफ्नो क्षेत्रभित्र रहेका मल बिक्री केन्द्र तथा सहकारी संस्थाको स्थलगत अनुगमन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न निर्देशन दिएको छ।

कार्यालयका अनुसार किसानलाई आवश्यक पर्ने युरिया, डिएपी, पोटासलगायत रासायनिक मलको आपूर्ति सहज बनाउन, कृत्रिम अभाव हुन नदिन तथा कालोबजारी नियन्त्रण गर्न अनुगमनलाई प्रभावकारी बनाउने उद्देश्यले उक्त निर्देशन जारी गरिएको हो। सूचना अनुसार स्थानीय तहले मल बिक्री केन्द्रको नाम र ठेगाना, युरिया, डिएपी र पोटासलगायत मलको मौज्दात अवस्था, बिक्री भइरहेको मूल्य, नेपाल सरकारले तोकेको मूल्य कार्यान्वयन भए/नभएको, कृत्रिम अभाव वा कालोबजारी भए/नभएकोलगायतका विषय समेटेर प्रतिवेदन पेस गर्नुपर्ने छ।

त्यसै गरी अनुगमनका क्रममा देखिएका समस्या तथा समाधानका सुझावसमेत प्रतिवेदनमा समावेश गर्न जिल्ला प्रशासन कार्यालयले स्थानीय तहलाई निर्देशन दिएको छ।

## आयोजना अनुगमन गर्न एकीकृत पोर्टल

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको प्रगति, बजेट परिचालन तथा समस्या व्यवस्थापनलाई वास्तविक समयमा अनुगमन गर्न एकीकृत डिजिटल अनुगमन पोर्टल सञ्चालनमा ल्याएको छ।

मन्त्रालयका अनुसार पहिलो चरणमा सिक्टा, रानीजमरा–कुलरिया, भेरी–बबई, सुनकोशी–मरिण, महाकाली र बबई सिँचाइ आयोजना पोर्टलमा समावेश गरिएका छन्। आगामी चरणमा अन्य सिँचाइ आयोजनालाई पनि क्रमशः सोही प्रणालीमा आबद्ध गरिने मन्त्रालयले जनाएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले हालै सिक्टा, रानीजमरा–कुलरिया, भेरी–बबई र बबई सिँचाइ आयोजनाको स्थलगत निरीक्षण गरेपछि आयोजना व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन यो प्रणाली सञ्चालनमा ल्याइएको मन्त्रालयले जनाएको छ।

पोर्टल सञ्चालनमा आएपछि मन्त्री तथा मन्त्रालयका सचिवले आफ्नै कार्यकक्षबाट आयोजनाको भौतिक तथा वित्तीय प्रगति, बजेट खर्च, ठेक्का व्यवस्थापन, निर्माणको अवस्था तथा आयोजना उत्पन्न समस्यालाई प्रत्यक्ष रूपमा हेर्न सक्ने छन्। यसअघि आयोजनाको वास्तविक अवस्था प्रायः स्थलगत निरीक्षण वा आर्थिक वर्षको अन्त्यमा प्राप्त हुने प्रतिवेदनमार्फत मात्र जानकारी हुने अवस्था थियो।



पटक पटक म्याद थपिएका आयोजनाको प्रगति समयमै मूल्याङ्कन गर्न कठिन हुने गरेको थियो। नयाँ प्रणालीले त्यसलाई अन्त्य गर्ने अपेक्षा गरिएको छ। अब प्रत्येक आयोजना प्रमुखले हरेक साता भौतिक प्रगति, वित्तीय अवस्था, ठेक्का कार्यान्वयन, दाबी, विवाद, निर्माणमा देखिएका अवरोध तथा समाधानका प्रयासबारे विवरण अनिवार्य रूपमा पोर्टलमा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ।

### म्यानपावरलाई कडाइ

# उजुरी समाधान नगरे नवीकरण नहुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

वैदेशिक रोजगार विभागले श्रमिकका पुराना उजुरी तथा निवेदन लामो समयसम्म समाधान नगर्ने वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीको इजाजतपत्र नवीकरण नगर्ने नीति लिएको जनाएको छ।

विभागले अब प्रमाण पुगेका उजुरी फर्स्योट नगरेसम्म सम्बन्धित म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण नगर्ने नीति कार्यान्वयनमा ल्याएको हो। विभागले यसअघि नै सूचनामार्फत सबै इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीलाई विचाराधीन उजुरी तथा निवेदन यथाशीघ्र टुङ्ग्याउन आग्रह गरेको थियो। श्रमिकको हितलाई ध्यानमा राख्दै उजुरी समाधानमा सक्रिय हुन निर्देशन दिँदै विभागले अटेर गर्ने कम्पनीविरुद्ध कानुनी कारबाही अघि बढाइने चेतावनीसमेत दिएको थियो।

विभागका अनुसार उजुरी तथा निवेदनको उचित सम्बोधन गरी पीडित श्रमिकको समस्या समाधान गर्नु इजाजतपत्र प्राप्त संस्थाको आधारभूत जिम्मेवारी हो। पटक पटक पत्राचार र निर्देशन दिँदा पनि कतिपय कम्पनीले उजुरी समाधानमा चासो नदेखाएपछि विभागले नवीकरणमा नै कडाइ गर्न लागेको छ। विभागका महानिर्देशक मीरा आचार्यले विद्यमान कानुनमा भएको व्यवस्था अनुसार प्रमाण पुगेको उजुरीको फर्स्योटमा सहयोग नगर्ने कम्पनीको नवीकरण नहुने बताउनुभयो।

उहाँका अनुसार वैदेशिक रोजगारसम्बन्धी कानुनमा सबै उजुरी फर्स्योट गर्नुपर्ने नभई प्रमाण पुगेका उजुरी अनिवार्य रूपमा समाधान हुनुपर्ने स्पष्ट पारेको छ। प्रमाणित उजुरी कायम रहँदासम्म इजाजतपत्र नवीकरण नहुने महानिर्देशक आचार्यले अडान दोहोऱ्याउनुभयो।

विभागका अनुसार असारभित्र सबै म्यानपावर कम्पनीले इजाजतपत्र नवीकरण गर्नुपर्ने भएकाले यस पटक कम्पनीले आफ्नो कानुनी दायित्व पूरा गरेको छ वा छैन भन्ने विषयलाई विशेष रूपमा मूल्याङ्कन गरिने छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घले भने विभागको निर्णयप्रति असहमति प्रकट गर्दै उजुरी समाधान व्यवसायीको कानुनी र नैतिक दायित्व भए पनि त्यसलाई इजाजतपत्र नवीकरणसँग अनिवार्य रूपमा जोड्नु व्यावहारिक नभएको भन्दै आएको छ। सङ्घका अध्यक्ष डिकबहादुर खत्रीले विगतमा पनि सरकार र व्यवसायीबिच उजुरी व्यवस्थापनका विषयमा सहमति भएको स्मरण गराउँदै लामो समयदेखि विचाराधीन वा तामेलीमा रहेका उजुरीलाई विधिसम्मत रूपमा व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। उहाँले कानुनभन्दा बाहिर गएर नवीकरण रोक्ने निर्णय व्यवसायीमाथिको अनावश्यक बन्देज हुन सक्ने भन्दै उजुरीको प्रकृति हेरेर निर्णय गर्न विभागलाई आग्रह गर्दै आएको छ।

विभागमा हाल ४० हजारभन्दा बढी उजुरी थन्किएर बसेका छन्। ती उजुरीको फर्स्योटलाई समेत विभागले प्राथमिकतामा राखेको छ। विभागले करिब २५ वर्षदेखि अलपत्र अवस्थामा रहेका वैदेशिक रोजगार ठगीसम्बन्धी हजारौँ मुद्दा तथा अनुसन्धान फाइलको खोजी, व्यवस्थापन र डिजिटलाइजेसनलाई पनि तीव्रता दिएको छ।



# मनोबल बढाउने मौद्रिक नीति : महासङ्घ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

नेपाल उद्योग वाणिज्य महासङ्घले आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिलाई सकारात्मक र सन्तुलित भन्दै यसले निजी क्षेत्रको मनोबल बढाउने जनाएको छ।

नेपाल राष्ट्र बैङ्कले मङ्गलबार सार्वजनिक गरेको मौद्रिक नीतिले मूल्य स्थायित्व, वित्तीय क्षेत्रको स्थायित्व र उच्च आर्थिक वृद्धिबिच सन्तुलन कायम गर्ने प्रयास गरेको महासङ्घले निष्कर्ष निकालेको छ।

"मुलुकको अर्थतन्त्र क्रमशः सुधारको दिशामा अघि बढिरहेको वर्तमान अवस्था हो," महासङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, "मौद्रिक नीतिले सरकारले लिएको सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न निजी क्षेत्रको भूमिका निर्णायक रहने यथार्थलाई आत्मसात् गर्नु स्वागतयोग्य छ।"

निजी क्षेत्रको लगानी विस्तार, उत्पादन वृद्धि, रोजगारी सिर्जना र आर्थिक गतिविधिलाई थप चलायमान बनाउन मौद्रिक नीतिले अवलम्बन गरेको लचिलो कार्यदिशा उपयुक्त रहेको महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले बताउनुभयो। "व्यक्तिगत जमानीका आधारमा सिर्जना हुने असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने व्यवस्था, रुग्ण उद्योगमा रहेको निष्क्रिय कर्जाको व्यवस्थापन, दबाबमा रहेका कर्जाको पुनरुत्थान गर्ने उपाय सकारात्मक छन्," उहाँले भन्नुभयो, "संस्थागत क्षमताका आधारमा सेयर धितो कर्जाको सीमा निर्धारण र सार्वजनिक यातायातमा प्रयोग हुने ठुला विद्युतीय सवारीसाधनका लागि कर्जा-धितो अनुपातलाई थप सहज बनाउने व्यवस्था सकारात्मक छ।"

महासङ्घले साना तथा मझौला र ठुला उद्योग व्यवसाय र विभिन्न क्षेत्रगत कर्जाको पुनर्संरचना तथा पुनर्तालिकीकरणको सम्बन्धमा अब आउने निर्देशिकामा स्पष्ट रूपमा समेट्नुपर्नेमा जोड दिएको छ।

नीतिगत दर, स्थायी निक्षेप सुविधा दर, बैङ्क दर, नगद मौज्दात अनुपात, वैधानिक तरलता अनुपात तथा स्थायी तरलता सुविधालाई यथावत् राख्ने निर्णयले नीतिगत स्थिरता कायम गर्ने महासङ्घको बुझाइ छ।

त्यसै गरी बैङ्क तथा वित्तीय संस्थाको डिजिटलाइजेसन, वित्तीय लागत न्यूनीकरण, सेवाको गुणस्तर सुधार र नियामकीय व्यवस्थालाई थप सरल, स्पष्ट र प्रभावकारी बनाउने नीतिको महासङ्घले स्वागत गरेको छ। बैङ्क तथा वित्तीय संस्थाका निर्देशन सरलीकरण गर्ने र विदेशी विनिमयसम्बन्धी व्यवस्थालाई सहज बनाउने निर्णयले व्यापार, लगानी र वैदेशिक कारोबारलाई सहज बनाउन सहयोग पुग्ने महासङ्घको अपेक्षा छ।

महासङ्घले मौद्रिक नीतिसँगै सरकारले अघि बढाएको आर्थिक सुधार कार्यक्रम, लगानीमैत्री कानुनी सुधार, पुँजीगत खर्चको प्रभावकारी कार्यान्वयन र परियोजनाको गतिलाई समानान्तर रूपमा अघि बढाउनुपर्नेमा जोड दिएको छ।

## 'कर्जा विस्तारको व्यवस्था सकारात्मक'

**रङ्गेली समाचारदाता**
*विराटनगर, असार २४ गते*

नेपाल राष्ट्र बैङ्कले आर्थिक वर्ष २०८३/८४ लागि ल्याएको मौद्रिक नीतिप्रति विराटनगरका उद्योगी व्यवसायीले मिश्रित प्रतिक्रिया दिएका छन्।

उद्योगी व्यवसायीले बैङकिङ प्रणालीको अधिक तरलता व्यवस्थापन र शिथिल निजी क्षेत्रका कर्जा विस्तारलाई चलायमान बनाउन ल्याइएका केही कदम सकारात्मक रहेको बतएका हुन्।

मौद्रिक नीति सरकारले बजेटमार्फत अघि सारेका औद्योगिक प्रवर्धन, व्यावसायिक पुनरुत्थान र डिजिटल अर्थतन्त्रका लक्ष्यलाई सघाउने नीतिका नीतिगत व्यवस्था रहेको उद्योगी व्यवसायीको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेश समितिका अध्यक्ष राजेन्द्र राउतले मौद्रिक नीतिमा व्यक्तिगत जमानतबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने, रुग्ण उद्योग पुनर्स्थापना गर्ने र निष्क्रिय कर्जा व्यवस्थापन गर्ने विषय सकारात्मक रहेको बताउनुभयो।

यसै गरी बैङ्क तथा वित्तीय संस्थाको पुनरवलोकन गर्ने र लक्षित कार्यक्षेत्रमा सेवा प्रवाह गर्न प्रोत्साहन गर्ने नियमाकीय व्यवस्था लागु गर्ने प्रावधान स्वागतयोग्य रहेको बताउनुभयो।

मोरङ उद्योग व्यापार सङ्घका अध्यक्ष अनुपम राठीले न्यून लागत अर्थतन्त्रको नीतिले ब्याजदर तथा व्यावसायिक लागत कम राख्ने, उद्योगको खराब कर्जा व्यवस्थापन गर्ने, पुँजी परिचालनमा सहजता गर्ने कुरा सकारात्मक रहेको बताउनुभयो। चेक अनादरका कारण कालो सूचीमा परी सम्पूर्ण बैङ्किङ सेवाबाटै वर्जित हुने अवस्थाप्रति लचकता अपनाउने नीति लिने व्यवस्थाले उद्योग व्यवसाय चलायमान राख्न तथा व्यावसायिक दायित्व फर्स्योट गर्न मद्दत पुग्ने देखिएको राठीको भनाइ छ।

# कोशी प्रदेशको बजेट पारित
# खर्च कटौतीको प्रस्ताव अस्वीकार

**विराटनगर समाचारदाता**
*विराटनगर, असार २४ गते*

कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सभामा प्रस्तुत गरेको बजेट पारित भएको छ।

प्रदेश सभाको बुधबार बसेको बैठकको बहुमतबाट विनियोजन विधेयक पारित भएको छ। बैठकबाट अर्थ विधेयक भने सर्वसम्मत पारित भएको थियो भने प्रदेश सार्वजनिक ऋण उठाउनेसम्बन्धी विधेयक बहुमतबाट पारित भयो।

कोशी सरकारले ४० अर्ब ४४ करोड ९८ लाख रुपियाँ बराबरको बजेट प्रदेश सभामा पेस गरेको थियो। पारित बजेटमा कुल विनियोजितमध्ये चालुतर्फ १३ अर्ब ९७ करोड ६३ लाख रुपियाँ, पुँजीगततर्फ २० अर्ब ७५ करोड ९९ लाख रुपियाँ, वित्तीय व्यवस्थातर्फ १५ करोड रुपियाँ र वित्तीय हस्तान्तरणतर्फ पाँच अर्ब ५६ करोड ३६ लाख रुपियाँ विनियोजन गरिएको छ।

खर्च बेहोर्ने स्रोततर्फ आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड रुपियाँ, राजस्व बाँडफाँटबाट १२ अर्ब ८७ करोड रुपियाँ र सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट नौ अर्ब १२ करोड रुपियाँ सङ्कलन गर्ने अनुमान गरिएको छ। स्रोततर्फ अपुग हुने पाँच अर्ब रुपियाँ यस वर्ष मौज्दात रहन रकमबाट खर्च गरिने उल्लेख छ।

यसैबिच बुधबार बसेको बैठकमा विपक्षी दलका दुई जना सांसदले विनियोजन विधेयकमाथि पेस गरेको खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो। सांसद गोम्बु शेर्पाले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका लागि विद्युतीय गाडी खरिद गर्न विनियोजन गरेको दुई करोड ४० लाख रुपियाँ घटाएर एक रुपियाँ कायम गर्न प्रस्ताव गर्नुभएको थियो।

उहाँले सरकारले विलासिताका वस्तुमा खर्च बढाएको र सो रकम विपन्न नागरिकको उपचार तथा सुकुमवासीका लागि आवास निर्माणमा खर्च गर्नुपर्ने तर्क राख्नुभयो। शेर्पाले कार्यालयमा गाडी पर्याप्त भएको अवस्थामा थप गाडी खरिद गर्नु आर्थिक भार मात्र थपिने बताउनुभयो।

जवाफमा आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले विगतको आन्दोलनका क्रममा कार्यालयका आठ वटा गाडी जलाइएकाले अहिले सवारीसाधनको अभाव रहेकाले खरिद गर्नुपर्ने आवश्यकता परेको बताउनुभयो। उहाँले उक्त रकमबाट चार थान गाडी किन्न लागेको जानकारी दिनुभयो।

त्यसै गरी अर्का सदस्य सपना दर्जीले 'जनताको जलविद्युत् कार्यक्रम' अन्तर्गत घुन्साखोला जलविद्युत् आयोजनामा सेयर लगानीका लागि विनियोजन गरिएको १० करोड रुपियाँ कटौतीको प्रस्ताव गर्नुभयो। उहाँले प्रदेशको आन्तरिक आयस्रोत कमजोर रहेको अवस्थामा निजी क्षेत्रले गर्न सक्ने काममा सरकारी लगानी गर्न आवश्यक नरहेको बताउनुभयो। यसको ठाउँमा विद्यालय, स्वास्थ्य संस्था सुधार र बाढीपहिरोपीडितलाई राहत दिनु उपयुक्त हुने उहाँको धारणा थियो।

जवाफमा खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलचन पाठकले यो आयोजना प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा पहिलेदेखि नै समेटिएको र यसले प्रदेशको आय वृद्धिमा सहयोग पुग्ने बताउनुभयो।

# लुम्बिनी बसाइ बढाउन सहमति

**भैरहवा समाचारदाता**
*भैरहवा, असार २४ गते*




बुद्ध जन्मस्थल लुम्बिनी र भारतको वनारसबिच धार्मिक तथा सांस्कृतिक पर्यटनलाई संयुक्त रूपमा प्रवर्धन गर्ने उद्देश्यले पाँचबुँदे सहमति भएको छ। लुम्बिनीमा आयोजित तीनदिने ट्राभल मार्टका क्रममा लुम्बिनीका होटेल व्यवसायी र वनारसका ट्राभल तथा टुर अपरेटरबिच उक्त सहमतिपत्रमा हस्ताक्षर गरिएको हो।

मङ्गलबार सम्पन्न सम्झौता अनुसार लुम्बिनीलाई विश्व बौद्ध आध्यात्मिक केन्द्र तथा वनारसलाई सांस्कृतिक तथा धार्मिक गन्तव्यका रूपमा अन्तर्राष्ट्रिय बजारमा संयुक्त रूपमा प्रवर्धन गरिने छ। पछिल्ला वर्षमा भारतबाट नेपाल आउने पर्यटकको सङ्ख्या बढ्दै गए पनि उनीहरूको बसाइ अवधि छोटो रहने अवस्थालाई ध्यान दिँदै पर्यटन प्रवर्धनमा सहकार्य गर्ने सहमति गरिएको हो।

सहमति अनुसार नेपाल भ्रमणमा आउने भारतीय पर्यटकलाई कम्तीमा एक रात लुम्बिनीमा बस्ने वातावरण सिर्जना गर्न दुवै पक्षले संयुक्त रूपमा पहल गर्ने छन्। साथै नेपालतर्फको कालीदह र भारतको कक्रहवा बजारलाई 'फ्रेन्डसिप सिटी' (मैत्री सहर) का रूपमा विकास गर्ने अवधारणालाई पनि अगाडि बढाइने भएको छ।

यसै गरी लुम्बिनी र वनारसलाई समेटेर नयाँ पर्यटन प्याकेज विकास गर्ने, दुवै गन्तव्यबिच सडक तथा यातायात सम्पर्क विस्तारका लागि सम्बन्धित निकायसँग पहल गर्ने तथा पर्यटन व्यवसायी, सञ्चारकर्मी, कन्टेन्ट क्रियटर, ट्राभल तथा टुर अपरेटरबिच नियमित अनुभव आदानप्रदान र अध्ययन भ्रमण सञ्चालन गर्ने सहमति भएको छ।

लुम्बिनी होटेल सङ्घकी महासचिव टीका कट्टेलले धार्मिक तथा सांस्कृतिक पर्यटनलाई एकीकृत रूपमा प्रवर्धन गर्न यो सहमति महत्त्वपूर्ण हुने बताउनुभयो। उहाँका अनुसार दुवै गन्तव्यबिच पर्यटन प्रवाह बढाउनुका साथै निजी क्षेत्रबिचको सहकार्यलाई पनि संस्थागत गर्ने उद्देश्य राखिएको छ।

सहमतिपत्रमा लुम्बिनी होटेल सङ्घका अध्यक्ष लीलामणि शर्मा र वनारस टुरिजम गिल्डका अध्यक्ष सुभाष कपुरले हस्ताक्षर गर्नुभएको हो।

सोमबारदेखि सुरु भएको तीनदिने ट्राभल मार्ट बुधबार सम्पन्न भएको थियो। कार्यक्रममा लुम्बिनी क्षेत्रका होटेल, ट्राभल तथा टुर कम्पनीले स्टलमार्फत आफ्ना सेवा, सुविधा र पर्यटन प्याकेजको प्रदर्शनी तथा प्रवर्धन गरेका थिए।

आयोजकका अनुसार यस्ता कार्यक्रमले लुम्बिनीलाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा थप प्रभावकारी रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# जैविक विषादीमा आकर्षण

**दाङ समाचारदाता**
*दाङ, असार २४ गते*

लमही नगरपालिका-८, सतबरियाकी उमादेवी चौधरीले आफ्नो परम्परागत खेतीलाई व्यावसायिक रूपमा रूपान्तरण गर्नुभएको छ। अहिले उहाँले २० कट्ठा जमिनमा करेला, टमाटर, बोडी, लौका, फर्सी, काँक्रालगायतका तरकारी उत्पादन गर्दै वार्षिक १५ देखि २० लाख रुपियाँसम्मको बिक्री गर्न सफल हुनुभएको छ।

बाली पात्रो अनुसार उत्पादन गर्दा राम्रो मूल्य पाउने अनुभवले खेतीप्रति थप उत्साह बढेको उहाँको भनाइ छ।

यस्तै लमही नगरपालिका-२, सोनपुरकी फूलमाया चौधरीले पनि आधुनिक प्रविधिसँगै झोलमोल, गँड्यौला मल र सुधारिएको कम्पोस्ट मल प्रयोग गर्न थालेपछि रासायनिक विषादीको प्रयोग उल्लेखनीय रूपमा घटाउनुभएको छ। उहाँले भन्नुभयो, "जैविक विषादी प्रयोग गर्दा मेरो स्वास्थ्य मात्र होइन, उपभोक्ताको स्वास्थ्य पनि सुरक्षित हुने कुरा बुझेकी छु।" प्लास्टिक घरभित्र उत्पादन गरिएको टमाटर बिक्रीबाट मात्रै उहाँले हालसम्म करिब एक लाख रुपियाँ आम्दानी गरिसक्नुभएको छ। अहिले उहाँको बारीमा लटरम्म बोडी फलेका छन्।

रासायनिक विषादीको बढ्दो प्रयोगले मानव स्वास्थ्य र वातावरणमा असर पार्न थालेपछि दाङका किसान अहिले झोलमोल तथा जैविक विषादीको प्रयोगतर्फ आकर्षित हुन थालेका छन्।

लमही-७, वनघुर्सीकी पुनम घर्तीमगरले पनि कृषक व्यवसाय पाठशालाबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्दै तरकारी खेतीलाई आम्दानीको प्रमुख आधार बनाउनुभएको छ।


**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
लहान, सिराहा, मधेश प्रदेश, नेपाल

**आ.व. २०८३/०८४ का लागि विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का टेण्डर (प्रस्ताव) हरू स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः **२०८३।०३।२४**)

यस कार्यालयबाट आ.व. २०८३/०८४ का लागि आन्तरिक आयतर्फका ठेक्काहरू व्यवस्थापन कार्यार्थ मिति २०८३/०२/२८ गते प्रथम पटक प्रकाशित विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्कासम्बन्धी सिलबन्दी टेण्डर आमन्त्रण सम्बन्धमा मिति २०८३/०३/२३ को यस कार्यालयको निर्णय बमोजिम देहाय बमोजिमको टेण्डर (प्रस्ताव) हरू **"अधिकतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही"** ठहर भई स्वीकृतिका लागि छनोट भएकाले सो सम्बन्धमा कुनै टेण्डरदाता (प्रस्तावदाता) लाई चित्त नबुझेमा ७ (सात) दिनभित्र पुनरावलोकनका लागि आवेदन दिनुहुन सम्बन्धित सबै टेण्डरदाताहरूको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| ठेक्काको नाम र स्थान | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रकम रु. | सबैभन्दा अधिकतम अंक रकम कबोल गर्ने टेण्डरदाताको नाम र ठेगाना | सबैभन्दा अधिकतम कबोल अंक (मू.अ.कर, आय कर र दुर्गा पुजा चन्दा बाहेक) रकम रु. |
|---|---|---|---|---|
| १. खसीबाख्रा हाट बजार सेवा शुल्क लहान नगरपालिका वडा नं. ५ | २०८३ साउन १ देखि ०८४ असार मसान्तसम्म | रु.५०,००,०००।- | न्यूटन कन्स्ट्रक्सन कन्सल्टेन्सी एण्ड सप्लायर्स प्रा.लि., राजगढ गा.पा. वडा नं. ४, सप्तरी | रु. ५०,०१,०००।- |
| २. विज्ञापन कर न.पा. क्षेत्रभित्र | | रु.२९,५०,७७७।- | साईन हब प्रा.लि., विराटनगर-३ | रु. २९,६०,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**सडक विभाग**
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ
**सडक डिभिजन, ललितपुर**
हरिहरभवन, ललितपुर

**ठेक्का सम्झौता अन्त्य गरिएकोसम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०८३/०३/२५

तपसिल बमोजिमका निर्माण व्यवसायीहरूले ठेक्काको म्याद समाप्त हुँदा समेत सम्झौता बमोजिम कार्य सम्पन्न नगरेका कारण ठेक्का सम्झौता तथा प्रचलित सार्वजनिक खरिद ऐन/नियमावलीमा आधारित रही मिति २०८३/०३/२४ मा खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। ठेक्का सम्झौता अन्त्य गरिएकोले कालोसूचिमा राख्ने प्रक्रिया अघि बढाइने छ साथै कार्यसम्पादन जमानत/पेश्की जमानत तथा धरौटीबापत राखिएको रकम जफत गरिने छ। खरिद सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने प्रक्रिया अगाडि बढाइनेछ। सम्झौता तथा प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रूपमा सम्पन्न भइसकेका कुनै कार्य भएमा, यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नम्बर | निर्माण व्यवसायीको नाम | कामको विवरण | सम्झौता मिति | कानूनी आधार |
|---|---|---|---|---|---|
| 1. | DROLTP/ 33701120-4/ 077/78-19 | Road extension works in Siddheswor-Anuli Rajkulo Road, Lalitpur | Laxmi Nirman Sewa, Lalitpur | 2077-11-10 | GCC 72.1(b), 72.3(b), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 2. | DROLTP/ 33731011-3/ 077/78-49 | Specific maintenance works (Footpath Maintenance) at different chainage of road of Lalitpur District. | Laxmi Nirman Sewa, Lalitpur | 2077-12-23 | GCC 72.1(b), 72.3(b), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 3. | DROLTP/ 33731011-3/ 077/78-044 | Specific maintenance of road of Hattiban Godawari area, Dhobighat-Pulchowk Bhabimandal road, Lalitpur. | I.B. Pandey Construction Pvt.Ltd, Lalitpur. | 2077-12-23 | GCC 72.1(b), 72.3(b), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 4. | DROLTP/ 33731011-3/ 077/78-52 | Perodic maintenance along Balkhu-Bagdol Road (Package-2), Lalitpur | Laxmi Nirman Sewa, Lalitpur | 2078-01-03 | GCC 72.1(b), 72.3(b), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 5. | DROLTP/ 33701120-4/ 077/78-68 | Road extension works along Kusunti Bistapakha (Sugam Marga) | Laxmi Nirman Sewa, Lalitpur | 2078-02-28 | GCC 72.1(b), 72.3(b), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 6. | DROLTP/ 33731011-3/ 078/079/05Re | Periodic maintenance of Thaiba Sanogaun road. | Shuvam Construction, Talchikhel-13, Lalitpur. | 2079-03-15 | GCC 72.1(b), 72.3(b), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 7. | DROLTP/ 33731011-3/ 080/081-17 | Road consturction works of Setipakha Morepati Road, Lalitpur | Jay Nirmal Baba Construction, Lalitpur | 2080-11-14 | GCC 72.1(b), 72.3(b), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 8. | RDLTP/ 33731011-3/ 081/82-06 | Perodic maintenance of Pulchowk Hariharbhawan-Sanepa Kalopul & Sundarighat Dhobighat Road, lalitpur | Sony Builders & Engineering, Lalitpur | 2081-07-28 | GCC 72.1(a), 72.3(i), 74.1, 75.3 of Contract Agreement & Rule 120(ka) (6) (7) of PPR 2064 (14th Amendment) |
| 9. | RDLTP/ 33701136-4/ 082/83-21(Re) | Installation of Traffic Signs and Jersey Barries in Lalitpur Districts. | R.N. Construction, Hetauda-2 | 2082-12-23 | GCC 11.1(a), 11.3(b), 11.9 & 15.1 of Contract Agreement |

**डिभिजन प्रमुख**



**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र संकाय**
डीनको कार्यालय, बल्खु, काठमाडौँ

**प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी आशयको सूचना**

*प्रकाशित मिति: २०८३।०३।२५*

यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयअन्तर्गत सञ्चालित ग्राजुयट स्कुल अफ एजुकेसनको तपसिलमा उल्लिखित निर्माण कार्यका लागि मिति २०८३।०२।११ गतेको प्रकाशित बोलपत्र आह्वानको सूचनाबमोजिम म्यादभित्र रीतपूर्वक e-GP मार्फत दर्ता हुनआएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरू सूचना तथा बोलपत्रमा उल्लेख भएका योग्यताको आधारमा सफल भई सारभूतरूपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम निम्न बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८३।०३।३२ गते दिनको २:०० बजे यस ग्राजुयट स्कुल अफ एजुकेसनमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्य विवरण र खरिद नं. | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| 1. | CONSTRUCTION OF FIRST FLOOR, EXTERNAL TOILET AND PARKING SHED WORKS NCB/TUFOE/WORKS/2082/083-01 | 1. Abhiyanta Nepal, Narephat-32, Jadibuti, Koteshwor 2. Amazon Developers, Pokhara-14 3. Sapana and Swikriti Nirman sewa Pvt.Ltd, Kathmandu |



**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
न्युरोड, कास्की, गण्डकी प्रदेश, नेपाल
पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

**सूचना ! सूचना ! सूचना !**

*अन्तिम पटक प्रकाशित मिति: २०८३/०३/२५ गते*

पोखरा महानगरपालिका क्षेत्रभित्र सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गर्न सकिने आयोजनाहरूको अवधारणा माग गर्दै मिति २०८२/०१/१८ गते प्रथम पटक ३० दिने र मिति २०८२/०२/२१ गते दोस्रो पटक १५ दिने सूचना पत्रिकामा प्रकाशित गरिएकोमा, इच्छुक व्यक्ति तथा कम्पनीहरूबाट पेस भएका ती प्रस्तावहरू मिति २०८२/०४/१३ गतेको सा.नि.सा. समितिको बैठकबाट खोलिएकोमा, सोसँग सम्बन्धित सम्पूर्ण कागजातहरू पोखरा महानगरपालिकाको कार्यालयमा २०८२ भदौ २४ गतेको आगलागीबाट भएको क्षतिका कारण नष्ट हुन पुगेकाले, पुनः मिति २०८२/०८/१४ गते तेस्रो पटक १५ दिने सूचना प्रकाशित गरी माग गरिएको थियो। तर हालसम्म पेस भएका प्रस्तावदाताहरूबाट आवश्यक कानुनी, प्राविधिक तथा वित्तीय पूरक कागजातहरू प्राप्त नभएकाले, अन्तिम पटक यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र पुनः हार्डकपी (Hardcopy) र सफ्टकपी (Softcopy) पेस गर्न सम्बन्धित सबैका लागि सूचित गरिन्छ। साथै, सोही अवधिभित्र नयाँ/थप अवधारणा पेश गर्न इच्छुक व्यक्ति वा कम्पनीहरूले समेत सोही अनुसारको नयाँ प्रस्ताव पेश गर्न सकिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**आवश्यक पर्ने पुरक विवरण तथा कागजातहरू :**

- संस्था/कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि।
- आर्थिक वर्ष २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate)।
- प्रस्तावित आयोजनाको प्रारम्भिक प्राविधिक तथा सञ्चालन खाका (Technical & Operational Concept)।
- आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने अनुमानित लागत र समय।
- समान प्रकृतिका आयोजनाहरूमा कार्य गरेको अनुभव भए सोको विवरण।
- अन्य विशेष केही भए पुष्टि हुने कागजात।

थप जानकारीका लागि पोखरा महानगरपालिकाको सार्वजनिक निजी साझेदारी (PPP) शाखामा वा शाखाको इमेल ppp.pokharamun@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

**शहरी विकास, पर्यटन, वन तथा वातावरण महाशाखा**






# अर्जेन्टिनाको नाटकीय पुनरागमन जित



तस्बिर : एपी

अर्जेन्टिनाका लियोनेल मेसी इजिप्टविरुद्ध गोल गरेपछि ।

**एट्लान्टा,** असार २४ गते । लियोनेल मेसीको अर्को प्रेरणादायी प्रदर्शनको सहयोगमा अर्जेन्टिनाले मङ्गलबार राति उपाधि रक्षा अभियानलाई कायम राखेको छ । मोहम्मद सलाहको टिम इजिप्टसँग हारेर अर्जेन्टिना विश्वकपबाट बिदा हुने सँघारमा थियो तर अर्जेन्टिनाले विश्वकप इतिहासकै उत्कृष्टमध्ये एक पुनरागमन गरेर विश्वकपमा आफ्नो चुनौती कायम राख्यो । सन् १९५८ र १९६२ मा ब्राजिलले लगातार विश्वकप जितेपछि अर्जेन्टिना उपाधि रक्षा गर्ने पहिलो राष्ट्र बन्ने अभियानमा रहेको छ ।

अर्जेन्टिनाले इजिप्टविरुद्धको खेल ३–२ ले जितेर क्वाटरफाइनलमा स्थान बनाएको छ । इजिप्ट निर्धारित समय सकिन ११ मिनेटअघिसम्म दुई गोलले अगाडि थियो । जसले अर्जेन्टिनाको हार पक्का देखिन्थ्यो । अझ भिडियो रिप्लेले जिकोले गरेको अर्को गोल अमान्य नभएको भए अर्जेन्टिना तीन गोलले पछाडि पार्ने थियो ।

इन्जो फर्नान्डिजले इन्जुरी समयमा हेड गोल गरी अर्जेन्टिनालाई क्वारटरफाइनलमा पुऱ्याउनुभयो । यसअघि यासिर इब्राहिम र मोस्तफा जिकोको गोलले अर्जेन्टिना दुई गोलले पछाडि परेको थियो । अर्जेन्टिनाले मेसी र क्रिस्टियन रोमेरोले चार मिनेटको अन्तरालमा गरेको दुई गोलबाट जीवनदान पाएको थियो । यसअघि मेसीले पेनाल्टीमा गोल गर्न असफल हुनुभएको थियो भने उहाँको एक प्रहार गोलपोस्टमा लागेर फर्केको थियो । “यो अविश्वसनीय खेल थियो । हामी एकजुट छौँ, त्यसैले असम्भव पनि सम्भव छ । जस्तोसुकै कठिनाइ र प्रतिकूलता भए पनि यो समूह हार मान्दैन,” इन्जुरी समयमा निर्णायक गोल गर्ने फर्नान्डोजले भन्नुभयो । अर्जेन्टिनाले अब सेमिफाइनलमा पुग्न शनिबार कान्सास सिटीमा स्विट्जरल्यान्डविरुद्ध खेल्ने छ ।

### पेनाल्टीमा मेसी असफल

खेलको १५ औँ मिनेटमा मर्वन आटियाको क्रसमा इब्राहिमले गोल गरी इजिप्टलाई अनपेक्षित अग्रता दिलाउनुभयो । केही समयपछि नै अर्जेन्टिनाले खेल बराबर गर्ने अवसर पायो । हासिम हसनले निकोलस टाग्लियाफिकोलाई डिबक्समा लडाएपछि रेफ्री फ्रान्कोइस लेटेसियरले पेनाल्टीतर्फ सङ्केत गर्नुभएको थियो तर मेसीको पेनाल्टीलाई इजिप्टका गोलरक्षक मोस्तफा सोहबिरले विफल पार्नुभयो । यस विश्वकपमा मेसीले पेनाल्टीमा गोल गर्न नसकेको यो दोस्रो पटक हो । यसअघि अस्ट्रियाविरुद्धको खेलमा पनि मेसीले पेनाल्टीमा बल गोलपोस्टबाहिर प्रहार गर्नुभएको थियो ।

मेसी २१ गोलसहित विश्वकपका सर्वकालीन सर्वाधिक गोकलर्ता हुनुहुन्छ तर मेसीले विश्वकपमा प्रहार गरेका आठमध्ये चार पेनाल्टी खेर फाल्नुभएको छ । उहाँ एउटै विश्वकपको संस्करणमा दुई पेनाल्टी मिस गर्ने पहिलो खेलाडी बन्नुभएको छ । त्यसपछि मेसीको एक प्रहारमा गोलपोस्ट बाधक बनेपछि भाग्य अर्जेन्टिनाको साथमा नभएको प्रतीत भएको थियो । पहिलो हाफमा इजिप्टका गोलरक्षक शोहबिरले पनि दर्शनीय गोलरक्षण गर्नुभयो । उहाँले जुलियन अल्भारेजले गोलपोस्टनजिकबाट गरेको प्रहारलाई तेज प्रतिक्रियामार्फत रोकेपछि मध्यान्तरमा इजिप्ट अग्रताका साथ गएको थियो ।

दोस्रो हाफमा इजिप्टका जिकोले गजबको प्रत्याक्रमणमा गोल गरेपछि इजिप्टको अग्रता दोब्बर भएको थियो तर इजिप्टको खुसी हारका कारण निराशामा बदलियो । इजिप्टको गोलपोस्टबाट सो मुभ सुरु हुँदा अर्जेन्टिनाका खेलाडीमाथि फाउल भएको भन्दै विवादास्पद रूपमा सो गोल अमान्य घोषित गरियो तर खेलको ६७ औँ मिनेटमा अर्को प्रत्याक्रणमा जिकोले गोल गरी इजिप्टको अग्रता २–० पार्नुभयो । दुई गोलको अग्रता पनि इजिप्टका लागि पर्याप्त भने भएन ।

### गोल्डेन बुटको होडमा मेसी अगाडि

खेलको ७९ औँ मिनेटमा रोमेरोले हेड गोल गरी अर्जेन्टिनाको आशा जगाउनुभएको हो । चार मिनेटपछि मेसीले रिबाउन्डमा गोल गरी खेल २–२ ले बराबरीमा ल्याउनुभयो । खेलमा अन्तिम सिठी बजेपछि मैदानमै रुनुभएका मेसीको यस प्रतियोगितामा यो आठौँ गोल भएको छ । मेसी गोल्डेन बुटको होडमा अग्रस्थानमा हुनुहुन्छ । फ्रान्सका केलियन एम्बापे र नर्वेका एर्लिङ हालान्ड सात–सात तथा इङ्ग्ल्यान्डका कप्तान हेरी केन छ गोल गरेर मेसीलाई पछ्याइरहनुभएको छ । यसै गरी विश्वकपमा लगातार नौ खेलमा उहाँले गोल गरेर अर्को कीर्तिमान बनाउनुभएको छ ।

### ‘खेल निष्पक्ष भएन’

“हामी गत च्याम्पियनभन्दा राम्रो थियौँ । हामीले हरेक पक्षमा राम्रो खेल्यौँ तर नतिजा !”– इजिप्टका प्रशिक्षक हसनको प्रतिक्रिया थियो । इजिप्टका प्रशिक्षक हसनले अर्जेन्टिनाले निर्णायक गोल गर्नुअघि इजिप्टलाई पेनाल्टी नदिएकोमा असन्तुष्टि पोख्दै अब विश्वकपका कुनै पनि खेल हेर्ने छैन भन्नुभयो । यो नतिजामा म सन्तुष्ट छैन । खेल निष्पक्ष भएन । हामीलाई अनुचित तरिकाले व्यवहार गरियो । हामीमाथि अन्याय भएको छ, उहाँको भनाइ छ । पछिल्लो खेलमा पनि अर्जेन्टिनाले नवप्रवेशी केप भेर्डेविरुद्ध अतिरिक्त समयमा ३–२ को सङ्घर्षपूर्ण जित हात पारेको थियो । एपी

# स्विट्जरल्यान्ड टाइब्रेकरपछि क्वाटरफाइनलमा

**भानुकुभर,** असार २४ गते । स्विट्जरल्यान्ड बुधबार कोलम्बियालाई टाइब्रकेरमा ४–३ ले हराएर विश्वकप फुटबल–२०२६ को क्वाटरफाइनलमा पुगेको छ । स्विट्जरल्यान्डका रुवेन भर्गाले निर्णायक पेनाल्टीमा गोल गरी कोलम्बिया र रङ्गशालामा उपस्थित उसका बाक्लो समर्थकलाई स्तब्ध पार्नुभयो । दुई फरक शैलीमा फुटबल खेल्ने टिमबिच भएको खेलको निर्धारित समय र अतिरिक्त समय गोलरहित बराबरीमा सकिएको थियो । स्विट्जरल्यान्ड सङ्गठित पद्धतिगत शैलीमा तथा कोलम्बिया आक्रमणमा केन्द्रित र शारीरिक खेल खेल्ने टिम हुन् ।

सन् १९५४ मा विश्वकपको आयोजना गरेपछि स्विट्जरल्यान्ड अन्तिम आठमा पुगेको यो पहिलो पटक हो । यस पटक आफ्ना प्रमुख मिडफिल्डर जोहान मान्जाम्बीले चोटका कारण खेल्न नसकेपछि यस विश्वकपमा दुई गोल गरिसकेका भर्गासिपछि अभ्यासमा घाइते भएर पहिलो रोजाइमा खेल्न नसक्दा र कोलम्बियालाई अपार दर्शकको समर्थन हुँदा स्विट्जरल्यान्ड दबाबमा थियो । भर्गासि निर्धारित समयको इन्जुरी समयमा मात्र मैदान प्रवेश गर्नुभएको हो । यस विश्वकपमा तीन गोल गरिसकेका जर्मनीको क्लब फ्राइवर्गबाट खेल्ने मान्जाबी मात्र होइन स्विट्जरल्यान्ड लुका जाक्वेज र मिडफिल्डर माइकल आबिस्चरविना खेलेको थियो । रङ्गशालामा उपस्थित करिब ५३ हजार दर्शकमध्ये अधिकांश कोलम्बियाको समर्थनमा थियो । “केही खेलाडी चोटका कारण टिममा थिएनन् त्यसैले हाम्रा लागि यो खेल कठिन थियो । हामी मानसिक रूपमा पनि बलियो भएर खेल्यौँ,” स्विट्जरल्यान्डका गोलरक्षक कोबेलले खेलपछि भन्नुभयो ।

पेनाल्टी सुटआउटमा कोलम्बियाका डिफेन्डर डेभिन्सन सान्चेको पेनाल्टी प्रहार गोलपोस्ट बाधक बन्दा र कुचो हर्नान्डेजको प्रहारलाई स्विट्जरल्यान्डका ग्रेगर कोबेलले विफल पारेपछि स्विट्जरल्यान्डले ऐतिहासिक जित हात पारेको हो । पछिल्लो संस्करणमा विश्वकपमा चयन हुन नसकेको कोलम्यिबाले सन् २०१४ मा क्वाटरफाइनलसम्मको यात्रा गरेको थियो तर ब्राजिलमा भएको सो प्रतियोतिगाको अन्तिम आठमा घरेलु टिमसँग पराजित भएपछि कोलम्यिाको यात्रा रोकिएको थियो । स्विट्जरल्यान्ड भने पछिल्ला तीन विश्वकपमा प्रिक्वाटरफाइनल पुगेर पनि अन्तिम आठमा खेल्न सकेको थिएन । खेलको २१ औँ मिनेटमा कोलम्बिया गोलको नजिक पुगेको थियो । गुस्ताभो प्युर्टाको प्रहारलाई गोलरक्षक कोबेलले रोक्नुभयो । खेलको ३० औँ मिनेटमा स्विट्जरल्यान्डका फाबिया राइडरको सशक्त प्रहारलाई कोलम्बियाका गोलरक्षक कामिलो भर्गासले जोगाउनुभयो । गोलरक्षक भर्गासले डान नोएको अर्को प्रहारलाई पनि रोकेपछि कोलम्बिया पछाडि परेन । अतिरिक्त समयको पहिलो हाफमा जोन लुसुमीको हेडर क्रस बारमा लागेर फर्केपछि कोलम्बिया निराश बनेको थियो ।



तस्बिर : एपी

स्विट्जरल्यान्डका खेलाडी टाइब्रेकरमा जित हात पारेपछि ।

स्विट्जरल्यान्डका प्रशिक्षक मुराट याकिनले यस सफलताका लागि आफ्नो टिमले धेरै मेहनत गरेको र त्यसको फल प्राप्त भइरहेको बताउनुभयो । “अब च्याम्पियन अर्जेन्टिनासँगको खेल रोमाञ्चक हुने छ । आज जितको खुसीमा छौँ, भोलिदेखि अर्जेन्टिनासँगको खेलमा केन्द्रित हुने छौँ,” प्रशिक्षक याकिनले भन्नुभयो । यसै गरी गोलरक्षक कोबेलले स्विट्जरल्यान्ड जस्तो सानो देशका लागि यो ठुलो सफलता हो र विश्वकपको अन्तिम आठमा पुग्नु अविश्वसनीय भएकाले गौरवान्वित छौँ भन्नुभयो । एपी

# ओनाना विश्वकपबाट बाहिर



**वासिङ्टन,** असार २४ गते । बेल्जियमका मिडफिल्डर अमाडोउ ओनानाले विश्वकपका आगामी खेल खेल्न नसक्ने हुनुभएको छ । खेलको १९ औँ मिनेटमा अमेरिकाविरुद्ध ४–१ ले जित हात पारेको खेलमा ओनानाको दायाँ घुँडामा चोट लागेको थियो ।

बेल्जियम फुटबल महासङ्घले विज्ञप्ति प्रकाशित गरी ओनानाले खेल्न नसक्ने जानकारी दिएको छ । टिम चिकित्सक ब्रामहम हासिनले यो ओनानाका लागि मात्र होइन बेल्जियमकै लागि दुःखद समाचार हो भन्नुभयो । २४ वर्षीय ओनानाले यस विश्वकपमा चार र पछिल्लो विश्वकपमा दुई खेल खेल्नुभएको छ । ओनाना प्रिमियर लिग क्लब एस्टन भिल्लाका लागि खेल्नुहुन्छ । बेल्जियमले सेमिफाइनलमा स्थान बनाउनका लागि फ्रान्सविरुद्ध खेल्दै छ । एपी

## आजको राशिफल



डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

**मेष** – मिष्ठान्न लाभ हुने छ । सकारात्मक ऊर्जाले दिन सार्थक र सुखद बन्ने देखिन्छ ।

**वृष** – शत्रुपक्ष सबल रहने छन् । खर्च वृद्धिका साथै स्वास्थ्य पनि प्रतिकूल रहन सक्ने देखिन्छ ।

**मिथुन** – श्रीवृद्धि हुने छ । कार्यक्षेत्रमा उन्नतिका साथै सुखद यात्राका योग देखिन्छन् ।

**कर्कट** – पारिवारिक सुख मिल्ने छ । अध्ययनमा रुचिका साथै आर्थिक लाभ हुने छ ।

**सिंह** – व्यापारमा वृद्धि हुने छ । मित्र सुखका साथै वैदेशिक क्षेत्रबाट लाभ हुने छ ।

**कन्या** – आर्थिक पक्ष अस्थिर रहन सक्ने छ । शत्रु भयका साथै मित्र हानिका योग देखिन्छन् ।

**तुला** – भौतिक वस्तु लाभ हुने छ । अध्ययनमा सफलता मिल्नुका साथै यात्राका योग देखिन्छन् ।

**वृश्चिक** – वैदेशिक क्षेत्र सुखद रहने छ । कार्य लाभका साथै कलात्मक पक्ष सबल रहने छ ।

**धनु** – प्रिय लाभ हुने छ । कीर्ति वृद्धिका साथै व्यवसायमा सफलता मिल्ने छ ।

**मकर** – आलोचक बढ्ने छन् । शत्रु भयका साथै कार्यप्रभावकारितामा कमी रहन सक्ने छ ।

**कुम्भ** – आर्थिक लाभ हुने छ । कान्ति वृद्धिका साथै पारिवारिक सुख मिल्ने छ ।

**मीन** – भौतिक सुख मिल्ने छ । द्रव्य लाभका साथै पारिवारिक सुख मिल्ने छ ।

# नेपाली फुटबल प्रशिक्षक एरेनाको राजीनामा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

नेपाली राष्ट्रिय पुरुष फुटबल टिमका प्रशिक्षक गुग्लिएल्मो एरेनाले बुधबार राजीनामा दिनुभएको छ । अन्तर्राष्ट्रिय फुटबल महासङ्घ फिफाले नेपालमाथि प्रतिबन्ध लगाएपछि एरेनाले आफ्नो पद छोड्ने घोषणा गर्नुभएको हो ।

उहाँले सामाजिक सञ्जालमार्फत लेख्नुभएको छ, “फिफाले प्रतिबन्ध लगाएको स्थितिमा मैले नेपालमा गर्न खोजेको फुटबल विकासका योजनालाई अगाडि बढाउन नसक्ने स्थिति आयो । त्यसैले यस पदमा बसेर केही गर्न नसक्ने भएपछि यो निर्णय गरेको छु ।” उहाँले नेपालको फुटबलमा अहिलेको स्थिति धेरै निराशाजनक छ र नेपाली फुटबल गतिविहीन अवस्थामा पुगेको छ भन्नुभएको छ ।



नेपाली फुटबल र खेलाडीको भविष्यको चिन्ता व्यक्त गर्दै उहाँले फुटबलमा पर्याप्त काम गर्न नपाएकोमा दुःख पनि व्यक्त गर्नुभयो । नेपालले एरेनाको नेतृत्वमा एक खेल मात्र खेलेको छ । पछिल्लो मार्च २६ तारिखमा नेपालले एसिया कप छनोट तेस्रो चरणको अन्तिम खेलमा लाओसको सामना गरेको थियो । भियतनाममा भएको सो खेलमा नेपाल १–० ले पराजित भएको थियो ।

# ब्याडमिन्टन बाँकेको अध्यक्षमा डा. कुमार

**धम्बोझी समाचारदाता**
*धम्बोझी, असार २४ गते*

डा. कुमारसान शाहको अध्यक्षतामा बाँके जिल्ला ब्याडमिन्टन सङ्घको नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको छ । नेपालगन्जमा भएको सङ्घको आठौँ साधारण सभा तथा अधिवेशनबाट सङ्घको उपाध्यक्षमा सिद्धान्तजङ्ग राणा, भक्त गोदार, कमल थापा र अजय कनोडिया निर्विरोध निर्वाचित हुनुभयो ।

सचिवमा विवेक श्रेष्ठ, सहसचिवमा दीपकध्वज शाही, कोषाध्यक्षमा प्रकाश माझी चुनिनुभयो । सदस्यहरूमा अनिल लाखे, ईश्वर श्रेष्ठ, प्राणसान शाह, हिमालयन शाह, त्रिदीप श्रेष्ठ, राकेश केसी, प्रसिद्ध ढकाल, सोनु अलि सिद्धिकी, मनोज चपाई, जनार्दन मल्ल, शशि स्वाँर, खगेन्द्र रोकाय, प्रेमसागर विक, जीवन केसी, सूर्य श्रेष्ठ, विश्वनाथ योगी, शशिप्रकाश बटाला, मानबहादुर थापा, इरफान अन्सारी र श्यामसुन्दर अधिकारी विजयी हुनुभयो ।

# फ्रान्ससँग बदला लिने दाउमा मोरक्को

**बोस्टन,** असार २४ गते । विश्वकपमा उपाधि दाबेदारीका लागि अब आठ टोली बाँकी छन् । विश्वकप सुरु हुनुअघिको फिफा वरीयतामा रहेका शीर्ष चार टिम क्वाटरफाइनलमा पुगेका छन् । यसै गरी शीर्ष १० मा रहका अन्य टिम पनि छन् ।

यी देशमध्ये फ्रान्सलाई सबभन्दा बढी २–१ को भाउ दिइएको छ । त्यसपछि बेटिङ रेटिङमा स्पेन र गत विजेता अर्जेन्टिना (७–२), इङ्ग्ल्यान्ड ९–२, नर्वे १४–१ तथा बेल्जियम, स्विट्जरल्यान्ड र मोरक्को २८–१ मा छन् ।

पहिलो क्वाटरफाइनल बिहीबार मध्यराति फ्रान्स र मोरक्कोबिच बोस्टन रङ्गशालामा हुने छ । फ्रान्सले समूह खेलमा प्रभुत्व जमाएको छ । प्रशिक्षक डिडियर डेस्च्याम्पका लागि मोरक्को यस विश्वकपमा पहिलो ठुलो परीक्षाभन्दा हुन्छ । सो खेल पछिल्लो संस्करणको सेमिफाइनलको पुनरावृत्ति पनि हो । कतारमा भएको विश्वकपमा फ्रान्सले मोरक्कोको ऐतिहासिक यात्रा अन्तिम चारमा समाप्त पारेको थियो । त्यसैले मोरक्को बदला लिने दाउमा पनि रहने छ । सो समय मोरक्कोको सो यात्रा आश्चर्यजनक थियो तर अहिले मोरक्कोलाई पनि यस विश्वकपमा हेभिवेट टिमका रूपमा लिइएको छ । मोरक्को यसपालि उपाधि जित्ने लक्ष्यसहित नै विश्वकपमा आएको हो ।

समूह चरणमा १० गोल गरेपछि फ्रान्सले अन्तिम ३२ मा स्विडेनलाई पनि ३–० ले हराएको थियो । त्यसपछि अन्तिम १६ मा पाराग्वेविरुद्धको सङ्घर्षपूर्ण १–० को जित प्राप्त गऱ्यो । सो खेलमा केलियन एम्बापेले आफ्नो १९ औँ विश्वकप गोल गर्नुभयो । पछिल्लो संस्करणमा सेमिफाइनल खेलेको मोरक्को पनि सानदार लयमा रहेको छ । पहिलो खेलमै ब्राजिललाई दबाबमा राखेर बराबरीमा खेलेको मोरक्को अन्तिम ३२ मा नेदरल्यान्ड्सलाई टाइब्रेकर र त्यसपछि सहआयोजक क्यानडाको चुनौती ३–० ले समाप्त पारेर अन्तिम आठमा पुगेको हो ।

त्यसैले फ्रान्सलाई मोरक्कोविरुद्धको खेल सहज भने हुने छैन । मोहम्मद ओहबीको प्रशिक्षकत्वमा रहेको मोरक्कोले यस प्रतियोगितामा दबाब सहने मात्र होइन बल धेरै जसो आफ्नो खुट्टामा राख्ने तथा गति र सटिकताका साथ विपक्षीको डिफेन्स छिन्नभिन्न पार्न सक्ने क्षमता देखाएको छ । त्यसैले बिहीबार दुई स्तरीय आक्रामक टिमबिच रोमाञ्चक भिडन्त हुने सम्भावना रहेको छ ।





एम्बापे, ओसमान डेम्बेले, मइकल ओलिस र ब्राडली बार्कोलाका रूपमा फ्रान्ससँग यस विश्वपकपको सबभन्दा खतरनाक अग्रपङ्क्ति रहेको छ । २७ वर्षीय एम्बापे मोरक्कोविरुद्धको खेलमा गोल गरेर गोल्डेन बुटको दाबेदारीलाई बलियो बनाउने प्रयास गर्नुहुने छ । सात गोल गरेका एम्बापे सर्वाधिक गोलकर्ता लियोनेल मेसीभन्दा एक गोलले मात्र पछाडि हुनुहुन्छ । एम्बापेले विश्वकपको सर्वकालीन सर्वाधिक गोलकर्ता मेसीको २१ गोललाई पनि पछ्याउँदै हुनुहुन्छ । एम्बापेले विश्वकपमा १९ गोल गरिसक्नुभएको छ । फ्रान्सका लागि डेम्बेलेले पनि चार गोल र दुई एसिस्ट गर्नुभएको छ । उहाँले नर्वेविरुद्ध ह्याट्रिक गर्नुभएको थियो ।

यसबिच मोरक्कोको सङ्गठित खेल र आफूमाथिको विश्वासले फ्रान्सलाई पनि समस्यामा पार्न सक्छ । फिफा वरीयतामा छैटौँ स्थानमा रहेको मोरक्कोको टिममा पेरिस सेन्ट जर्मनलाई दुई पटक च्याम्पियन्स लिग जिताउने असरफ हकिमीसँगै रियल म्याड्रिडका मिडफिल्डर ब्राहिम डियाज, रियल म्याड्रिडका गोलरक्षक यासिन बोनोउ, म्यान्चेस्टर युनाइटेडका डिफेन्डर नोसर माजरावोई र युसुफ एन नेस्री जस्ता विश्वस्तरीय खेलाडी पनि छन् ।

क्वाटरफाइनलमा मोरक्कोको टिम प्रमुख स्ट्राइकर इस्माल साइबारीले खेल्ने सम्भावना निकै कम छ । नेदरल्यान्ड्सलाई हराउँदा नायक बनेका साइबारी दुरुस्त हुनुहुन्न । फ्रान्स पनि घाइते मिडफिल्डर अउरिलिन चोउमेनीबिना नै मैदानमा उत्रने देखिन्छ ।

अहिलेसम्म यी दुई टिमबिच पाँच पटक भिडन्त भएका छन् । जसमध्ये फ्रान्सले तीन खेल जितेको छ भने दुई खेल बराबरीमा सकिएका थिए । एजेन्सी

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल असार २५ गते (जुलाई ९, २०२६) बिहीबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५२।६० | १५३।२० |
| युरो | १ को रु. | १७४।०७ | १७४।७६ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०३।६५ | २०४।४५ |
| स्विस फ्रैङ्क | १ को रु. | १८८।८५ | १८९।५९ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०५।६० | १०६।०१ |
| क्यानेडियन डलर | १ को रु. | १०७।७८ | १०८।२० |
| सिङ्गापुर डलर | १ को रु. | ११७।९२ | ११८।३९ |
| जापानी येन | १० को रु. | ९।३९ | ९।४३ |
| चिनियाँ युआन | १ को रु. | २२।४४ | २२।५३ |
| साउदी अरब रियाल | १ को रु. | ४०।६४ | ४०।८० |
| कतारी रियाल | १ को रु. | ४१।८६ | ४२।०२ |
| थाई भाट | १ को रु. | ४।५६ | ४।५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।५५ | ४१।७१ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३७।४३ | ३७।५८ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।११ | १०।१५ |
| स्विडिस क्रोनर | १ को रु. | १५।७२ | १५।७९ |
| डेनिस क्रोनर | १ को रु. | २३।२९ | २३।३८ |
| हङकङ डलर | १ को रु. | १९।४७ | १९।५४ |
| कुवेती दिनार | १ को रु. | ४९५।८६ | ४९७।८१ |
| बहराइन दिनार | १ को रु. | ४०४।७२ | ४०६।३१ |
| ओमानी रियाल | १ को रु. | ३९६।३३ | ३९७।८९ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

**गोरखापत्र संस्थान**का लागि महाप्रबन्धक **हिक्मतबहादुर रावल**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

१२६ वर्ष प्रवेश

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com










वर्ष १२६ | अङ्क ६४ | २०८३ साल असार २५ गते बिहीबार | आषाढ कृष्ण नवमी | नेपाल संवत् ११४६ तछलागा ९ | 2026 July 9 Thursday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


मन्त्रीपरिषद् निर्णय

## मुख्य सचिवमा कार्की

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

नेपाल सरकारको मुख्य सचिवमा गोविन्दबहादुर कार्की नियुक्त हुनुभएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्री कार्यालयका सचिव कार्कीलाई मुख्य सचिव नियुक्त गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो।

मुख्य सचिव सुमनराज अर्याल यही असार २६ गते अनिवार्य अवकाशमा जान लाग्नुभएकाले कार्कीलाई मुख्य सचिव नियुक्त गरिएको हो। विसं २०२७ पुस २५ गते भोजपुर जिल्लामा जन्मिनुभएका कार्की २०८५ सालमा अनिवार्य अवकासमा जानुहुने छ। विसं २०४६ मा खरिदार पदबाट निजामती सेवामा प्रवेश गर्नुभएका उहाँ २०५३ मा शाखा अधिकृत, २०६२ मा उपसचिव, २०७० मा सहसचिव हुँदै


गोविन्दबहादुर कार्की

२०८१ मा सचिवमा बढुवा हुनुभएको थियो। वाणिज्य, जनप्रशासन र मानविकी तथा समाजशास्त्र गरी तीन विषयमा उहाँले स्नातकोत्तर गर्नुभएको छ।

### उपत्यका विकास प्राधिकरणमा शाक्य

मन्त्रीपरिषद्ले काठमाडौँ उपत्यका विकास प्राधिकरणको विकास आयुक्तमा काठमाडौँका सुरज शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री पोखरेलले जानकारी दिनुभयो । यस्तै कैलालीको गेटा अस्पताललाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको जानकारी उहाँले दिनुभयो।

कारागार नियमावली, २०८३ स्वीकृत गर्ने, विदेशी शैक्षिक कार्यक्रम सञ्चालन र नियमन नियमावली, २०८३ स्वीकृत गर्ने, शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन र व्यवस्थापन नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय मन्त्रीपरिषद् बैठकले गरेको छ । मानव अधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने र भ्रष्टाचारविरुद्धको दोस्रो रणनीतिक योजना स्वीकृत गर्ने निर्णय भएको मन्त्री पोखरेलले बताउनुभयो।

प्रधानमन्त्रीद्वारा उद्योग व्यवसायीसँग छलफल

# निजी क्षेत्र उत्साहित



- प्रधानमन्त्रीद्वारा मुलुकको आर्थिक गतिविधि चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा विस्तृत छलफल ।
- निजी क्षेत्रका लागि नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्ने विषयमा छलफल केन्द्रित ।
- निजी क्षेत्रका समस्या समाधानकेन्द्रित हुने गरी भएको छलफलले उद्यमी व्यवसायीलाई उत्प्रेरित गर्नुको साथै व्यावसायिक वातावरण निर्माण हुनेमा विश्वास जागृत ।

**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, असार २४ गते*

व्यावसायिक मनोबलको खोजीमा रहेको नेपालको निजी क्षेत्र बुधबार प्रधानमन्त्री वालेन्द्र शाहलाई भेटेपछि उत्साही बनेको छ। भेटमा प्रधानमन्त्री शाहले सरकार व्यावसायिक वातावरण निर्माणमा प्रतिबद्ध रहेको जनाएपछि निजी क्षेत्र उत्साही बनेको हो।

निजी क्षेत्रका प्रतिनिधिमूलक प्रमुख संस्थाका प्रमुख पदाधिकारीहरूलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा आमन्त्रण गरी अन्तर्क्रिया गर्दै प्रधानमन्त्री शाहले नेपालको निजी क्षेत्र मुलुकको अर्थतन्त्रलाई गति दिन नेतृत्वदायी भूमिका (ड्राइभिङ सिट) मै रहने बताउनुभयो।

सरकार गठनपश्चात् पहिलो पटक भएको यो तहको छलफलमा प्रधानमन्त्री शाहको अभिव्यक्तिले आफूहरूमा थप उत्साह र सकारात्मक ऊर्जा थपेको सहभागी नेतृत्वले प्रतिक्रिया दिएका छन् । सरकार गठनपश्चात्का प्रारम्भिक दिनमा सुशासनका गतिविधिमा केन्द्रित रहँदै आउनुभएका प्रधानमन्त्री शाहले समृद्धिकेन्द्रित गतिविधि बढाउने उद्देश्यका साथ बुधबार निजी क्षेत्रका प्रमुख छाता सङ्गठनका पदाधिकारीसँग छलफल गर्नुभएको हो।

प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा प्रधानमन्त्री शाहले मुलुकको आर्थिक गतिविधिलाई चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा विस्तृत छलफल गर्नुभएको थियो। यी विषयमा निजी क्षेत्र सरकारको महत्त्वपूर्ण साझेदार रहेको प्रधानमन्त्री शाहको भनाइ थियो। यसबाहेक निजी क्षेत्रका लागि नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्ने विषयमा प्रधानमन्त्रीले विस्तृत छलफल गर्नुभएको सचिवालयले जनाएको छ।

"प्रधानमन्त्री शाहले देशको आर्थिक विकास, लगानी विस्तार, रोजगारी सिर्जना र उत्पादन वृद्धिमा निजी क्षेत्र सरकारको महत्त्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीले भोगिरहेका व्यावहारिक समस्या समाधान गर्न सरकार तयार रहेको बताउनुभयो," सचिवालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

नेपालको निजी क्षेत्र र अर्थतन्त्रले कोरोना महामारीपश्चात् करिब छ वर्षदेखि क्रमिक रूपमा शिथिलता भोग्दै आएको हो। सुस्त आर्थिक वृद्धिदर, बजारमागमा कमी, नयाँ लगानी अभाव हुँदै अन्ततः खस्केको मनोबल बोक्दै आएको समीक्षा हुने गरेको छ। बैङ्क तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य पुँजी र ऋणको ब्याजदर ऐतिहासिक रूपमै न्यून रहँदा पनि ठुला तथा नयाँ लगानी सिर्जना हुन सकेको छैन। जेनजी आन्दोलनका क्रममा भएको क्षतिपश्चात् निजी क्षेत्रले आफ्नो मनोबल खस्केको अभिव्यक्ति दिँदै आएका छन् । यो परिस्थितिलाई चिर्ने मनसायसहित प्रधानमन्त्री स्वयम्ले निजी क्षेत्रसँग संवादमा सरिक हुँदा निजी क्षेत्रले उत्साहको अनुभव गरेको हो।

"सरकार गठन भएको लामो समयपछि प्रधानमन्त्रीज्यूसँग धेरै राम्रो छलफल भयो," नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्नुभयो, "हामीले भोग्दै आएका समस्या र समाधानका विषयका छलफलका अतिरिक्त निजी क्षेत्र अर्थतन्त्रमा ड्राइभिङ रोलमै रहन्छ भन्नेलगायत प्रधानमन्त्रीका विचारले नयाँ उत्साह थपेको छ।"

अग्रवालका अनुसार प्रधानमन्त्री शाहले निजी क्षेत्रमाथि धरपकड गर्ने सरकारको कुनै नीति नरहेको स्पस्ट पार्नुभएको थियो। छलफलमा सहभागी उद्यमी व्यवसायीहरूले आर्थिक अपराधका मुद्दामा अग्रिम जमानतको कानुनी व्यवस्था, प्रक्रियागत जटिलता हटाउने गरी फास्ट ट्र्याकमा कानुन संशोधन, समस्या समाधानमुखी सनसेट ल (आवधिक कानुन) लगायत आवश्यकताबारे प्रधानमन्त्री शाहलाई जानकारी गराएका थिए।


» बाँकी पष्ठ २ मा


# अध्यादेश जोगाउन समयको दबाब

**इश्वरचन्द्र झा**
*काठमाडौँ, असार २४ गते*

राष्ट्रिय सभाले प्रतिवेदनसहितको विधेयक निर्णयार्थ पेस गरी पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने तथा प्रतिनिधि सभाले समेत सो विषयलाई स्वीकार वा अस्वीकार गरेपछि सभामुखले प्रमाणित गरेर बिहीबार नै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ ।

अध्यादेशको निरन्तरता कायम राख्न राष्ट्रपतिबाट प्रमाणीकरण हुनुपर्ने अन्तिम दिन राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले अध्यादेश प्रतिस्थापन गर्ने चार वटा विधेयकमाथि छलफल गर्दै छ । समयका दबाबबिच विधायन व्यवस्थापन समितिले एकै दिन चार वटा विधेयकमाथि छलफल टुङ्ग्याएर प्रतिवेदन तयार गरेर सभामा प्रस्तुत गर्नुपर्ने छ।

सभाले प्रतिवेदनसहितको विधेयक निर्णयार्थ पेस गरी पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने तथा प्रतिनिधि सभाले समेत सो विषयलाई स्वीकार वा अस्वीकार गरेपछि सभामुखले प्रमाणित गरेर बिहीबार नै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ।




राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलले राष्ट्रिय सभाको असार २५ गते बिहीबारको बैठकले चार वटै विधेयक पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाउने जानकारी दिनुभयो। सरकारले प्रतिनिधि सभामा वैशाख २५ गते र राष्ट्रिय सभामा वैशाख २८ गते आठ वटा अध्यादेश पेस गर्‍यो । तीमध्ये प्रतिनिधि सभाले चार वटा अध्यादेश प्रतिस्थापन विधेयक असार १८ गते पारित गरेर राष्ट्रिय सभामा पठायो।

राष्ट्रिय सभाका सचिव कँडेलले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ राष्ट्रिय सभामा असार १९ गते टेबुल गर्नुभयो । सभाको मङ्गलबारको बैठकले सैद्धान्तिक छलफलपछि सम्बन्धित मन्त्रीको प्रस्तावमा चार वटै विधेयक विधायन व्यवस्थापन समितिमा पठाउने प्रस्ताव स्वीकृत गर्‍यो । प्रतिनिधि सभाले समेत चार वटै विधेयकमा संशोधन गरेको छ।

राष्ट्रिय सभामा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रतिनिधित्व छैन । ठुलो दल नेपाली कांग्रेस हो । दोस्रो ठुलो दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) हो । यसअघि नेपाली कांग्रेस र नेकपाको समर्थनमा राष्ट्रिय सभाबाट सत्तारूढ दल रास्वपाले विधेयक, सरकारको नीति तथा कार्यक्रम र विनियोजन विधेयकहरू पारित गराउन सफल भएकोमा अध्यादेश प्रतिस्थापन विधेयकमा प्रमुख दुई दलले संशोधनलाई स्वीकार गर्नुपर्ने अडान राखेपछि समितिमा पठाउनु परेको हो।

विधायन व्यवस्थापन समितिको पहिलो बैठक बिहीबार बिहान ८ बजे बस्ने छ। जसमा सम्पत्ति शुद्धीकरण निवारण विधेयकमाथि परेको संशोधनबारे छलफल हुने छ। दोस्रो बैठक बिहान १० बजेर ३० मिनेटमा राखिएको छ। सो बैठकमा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक, २०८३ माथि छलफल हुने छ। दिउँसो १ बजेर ४० मिनेटमा बस्ने बैठकले सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३ र अपराह्न ५ बजेका लागि निर्धारित बैठकले सहकारी (पहिलो संशोधन) विधेयक, २०८३ माथि छलफल गर्ने छ।

सङ्घीय संसद् सचिवालयले भने असार २५ गते मध्याह्न १२ बजेर १५ मिनेटमा बस्ने बैठकमा चार वटै विधेयकसँग सम्बन्धित समितिको प्रतिवेदनहरू सभासमक्ष पेस गरिने कार्यसूची तय गरेको छ । विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया हुनुहुन्छ। समितिका सचिव झलक शर्मा सापकोटाले चार वटै विधेयक सम्बन्धमा आन्तरिक तयारीका लागि बुधबारसमेत छलफल भएको र बिहीबार संशोधनको


» बाँकी पष्ठ २ मा


# इरानसँगको युद्धविराम समाप्त भएको घोषणा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*



अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग भएको युद्धविराम अब समाप्त भएको घोषणा गर्दै तेहरानसँग थप कुनै सम्झौता गर्ने इच्छा नरहेको बताउनुभएको छ। अमेरिकी सेनाले इरानमा मङ्गलबार राति आक्रमण गरेपछि र त्यसको जवाफमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारलाई लक्षित गरी आक्रमण गरेको दाबी सार्वजनिक भएका बेला ट्रम्पको यो अभिव्यक्ति आएको हो।

टर्किएको राजधानी अङ्कारामा जारी नेटो शिखर सम्मेलनका क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानसँगको युद्धविराम अब आफ्नो दृष्टिमा समाप्त भइसकेको स्पष्ट पार्नुभयो । उहाँले इरानी नेतृत्वमाथि कडा टिप्पणी गर्दै तेहरानसँग अब वार्ताको कुनै औचित्य नरहेको धारणा व्यक्त गर्नुभएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

ट्रम्पले इरानसँग थप सम्झौता गर्ने चाहना नरहेको बताउँदै तेहरानले आणविक हतियार प्राप्त गरे त्यसको प्रयोग गर्न पछि नपर्ने आरोप पनि लगाउनुभयो। उहाँले इरानी नेतृत्वलाई अविश्वसनीय र हिंसात्मक प्रवृत्तिको भएको आरोप लगाउँदै आफू अब उनीहरूसँगको वार्तालाई समयको बर्बादी ठान्ने बताउनुभयो। उहाँले आफ्ना विशेष दूत स्टिभ विटकफ र ज्वाइँ जारेड कुसनर इरानसँग सम्पर्कमा रहे पनि वार्ता पुनः सुरु गर्ने कि नगर्ने निर्णय अब तेहरानकै हातमा रहेको उल्लेख गर्नुभयो।

ट्रम्पले गत जुन १७ मा वासिङ्टन र तेहरानबिच भएको युद्धविरामसम्बन्धी सहमतिलाई इरानले पटक पटक गलत रूपमा प्रस्तुत गरेको आरोपसमेत लगाउनुभयो। उहाँका अनुसार दुवै पक्षबिच इरानले आणविक हतियार विकास नगर्ने विषयमा सहमति भए पनि इरानले त्यसलाई सार्वजनिक रूपमा अस्वीकार गर्दै आएको छ। राष्ट्रपति ट्रम्पको युद्धविराम समाप्त



भएको घोषणापछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले बढेको छ।

### इरानमाथि हवाई आक्रमण

स्ट्रेट अफ हर्मुजमा तीन वटा व्यापारिक जहाजमाथि भएको आक्रमणपछि अमेरिकाले बुधबार बिहान इरानका सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ । यससँगै इरानले बहराइन र कुवेतलाई लक्षित गरी क्षेप्यास्त्र प्रहार गरेको छ।

अमेरिकी सेनाले तेहरानले अन्तर्राष्ट्रिय जलमार्गमा सञ्चालित तीन व्यापारिक जहाजलाई लक्ष बनाएपछि जवाफी कारबाही गरिएको जनाएको छ । आक्रमणसँगै वासिङ्टनले अन्तरिम सम्झौता अन्तर्गत इरानलाई खुला रूपमा कच्चा तेल बिक्री गर्न दिइएको अनुमति पनि रद्द गरेको छ । इरानले भने अमेरिकाको कदमको कडा विरोध गर्दै आफूले आवश्यक ठानेका सबै उपाय अपनाउने चेतावनी दिएको छ।


» बाँकी पष्ठ २ मा


# भनसुनले अब हुँदैन सरुवा

डिजिटल सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै भनसुन र पहुँचका भरमा हुँदै आएको कर्मचारी सरुवा प्रणालीको अहिले अन्त्य भएको हो ।

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, असार २४ गते*



कर्मचारी सरुवामा भनसुन र पहुँचका भरमा आफू अनुकूलको कार्यालयमा सरुवा हुने परम्परा अब अन्त्य भएको छ। लामो समयदेखि झाँगिँदै आएको सरुवाको बेथिति नियन्त्रण गर्न सरकारले सरुवा प्रक्रियालाई पूर्ण रूपमा प्रविधिमैत्री बनाएसँगै पहुँचका भरमा हुने कर्मचारी सरुवाको परम्परा अन्त्य भएको हो।

निश्चित अवधि पुगेपछि अनलाइन प्रणालीले नै कर्मचारीको सरुवा गर्नेबारे अवगत गराउने गर्छ, जसले गर्दा दबाब र प्रभावका आधारमा अवधि नपुग्दै कर्मचारी सरुवा गर्ने अभ्यास अहिले पूर्णत बन्द भएको छ। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत सातादेखि कार्यान्वयनमा ल्याएको डिजिटल सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै अहिले भनसुन र पहुँचका भरमा हुँदै आएको कर्मचारी सरुवा प्रणालीको अन्त्य भएको हो।

सरकारले कार्यान्वयनमा ल्याएको शासकीय सुधार अन्तर्गत एक सय कार्यसूचीमा कर्मचारी सरुवा प्रणालीलाई प्रविधिमैत्री बनाउने उल्लेख भए अनुसार मन्त्रालयले कर्मचारी सरुवा प्रणालीलाई सफ्टवेयरको माध्यमबाट अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा ल्याएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका सहसचिव धोलकराज ढकालले भन्नुभयो, "अहिले कर्मचारी सरुवामा कुनै भनसुन र पहुँच चल्दैन। आफूले जान चाहेको सम्भावित कार्यालय रोजेपछि उक्त कार्यालयमा दरबन्दी भएमा स्वतः सरुवा हुने सफ्टवेयर प्रणालीको व्यवस्था गरिएको छ।"

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले यसअघिदेखि नै कर्मचारी प्रशासनलाई पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बनाउने सरकारको नीति अनुसार डिजिटल सरुवा प्रणालीलाई प्राथमिकताका साथ अगाडि बढाउने बताउँदै आउनुभएको थियो। सहसचिव ढकालका अनुसार अहिले कर्मचारी सरुवाका लागि मन्त्रालयमा कुनै भिडभाड छैन । रोजेको र खोजेको कार्यालयमा दरबन्दी रिक्त भए प्रणालीले नै स्वतः सरुवा गर्छ। यसअघि कर्मचारी एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा हुन दुर्गम जिल्लाका कार्यालयबाट काठमाडौँ आई महिनौँसम्म होटलमा बसेर सरुवा हुन शक्तिकेन्द्र धाउनुपर्ने बाध्यता थियो।

ढकालले थप्नुभयो, "अहिले अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै सरुवा प्रणालीमा हुँदै आएको प्रक्रियागत ढिलाइ घटेको छ । सरुवामा पारदर्शिता अभिवृद्धि भएको छ। सरुवा प्रणालीप्रति कर्मचारीको विश्वास बढेको छ।" प्रणाली कार्यान्वयनमा आएको यस अवधिमा २७ जना कर्मचारीको अनलाइन प्रणालीबाटै सरुवा भइसकेको मन्त्रालयले जनाएको छ। नौ सय जना कर्मचारीले अनलाइन प्रणालीबाटै सरुवाका लागि निवेदन दिएको उहाँले स्पष्ट पार्नुभयो।

### कर्मचारीको डिजिटल प्रोफाइल

अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै कर्मचारीको डिजिटल प्रोफाइल तयार भएको छ । कर्मचारीका व्यक्तिगत तथा सेवासम्बन्धी विवरण सम्बन्धित प्रणालीसँग प्रत्यक्ष वा एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपिआई)


» बाँकी पष्ठ २ मा


## कर्मचारी आचारसंहिता सार्वजनिक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

कर्मचारीले सेवा प्रवाह गर्ने क्रममा सेवाग्राहीलाई अनावश्यक प्रक्रियागत ढिलाइ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने गरी कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता सार्वजनिक गरिएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस्तो आचारसंहिता सार्वजनिक गरेको हो। कार्यालय समयमा बाहिर जानुपर्दा सुपरिवेक्षकको अनुमति लिई लग बुक भरेर मात्र जाने र त्यसरी बाहिर जाँदा आफू अन्तर्गतका शाखा, महाशाखा र कर्मचारीलाई जानकारी गराई सेवाको निरन्तरता सुनिश्चित हुनुपर्ने आचारसंहितामा उल्लेख गरिएको छ।

कर्मचारीले कार्यसम्पादन गर्ने क्रममा कुनै समस्या देखिएमा समाधानका लागि अधिकतम प्रयास गर्नुपर्ने छ । कर्मचारीले कुनै पनि प्रकारको अनुचित दबाब, प्रभाव र प्रलोभनबाट मुक्त भई निष्पक्ष रूपमा कार्य गर्नुपर्ने पनि आचारसंहिता बनाइएको छ।

आफ्नो नाममा रहेको बेरुजु समयमा नै फर्स्योट गर्नुपर्ने, सेवाग्राही तथा सम्बन्धित सरोकारवालालाई कामको सिलसिलामा कार्यस्थलभन्दा बाहिर भेटघाट गर्न नहुने, प्रत्यक्ष रूपमा निजी स्वार्थ जोडिने गरी निर्णय गर्न नहुने, सरकारी सम्पत्तिको प्रयोग सरकारी कामबाहेक अन्य काममा प्रयोग गर्न नहुने गरी सरकारले कर्मचारीका लागि आचारसंहिता बनाइएको मन्त्रालयले जनाएको छ।

राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com




कोहलपुर संस्करण | विचार | बिमा उत्थानका उपाय | प्रशासनिक व्यवस्थापनले बजेट ल्याउन सहज १९

वर्ष १२६ | अङ्क ६४ | २०८३ साल असार २५ गते बिहीबार | आषाढ कृष्ण नवमी | नेपाल संवत् ११४६ तछलागा ९ | 2026 July 9 Thursday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

मन्त्रीपरिषद् निर्णय

## मुख्य सचिवमा कार्की

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

नेपाल सरकारको मुख्य सचिवमा गोविन्दबहादुर कार्की नियुक्त हुनुभएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रीपरिषद् बैठकले प्रधानमन्त्री कार्यालयका सचिव कार्कीलाई मुख्य सचिव नियुक्त गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो।

मुख्य सचिव सुमनराज अर्याल यही असार २६ गते अनिवार्य अवकाशमा जान लाग्नुभएकाले कार्कीलाई मुख्य सचिव नियुक्त गरिएको हो। विसं २०२७ पुस २५ गते भोजपुर जिल्लामा जन्मिनुभएका कार्की २०८५ सालमा अनिवार्य अवकासमा जानुहुने छ। विसं २०४६ मा खरिदार पदबाट निजामती सेवामा प्रवेश गर्नुभएका उहाँ २०५३ मा शाखा अधिकृत, २०६२ मा उपसचिव, २०७० मा सहसचिव हुँदै


गोविन्दबहादुर कार्की

२०८१ मा सचिवमा बढुवा हुनुभएको थियो। वाणिज्य, जनप्रशासन र मानविकी तथा समाजशास्त्र गरी तीन विषयमा उहाँले स्नातकोत्तर गर्नुभएको छ।

### उपत्यका विकास प्राधिकरणमा शाक्य

मन्त्रीपरिषद्ले काठमाडौँ उपत्यका विकास प्राधिकरणको विकास आयुक्तमा काठमाडौँका सुरज शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री पोखरेलले जानकारी दिनुभयो । यस्तै कैलालीको गेटा अस्पताललाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको जानकारी उहाँले दिनुभयो।

कारागार नियमावली, २०८३ स्वीकृत गर्ने, विदेशी शैक्षिक कार्यक्रम सञ्चालन र नियमन नियमावली, २०८३ स्वीकृत गर्ने, शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन र व्यवस्थापन नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय मन्त्रीपरिषद् बैठकले गरेको छ । मानव अधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने र भ्रष्टाचारविरुद्धको दोस्रो रणनीतिक योजना स्वीकृत गर्ने निर्णय भएको मन्त्री पोखरेलले बताउनुभयो।

प्रधानमन्त्रीद्वारा उद्योग व्यवसायीसँग छलफल

# निजी क्षेत्र उत्साहित



- प्रधानमन्त्रीद्वारा मुलुकको आर्थिक गतिविधि चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा विस्तृत छलफल ।
- निजी क्षेत्रका लागि नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्ने विषयमा छलफल केन्द्रित ।
- निजी क्षेत्रका समस्या समाधानकेन्द्रित हुने गरी भएको छलफलले उद्यमी व्यवसायीलाई उत्प्रेरित गर्नुको साथै व्यावसायिक वातावरण निर्माण हुनेमा विश्वास जागृत ।

**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, असार २४ गते*

व्यावसायिक मनोबलको खोजीमा रहेको नेपालको निजी क्षेत्र बुधबार प्रधानमन्त्री वालेन्द्र शाहलाई भेटेपछि उत्साही बनेको छ। भेटमा प्रधानमन्त्री शाहले सरकार व्यावसायिक वातावरण निर्माणमा प्रतिबद्ध रहेको जनाएपछि निजी क्षेत्र उत्साही बनेको हो।

निजी क्षेत्रका प्रतिनिधिमूलक प्रमुख संस्थाका प्रमुख पदाधिकारीहरूलाई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा आमन्त्रण गरी अन्तर्क्रिया गर्दै प्रधानमन्त्री शाहले नेपालको निजी क्षेत्र मुलुकको अर्थतन्त्रलाई गति दिन नेतृत्वदायी भूमिका (ड्राइभिङ सिट) मै रहने बताउनुभयो।

सरकार गठनपश्चात् पहिलो पटक भएको यो तहको छलफलमा प्रधानमन्त्री शाहको अभिव्यक्तिले आफूहरूमा थप उत्साह र सकारात्मक ऊर्जा थपेको सहभागी नेतृत्वले प्रतिक्रिया दिएका छन् । सरकार गठनपश्चात्का प्रारम्भिक दिनमा सुशासनका गतिविधिमा केन्द्रित रहँदै आउनुभएका प्रधानमन्त्री शाहले समृद्धिकेन्द्रित गतिविधि बढाउने उद्देश्यका साथ बुधबार निजी क्षेत्रका प्रमुख छाता सङ्गठनका पदाधिकारीसँग छलफल गर्नुभएको हो।

प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा प्रधानमन्त्री शाहले मुलुकको आर्थिक गतिविधिलाई चलायमान एवं सशक्त बनाउने, उद्योग व्यवसाय सञ्चालनलाई थप सहज बनाउने, लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा विस्तृत छलफल गर्नुभएको थियो। यी विषयमा निजी क्षेत्र सरकारको महत्त्वपूर्ण साझेदार रहेको प्रधानमन्त्री शाहको भनाइ थियो। यसबाहेक निजी क्षेत्रका लागि नीतिगत तथा प्रक्रियागत अवरोध हटाउने, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने तथा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्ने विषयमा प्रधानमन्त्रीले विस्तृत छलफल गर्नुभएको सचिवालयले जनाएको छ।

"प्रधानमन्त्री शाहले देशको आर्थिक विकास, लगानी विस्तार, रोजगारी सिर्जना र उत्पादन वृद्धिमा निजी क्षेत्र सरकारको महत्त्वपूर्ण साझेदार रहेको उल्लेख गर्दै उद्योगी व्यवसायीले भोगिरहेका व्यावहारिक समस्या समाधान गर्न सरकार तयार रहेको बताउनुभयो," सचिवालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

नेपालको निजी क्षेत्र र अर्थतन्त्रले कोरोना महामारीपश्चात् करिब छ वर्षदेखि क्रमिक रूपमा शिथिलता भोग्दै आएको हो। सुस्त आर्थिक वृद्धिदर, बजारमागमा कमी, नयाँ लगानी अभाव हुँदै अन्ततः खस्केको मनोबल बोक्दै आएको समीक्षा हुने गरेको छ। बैङ्क तथा वित्तीय संस्थामा पर्याप्त लगानीयोग्य पुँजी र ऋणको ब्याजदर ऐतिहासिक रूपमै न्यून रहँदा पनि ठुला तथा नयाँ लगानी सिर्जना हुन सकेको छैन । जेनजी आन्दोलनका क्रममा भएको क्षतिपश्चात् निजी क्षेत्रले आफ्नो मनोबल खस्केको अभिव्यक्ति दिँदै आएका छन् । यो परिस्थितिलाई चिर्ने मनसायसहित प्रधानमन्त्री स्वयम्ले निजी क्षेत्रसँग संवादमा सरिक हुँदा निजी क्षेत्रले उत्साहको अनुभव गरेको हो।

"सरकार गठन भएको लामो समयपछि प्रधानमन्त्रीज्यूसँग धेरै राम्रो छलफल भयो," नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्नुभयो, "हामीले भोग्दै आएका समस्या र समाधानका विषयका छलफलका अतिरिक्त निजी क्षेत्र अर्थतन्त्रमा ड्राइभिङ रोलमै रहन्छ भन्नेलगायत प्रधानमन्त्रीका विचारले नयाँ उत्साह थपेको छ।"

अग्रवालका अनुसार प्रधानमन्त्री शाहले निजी क्षेत्रमाथि धरपकड गर्ने सरकारको कुनै नीति नरहेको स्पस्ट पार्नुभएको थियो। छलफलमा सहभागी उद्यमी व्यवसायीहरूले आर्थिक अपराधका मुद्दामा अग्रिम जमानतको कानुनी व्यवस्था, प्रक्रियागत जटिलता हटाउने गरी फास्ट ट्र्याकमा कानुन संशोधन, समस्या समाधानमुखी सनसेट ल (आवधिक कानुन) लगायत आवश्यकताबारे प्रधानमन्त्री शाहलाई जानकारी गराएका थिए।

» बाँकी पष्ठ २ मा

# अध्यादेश जोगाउन समयको दबाब

राष्ट्रिय सभाले प्रतिवेदनसहितको विधेयक निर्णयार्थ पेस गरी पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने तथा प्रतिनिधि सभाले समेत सो विषयलाई स्वीकार वा अस्वीकार गरेपछि सभामुखले प्रमाणित गरेर बिहीबार नै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ ।

**इश्वरचन्द्र झा**
*काठमाडौँ, असार २४ गते*

अध्यादेशको निरन्तरता कायम राख्न राष्ट्रपतिबाट प्रमाणीकरण हुनुपर्ने अन्तिम दिन राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले अध्यादेश प्रतिस्थापन गर्ने चार वटा विधेयकमाथि छलफल गर्दै छ । समयका दबाबबिच विधायन व्यवस्थापन समितिले एकै दिन चार वटा विधेयकमाथि छलफल टुङ्ग्याएर प्रतिवेदन तयार गरेर सभामा प्रस्तुत गर्नुपर्ने छ।

सभाले प्रतिवेदनसहितको विधेयक निर्णयार्थ पेस गरी पारित गरेर प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने तथा प्रतिनिधि सभाले समेत सो विषयलाई स्वीकार वा अस्वीकार गरेपछि सभामुखले प्रमाणित गरेर बिहीबार नै प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ।




राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलले राष्ट्रिय सभाको असार २५ गते बिहीबारको बैठकले चार वटै विधेयक पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाउने जानकारी दिनुभयो। सरकारले प्रतिनिधि सभामा वैशाख २५ गते र राष्ट्रिय सभामा वैशाख २८ गते आठ वटा अध्यादेश पेस गर्‍यो। तीमध्ये प्रतिनिधि सभाले चार वटा अध्यादेश प्रतिस्थापन विधेयक असार १८ गते पारित गरेर राष्ट्रिय सभामा पठायो।

राष्ट्रिय सभाका सचिव कँडेलले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३ राष्ट्रिय सभामा असार १९ गते टेबुल गर्नुभयो । सभाको मङ्गलबारको बैठकले सैद्धान्तिक छलफलपछि सम्बन्धित मन्त्रीको प्रस्तावमा चार वटै विधेयक विधायन व्यवस्थापन समितिमा पठाउने प्रस्ताव स्वीकृत गर्‍यो । प्रतिनिधि सभाले समेत चार वटै विधेयकमा संशोधन गरेको छ।

राष्ट्रिय सभामा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रतिनिधित्व छैन । ठुलो दल नेपाली कांग्रेस हो । दोस्रो ठुलो दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) हो । यसअघि नेपाली कांग्रेस र नेकपाको समर्थनमा राष्ट्रिय सभाबाट सत्तारूढ दल रास्वपाले विधेयक, सरकारको नीति तथा कार्यक्रम र विनियोजन विधेयकहरू पारित गराउन सफल भएकोमा अध्यादेश प्रतिस्थापन विधेयकमा प्रमुख दुई दलले संशोधनलाई स्वीकार गर्नुपर्ने अडान राखेपछि समितिमा पठाउनु परेको हो।

विधायन व्यवस्थापन समितिको पहिलो बैठक बिहीबार बिहान ८ बजे बस्ने छ । जसमा सम्पत्ति शुद्धीकरण निवारण विधेयकमाथि परेको संशोधनबारे छलफल हुने छ। दोस्रो बैठक बिहान १० बजेर ३० मिनेटमा राखिएको छ। सो बैठकमा स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक, २०८३ माथि छलफल हुने छ। दिउँसो १ बजेर ४० मिनेटमा बस्ने बैठकले सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३ र अपराह्न ५ बजेका लागि निर्धारित बैठकले सहकारी (पहिलो संशोधन) विधेयक, २०८३ माथि छलफल गर्ने छ।

सङ्घीय संसद् सचिवालयले भने असार २५ गते मध्याह्न १२ बजेर १५ मिनेटमा बस्ने बैठकमा चार वटै विधेयकसँग सम्बन्धित समितिको प्रतिवेदनहरू सभासमक्ष पेस गरिने कार्यसूची तय गरेको छ । विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया हुनुहुन्छ । समितिका सचिव झलक शर्मा सापकोटाले चार वटै विधेयक सम्बन्धमा आन्तरिक तयारीका लागि बुधबारसमेत छलफल भएको र बिहीबार संशोधनको

» बाँकी पष्ठ २ मा

# इरानसँगको युद्धविराम समाप्त भएको घोषणा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*



अन्तर्राष्ट्रिय

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग भएको युद्धविराम अब समाप्त भएको घोषणा गर्दै तेहरानसँग थप कुनै सम्झौता गर्ने इच्छा नरहेको बताउनुभएको छ। अमेरिकी सेनाले इरानमा मङ्गलबार राति आक्रमण गरेपछि र त्यसको जवाफमा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य आधारलाई लक्षित गरी आक्रमण गरेको दाबी सार्वजनिक भएका बेला ट्रम्पको यो अभिव्यक्ति आएको हो।

टर्किएको राजधानी अङ्कारामा जारी नेटो शिखर सम्मेलनका क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानसँगको युद्धविराम अब आफ्नो दृष्टिमा समाप्त भइसकेको स्पष्ट पार्नुभयो । उहाँले इरानी नेतृत्वमाथि कडा टिप्पणी गर्दै तेहरानसँग अब वार्ताको कुनै औचित्य नरहेको धारणा व्यक्त गर्नुभएको अमेरिकी समाचार संस्था एपीले जनाएको छ।

ट्रम्पले इरानसँग थप सम्झौता गर्ने चाहना नरहेको बताउँदै तेहरानले आणविक हतियार प्राप्त गरे त्यसको प्रयोग गर्न पछि नपर्ने आरोप पनि लगाउनुभयो। उहाँले इरानी नेतृत्वलाई अविश्वसनीय र हिंसात्मक प्रवृत्तिको भएको आरोप लगाउँदै आफू अब उनीहरूसँगको वार्तालाई समयको बर्बादी ठान्ने बताउनुभयो। उहाँले आफ्ना विशेष दूत स्टिभ विटकफ र ज्वाइँ जारेड कुसनर इरानसँग सम्पर्कमा रहे पनि वार्ता पुनः सुरु गर्ने कि नगर्ने निर्णय अब तेहरानकै हातमा रहेको उल्लेख गर्नुभयो।

ट्रम्पले गत जुन १७ मा वासिङ्टन र तेहरानबिच भएको युद्धविरामसम्बन्धी सहमतिलाई इरानले पटक पटक गलत रूपमा प्रस्तुत गरेको आरोपसमेत लगाउनुभयो। उहाँका अनुसार दुवै पक्षबिच इरानले आणविक हतियार विकास नगर्ने विषयमा सहमति भए पनि इरानले त्यसलाई सार्वजनिक रूपमा अस्वीकार गर्दै आएको छ। राष्ट्रपति ट्रम्पको युद्धविराम समाप्त भएको घोषणापछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले बढेको छ।

### इरानमाथि हवाई आक्रमण

स्ट्रेट अफ हर्मुजमा तीन वटा व्यापारिक जहाजमाथि भएको आक्रमणपछि अमेरिकाले बुधबार बिहान इरानका सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ । यससँगै इरानले बहराइन र कुवेतलाई लक्षित गरी क्षेप्यास्त्र प्रहार गरेको छ।

अमेरिकी सेनाले तेहरानले अन्तर्राष्ट्रिय जलमार्गमा सञ्चालित तीन व्यापारिक जहाजलाई लक्ष बनाएपछि जवाफी कारबाही गरिएको जनाएको छ । आक्रमणसँगै वासिङ्टनले अन्तरिम सम्झौता अन्तर्गत इरानलाई खुला रूपमा कच्चा तेल बिक्री गर्न दिइएको अनुमति पनि रद्द गरेको छ । इरानले भने अमेरिकाको कदमको कडा विरोध गर्दै आफूले आवश्यक ठानेका सबै उपाय अपनाउने चेतावनी दिएको छ।

» बाँकी पष्ठ २ मा

# भनसुनले अब हुँदैन सरुवा

डिजिटल सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै भनसुन र पहुँचका भरमा हुँदै आएको कर्मचारी सरुवा प्रणालीको अहिले अन्त्य भएको हो ।



**नगेन्द्र सापकोटा**
*काठमाडौँ, असार २४ गते*

कर्मचारी सरुवामा भनसुन र पहुँचका भरमा आफू अनुकूलको कार्यालयमा सरुवा हुने परम्परा अब अन्त्य भएको छ। लामो समयदेखि झाँगिँदै आएको सरुवाको बेथिति नियन्त्रण गर्न सरकारले सरुवा प्रक्रियालाई पूर्ण रूपमा प्रविधिमैत्री बनाएसँगै पहुँचका भरमा हुने कर्मचारी सरुवाको परम्परा अन्त्य भएको हो।

निश्चित अवधि पुगेपछि अनलाइन प्रणालीले नै कर्मचारीको सरुवा गर्नेबारे अवगत गराउने गर्छ, जसले गर्दा दबाब र प्रभावका आधारमा अवधि नपुग्दै कर्मचारी सरुवा गर्ने अभ्यास अहिले पूर्णत बन्द भएको छ। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत सातादेखि कार्यान्वयनमा ल्याएको डिजिटल सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै अहिले भनसुन र पहुँचका भरमा हुँदै आएको कर्मचारी सरुवा प्रणालीको अन्त्य भएको हो।

सरकारले कार्यान्वयनमा ल्याएको शासकीय सुधार अन्तर्गत एक सय कार्यसूचीमा कर्मचारी सरुवा प्रणालीलाई प्रविधिमैत्री बनाउने उल्लेख भए अनुसार मन्त्रालयले कर्मचारी सरुवा प्रणालीलाई सफ्टवेयरको माध्यमबाट अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा ल्याएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका सहसचिव धोलकराज ढकालले भन्नुभयो, "अहिले कर्मचारी सरुवामा कुनै भनसुन र पहुँच चल्दैन। आफूले जान चाहेको सम्भावित कार्यालय रोजेपछि उक्त कार्यालयमा दरबन्दी भएमा स्वतः सरुवा हुने सफ्टवेयर प्रणालीको व्यवस्था गरिएको छ।"

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले यसअघिदेखि नै कर्मचारी प्रशासनलाई पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बनाउने सरकारको नीति अनुसार डिजिटल सरुवा प्रणालीलाई प्राथमिकताका साथ अगाडि बढाउने बताउँदै आउनुभएको थियो। सहसचिव ढकालका अनुसार अहिले कर्मचारी सरुवाका लागि मन्त्रालयमा कुनै भिडभाड छैन । रोजेको र खोजेको कार्यालयमा दरबन्दी रिक्त भए प्रणालीले नै स्वतः सरुवा गर्छ। यसअघि कर्मचारी एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा हुन दुर्गम जिल्लाका कार्यालयबाट काठमाडौँ आई महिनौँसम्म होटलमा बसेर सरुवा हुन शक्तिकेन्द्र धाउनुपर्ने बाध्यता थियो।

ढकालले थप्नुभयो, "अहिले अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै सरुवा प्रणालीमा हुँदै आएको प्रक्रियागत ढिलाइ घटेको छ। सरुवामा पारदर्शिता अभिवृद्धि भएको छ। सरुवा प्रणालीप्रति कर्मचारीको विश्वास बढेको छ।" प्रणाली कार्यान्वयनमा आएको यस अवधिमा २७ जना कर्मचारीको अनलाइन प्रणालीबाटै सरुवा भइसकेको मन्त्रालयले जनाएको छ। नौ सय जना कर्मचारीले अनलाइन प्रणालीबाटै सरुवाका लागि निवेदन दिएको उहाँले स्पष्ट पार्नुभयो।

### कर्मचारीको डिजिटल प्रोफाइल

अनलाइन सरुवा प्रणाली कार्यान्वयनमा आएसँगै कर्मचारीको डिजिटल प्रोफाइल तयार भएको छ । कर्मचारीका व्यक्तिगत तथा सेवासम्बन्धी विवरण सम्बन्धित प्रणालीसँग प्रत्यक्ष वा एप्लिकेसन प्रोग्रामिङ इन्टरफेस (एपिआई)

» बाँकी पष्ठ २ मा

## कर्मचारी आचारसंहिता सार्वजनिक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २४ गते*

कर्मचारीले सेवा प्रवाह गर्ने क्रममा सेवाग्राहीलाई अनावश्यक प्रक्रियागत ढिलाइ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने गरी कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता सार्वजनिक गरिएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस्तो आचारसंहिता सार्वजनिक गरेको हो। कार्यालय समयमा बाहिर जानुपर्दा सुपरिवेक्षकको अनुमति लिई लग बुक भरेर मात्र जाने र त्यसरी बाहिर जाँदा आफू अन्तर्गतका शाखा, महाशाखा र कर्मचारीलाई जानकारी गराई सेवाको निरन्तरता सुनिश्चित हुनुपर्ने आचारसंहितामा उल्लेख गरिएको छ।

कर्मचारीले कार्यसम्पादन गर्ने क्रममा कुनै समस्या देखिएमा समाधानका लागि अधिकतम प्रयास गर्नुपर्ने छ । कर्मचारीले कुनै पनि प्रकारको अनुचित दबाब, प्रभाव र प्रलोभनबाट मुक्त भई निष्पक्ष रूपमा कार्य गर्नुपर्ने पनि आचारसंहिता बनाइएको छ।

आफ्नो नाममा रहेको बेरुजु समयमा नै फर्स्योट गर्नुपर्ने, सेवाग्राही तथा सम्बन्धित सरोकारवालालाई कामको सिलसिलामा कार्यस्थलभन्दा बाहिर भेटघाट गर्न नहुने, प्रत्यक्ष रूपमा निजी स्वार्थ जोडिने गरी निर्णय गर्न नहुने, सरकारी सम्पत्तिको प्रयोग सरकारी कामबाहेक अन्य काममा प्रयोग गर्न नहुने गरी सरकारले कर्मचारीका लागि आचारसंहिता बनाइएको मन्त्रालयले जनाएको छ।